महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०७४/०७५

# महान्यायाधिवक्ताको
# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७४/०७५

**महान्यायाधिवक्ताको कार्यालय**

सिंहदरबार, काठमाडौं

नेपाल

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यू नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलन समुद्घाटन गर्नु हुँदै

माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यू सपथ ग्रहण गर्नु हुँदै

"वैज्ञानिक र वस्तुनिष्ठ अभियोजन,
अपराध संहिताको प्रभावकारी कार्यान्वयन"

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यू

समक्ष

महान्यायाधिवक्ता

श्री अग्नि प्रसाद खरेलले

पेश गरेको

आर्थिक वर्ष २०७४/०७५ को

# वार्षिक प्रतिवेदन

महान्यायाधिवक्ताको कार्यालय

सिंहदरबार, काठमाडौं

नेपाल

# महान्यायाधिवक्ताको
# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७४/०७५


| | | |
|---|---|---|
| प्रकाशन संख्या | : | १,२०० (एक हजार दुई सय) प्रति |
| प्रकाशित मिति | : | २०७५, माघ |
| सम्पादन | : | नायब महान्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डेय |
| | : | सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई |
| | : | सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना |
| | : | उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी |
| सहयोग | : | नायब सुब्बा श्री चन्दनकुमार ठाकुर |
| प्रकाशक | : | महान्यायाधिवक्ताको कार्यालय, सिंहदरबार, काठमाडौं, नेपाल |
| फोन | : | ४२००८२४, ४२००८२५, ४२००८२६ |
| फ्याक्स | : | ४२००८२७ |
| वेभ साइट | : | www.ag.gov.np |
| मुद्रण | : | गणपति अफसेट प्रेस माइतिघर, काठमाडौं - ९८५१०९८६४२ |

**महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल**

२०७४/११/०८ देखि

**नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल**

२०७२/११/०४ देखि

**नायब महान्यायाधिवक्ता श्री किरण पौडेल**

२०७३/१०/०६ देखि

**नायब महान्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डेय**

२०७५/०६/२१ देखि

**नायब महान्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेल**

२०७५/०९/०९ देखि

# महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(..... शाखा)

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ काठमाडौं

मिति :-.....

सम्माननीय राष्ट्रपतिज्यू,

राष्ट्रपतिको कार्यालय,

शीतलनिवास, काठमाडौं ।

**विषय : आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रतिवेदन पेश गरिएको ।**

महान्यायाधिवक्ताले प्रत्येक वर्ष संविधान र संघीय कानून बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गर्नुपर्ने नेपालको संविधानको धारा १५९ को उपधारा (१) मा व्यवस्था छ । उक्त धाराको उपधारा (२) ले सो प्रतिवेदनमा महान्यायाधिवक्ताले वर्षभरिमा संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण सहितको संख्या, सरकारवादी भई चलेका मुद्दा सम्बन्धी विवरण, नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण, नेपाल सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनुपर्ने सुधार तथा अपराधका प्रवृत्ति सम्बन्धी विवरण उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ । साथै सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ९ को उपनियम (६) मा सो वार्षिक प्रतिवेदनमा वर्षभरिमा मुलुकभित्र भए घटेका अपराधको प्रकृति तथा अपराध र जनसंख्याको तुलनात्मक स्थिति, नेपाल सरकारलाई सरोकार पर्ने मुद्दाको सफलता वा असफलताको स्थिति, महान्यायाधिवक्ताको कार्यालयलाई प्राप्त विनियोजित बजेट र साधनको व्यवस्था, सरकार वादी भई चल्ने मुद्दामा देखिएका समस्या समावेश गर्नु पर्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरेको छु ।

फौजदारी न्याय प्रशासनको महत्वपूर्ण अंगको रुपमा महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरु रहेका छन् । संविधान तथा कानूनले सरकारी वकीलहरुलाई प्रदान गरेको जिम्मेवारी व्यावसायिक प्रकृतिका छन् । व्यावसायिक रुपमा कार्य गर्न सोही अनुसारको योग्यता, क्षमताका साथै इमान्दारिता, उत्तरदायित्व र जिम्मेवारीबोधको पनि आवश्यकता पर्दछ । प्रविधिको विकास, यातायातको सुगमता, संचारको सहजता, समाजको बदलिँदो स्वरुप एवं मान्यतामा आएका परिवर्तन आदिले निम्त्याएका अपराधका नवीनतम् प्रवृत्तिहरुले अपराध गर्ने शैली, तरिका र संलग्नतामा परिवर्तन ल्याएको छ । आपराधिक क्रियाकलापले पार्ने प्रभावको क्षेत्र पनि विस्तार हुँदै गएको छ । यसले अपराधको अनुसन्धान र अभियोजन गर्ने कार्य चुनौतीपूर्ण बनेको छ । अपराधका स्वरुप र संख्यामा वृद्धि भएको छ । नेपालको कानून प्रणालीलाई रुपान्तरण गर्दै मुलुकी अपराध संहिता लगायतका नयाँ कानून लागू भएका छन् । अपराध संहिताले अवलम्बन गरेका

☎: ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१
एक्सचेन्ज :- ४-२१८०९७, ४-२१८०१९, ४-२६२४९४, ४-२६२५०६
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(..... शाखा)


पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ काठमाडौं

मिति :-.....

नवीनतम् व्यवस्था एवं संविधानले प्रत्याभूत गरेका मौलिक हक कार्यान्वयनका लागि बनेका ऐनहरुले सरकारी वकीलको कार्यक्षेत्र र भूमिका विस्तार गरिदिएको छ ।

सरकारी वकीलहरुले संविधान र कानूनले प्रदान गरेको जिम्मेवारी स्वतन्त्र, निष्पक्ष र प्रभावकारी रुपमा सम्पादन गर्नु पर्दछ । वैज्ञानिक र वस्तुनिष्ठ अभियोजन, मुद्दा मामिला तथा सरकारको हक, हित वा सरोकार रहेका रिट निवेदनमा प्रभावकारी रुपमा बहस पैरवी, प्रतिरक्षा तथा सरकार र सरकारी निकायलाई उचित कानूनी राय प्रदान गर्नु पर्दछ । यसका लागि व्यावसायिक सरकारी वकीलको विकास गर्नु अनिवार्य भएको छ । सरकारी वकीलको प्रभावकारिताबाट कानूनी शासनको स्थापना, दण्डहीनताको अन्त्य एवं फौजदारी न्याय प्रशासनको सबलीकरण संभव हुन्छ । यसका लागि सरकारी वकील कार्यालयहरुलाई पर्याप्त स्रोत र साधनहरुको व्यवस्था गर्दै सरकारी वकीलको व्यावसायिकता वृद्धि गर्ने कार्यमा जोड दिनुपर्ने देखिन्छ । प्रस्तुत प्रतिवेदनमा औंल्याइएका सुझावहरु प्राथमिकतापूर्वक सम्बोधन भएमा वैज्ञानिक र वस्तुनिष्ठ अभियोजन गर्न, सरकार वादी वा सरकार उपर परेका मुद्दा र रिट निवेदनमा प्रभावकारी प्रतिनिधित्व गर्न, फौजदारी कानूनको कार्यान्वयन गर्न तथा सरकारी वकीलहरुलाई संविधान र कानूनले सुम्पेको जिम्मेवारी सक्षम र सबल रुपमा सम्पन्न गर्न सहयोग मिल्ने आशा गरेको छु ।

अन्त्यमा, स्वच्छ सुनुवाइ, कानूनको शासन, कानून र न्यायका मान्य सिद्धान्तहरूको अवलम्बन, मानव अधिकार र वैयक्तिक स्वतन्त्रताको सम्मान, संरक्षण र प्रवर्द्धन, सार्वजनिक हितको संरक्षण, पीडित मैत्री र न्यायमा सहज पहुँच, व्यावसायिक स्वायत्तता र उन्मुक्ति, उत्तरदायित्व र जवाफदेहिता, निरन्तर सुधार र सिकाई, नैतिकता र सदाचार, लैंगिकमैत्री र विविधताको संबोधन, समावेशिताप्रति उच्च प्रतिबद्धता प्रकट गर्दै फौजदारी न्याय प्रशासनका लागि प्रभावकारी अभियोजन प्रणाली संस्थागत गर्न र सरकारी पक्षको प्रभावकारी प्रतिरक्षा लगायतका मूल्य मान्यतामा महान्यायाधिवक्ताको कार्यालय सदैव प्रतिबद्ध रहेको छ । व्यावसायिक, प्रभावकारी र जनविश्वास प्राप्त संस्थाको रूपमा रही कार्य गर्नका लागि महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरु सदैव दृढतापूर्वक त्रियाशील रहेको व्यहोरा सम्माननीय राष्ट्रपतिज्यू समक्ष सादर निवेदन गर्दछु ।

फागुन, २०७५

(अग्नि प्रसाद खरेल)

महान्यायाधिवक्ता


☎: ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१
एक्सचेन्ज :- ४-२१८०९७, ४-२१८०१९, ४-२६२४९४, ४-२६२५०६
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# संक्षिप्त झलक

आ.व. २०७४/०७५

## १. मुद्दा, रिट तथा निवेदनहरुको लगत, फछ्र्यौंट र बाँकीको विवरण

| कार्यालय | बहस पैरवी/प्रतिरक्षा | लगत | | | फछ्र्यौंट | | | | बाँकी | रिट खारेज, कसूर ठहर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गतवर्ष | यसवर्ष | जम्मा | रिट खारेज, कसूर ठहर | रिट जारी, कसूरमा सफाई | मुल्तवी, तामेली, अन्य | जम्मा | | |
| म.न्या.का. | मुद्दा | ३२८९ | १३१९ | ४६८८ | ९८६ | ४४५ | ० | १४३१ | ३२५७ | ६८.९० |
| | रिट निवेदन | ३४४३ | १४७३ | ४९१६ | ७७८ | ४१२ | २६५ | १४५५ | ३४६१ | ५३.४७ |
| | अन्य निवेदन | ११२५ | १२८१ | २४०६ | ३८० | ४०५ | ० | ७८५ | १६२१ | ४८.४१ |
| **म.न्या.का.को जम्मा** | | **७८५७** | **४१५३** | **१२०१०** | **२१४४** | **१२६२** | **३४०६** | **३६७१** | **८३३९** | **५८.४०** |
| उ.स.व.का. | मुद्दा | ६७१७ | ६९७२ | १३६८९ | ४०८७ | ४६१४ | ५९ | ८७६० | ४९२९ | ४६.६६ |
| | रिट निवेदन | १५११ | ३००५ | ४५१६ | १८६९ | १०३७ | २९२ | ३१९८ | १३१८ | ५८.४४ |
| | अन्य निवेदन | २०८ | १६८६ | १८९४ | १०४७ | ५०७ | ३ | १५५७ | ३३७ | ६७.२४ |
| **उ.स.व.का.को जम्मा** | | **८४३६** | **११६६३** | **२००९९** | **७००३** | **६१५८** | **३५४** | **१३५१५** | **६५८४** | **५१.८२** |
| वि.स.व.का. | मुद्दा | १११२ | १०८१ | २१९३ | ८२७ | १६३ | २२ | १०१२ | ११८१ | ८१.७२ |
| | रिट निवेदन | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | अन्य निवेदन | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.०० |
| **वि.स.व.का.को जम्मा** | | **१११२** | **१०८१** | **२१९३** | **८२७** | **१६३** | **२२** | **१०१२** | **११८१** | **८१.७२** |
| जि.स.व.का. | मुद्दा | १५४०५ | २९५५२ | ४४९५७ | २१७९३ | ३८२१ | १५० | २५७६४ | १९१९३ | ८४.५९ |
| | रिट निवेदन | २७२ | ५३८ | ८१० | ३५९ | १२१ | ५ | ४८५ | ३२५ | ७४.०२ |
| | अन्य निवेदन | ६ | २ | ८ | ५ | ३ | ० | ८ | ० | ६२.५० |
| **जि.स.व.का.को जम्मा** | | **१५६८३** | **३००९२** | **४५७७५** | **२२१५७** | **३९४५** | **१५५** | **२६२५७** | **१९५१८** | **८४.३९** |
| कुल जम्मा | **मुद्दा** | **२६५२३** | **३९००४** | **६५५२७** | **२७६९३** | **९०४३** | **२३१** | **३६९६७** | **२८५६०** | **७४.९१** |
| | **रिट निवेदन** | **५२२६** | **५०१६** | **१०२४२** | **३००६** | **१५७०** | **५६२** | **५१३८** | **५१०४** | **५८.५१** |
| | **अन्य निवेदन** | **१३३९** | **२९६९** | **४३०८** | **१४३२** | **९१५** | **३** | **२३५०** | **१९५८** | **६०.९४** |
| | **कुल जम्मा** | **३३०८८** | **४६९८९** | **८००७७** | **३२१३१** | **११५२८** | **७९६** | **४४४५५** | **३५६२२** | **७२.२८** |

## २. सवारी साधन, सूचना तथा विद्युतीय सामग्रीको विवरण

| कार्यालय | ल्यापटप संख्या | कम्प्युटर संख्या | प्रिन्टर संख्या | फोटोकोपि संख्या | फोन संख्या | फ्याक्स संख्या | टेलिभिजन संख्या * | इन्भर्टर संख्या | सवारी साधन सख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | कार | जिप | मोटरसाइकल |
| म.न्या.का. | ३४८ | १०० | ६९ | १० | ३१ | ६ | ४ | ० | २३ | ९ | २५ |
| उ.स.व.का. | १३ | ११३ | ६५ | ३३ | ३१ | १६ | ३१ | २३ | १६ | ७ | ३० |
| वि.स.व.का. | १३ | १३ | ५ | ४ | ३ | १ | ३ | ४ | १ | २ | ८ |
| जि.स.व.का. | ५१ | ३५१ | २०१ | १०७ | ८६ | ६९ | ८६ | ९५ | ६९ | ७ | ६७ |
| जम्मा | ४२५ | ५७७ | ३४० | १५४ | १५१ | ९२ | १२४ | १२२ | १०९ | २५ | १३० |

* सर्वोच्च अदालतको दैनिक मुद्दा सुनुवाइको स्थिति जानकारी प्राप्त गर्ने प्रयोजनका लागि विभिन्न स्थानमा राखिएको ।

## ३. सरकारी वकीलहरुको कुल दरबन्दी र पदपूर्तिको अवस्था

| सि.नं. | पद | श्रेणी | दरवन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|
| १ | महान्यायाधिवक्ता | संवैधानिक | १ | १ | ० |
| २ | नायब महान्यायाधिवक्ता | राजपत्राङ्कित विशिष्ट श्रेणी | ४ | ४ | ० |
| ३ | सह-न्यायाधिवक्ता | राजपत्राङ्कित प्रथम | ३४ | २४ | १० |
| ४ | जिल्ला न्यायाधिवक्ता/उप-न्यायाधिवक्ता | राजपत्राङ्कित द्वितीय | १५६ | १२५ | ३१ |
| ५ | सहायक जिल्ला न्यायाधिवक्ता/शाखा अधिकृत | राजपत्राङ्कित तृतीय | २४५ | २३१ | १४ |
| **जम्मा** | | | **४४०** | **३८५** | **५५** |

## ४. विनियोजन, निकासा र खर्चको विवरण

| बजेटको अवस्था | | म.न्या.का. | उ.स.व.का. | वि.स.व.का. | जि.स.व.का. | जम्मा |
|---|---|---|---|---|---|---|
| विनियोजन | चालु | ११६१४७०००.०० | १९४५५४०००.०० | २६४१०००.०० | ४१०७८३०००.०० | ७४७८९४०००.०० |
| | पुँजीगत | ८५३३०००.०० | ६९७७०००.०० | ८७९०००.०० | २३७५४५०००.०० | ३९६७२७०००.०० |
| | सं.सृ.चालु | ५०११२०००.०० | | | | ५०११२०००.०० |
| | सं.सृ.पुँजीगत | १७१०४७०५.०० | | | | १७१०४७०५.०० |
| | **जम्मा** | **१९१८९६७०५.००** | **२६४३२४०००.००** | **२७२८९०००.००** | **६४८३२८०००.००** | **११३१८३७७०५.००** |
| निकासा/खर्च | चालु | ९९३६०८५६.७७ | १६८९७९५०५.८३ | २२४३६९७७.३५ | ३५७८२५७०४.५२ | ६४८६०३०४४.४७ |
| | पुँजीगत | ७१५४७००.०० | ५९१८२१०८.६३ | ७५२२९७.०० | १८९३२४५६१.०० | २५६४१३६६६.६३ |
| | सं.सृ.चालु | ४५६१२७५७.९५ | | | | ४५६१२७५७.९५ |
| | सं.सृ.पुँजीगत | १६९९२४०८.०० | | | | १६९९२४०८.०० |
| | **जम्मा** | **१६९१२०७२२.७२** | **२२८१६१६१४.४६** | **२३१८९२७४.३५** | **५४७१५०२६५.५२** | **९६७६२१८७७.०५** |

द्रष्टव्य: म.न्या.का. ले महान्यायाधिवक्ताको कार्यालय, उ.स.व.का ले उच्च सरकारी वकील कार्यालय, वि.स.व.का. ले विशेष सरकारी वकील कार्यालय र जि.स.व.का. ले जिल्ला सरकारी वकील कार्यालयलाई बुझाउँछ ।

## ५. महान्यायाधिवक्ताको कार्यालय तथा उच्च सरकारी वकील कार्यालयहरुमा रहेका मुद्दाहरुको विषयगत विवरण

| सिं नं. | मुद्दाको नाम | | महान्यायाधिवक्ताको कार्यालय | | | | | | उच्च सरकारी वकील कार्यालय | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लगत | कसुर कायम | सफाई | अन्य | जम्मा | बाँकी | लगत | कसुर कायम | सफाई | अन्य | जम्मा | बाँकी |
| अनुसूची भित्रका मुद्दामा कारवाहिको विवरण | १ | अपहरण | ९१ | २२ | १० | ० | ३२ | ५९ | २२१ | ६२ | ७२ | २ | १३६ | ८५ |
| | २ | कुटपिट अंगभंग | २८ | ९ | २ | ० | ११ | १७ | १०८ | ३३ | ३६ | १ | ७० | ३८ |
| | ३ | आगलागी | १२ | ४ | २ | ० | ६ | ६ | ६६ | १७ | २५ | ० | ४२ | २४ |
| | ४ | आर्थिक | क) खोटा चलन | ११ | २ | १ | ० | ३ | ८ | ४४ | ११ | १८ | ० | २९ | १५ |
| | | | ख) चन्दा | ० | ० | ० | ० | ० | ० | ११ | २ | ६ | ० | ८ | ३ |
| | | | ग) चिठ्ठा | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | १ | ० |
| | | | घ) ठगी | ११६ | २५ | १४ | ० | ३९ | ७७ | ६९२ | १२० | ३३० | ५ | ४५५ | २३७ |
| | | | ङ) बैंकिङ्ग कसूरसम्बन्धी | १०८ | ० | ० | ० | ० | १०८ | १७६ | ६७ | १२ | ० | ७९ | ९७ |
| | | | च) भ्रष्टाचार | २७८ | ६३ | ३० | ० | ९३ | १८५ | ० | ० | ० | ० | ० | ० |
| | | | छ) नेपाल राष्ट्र बैंकसम्बन्धी | ० | ० | ० | ० | ० | ० | ३ | १ | १ | ० | २ | १ |
| | | | ज) अन्य | ८०२ | १८० | ७७ | ० | २५७ | ५४५ | ३१ | ४ | २२ | ० | २६ | ५ |
| | ५ | करणी | जबर्जस्ती करणी | ४२४ | १०३ | ५८ | ० | १६१ | २६३ | १३०३ | ३९७ | ४४३ | १ | ८४१ | ४६२ |
| | | | जबर्जस्ती करणी उद्योग | ४७ | १६ | २० | ० | ३६ | ११ | ५०४ | ११४ | २४१ | ० | ३५५ | १४९ |
| | | | अप्राकृतिक मैथुन | ८ | १ | ० | ० | १ | ७ | २० | ७ | ८ | ० | १५ | ५ |
| | | | अन्य | ८ | ० | ० | ० | ० | ८ | २८ | ८ | ८ | ० | १६ | १२ |
| | ६ | किर्ते (सरकारी छाप,दस्तखत) | | ९१ | २६ | १२ | ० | ३८ | ५३ | २७५ | ५३ | १३१ | २ | १८६ | ८९ |
| | ७ | चोरी | क) साधारण चोरी | ५० | २४ | ८ | ० | ३२ | १८ | ८५४ | ३१६ | २५९ | ० | ५७५ | २७९ |
| | | | ख) नकबजनी | ३४ | १५ | ३ | ० | १८ | १६ | ७८० | ३०९ | १५४ | २ | ४६५ | ३१५ |
| | | | ग) जबर्जस्ती चोरी | १६ | ७ | ६ | ० | १३ | ३ | १९६ | ७९ | ५३ | ० | १३२ | ६४ |
| | | | घ) रहजनी | ९ | ० | ० | ० | ० | ९ | १०० | ४३ | ३२ | ० | ७५ | २५ |
| | | | ङ) डाँका | ९५ | ३० | ११ | ० | ४१ | ५४ | २४६ | ८० | ७१ | १ | १५२ | ९४ |
| | | | च) अन्य | ० | ० | ० | ० | ० | ० | ५ | १ | १ | ० | २ | ३ |
| | ८ | ज्यान | क) आवेश प्रेरित हत्या | २ | १ | ० | ० | १ | १ | २ | २ | ० | ० | २ | ० |
| | | | ख) कर्तव्य ज्यान | ७२४ | ११९ | ४४ | ० | १६३ | ५६१ | १००१ | ३०४ | २७३ | १० | ५८७ | ४१४ |
| | | | ग) गर्भपतन | ४ | १ | १ | ० | २ | २ | ३० | ६ | १० | ० | १६ | १४ |
| | | | घ) ज्यान मार्ने उद्योग | १४१ | ४० | ३४ | ० | ७४ | ६७ | १०९२ | ११९ | ६०२ | ० | ७२१ | ३७१ |
| | | | ङ) भवितव्य ज्यान | ० | ० | ० | ० | ० | ० | ६३ | ८ | ३२ | ० | ४० | २३ |
| | ९ | देवानी | क)अदलको २,३ नं. | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | | ख) जग्गा सम्बन्धी | १७२ | १८ | ११ | ० | २९ | १४३ | २२ | १० | ५ | ० | १५ | ७ |
| | | | ग) अन्य | १० | ० | ० | ० | ० | १० | ८ | १ | १ | ० | २ | ६ |
| | १० | | नागरिकता | २१ | ६ | ३ | ० | ९ | १२ | १०० | २६ | ३० | ० | ५६ | ४४ |
| | ११ | | प्रतिलिपि अधिकार | ६ | ० | ० | ० | ० | ६ | १३ | ५ | ४ | ० | ९ | ४ |
| | १२ | प्रतिबंध सम्बन्धी | क) दूर संचारसम्बन्धी | ९ | ३ | १ | ० | ४ | ५ | २२ | ५ | ३ | ० | ८ | १४ |
| | | | ख) विद्युतीय कारोवार | ३ | १ | १ | ० | २ | १ | ४४ | १० | २६ | ० | ३६ | ८ |
| | | | ग) अन्य | ० | ० | ० | ० | ० | ० | ४ | २ | ० | ० | २ | २ |
| | १३ | मानव बेचविखन | क) मानव किनबेच | ६० | २० | ११ | ० | ३१ | २९ | १६१ | ५२ | ५८ | ० | ११० | ५१ |
| | | | ख) मानव ओसारपसार | ११४ | ३ | २ | ० | ५ | १०९ | १७० | ४३ | ६५ | ० | १०८ | ६२ |
| | | | ग) मानव अंग झिक्ने, बेच्ने | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | १ | ० |
| | | | घ) वेश्यागमन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | | ङ) वेश्यावृत्ति | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | १४ | | राहदानी | ४ | ३ | १ | ० | ४ | ० | १८ | ४ | ७ | ४ | १५ | ३ |
| | १५ | | लागू औषध | २९३ | ९७ | १२ | ० | १०९ | १८४ | १८७४ | ५८४ | ५९६ | ० | ११८० | ६९४ |
| | १६ | विवाह | क) बहु विवाह | ५० | १० | १० | ० | २० | ३० | ५९३ | १४९ | २०७ | ४ | ३६० | २३३ |
| | | | ख) बाल विवाह | ४ | ० | ० | ० | ० | ४ | २६ | ८ | १२ | ० | २० | ६ |
| | १७ | सवारी ज्यान | क) सवारीबाट अंगभंग | ७ | ० | १ | ० | १ | ६ | १४८ | ५९ | ३१ | ० | ९० | ५८ |
| | | | ख) सवारीबाट कर्तव्य ज्यान | ० | ० | ० | ० | ० | ० | ३५९ | १६० | ६४ | ० | २२४ | १३५ |
| | | | ग) लापरवाही | ७२ | ४५ | ४ | ० | ४९ | २३ | ९९ | ५१ | १४ | ० | ६५ | ३४ |
| | | | घ) भवितव्य | ० | ० | ० | ० | ० | ० | ३९ | १५ | ५ | ० | २० | १९ |
| | | | ङ) क्षतिपूर्ति | २ | ० | ० | ० | ० | २ | १ | ० | १ | ० | १ | ० |
| | १८ | | सार्वजनिक अपराध | ५ | २ | २ | ० | ४ | १ | ६३७ | १५९ | २८४ | ० | ४४३ | १९४ |
| | १९ | | हातहतियार तथा खरखजाना | ४० | ८ | ५ | ० | १३ | २७ | १५२ | ४४ | ४२ | ० | ८६ | ६६ |
| | २० | विविध | क) अंग प्रत्यारोपण | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | | ख) आवश्यक वस्तु संरक्षण | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | | ग) कालो बजार | ४ | २ | १ | ० | ३ | १ | ८५ | २४ | ४६ | ० | ७० | १५ |
| | | | घ) गोबध | १६ | ४ | ७ | ० | ११ | ५ | ४० | ७ | १७ | ० | २४ | १६ |
| | | | ङ) छुवाछुत | १ | ० | १ | ० | १ | ० | १७ | ३ | ८ | ० | ११ | ६ |
| | | | च) जुवा | ० | ० | ० | ० | ० | ० | ६१ | १९ | १५ | ० | ३४ | २७ |
| | | | छ) धर्म सम्बन्धी | ० | ० | ० | ० | ० | ० | ४ | ० | २ | ० | २ | २ |
| | | | ज) प्राचीन स्मारकसम्बन्धी | ० | ० | ० | ० | ० | ० | १२ | २ | ५ | ० | ७ | ५ |
| | | | झ) राज्य विरुद्धको अपराध | ४ | ० | ० | ० | ० | ४ | २ | ० | १ | ० | १ | १ |
| | | | ञ) विष्फोटक पदार्थ | ० | ० | ० | ० | ० | ० | १० | २ | ४ | ० | ६ | ४ |
| | | | ट) शिक्षा ऐनको दफा १७१क) | २ | १ | ० | ० | १ | १ | ४ | १ | १ | ० | २ | २ |
| | | | ठ) स्वास्थ्यकर्मी/संस्थाको सुरक्षा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | | ड) अन्य | ७ | ० | ० | ० | ० | ७ | ६० | १३ | २१ | ० | ३४ | २६ |
| | अनुसूची भित्रको जम्मा | | | ४००५ | ९११ | ४०६ | ० | १३१७ | २६८८ | १२६३८ | ३६२२ | ४४१६ | ३२ | ८०७० | ४५६८ |

| अनुसूची बाहिरका मुद्दामा कारवाहीको विवरण | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | अध्यागमन | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | १ | ० |
| | २ | उपभोक्ता संरक्षण | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ३ | औषधि | ० | ० | ० | ० | ० | ० | ३ | १ | १ | ० | २ | १ |
| | ४ | खाद्य ऐन अन्तर्गतका | ० | ० | ० | ० | ० | ० | ११ | ३ | ६ | ० | ९ | २ |
| | ५ | गुणस्तर (प्रमाण चिन्ह) | ० | ० | ० | ० | ० | ० | ३ | २ | ० | ० | २ | १ |
| | ६ | नाप तौल सम्बन्धी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ७ | निर्वाचन सम्बन्धी | १ | ० | १ | ० | १ | ० | ३३ | १० | ५ | ० | १५ | १८ |
| | ८ | वैदेशिक रोजगार | ३२३ | २० | १० | ० | ३० | २९३ | ० | ० | ० | ० | ० | ० |
| | ९ | राजश्व चुहावट | १ | ० | ० | ० | ० | १ | १८ | ६ | ७ | ० | १३ | ५ |
| | १० | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु | २१ | २ | १ | ० | ३ | १८ | ६७ | २१ | १८ | ० | ३९ | २८ |
| | ११ | विदेशी विनिमय | १ | ० | ० | ० | ० | १ | ३८ | ७ | १९ | ० | २६ | १२ |
| | १२ | वन | ४४ | २० | ८ | ० | २८ | १६ | ३०८ | १२५ | ७२ | ३ | २०० | १०८ |
| | १३ | विद्युत चोरी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | १४ | शिक्षा ऐन दफा १७(१) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | १५ | सम्पत्ति शुद्धीकरण | ७ | १ | ० | ० | १ | ६ | ० | ० | ० | ० | ० | ० |
| | १६ | सामाजिक सुधार ऐन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | १७ | स्वास्थ्य व्यवसायी परिषद् | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | १८ | अन्य | २० | १० | ४ | ० | १४ | ६ | ११ | ३ | ० | १ | ४ | ७ |
| | **अनुसूची बाहिरको जम्मा** | | **४१८** | **५३** | **२४** | **०** | **७७** | **३४१** | **४९३** | **१७८** | **१२९** | **४** | **३११** | **१८२** |
| | **कुल जम्मा** | | **४४२३** | **९६४** | **४३०** | **०** | **१३९४** | **३०२९** | **१३१३१** | **३८००** | **४५४५** | **३६** | **८३८१** | **४७५०** |

## ६. विशेष सरकारी वकील कार्यालयमा रहेका मुद्दाहरुको विषयगत विवरण

| मुद्दाको नाम | लगत | | फछ्यौट | | | | | | जम्मा फछ्यौट | | बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कसुर कायम | | सफाइ | | अन्य | | | | | |
| १) वाणिज्य इजलास (अनुसूची भित्रका मुद्दा) | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी |
| क) बैंकिङ्ग कसूरसम्बन्धी | ५०८ | १३५१ | १४५ | २२३ | १४ | ६१ | ० | ० | १५९ | २८४ | ३४९ | १०६७ |
| ख) विद्युतीय कारोबार | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ग) राजश्व चुहावट | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| घ) दूर संचार सम्बन्धी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ङ) प्रतिलिपि अधिकार | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| च) कम्पनी ऐनसम्बन्धी | १ | १ | ० | ० | ० | ० | १ | १ | १ | १ | ० | ० |
| छ) सुरक्षित कारोबार | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ज) अन्य | ९ | १२९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ९ | १२९ |
| **जम्मा** | **५१९** | **१४८२** | **१४५** | **२२३** | **१४** | **६१** | **१** | **१** | **१६०** | **२८५** | **३५९** | **११९७** |
| २) विशेष अदालत | | | | | | | | | | | | |
| **१) अ.दु.अ.आ. पुनरावेदन** | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २) भ्रष्टाचार | | | | | | | | | | | | |
| क) कमिसन लिएको | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ख) गैरकानूनी सम्पत्ति | २१ | ५० | २ | ४ | २ | ३ | ० | ० | ४ | ७ | १७ | ४३ |
| ग) झुठ्ठा विवरण दिएको | ९ | ७० | १ | १ | ० | ० | ० | ० | १ | १ | ८ | ६९ |
| घ) नक्कली प्रमाणपत्र | ९० | ९५ | ४० | ४१ | ० | ० | ० | ० | ४० | ४१ | ५० | ५४ |
| ङ) राजश्व चुहावट | ८ | ३१ | १ | १ | ० | ० | ० | ० | १ | १ | ७ | ३० |
| च) रिसवत लिएको | १७९ | ४०३ | ४८ | ५० | २० | २८ | ० | ० | ६८ | ७८ | १११ | ३२५ |
| च) सार्वजनिक सम्पत्ति हानी नोक्सानी गरेको | ५६ | ३४५ | ४ | १० | ७ | २५ | ० | ० | ११ | ३५ | ४५ | ३१० |
| छ) सम्पत्ति शुद्दीकरण | ४४ | २५९ | १७ | ४५ | २० | ५४ | ० | ० | ३७ | ९९ | ७ | १६० |
| झ) अन्य | १९ | ५२ | ५ | ८ | ३ | ६ | ० | ० | ८ | १४ | ११ | ३८ |
| **जम्मा** | **४२६** | **१३०५** | **११८** | **१६०** | **५२** | **११६** | **०** | **०** | **१७०** | **२७६** | **२५६** | **१०२९** |
| ३) वाणिज्य इजलास (अनुसूची बाहिरका मुद्दा) | | | | | | | | | | | | |
| क) प्रतिस्पर्धा प्रबर्द्धन तथा बजार संरक्षण | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ख) ट्रेडमार्क | ६ | ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ | ८ |
| ग) क्षतिपूर्ति | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| घ) निर्णय बदर | ५ | १० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ | १० |
| ङ) मध्यस्थता | ८ | ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ८ | ८ |
| च) वातावरण | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| छ) करार | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ज) अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | **१९** | **२६** | **०** | **०** | **०** | **०** | **०** | **०** | **०** | **०** | **१९** | **२६** |
| ४) वैदशिक रोजगार | | | | | | | | | | | | |
| क) संस्थागत | ५७ | १७९ | ५ | ५ | ० | ० | ० | ० | ५ | ५ | ५२ | १७४ |
| ख) व्यक्तिगत | ५८६ | ११५३ | २३२ | २७९ | ७४ | १७३ | १४ | ९ | ३२० | ४६१ | २६६ | ६९२ |
| **जम्मा** | **६४३** | **१३३२** | **२३७** | **२८४** | **७४** | **१७३** | **१४** | **९** | **३२५** | **४६६** | **३१८** | **८६६** |
| ५)प्रशासकीय अदालत | | | | | | | | | | | | |
| क) विशेष सजाय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ख) सामान्य सजाय | ८ | ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ८ | ८ |
| **जम्मा** | **८** | **८** | **०** | **०** | **०** | **०** | **०** | **०** | **०** | **०** | **८** | **८** |
| ६) राजश्व | | | | | | | | | | | | |
| क) आयकर | १९३ | ० | ६४ | ० | ११ | ० | ३ | ० | ७८ | ० | ११५ | ० |
| ख) मूल्य अभिवृद्धि कर | ८२ | ० | २२ | ० | ४ | ० | २ | ० | २८ | ० | ५४ | ० |
| ग) भन्सार | २९५ | ० | २४१ | ० | ८ | ० | ० | ० | २४९ | ० | ४६ | ० |
| घ) अन्य | ८ | ० | ० | ० | ० | ० | २ | ० | २ | ० | ६ | ० |
| **जम्मा** | **५७८** | **०** | **३२७** | **०** | **२३** | **०** | **७** | **०** | **३५७** | **०** | **२२१** | **०** |
| **कुल जम्मा** | **२१९३** | **४१५३** | **८२७** | **६६७** | **१६३** | **३५०** | **२२** | **१०** | **१०१२** | **१०२७** | **११८१** | **३१२६** |

## ७. जिल्ला सरकारी वकील कार्यालयहरुमा रहेका मुद्दाहरुको विषयगत विवरण

### क सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची भित्रका मुद्दाहरुको विषयगत वर्गीकरण

| मुद्दाको विषयगत | | यस आर्थिक वर्षको अभियोजन | | | | लगत संख्या | | फछ्यौट संख्या | | | | | | | | बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मुद्दा चलाउने | | मुद्दा नचलाउने | | जम्मा लगत संख्या | | कसुर कायम | | सफाई | | अन्य | | जम्मा | | | |
| | | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी |
| अपहरण | | १२० | ३८४ | ४ | ७ | २३६ | ७४८ | ५५ | १३८ | ३५ | ९६ | ३ | ८ | ९३ | २४२ | १४३ | ५०६ |
| कुटपिट अंगभंग | | १०० | २६२ | १ | १ | १६८ | ४५५ | ३३ | ७६ | ३६ | ७६ | १ | १ | ७० | १५३ | ९८ | ३०२ |
| आगलागी | | ७६ | २५० | ० | ० | १४७ | ४९६ | ३३ | ६४ | ३८ | ८७ | ३ | १७ | ७४ | १६८ | ७३ | ३२८ |
| आर्थिक | क) खोटा चलन | २३ | ४७ | ० | ० | ४९ | १०७ | १९ | ३४ | ४ | १५ | ० | ० | २३ | ४९ | २६ | ५८ |
| | ख) चन्दा | ४ | १० | ० | ० | ८ | २३ | २ | ४ | १ | ४ | ० | ० | ३ | ८ | ५ | १५ |
| | ग) चिठ्ठा | १२ | ३३ | ० | ० | २७ | २६८ | २ | ३ | ११ | १०२ | ० | ० | १३ | १०५ | १४ | १६३ |
| | घ) ठगी | ५०६ | १२९९ | २ | २ | ८७९ | २३१२ | २८० | ५४६ | १७८ | ४७६ | ५ | १४ | ४६३ | १०३६ | ४१६ | १२७६ |
| | ङ) बैंकिङ्ग कसुरसम्बन्धी | १०४ | २३९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | च) नेपाल राष्ट्र बैंकसम्बन्धी | ८ | १३ | ० | ० | ८ | १३ | १ | २ | ० | ० | ० | ० | १ | २ | ७ | ११ |
| | छ) अन्य | ५ | २९ | १ | १ | ५ | २९ | १ | २ | १ | ३ | ० | ० | २ | ५ | ३ | २४ |
| करणी | जबर्जस्ती करणी | १४७१ | १७१८ | ३ | ८ | २३४७ | २७८० | ७८६ | ८९२ | ४५८ | ५५६ | ४१ | ५२ | १२८५ | १५०० | १०६२ | १२८० |
| | जबर्जस्ती करणी उद्योग | ६४८ | ७१८ | ० | ० | ९७० | १०९६ | २५६ | २८८ | ३९१ | ३३१ | १८ | २८ | ५८५ | ६४७ | ३८५ | ४४९ |
| | अप्राकृतिक मैथुन | ५६ | ५९ | १ | १ | ७३ | ७८ | ३० | ३१ | ७ | ७ | ० | ० | ३७ | ३८ | ३६ | ४० |
| | अन्य | २१ | २५ | ० | ० | २८ | ३४ | ११ | १२ | ४ | ४ | ० | ० | १५ | १६ | १३ | १८ |
| किर्ते (सरकारी छाप,दस्तखत) | | १८९ | ३२८ | १ | १ | ३४५ | ८५४ | १५० | २९० | ३३ | ९७ | ३ | २० | १८६ | ४०७ | १५९ | ४४७ |
| चोरी | क) साधारण चोरी | ९९६ | १७०१ | ० | ० | १४०३ | २६३४ | ६७० | ११०५ | २३४ | ४८३ | ४ | १० | ९०८ | १५९८ | ४९५ | १०३६ |
| | ख) नकबजनी | ४६९ | ९१४ | ० | ० | ८१२ | १७६३ | ३७७ | ६८३ | १५५ | ३८१ | १ | ११ | ५३३ | १०७५ | २७९ | ६८८ |
| | ग) जबर्जस्ती चोरी | ९८ | १३८ | ० | ० | १६७ | ३११ | ६३ | १०९ | ३८ | ८१ | १ | २ | १०२ | १९२ | ६५ | ११९ |
| | घ) रहजनी | ४६ | ७८ | ० | ० | १०५ | २४७ | २५ | ६२ | १० | ३० | १ | ४ | ३६ | ९६ | ६९ | १५१ |
| | ङ) डाँका | ८२ | ३५५ | ० | ० | १९२ | ९३९ | ४३ | २०३ | ५४ | २८६ | ३ | १८ | १०० | ५०७ | ९२ | ४३२ |
| | च) अन्य | १४ | २३ | ० | ० | १७ | ३४ | ११ | २३ | ० | ० | १ | २ | १२ | २५ | ५ | ९ |
| ज्यान | क) आवेश प्रेरित हत्या | ० | ० | ० | ० | २ | २ | १ | १ | ० | ० | ० | ० | १ | १ | १ | १ |
| | ख) कर्तव्य ज्यान | ६८५ | १६२४ | १६ | ३७ | १३७० | ३५९७ | ४३३ | ९२८ | २४४ | ७१५ | १९ | ५९ | ६९६ | १७०२ | ६७४ | १८९५ |
| | ग) गर्भपतन | ३१ | ६९ | ० | ० | ५३ | १०६ | १९ | २५ | १३ | २९ | ० | ० | ३२ | ५४ | २१ | ५२ |
| | घ) ज्यान मार्ने उद्योग | ७५४ | २९३४ | ११ | २१ | १३५३ | ४०५७ | २१६ | ५०४ | ४५४ | १२४९ | १४ | ५८ | ६८४ | १८११ | ६६९ | २२४६ |
| | ङ) भवितव्य ज्यान | ३९ | ५९ | ० | ० | ५७ | ९७ | २९ | ४६ | ६ | ८ | १ | १ | ३६ | ५५ | २१ | ४२ |
| देवानी | क)अदलको २,३ नं. | ७ | २४ | ० | ० | ७ | २४ | १ | १ | ५ | १७ | ० | ० | ६ | १८ | १ | ६ |
| | ख) जग्गा सम्बन्धी | २ | ३ | ० | ० | २६ | २७ | १२ | १३ | ० | ० | ० | ० | १२ | १३ | १४ | १४ |
| | ग) अन्य | ० | ० | ० | ० | १३ | १४ | ११ | १२ | ० | ० | ० | ० | ११ | १२ | २ | २ |
| नागरिकता | | ६४ | २०४ | १ | ३ | १३६ | ४२९ | ४१ | ९५ | १९ | ८७ | ० | १ | ६० | १८३ | ७६ | २४६ |
| प्रतिलिपि अधिकार | | ७ | ८ | ० | ० | १५ | २७ | १ | १ | १ | १ | ० | ० | २ | २ | १३ | २५ |
| प्रविधि सम्बन्धी | क) दूर संचारसम्बन्धी | १८ | ३८ | ० | ० | ३७ | ११४ | ११ | २५ | ९ | २० | ० | ० | २० | ४५ | १७ | ६९ |
| | ख) विद्युतीय कारोवार | ९८ | १०३ | ० | ० | १३० | १६२ | ५३ | ५५ | ६ | ७ | २ | ३ | ६१ | ६५ | ६९ | ९७ |
| | ग) अन्य | १ | ७ | ० | ० | १ | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ७ |
| मानव बेचबिखन | क) मानव किनबेच | ९९ | १९२ | ० | ० | १६४ | ३८४ | ३७ | ७७ | ४७ | ९५ | ० | ६ | ८४ | १७८ | ८० | २०६ |
| | ख) मानव ओसारपसार | १८६ | ३९४ | ४ | ७ | ३०९ | ७३८ | ६४ | १३६ | ६४ | १६२ | १ | ४ | १२९ | ३०२ | १८० | ४३६ |
| | ग) मानव अंग फिक्ने, बेच्ने | ० | ० | ० | ० | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | २ |
| | घ) वेश्यागमन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ङ) वेश्यावृत्ति | ० | ० | ० | ० | २ | ६ | ० | ० | २ | ६ | ० | ० | २ | ६ | ० | ० |
| राहदानी | | ११ | १५ | ० | ० | १६ | २० | १० | ११ | ० | ० | ० | ० | १० | ११ | ६ | ९ |
| लागू औषध | | २८७५ | ५०६० | ३ | ६ | ४१०८ | ७७३४ | २३५८ | ४०३० | ३८९ | ७८५ | ० | ४३ | २७४७ | ४८५८ | १३६१ | २८७६ |
| विवाह | क) बहु विवाह | ५८६ | ११८२ | १ | २ | ९४४ | १८८३ | ३५५ | ६३२ | १६७ | ४०६ | ३ | ७ | ५२५ | १०४५ | ४१९ | ८३८ |
| | ख) बाल विवाह | ५२ | १२९ | ० | ० | ८६ | २३० | ३२ | ५८ | १३ | ४५ | ० | ० | ४५ | १०३ | ४१ | १२७ |
| सवारी ज्यान | क) सवारीबाट अंगभंग | १८६ | २२५ | १ | १ | २९३ | ३६५ | ९४ | ११७ | २३ | ३१ | ३ | ३ | १२० | १५१ | १७३ | २१४ |
| | ख) सवारीबाट कर्तव्य ज्यान | ८ | १० | ० | ० | १७ | २२ | ११ | १४ | ० | ० | ० | ० | ११ | १४ | ६ | ८ |
| | ग) लापरवाही | ६८४ | ८२९ | ० | ० | ९२५ | ११३४ | ५१६ | ६०१ | ८८ | १३१ | २ | ७ | ६०६ | ७३९ | ३१९ | ३९५ |
| | घ) भवितव्य | ११९२ | १२४१ | १० | १० | १५८६ | १६८६ | ११८५ | १२२० | ५० | ५३ | ० | ० | १२३५ | १२७३ | ३५१ | ४१३ |
| | ङ) क्षतिपूर्ति | ३५१ | ८२३ | ० | ० | ८४६ | २०७१ | २५२ | ४७२ | ५ | १४ | २ | ४ | २५९ | ४९० | ५८७ | १५८१ |
| सार्वजनिक अपराध | | १३९८५ | २८८७३ | ४ | २२ | १९६५४ | ३९३५१ | १११२३ | २२६३४ | २५५ | ६०० | ७ | १४ | ११३८५ | २३२४८ | ८२६९ | १६१०३ |
| हातहतियार तथा खरखजाना | | २५० | ५३५ | १ | १ | ५८५ | १२६२ | २४५ | ४५४ | ३९ | ६६ | ३ | ७ | २८७ | ५२७ | २९८ | ७३५ |
| विविध | क) अंग प्रत्यारोपण | ० | ० | ० | ० | १ | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ७ |
| | ख) आवश्यक वस्तु संरक्षण | १ | १ | ० | ० | ३ | ५ | १ | १ | ० | ० | ० | ० | १ | १ | २ | ४ |
| | ग) कालो बजार | ७८ | १३२ | ० | ० | २७५ | ४३६ | १५१ | २१९ | ३४ | ४८ | १ | १ | १८६ | २६८ | ८९ | १६८ |
| | घ) गोवध | ६३ | १८७ | ० | ० | ८९ | २७२ | २७ | ५२ | २४ | ६६ | १ | ११ | ५२ | १२९ | ३७ | १४३ |
| | ङ) छुवाछुत | २२ | ५३ | ० | ० | ४५ | १०२ | २१ | ३५ | १५ | ३८ | ० | ० | ३६ | ७३ | ९ | २९ |
| | च) जुवा | ४०० | २८६७ | ० | ० | ४२९ | ३०९४ | ३२७ | २२२८ | ३ | २० | ० | ० | ३३० | २२४८ | ९९ | ८४६ |
| | छ) धर्म सम्बन्धी | ४ | १२ | ० | ० | ७ | २८ | १ | ७ | १ | ८ | ० | ० | २ | १५ | ५ | १३ |
| | ज) प्राचीन स्मारक सम्बन्धी | ११ | २० | ० | ० | १७ | ४५ | २ | ५ | ५ | १५ | ० | ० | ७ | २० | १० | २५ |
| | ट) राज्य विरुद्धको अपराध | २ | ९ | ० | ० | ५ | ८८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ | ८८ |
| | ठ) विष्फोटक पदार्थ | ५६ | २२१ | ० | ० | ८१ | ३३२ | २० | ४५ | १२ | ४४ | ० | ० | ३२ | ८९ | ४९ | २४३ |
| | ण) शिक्षा ऐनको दफा १७१क | २२ | ६० | ० | ० | ३१ | ७७ | ७ | १६ | ४ | ५ | ० | ० | ११ | २१ | २० | ५६ |
| | त) स्वास्थ्यकर्मी/संस्थाको सुरक्षा | ३ | ५ | ० | ० | ३ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ५ |
| | थ) अन्य | ६७ | १७९ | १ | १ | १०४ | ३३७ | ३२ | ८२ | २१ | ५८ | ० | ० | ५३ | १४० | ५१ | १९७ |
| **जम्मा** | | २७९४८ | ५६१५० | ६६ | १३२ | ४१८१२ | ८५६०० | २०५४७ | ३९४१९ | ३६२६ | ७९४४ | १४४ | ४१६ | २४३१७ | ४७७७९ | १७४९५ | ३७८२१ |

**ख सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची बाहिरका मुद्दाहरुको विषयगत वर्गीकरण**

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अध्यागमन | ३२ | ३२ | ० | ० | ७१ | ८९ | ६० | ७५ | ६ | ८ | ० | ० | ६६ | ८३ | ५ | ६ |
| उपभोक्ता संरक्षण ऐन | ३ | ४ | ० | ० | ९ | ३४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ९ | ३४ |
| औषधि ऐन | ४६ | ५४ | ० | ० | ४८ | ५६ | २५ | २८ | ० | ० | ० | ० | २५ | २८ | २३ | २८ |
| खाद्य ऐन अन्तर्गतका | १९१ | २०० | ० | ० | ३२८ | ३८६ | १७३ | १९८ | १६ | २१ | ० | ० | १८९ | २१९ | १३९ | १६७ |
| गुणस्तर (प्रमाण चिन्ह) | १३ | ४९ | ० | ० | ३१ | ११२ | १५ | ७० | ० | ० | ० | ० | १५ | ७० | १६ | ४२ |
| नाप तौल सम्बन्धी | ३ | ५ | ० | ० | ५ | ७ | २ | ३ | १ | १ | ० | ० | ३ | ४ | २ | ३ |
| निर्वाचन सम्बन्धी | ४ | ५ | ० | ० | ६ | ८ | १ | १ | १ | १ | ० | ० | २ | २ | ४ | ६ |
| वैदेशिक रोजगार | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| राजश्व चुहावट | १६ | ३० | ० | ० | २९ | ५८ | ११ | १४ | २ | ५ | १ | ४ | १४ | २३ | १५ | ३५ |
| राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु | १११ | ३२२ | ६ | ७ | २८६ | ८५२ | ८७ | २४४ | १० | ४५ | ० | ० | ९७ | २८९ | १८९ | ५६३ |
| विदेशी विनिमय | ६० | १११ | ३ | ५ | ९२ | १७८ | ३१ | ७९ | ४ | १२ | ० | ० | ३५ | ९१ | ५७ | ८७ |
| वन | ७२९ | १४७९ | १ | २ | १४८७ | ४००३ | ६०५ | १५१६ | ७० | ३१८ | ५ | १४ | ६८० | १८४८ | ८०७ | २१५५ |
| विद्युत चोरी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| शिक्षा ऐन दफा १७(१) | ० | ० | ० | ० | २ | ९ | २ | ९ | ० | ० | ० | ० | २ | ९ | ० | ० |
| सम्पत्ति शुद्धीकरण | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सामाजिक सुधार ऐन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| स्वास्थ्य व्यवसायी परिषद् | १ | १ | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| अन्य | ७३ | ९७ | १ | १ | १०८ | १४५ | ४३ | ५६ | १९ | २० | ० | ० | ६२ | ७६ | ४६ | ६९ |
| जम्मा | १२८२ | २३८९ | ११ | १५ | २५०३ | ५९३८ | १०५५ | २२९३ | १२९ | ४३१ | ६ | १८ | १११९० | २७४२ | १३९३ | ३१९६ |
| कुल जम्मा | २९२३० | ५८५३९ | ७७ | १४७ | ४४३१५ | ९१५३८ | २१६०२ | ४१७१२ | ३७५५ | ८३७५ | १५० | ४३४ | २५५०७ | ५०५२१ | १८८०८ | ४१०१७ |

**८. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरुमा रहेका रिट र निवेदनहरुको विषयगत विवरण**

| सि.नं. | विषय | महान्यायाधिवक्ताको कार्यालय | | | | | उच्च सरकारी वकील कार्यालय | | | | | जिल्ला सरकारी वकील कार्यालय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | रिटको नाम | लगत | फछ्यौंट | | | बाँकी | लगत | फछ्यौंट | | | बाँकी | लगत | फछ्यौंट | | | बाँकी |
| | | | रिट खारेज | रिट जारी | अन्य | | | रिट खारेज | रिट जारी | अन्य | | | रिट खारेज | रिट जारी | अन्य | |
| १ | बन्दीप्रत्यक्षीकरण | ९२ | ३९ | १२ | १३ | २८ | २९९ | २१३ | ६८ | ४ | १४ | ६८ | ३९ | १८ | ० | ११ |
| २ | उत्प्रेषण | ४१६२ | ४७९ | २३३ | १७३ | ३२७७ | १०७९ | ४१३ | २७९ | ७७ | ३१० | ० | ० | ० | ० | ० |
| ३ | परमादेश | ५२२ | २१७ | १२८ | ७० | १०७ | १०५५ | ४१७ | ३०९ | ३४ | २९५ | ० | ० | ० | ० | ० |
| ४ | प्रतिषेध | ४८ | २८ | ११ | ८ | १ | ३४ | १९ | ६ | ० | ९ | ० | ० | ० | | ० |
| ५ | अधिकारपृच्छा | ४ | २ | २ | ० | ० | २ | १ | ० | ० | १ | ० | ० | ० | ० | ० |
| ६ | निषेधाज्ञा | ६० | ९ | २० | १ | ३० | १५४८ | ६१९ | ३०० | १७२ | ४५७ | ७४२ | ३२० | १०३ | ५ | ३१४ |
| ७ | निषेधाज्ञा/परमादेश | २८ | ४ | ६ | ० | १८ | ४९९ | १८७ | ७५ | ५ | २३२ | ० | ० | ० | ० | ० |
| | **जम्मा** | ४९१६ | ७७८ | ४१२ | २६५ | ३४६१ | ४५१६ | १८६९ | १०३७ | २९२ | १३१८ | ८१० | ३५९ | १२१ | ५ | ३२५ |

**९. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरुबाट संवैधानिक तथा कानूनी विषयमा प्रदान गरिएको राय सल्लाहको विवरण**

| सि.नं. | कार्यालयहरु | राय सल्लाह माग भएको संख्या | राय सल्लाह दिएको संख्या | बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १ | महान्यायाधिवक्ताको कार्यालय | २६ | १५ | ० | ११ रीत नपुगेको र क्षत्राधिकार बाहिरको हुँदा फिर्ता |
| २ | उच्च सरकारी वकील कार्यालय | ० | ० | ० | |
| ३ | जिल्ला सरकारी वकील कार्यालय | ७७ | ७२ | ५ | |
| | जम्मा | १०३ | ८७ | ५ | |

**१०. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरु र अन्य निकाय एवं कार्यालयहरुमा रहेको दरबन्दी विवरण**

| कार्यालय | महान्यायाधिवक्ता | नेपाल सरकारका निजामती कर्मचारीहरु | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राजपत्राङ्कित | | | | | राजपत्र अनङ्कित | | | | | | श्रेणी विहीन | | |
| | | विशिष्ट | प्रथम | द्वितीय | तृतीय | लेखा/प्रा. | प्रथम | द्वितीय | लेपा/सले | क.अ | स.क.अ | टाइपिष्ट | ह.स.चा. | का.स. | जम्मा |
| महान्यायाधिवक्ताको कार्यालय | १ | ४ | १० | १५ | १६ | ३ | १८ | ९ | २ | ६ | ३ | ३ | २० | २५ | १३५ |
| उच्च सरकारी वकील | | | १८ | ३२ | ४८ | ० | ६२ | २२ | १८ | १५ | ११ | ११ | २० | ७९ | ३३६ |
| विशेष सरकारी वकील | | | १ | ९ | ५ | ० | ७ | ० | १ | १ | | ० | ३ | ४ | ३१ |
| जिल्ला सरकारी वकील | | | १ | ८२ | १२४ | २ | १४६ | ७९ | १ | ४३ | ४० | २३ | ७८ | २५५ | ८७४ |
| अख्तियार दुरुपयोग अनुसन्धान | | | ४ | ६ | १३ | ० | | | | | | | | | २३ |
| निर्वाचन आयोग | | | | १ | १ | ० | | | | | | | | | २ |
| राष्ट्रिय महिला आयोग | | | | ० | १ | ० | | | | | | | | | १ |
| मुख्य न्यायाधिवक्ताको | | | | ७ | २१ | ० | | | | | | | | | २८ |
| आन्तरिक राजश्व विभाग | | | | १ | १ | ० | | | | | | | | | २ |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण | | | | | १ | ० | | | | | | | | | १ |
| राजश्व अनुसन्धान विभाग | | | | १ | १ | ० | ४ | | | | | | | | ६ |
| सम्पत्ति शुद्धीकरण अनुसन्धान | | | | १ | २ | ० | २ | | | | | | | | ५ |
| अध्यागमन विभाग | | | | | १ | ० | | | | | | | | | १ |
| वैदेशिक रोजगार विभाग | | | | १ | ६ | ० | ७ | | | | | | | | १४ |
| राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु | | | | | १ | ० | | | | | | | | | १ |
| जिल्ला प्रशासन कार्यालय | | | | | १ | ० | | | | | | | | | १ |
| ठूला करदाता कार्यालय | | | | | १ | ० | | | | | | | | | १ |
| मध्यमस्तरीय करदाता कार्यालय | | | | | १ | ० | | | | | | | | | १ |
| **जम्मा** | **१** | **४** | **३४** | **१५६** | **२४५** | **५** | **२४६** | **११०** | **२२** | **६५** | **५४** | **३७** | **१२१** | **३६३** | **१४६३** |

# विषय सूची

## परिच्छेद – एक
## सामान्य परिचय


| | | |
|---|---|---|
| १. | परिचय | १ |
| | १.१ ऐतिहासिक पृष्ठभूमि | १ |
| | १.२ महान्यायाधिवक्ताको जिम्मेवारी | २ |
| | १.३ सरकारी वकीलको जिम्मेवारी | २ |
| | १.४ वार्षिक प्रतिवेदन पेश गर्ने सम्बन्धी व्यवस्था | ३ |
| २. | संगठनात्मक स्वरूप | ३ |
| ३. | व्यवस्थापन तथा प्रशासनिक संरचना | ३ |
| | ३.१. सरकारी वकील तथा अन्य कर्मचारीहरूको दरबन्दीको अवस्था | ४ |
| | ३.२. कार्यालय भवन तथा भौतिक स्रोत साधनको वर्तमान अवस्था | ५ |
| | ३.३. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूको बजेट वितरण | ७ |
| | ३.४ सरकारी वकीलहरूको वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण, अध्ययन, भ्रमण तथा तालिमको विवरण | ८ |
| ४. | सम्पादित कार्यहरूको विवरण | ८ |
| | ४.१ संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको संख्या | ८ |
| | ४.२ सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण | १६ |
| | ४.३ नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण | १६ |
| | ४.४ नेपाल सरकार, सरकारी निकाय वा अधिकारी उपर दायर भएका रिट निवेदनमा प्रतिरक्षा गरेको विवरण | १७ |
| | ४.५ अपराध सम्बन्धी विवरण | १७ |
| | ४.६ महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको विवरण | १९ |
| | ४.७ महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूबाट सम्पादित मुद्दा तथा अन्य कार्यहरूको एकमुष्ठ विवरण | २२ |
| ५. | संस्थागत सुदृढीकरणाको लागि भएका कार्यहरू | २४ |
| | ५.१ महान्यायाधिवक्ताको कार्यालयको पञ्चवर्षीय रणनीतिक योजना, (२०७३/०७४–२०७७/०७८) | २४ |
| | ५.२ महान्यायाधिवक्ताको कार्यालयको अन्य गतिविधि | २६ |
| | ५.३ अध्ययन प्रतिवेदन | २८ |
| | ५.४ संस्थागत सुधारका सम्बन्धमा भएका प्रयासहरू | २९ |
| | ५.५ महान्यायाधिवक्ताको कार्यालयबाट भएका प्रकाशनहरू | ३४ |

५.६ अपराधशास्त्रीय अनुसन्धान केन्द्रको कार्यहरू ३४
५.७ राष्ट्रिय सम्मेलनको आयोजना ३५
६. समन्वय समितिको गतिविधि ३६

## परिच्छेद – दुई
## महान्यायाधिवक्ताको कार्यालय

१. गठन ३८
२. महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार ३८
३. महान्यायाधिवक्ताको भूमिका ३९
४. महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतका विभाग, महाशाखा तथा शाखाहरूको गठन र कार्य विभाजन ४०
४.१ महान्यायाधिवक्ताको कार्यालयमा विभागहरू ४१
४.२ महाशाखा तथा शाखाहरू ४२
५. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित कामको विवरण ४२
५.१ मुद्दा सम्बन्धी कार्य ४२
५.२ संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाह ५०
५.३ निरीक्षण, निर्देशन सम्बन्धी कार्य ५०
५.४ प्रशासनिक रेखदेख तथा नियन्त्रण सम्बन्धी कार्य ५०
६. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दा तथा अन्य कार्यहरूको एकमुष्ठ लगत, फछ्यौंट विवरण ५१
७. महान्यायाधिवक्ताको कार्यालयका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार ५२
८. सर्वोच्च अदालतबाट भएका कानूनको व्याख्या वा प्रतिपादित सिद्धान्तको अनुगमन सम्बन्धी कार्यहरू ५३
९. हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार गरे नगरेको अनुगमन सम्बन्धी कार्यहरू ५३

## परिच्छेद – तीन
## उच्च सरकारी वकील कार्यालय

१. गठन ५६
२. उच्च सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार ५६
३. उच्च सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण ५६
३.१ मुद्दा, रिट तथा निवेदन सम्बन्धी कार्य ५८
३.२ प्रतिवादी नखुलेका मुद्दामा निकासा दिने कार्य ६५
३.३ कानूनी राय सम्बन्धी कार्य ६५
३.४ मुद्दा नचलाउने निर्णय भई अन्तिम निकासाका लागि पठाइएका मुद्दाहरूको विवरण ६६
३.५ उच्च सरकारी वकील कार्यालयहरूबाट सम्पादित समग्र काम कारबाहीको विवरण ६६
३.६ उच्च सरकारी वकील कार्यालयहरूबाट पेश भएका प्रस्तावको विवरण ६७
४. उच्च सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार ६७

## परिच्छेद – चार
## विशेष सरकारी वकील कार्यालय


१. गठन ६९
२. विशेष सरकारी वकील कार्यालयका सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार ६९
३. विशेष सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण ७०
३.१ मुद्दा तथा रिट निवेदनमा बहस पैरवी र प्रतिरक्षा सम्बन्धी कार्य ७०
३.२ अभियोजन सम्बन्धी कार्य ७०
३.३ विशेष सरकारी वकील कार्यालयबाट सम्पादित समग्र काम कारबाहीको विवरण ७०
३.४ विशेष सरकारी वकील कार्यालयबाट पेश भएका प्रस्तावको विवरण ७०
३.५ विशेष सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार ७१


## परिच्छेद – पाँच
## जिल्ला सरकारी वकील कार्यालय


१. गठन ७२
२. जिल्ला न्यायाधिवक्ता र सहायक जिल्ला न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार ७२
३. जिल्ला सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण ७२
३.१ मुद्दा सम्बन्धी कार्य ७२
३.२ जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाको विवरण ७८
३.३ मुद्दाहरूको क्षेत्रगत विभाजन तथा लगतको स्थिति ८६
३.४ नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा पक्राउ तथा फरार रहेका प्रतिवादी र थुनछेक सम्बन्धी विवरण ९१
३.५ कानूनी राय सम्बन्धी कार्य ९१
३.६ जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णय भई निकासाको लागि पठाइएको विवरण ९१
३.७ जिल्ला सरकारी वकील कार्यालयबाट सम्पादित कार्यको समष्टिगत विवरण ९२
३.८ जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको विवरण ९२
३.९ महिला तथा बालबालिकाहरू पीडित एवं प्रतिवादी भएका अनुसूची भित्रका मुद्दाको विवरण ९२
४. जिल्ला सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार ९३


## परिच्छेद – छ
## निष्कर्ष तथा सुझाव


१. निष्कर्ष ९५
२. समस्या र चुनौतीहरू ९५
३. सुझावहरू ९६

# अनुसूचीहरू


१. महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूको संगठनात्मक स्वरूप
२. महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा भएका मुद्दा, रिट तथा निवेदनको विवरण
३. बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको विषयगत वर्गीकरण
४. महान्यायाधिवक्ताको कार्यालयबाट पुनरावेदन, दो.पा. र १७ नं. निवेदन सम्बन्धमा भएको कारबाही विवरण
५. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित निकासा सम्बन्धी कार्यहरूको विवरण
६. कानूनी राय सम्बन्धी विवरण
७. मातहत कार्यालयमा भएको निरीक्षण विवरण
८. महान्यायाधिवक्ताको कार्यालयको भौतिक विवरण
९. महान्यायाधिवक्ताको कार्यालयको जनशक्ति विवरण
१०. सरकारी वकीलहरूको कुल दरवन्दी र पदपूर्तिको विवरण
११. महान्यायाधिवक्ताको कार्यालय/मातहत कार्यालय/अन्य कार्यालयहरूमा रहेका सरकारी वकीलहरूको दरवन्दी विवरण
१२. उच्च सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा भएका मुद्दा, रिट तथा निवेदनको विवरण
१३. उच्च सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा भएका मुद्दाहरूको विषयगत वर्गीकरण र कारबाही विवरण
१४. उच्च सरकारी वकील कार्यालयबाट सम्पादित समग्र काम कारवाहीको विवरण
१५. उच्च सरकारी वकील कार्यालयबाट महान्यायाधिवक्ताको कार्यालयमा पेश भएका प्रस्तावको विवरण
१६. मुद्दा नचलाउने निर्णय भई निकासाको लागि पठाइएका वारदातको विवरण
१७. कानूनी राय सम्बन्धी विवरण
१८. उच्च सरकारी वकील कार्यालयबाट मातहत कार्यालयमा भएको निरीक्षण विवरण
१९. उच्च सरकारी वकील कार्यालयहरूको भौतिक विवरण
२०. उच्च सरकारी वकील कार्यालयहरूको जनशक्ति विवरण
२१. विशेष सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा हुने मुद्दा तथा रिट निवेदनको विवरण
२२. विशेष सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको कार्यसम्पादन विवरण
२३. विशेष सरकारी वकील कार्यालयबाट महान्यायाधिवक्ताको कार्यालयमा पेश भएका प्रस्तावको विवरण
२४. विशेष सरकारी वकील कार्यालयबाट भएको अभियोजन सम्बन्धी निर्णयको विषयगत विवरण
२५. मुद्दाहरूको विषयगत वर्गीकरण
२६. पक्राउ, फरार तथा थुनछेक सम्बन्धी विवरण
२७. मुद्दामा महिला तथा बालबालिका पीडित वा प्रतिवादी भएका विवरण
२८. विशेष सरकारी वकील कार्यालयको भौतिक स्थिति
२९. विशेष सरकारी वकील कार्यालयको जनशक्ति विवरण
३०. जिल्ला सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची भित्र/बाहिरका मुद्दा तथा निवेदनहरूको कारबाही विवरण
३१. जिल्ला सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची भित्र/बाहिरका मुद्दाहरूको विषयगत वर्गीकरण र कारबाही विवरण
३१.क अर्ध न्यायिक निकायहरूका फैसला उपर जिल्ला अदालतमा पुनरावेदन परेका मुद्दाको कारबाही विवरण
३२. जिल्ला सरकारी वकील कार्यालयबाट भएको कार्यसम्पादन विवरण
३३. पक्राउ, फरार तथा थुनछेक सम्बन्धी विवरण
३४. मुद्दा नचलाउने निर्णय भई निकासाको लागि पठाइएका वारदातको विवरण
३५. कानूनी राय सम्बन्धी विवरण
३६. जिल्ला सरकारी वकील कार्यालयहरूको भौतिक विवरण
३७. मुद्दामा महिला तथा बालबालिका पीडित वा प्रतिवादी भएका मुद्दाको विवरण
३८. जिल्ला सरकारी वकील कार्यालयहरूको जनशक्ति विवरण
३९. सरकारी वकीलहरूको नामावली
४०. वैदेशिक भ्रमण, अध्ययन, अवलोकन सम्बन्धी विवरण
४१. स्वदेशमा संचालित तालिम, गोष्ठी, सेमिनार, अन्तरक्रिया सम्बन्धी विवरण
४२. नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलन, २०७५ बाट पारित घोषणापत्र
४३. सरकारी वकील तथा कर्मचारीहरूको आचारसंहिता, २०७५
४४. महान्यायाधिवक्ताको कार्यालयबाट संचालन गरिने भावी कार्य योजना
४५. सरकारी वकीलहरूको केन्द्रीय वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रम २०७४ बाट पारित प्रस्ताव

परिच्छेद - एक

# सामान्य परिचय

## १. परिचय

नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष एवं सक्षम न्यायपालिका र कानूनी शासनप्रति प्रतिबद्धता व्यक्त गरेको छ । कानूनी शासनको स्थापनाका लागि स्वतन्त्र, सक्षम र प्रभावकारी फौजदारी न्याय प्रशासन आवश्यक पर्दछ । संविधानले परिकल्पना गरेको स्वतन्त्र, निष्पक्ष एवं सक्षम न्यायपालिका तथा कानूनी राज्यको अवधारणालाई व्यवहारमा रूपान्तरण गर्न एवं नागरिकका आधारभूत अधिकारहरूको संरक्षण गर्ने महत्वपूर्ण निकायको रूपमा महान्यायाधिवक्ताको व्यवस्था गरिएको छ । नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा मातहतका सरकारी वकीलबाट सरकारको प्रतिनिधित्व गर्ने, कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने, सरकार विरुद्ध दायर भएका मुद्दा मामिलामा सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने, हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा आफन्त वा कानून व्यवसायीसँग भेटघाट गर्न नदिएको उजुरी वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने र नेपाल सरकार र सरकारी निकायलाई संवैधानिक एव कानूनी प्रश्नमा कानूनी राय उपलब्ध गराउने समेतको काम, कर्तव्य र अधिकार महान्यायाधिवक्तालाई तोकेको छ । महान्यायाधिवक्ताको संवैधानिक जिम्मेवारी बहन गर्न र कार्यसम्पादनमा सहयोग गर्न देशभर विभिन्न तहमा सरकारी वकील कार्यालयको स्थापना गरी सरकारी वकील र अन्य कर्मचारीको व्यवस्थापन गरी फौजदारी न्याय प्रशासन लगायतका कार्यसम्पादन हुँदै आएको छ ।

### १.१ ऐतिहासिक पृष्ठभूमि

नेपाल सरकार वैधानिक कानून, २००४ को धारा १२ को खण्ड (क) मा कानूनको विषयमा सरकारलाई आवश्यक परेको राय सल्लाह पेश गर्न एउटा प्रधान कानूनी सल्लाहकार श्री ३ बाट नियुक्त हुने भन्ने व्यवस्था गरिएको भए पनि उक्त कानून कार्यान्वयनमा आएन । नेपाल अन्तरिम शासन विधान, २००७ मा महान्यायाधिवक्ता सम्बन्धी कुनै व्यवस्था नभए पनि सरकारको लागि कानूनी सल्लाहकारको आवश्यकता महसुस गरी कार्यकारिणी आदेशबाटै वि.सं. २००८ साल पौष ८ गते पहिलो महान्यायाधिवक्ताको नियुक्ति गरियो । तत्पश्चात तत्कालीन प्रधान न्यायालय ऐन, २००८ मा भएको प्रथम संशोधन (२००९ साल आश्विन ३१ गते जारी भएको) को दफा ४१ को उपदफा (१) ले महान्यायाधिवक्ताको सेवाका शर्तहरू, काम, कर्तव्य र अधिकार निर्धारण गऱ्यो । उक्त दफामा प्रधान न्यायालयको न्यायाधीश हुन लायक व्यक्तिलाई महान्यायाधिवक्ताको रूपमा नियुक्त गर्न सक्ने व्यवस्था गरिएको थियो । सर्वोच्च अदालत ऐन, २०१३ को दफा २१ ले प्रदान गरेको अधिकार प्रयोग गरी गृह मन्त्रालयबाट २०१३ साल श्रावण १ गतेको राजपत्रमा प्रकाशित सूचनाबाट सरकारलाई सरोकार पर्ने मुद्दा मामिलामा आवश्यकतानुसार गभर्मेण्ट एडभोकेटले सर्वोच्च अदालत लगायत नेपालको जुनसुकै अड्डा अदालतमा हाजिर भई सरकारको तर्फबाट बहस पैरवी गर्ने कानूनी व्यवस्था गरियो । नेपाल अधिराज्यको संविधान, २०१५ मा पनि महान्यायाधिवक्ता सम्बन्धी व्यवस्था नभएकोले २०१६ साल भाद्र २२ को राजपत्रमा प्रकाशित सूचना अनुसार २०१६ साल भाद्र ९ गतेको कार्यकारिणी निर्णय बमोजिम महान्यायाधिवक्ता नियुक्त गरियो ।

नेपालको संविधान, २०१९ ले सर्वप्रथम महान्यायाधिवक्ताको पदलाई संवैधानिक पदको रूपमा स्थापित गऱ्यो । उक्त संविधानले महान्यायाधिवक्तालाई सरकारको कानूनी सल्लाहकार र सरकारको हकहित, सरोकार रहेको मुद्दामा अड्डा अदालतमा प्रतिनिधित्व गर्ने अधिकार प्रदान गरेकोमा नेपाल अधिराज्यको संविधान, २०४७ ले महान्यायाधिवक्ता सरकारको मुख्य कानूनी सल्लाहकार र प्रमुख अभियोजनकर्ताको रूपमा स्थापित गर्दै कुनै अदालत वा न्यायिक अधिकारी समक्ष सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकारका साथै नेपाल सरकारको हकहित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकारको तर्फबाट महान्यायाधिवक्ता वा निज मातहतका अधिकृतबाट प्रतिनिधित्व गर्ने अधिकार र कर्तव्य महान्यायाधिवक्तामा निहित गरेको थियो । यसैगरी सो संविधानले महान्यायाधिवक्तालाई संसदको कुनै पनि सदन वा त्यसको कुनै समितिको बैठकमा वा संसदको संयुक्त अधिवेशनमा उपस्थित भई कुनै कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने अधिकार समेत प्रदान गरेको थियो ।

उक्त संवैधानिक व्यवस्था अनुरूप नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान, अभियोजन, प्रतिरक्षा लगायतको व्यवस्था गर्न आवश्यक भएकोले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ जारी गरियो । उक्त ऐनको अनुसूची १ भित्रका फौजदारी मुद्दाको अनुसन्धानको सिलसिलामा सरकारी वकीलले अनुसन्धान अधिकृतलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था उक्त ऐनमा गरिएको छ भने अनुसन्धान अधिकृतले अनुसन्धानको सिलसिलामा सरकारी वकीलसँग आवश्यक निर्देशन वा कानूनी राय लिन सक्ने व्यवस्था गरिएको थियो । अनुसन्धान अधिकृतले अनुसन्धान कार्य समाप्त भएपछि

अभियोजन सम्बन्धी कार्य गर्न सरकारी वकील समक्ष रायसहितको मिसिल प्रमाण प्रस्तुत गर्नुपर्ने व्यवस्था गरिएको थियो ।

### १.२ **महान्यायाधिवक्ताको जिम्मेवारी**

संविधान सभाबाट २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधान (यसपछि संविधान भनिएको) को धारा १५८ मा नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार र मुख्य अभियोजनकर्ताको रूपमा महान्यायाधिवक्ताको व्यवस्था गरेको छ । नेपाल सरकारको हकहित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिने, नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताको राय लिनुपर्ने व्यवस्था गरेको छ । नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताको राय लिनुपर्ने व्यवस्था संविधानले गरेको नयाँ व्यवस्था हो । महान्यायाधिवक्तालाई आफ्नो कर्तव्य पालन गर्दा नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने वा गराउने, हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने अधिकार समेत महान्यायाधिवक्तालाई हुने व्यवस्था गरिएको छ । यसैगरी संविधानको धारा १५८ को उपधारा (४) अनुसार महान्यायाधिवक्ताले संघीय संसद वा त्यसको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भई कुनै कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्न सक्ने उल्लेख गरेको छ । संविधानमा गरिएका यी व्यवस्थाहरूबाट महान्यायाधिवक्ताले कार्यपालिकालाई कानूनी सल्लाह प्रदान गर्ने, व्यवस्थापिकालाई कानूनी प्रश्नमा राय दिने र न्यायपालिकामा नेपाल सरकारको तर्फबाट मुद्दा मामिलामा प्रतिनिधित्व र प्रतिरक्षा गर्ने जिम्मेवारी तोकिएको छ । यसबाट महान्यायाधिवक्ताले आफ्नो पदीय जिम्मेवारी राज्यका तीन वटै निकायसँग आबद्ध भई निर्वाह गरिरहेको अवस्था छ ।

### १.३ **सरकारी वकीलको जिम्मेवारी**

नेपालको संविधानको धारा १५८ को उपधारा (७) मा महान्यायाधिवक्ताले उक्त धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई सुम्पन सक्ने व्यवस्था छ । उक्त संवैधानिक प्रावधान अनुरूप मिति २०७२/०६/०३ को राजपत्रमा प्रकाशित सूचना अनुसार महान्यायाधिवक्ताबाट मातहतका जिल्ला सरकारी वकीलहरूलाई आफूमा निहित मुद्दा चलाउने वा नचलाउने अधिकार विभिन्न शर्तसहित सुम्पिएको छ । यसैगरी सोही मितिको नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार विशेष सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिने मुद्दामध्ये वैदेशिक रोजगार ऐन, २०६४ को कसूर सम्बन्धी मुद्दा तथ मिति २०७४।०९।१८ को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार उच्च अदालत पाटनको वाणिज्य इजालासमा दायर हुने सुरक्षित कारोबार र बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को कसूर सम्बन्धी मुद्दा र सम्पत्ति शुद्धीकरण ( मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को कसूर सम्बन्धी मुद्दामा सम्बन्धित अनुसन्धान अधिकारीबाट मुद्दाको तहकिकात पूरा भई मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि राय सहित विशेष सरकारी वकील कार्यालय समक्ष प्रस्तुत हुन आएको मिसिलमा मुद्दा चलाउनु पर्ने देखेमा सोको आधार र कारण सहितको निर्णय गरी आवश्यक कानूनी कार्यविधि पूरा गरी गराई मुद्दा दायर गर्न सम्बन्धित निकाय वा अधिकारी समक्ष पठाउने अधिकार प्रत्यायोजन गरिएको छ ।

त्यस्तै संविधानको धारा १५८ को उपधारा (६) को खण्ड (ग) बमोजिम महान्यायाधिवक्तामा निहित हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने अधिकार मिति २०७२/०६/०३ को राजपत्रमा प्रकाशित सूचना अनुसार सोही मितिदेखि लागू हुने गरी उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतले काम गर्ने कर्मचारीले प्रयोग गर्ने गरी सुम्पिएको छ । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा उल्लेखित फौजदारी मुद्दाहरूको अनुसन्धान प्रहरी अनुसन्धानकर्ताबाट हुन्छ । अनुसन्धान अधिकृतबाट अनुसन्धानको कार्य सम्पन्न भए पश्चात अभियोजन सम्बन्धी निर्णयका लागि सरकारी वकील कार्यालयमा राय सहितको प्रतिवेदन पठाउने र सरकारी वकीलले महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकारको अधीनमा रही मुद्दा चल्ने वा नचल्ने सम्बन्धी निर्णय गर्ने र मुद्दा चल्ने निर्णय भएमा कानूनद्वारा तोकिएको अदालत वा अन्य निकायमा मुद्दा दायर गर्ने कानूनी व्यवस्था छ । उक्त ऐनको अनुसूची-२ मा उल्लेखित देवानी मुद्दा तोकिएको अधिकारीले जाँचबुझ गरी रायसहित मुद्दा चल्ने वा नचल्ने निर्णयका लागि सम्बन्धित सरकारी वकील समक्ष पठाउने र सम्बन्धित सरकारी वकीलले महान्यायाधिवक्ताबाट तोकिएको शर्तको अधीनमा रही मुद्दा चल्ने वा नचल्ने सम्बन्धी निर्णय गर्ने र सो बमोजिम मुद्दा चल्ने निर्णय भएमा फिरादपत्र तयार गरी सम्बन्धित अदालतमा मुद्दा दायर गर्नु पर्ने कानूनी व्यवस्था छ ।

२०७५ भदौ १ गतेदेखि मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ कार्यान्वयनमा आएका छन् । यी संहिता लागू भए पछि साविकको सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ लगायतका कानूनहरू खारेज भएको अवस्था छ । फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ३१ मा सो ऐनको अनुसूची १ वा २ अन्तर्गतको कसूर गरेकोमा कुनै व्यक्ति उपर मुद्दा चलाउन पर्याप्त प्रमाण पुग्ने देखिएमा मुद्दा चलाउन र प्रमाण नपुग्ने देखिएमा मुद्दा नचलाउन सोही व्यहोरा खुलाई मिसिल सरकारी वकील कार्यालयमा पठाउनु पर्ने व्यवस्था गरिएको छ । यसरी प्राप्त मिसिल प्रमाणका आधारमा सरकारी वकीलले महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार बमोजिम अभियोजन सम्बन्धी कार्य गर्दछ । अभियोजन पश्चात् सम्बन्धित मुद्दामा अभियोगपत्र दायर गर्ने, प्रतिरक्षा, बहस पैरवी लगायतका कार्य सरकारी वकीलबाट हुन्छ ।

जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलले मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची १ र २ का मुद्दामा मुद्दा नचल्ने निर्णय गरेकोमा उच्च सरकारी वकील कार्यालय समक्ष पठाउनु पर्छ । यसरी प्राप्त कागजात अध्ययन गरी उच्च सरकारी वकील कार्यालयबाट मुद्दा चल्ने निर्णय भएमा सम्बन्धित अदालत वा अन्य निकायमा मुद्दा दायर गर्न सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयमा फाइल फिर्ता गर्ने र सम्बन्धित जिल्लाका सरकारी वकीलबाट कानून बमोजिम मुद्दा दायर गर्ने र उच्च सरकारी वकील कार्यालयबाट समेत मुद्दा नचल्ने निर्णय भएमा महान्यायाधिवक्ता समक्ष पेश गर्ने र महान्यायाधिवक्ताको निर्णय अन्तिम हुने व्यवस्था छ ।

यसैगरी मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा २५४ मा संहिताको अनुसूची-२८ मा लेखिएको मुद्दा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारी वा त्यसरी अधिकारी नतोकिएकोमा सम्बन्धित जिल्लाको मालपोत अधिकृतले जाँचबुझ गरी मुद्दा चलाउने वा नचलाउने निर्णयको लागि सङ्कलन गरिएको प्रमाण र राय समेत उल्लेख गरी मुद्दा चल्ने नचल्ने निर्णयकालागि सम्बन्धित जिल्लाको सरकारी वकिल समक्ष पठाउने र सरकारी वकिलले अध्ययन गरी सो मिसिलमा मुद्दा चल्ने वा नचल्ने विषयमा निर्णय गर्नेछ । सरकारी वकीलले मुद्दा चल्ने निर्णय गरेमा सरकारी वकिलले फिरादपत्र तयार गरी प्रमाण सहित सम्बन्धित अदालतमा मुद्दा दायर गर्नु पर्नेकानूनी व्यवस्था छ ।

### १.४ वार्षिक प्रतिवेदन पेश गर्ने सम्बन्धी व्यवस्था

नेपालको संविधानको धारा १५९ बमोजिम महान्यायाधिवक्ताले प्रत्येक वर्ष यो संविधान र संघीय कानून बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउने व्यवस्था छ । सो प्रतिवेदनमा अन्य कुराको अतिरिक्त महान्यायाधिवक्ताले वर्षभरिमा संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण सहितको संख्या, सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण, नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण, नेपाल सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनुपर्ने सुधार तथा अपराधका प्रवृत्ति सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने व्यवस्था गरिएको छ ।

## २. संगठनात्मक स्वरूप

नेपालको संविधानको धारा १५७ ले नेपालमा एक महान्यायाधिवक्ता रहने र निजको नियुक्ति प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था गरेको छ । संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने र नेपाल सरकारको तर्फबाट चलाइने मुद्दाहरूका सन्दर्भमा सम्बन्धित अदालत वा न्यायिक अधिकारी समक्ष अभियोगपत्र वा फिरादपत्र दर्ता गर्ने, मुद्दाको बहस पैरवी गर्ने, सरकार पक्ष भएको वा सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, मुद्दाको पुनरावेदन गर्ने एवं सरकार वा सरकारले तोकेका अधिकारीलाई कानूनी राय प्रदान गर्ने लगायतका काम, कर्तव्य र अधिकार महान्यायाधिवक्तामा निहित छन् । महान्यायाधिवक्तामा निहित उल्लेखित अधिकारहरू मातहतका सरकारी वकीलहरूलाई सुम्पन सक्ने संवैधानिक व्यवस्था अनुसार महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार महान्यायाधिवक्ताको कार्यालय मातहतका उच्च (नेपाल सरकारको मिति २०७३।०६।०६ को निर्णय अनुसार तत्काल कायम रहेका पुनरावेदन सरकारी वकील कार्यालयहरू उच्च सरकारी वकील कार्यालयमा रूपान्तरण भएका), विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूबाट प्रयोग भई आएको छ । महान्यायाधिवक्ताको कार्यालयको संगठनात्मक स्वरूप र मातहतका पुनरावेदन, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूको संगठनात्मक स्वरूपलाई प्रस्तुत प्रतिवेदनको **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

## ३. व्यवस्थापन तथा प्रशासनिक संरचना

संगठनको उद्देश्य हासिल गर्न मानवीय तथा भौतिक स्रोत साधन, प्रविधि, संरचना र क्रियाकलापहरूको समन्वय र परिचालन आवश्यक पर्दछ । विविध खालका ज्ञान, सीप, दक्षता र क्षमता भएका बहुआयामिक जनशक्तिको व्यवस्था र त्यस्तो जनशक्तिको समन्वय र स्रोत साधनको कुशल व्यवस्थापन गरिनु पर्दछ । संगठन भित्र भएका क्षमता र सीपयुक्त जनशक्तिको उचित पहिचान गरी संभव भएसम्म क्षमता र रुची अनुसार जिम्मेवारी दिई व्यवस्थापन गर्न

सकेमा मात्र संगठनको कार्यसम्पादनमा अपेक्षित स्तरीयता कायम भई लक्ष्य प्राप्तिमा मद्दत पुग्दछ । यसको लागि संगठनका सदस्यहरू बीचमा जिम्मेवारी र अधिकारको स्पष्ट विभाजन आवश्यक हुन्छ ।

संगठनको उद्देश्य र सो उद्देश्य हांसिल गर्न गर्नुपर्ने क्रियाकलापले संगठनको दायरा वा क्षेत्र निर्धारण गर्दछ । निर्धारित लक्ष अनुरूप प्रभावकारीरूपले कार्य सञ्चालन गर्न कुशल व्यवस्थापन र दक्ष प्रशासनको आवश्यकता पर्दछ । यस भित्र दक्ष जनशक्तिको चयन, उपयुक्त जिम्मेवारी एवं आर्थिक तथा भौतिक पूर्वाधारको व्यवस्था महत्वपूर्ण रहन्छ । कार्य वातावरणमा भौतिक साधन र सुविधाको पूर्तिले जनशक्ति उत्प्रेरित भई संगठनात्मक कार्य कुशलताको विकास गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । नेपालको संविधानले महान्यायाधिवक्तालाई सुम्पेको जिम्मेवारी अनुरूप कार्यसम्पादन गर्न स्थापित महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूको वर्तमान अवस्था, भौतिक स्थिति र आवश्यकताहरूलाई समेत यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

### ३.१. सरकारी वकील तथा अन्य कर्मचारीहरूको दरबन्दीको अवस्था

विज्ञान र प्रविधिको विकासको कारण फौजदारी न्याय प्रशासनमा थपिएका चुनौतीहरूको सामना गर्न तथा समयको परिवर्तन अनुसार संगठनको लक्ष्य तथा उद्देश्यमा भएको विस्तार अनुरूप कुशलतापूर्वक कार्यसम्पादन गर्न मानव स्रोतको संख्यात्मक विस्तारको साथसाथै जनशक्तिमा ज्ञान, सीप, क्षमता र दक्षताको विकास गरी स्रोत साधनले युक्त बनाउनु आवश्यक हुन्छ । महान्यायाधिवक्ताले अदालत तथा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने, नेपाल सरकारको तर्फबाट चलाइएका मुद्दाहरू र नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेका जुनसुकै मुद्दाहरूमा बहस पैरवी र प्रतिरक्षा गर्ने, सरकारको तर्फबाट पुनरावेदन, पुनरावलोकन वा मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्ने, नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानूनी राय सल्लाह प्रदान गर्ने लगायतका आफूलाई संविधानले तोकेको काम, कर्तव्य, अधिकार र जिम्मेवारी स्वयं वा मातहतका सरकारी वकीलहरूमार्फत कार्यसम्पादन गर्दछन् ।

महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार अन्तर्गत तथा संविधान एवं कानूनले सरकारी वकीललाई तोकेको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूमा सरकारी वकील तथा सहायक कर्मचारीहरूको दरबन्दी क्रमशः थप हुँदै गएको भएता पनि कार्यबोझ र कार्य प्रकृतिको अनुपातमा विद्यमान जनशक्ति अझै अपर्याप्त देखिन्छ । यसले गर्दा कार्यको गुणस्तरमा अपेक्षा अनुरूप वृद्धि हुन सकेको छैन । मुद्दाको संख्यात्मक वृद्धि र थपिएको जिम्मेवारी अनुसार महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूमा संगठन संरचना परिवर्तन र जनशक्ति थप गर्नु पर्ने देखिन्छ । महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालहरू तथा अन्य सरकारी निकाय एवं कार्यालयहरूमा रहेका सरकारी वकील तथा कर्मचारीहरूको मौजुदा दरबन्दी देहायको तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका नं. १**

**सरकारी वकील एवं अन्य कर्मचारीहरूको दरबन्दी विवरण**

| कार्यालय | संवैधानिक पद | नेपाल सरकारका निजामती कर्मचारीहरु | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राजपत्राङ्कित | | | | | राजपत्र अनङ्कित | | | | | | श्रेणी विहीन | | |
| | | विशिष्ट | प्रथम | द्वितीय | तृतीय | लेखा/प्रा. | प्रथम | द्वितीय | लेपा/स लेपा | क.अ | स.क.अ | टाइपिष्ट | ह.स.चा. | का.स. | जम्मा |
| महान्यायाधिवक्ताको कार्यालय | १ | ४ | १० | १५ | १६ | ३ | १८ | ९ | २ | ६ | ३ | ३ | २० | २५ | १३५ |
| उच्च सरकारी वकील कार्यालयहरु | | | १८ | ३२ | ४८ | | ६२ | २२ | १८ | १५ | ११ | ११ | २० | ७९ | ३३६ |
| विशेष सरकारी वकील कार्यालय | | | १ | ९ | ५ | | ७ | | १ | १ | | | ३ | ४ | ३१ |
| जिल्ला सरकारी वकील कार्यालयहरु | | | १ | ८२ | १२४ | २ | १४६ | ७९ | १ | ४३ | ४० | २३ | ७८ | २५५ | ८७४ |
| अख्तियार दुरुपयोग अनुसन्धान आयोग | | | ४ | ६ | १३ | | | | | | | | | | २३ |
| निर्वाचन आयोग | | | | १ | १ | | | | | | | | | | २ |
| राष्ट्रिय महिला आयोग | | | | | १ | | | | | | | | | | १ |
| मुख्य न्यायाधिवक्ताको कार्यालयहरु | | | | ७ | २१ | | | | | | | | | | २८ |
| आन्तरिक राजश्व विभाग | | | | १ | १ | | | | | | | | | | २ |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | | | | | १ | | | | | | | | | | १ |
| राजश्व अनुसन्धान विभाग | | | | १ | १ | | ४ | | | | | | | | ६ |
| सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | | | | १ | २ | | २ | | | | | | | | ५ |
| अध्यागमन विभाग | | | | | १ | | | | | | | | | | १ |
| वैदेशिक रोजगार विभाग | | | | १ | ६ | | ७ | | | | | | | | १४ |
| राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | | | | | १ | | | | | | | | | | १ |
| जिल्ला प्रशासन कार्यालय काठमाडौं | | | | | १ | | | | | | | | | | १ |
| ठूला करदाता कार्यालय | | | | | १ | | | | | | | | | | १ |
| मध्यमस्तरीय करदाता कार्यालय | | | | | १ | | | | | | | | | | १ |
| **जम्मा** | १ | ४ | ३४ | १५६ | २४५ | ५ | २४६ | ११० | २२ | ६५ | ५४ | ३७ | १२१ | ३६३ | १४६३ |

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयको कर्मचारी दरबन्दी तथा पदपूर्तिको स्थिति हेर्दा मानव संसाधन योजनामा समुचित ध्यान पुग्न सकेको छैन । मानव संसाधन योजनाले संगठनमा आवश्यक पर्ने सामान्य तथा विशिष्ट योग्यता भएको मानव स्रोत र त्यसलाई वाञ्छित लक्ष्य प्राप्तिको लागि उपयोग गर्ने प्रक्रियालाई संकेत गर्दछ । यसले संगठनमा उचित स्थान, समय र संख्यामा योग्य कर्मचारीहरू कार्यरत छन् भन्ने विषयलाई सुनिश्चित गरी संगठनमा कार्यरत कर्मचारीहरूसँग सम्बद्ध संस्कृति, औपचारिक, अनौपचारिक संगठनहरू र प्रणालीहरूमा समेत समुचित ध्यान पुऱ्याउँछ । महान्यायाधिवक्तालाई संविधानले दिएको जिम्मेवारी प्रभावकारीरूपले निर्वाह गर्न जिम्मेवारी र कार्यबोझका आधारमा मानव संसाधन योजना निर्माण गरी लागू गर्न जरुरी छ ।

संवैधानिक अंगको रूपमा रहेको महान्यायाधिवक्ताको कार्यालय र मातहत पुनरावेदन, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूमा हाल विद्यमान कर्मचारी दरबन्दी संख्यालाई तालिका नं. १ मा प्रस्तुत गरिएको छ । महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूको दरबन्दी र पदपूर्तिको अवस्थालाई क्रमशः **अनुसूची ९, २०, २९ र ३८** मा प्रस्तुत गरिएको छ । नेपाल न्याय सेवा अन्तर्गत सरकारी वकील समूहमा रही महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरू एवं विभिन्न सरकारी निकायहरूमा कार्यरत सरकारी वकीलहरूको नामावली सहितको विवरण **अनुसूची ३९** मा समावेश गरिएको छ ।

### ३.२. कार्यालय भवन तथा भौतिक स्रोत साधनको वर्तमान अवस्था

संगठनको लक्ष्य अनुरूप प्रभावकारी कार्यसम्पादनको लागि उपयुक्त वातावरण निर्माणका लागि कार्यालय भवन, आवास, फर्निचर, कार्यालय सञ्चालन सम्बन्धी सामग्रीहरू लगायतका भौतिक साधन र पूर्वाधारहरूको साथै सुरक्षा संयन्त्रहरूको समुचित व्यवस्थापन अपरिहार्य छ । न्यायपालिकाको संरचना अनुरूप महान्यायाधिवक्ताको कार्यालय मातहत १, उच्च सरकारी वकील कार्यालय १८, विशेष सरकारी वकील कार्यालय १ र जिल्ला सरकारी वकील कार्यालय ७७ बाट सरकारी वकीलहरूको कार्यसम्पादन हुँदै आएको छ । कार्यालय भवन निर्माण नभएका र भवनहरू पुराना र अपर्याप्त भएका स्थानमा सरकारी वकील कार्यालयहरूको आफ्नै कार्यालय भवन निर्माण गर्ने कार्यले केही बर्ष देखि निरन्तरता पाएको छ । भएका कार्यालय भवनहरू मध्ये पनि कतिपय भवनहरू वर्तमान दरबन्दीको अनुपातमा साँघुरा, अपर्याप्त तथा पुराना भएकाले दैनिक कार्यसम्पादनमा कठिनाई महसुस भएको छ । महान्यायाधिवक्ताको कार्यालय, उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूको वर्तमान भौतिक अवस्थालाई क्रमशः प्रस्तुत प्रतिवेदनको **अनुसूची ८, १९, २८ र ३६** मा प्रस्तुत गरिएको छ । मुद्दाको कार्यबोझ बढी भएका उच्च सरकारी वकील कार्यालय पाटन, विशेष सरकारी वकील कार्यालय काठमाडौं र जिल्ला सरकारी वकील कार्यालय काठमाडौंको जग्गा र कार्यलय भवन छैन । यी कार्यालयहरूका लागि जग्गाको बन्दोबस्त गरी कार्यालय भवन बनाउनु पर्ने आवश्यकता छ । अन्य सरकारी वकील कार्यालयहरूका हकमा कार्यबोझलाई प्रमुख आधार मानी नयाँ कार्यालय भवनहरू निर्माण गर्नुपर्ने अवस्था रहेको छ ।

### पीडित मैत्री कक्ष

आर्थिक वर्ष २०७०/०७१ मा UNICEF नेपालको आर्थिक सहयोगमा जिल्ला सरकारी वकील कार्यालयहरू झापा, मोरङ्ग, दोलखा, धनुषा, रौतहट, पर्सा, कास्की, तनहुँ, म्याग्दी, पर्वत, अर्घाखाँची, रूपन्देही, बाजुरा, बझाङ्ग, डोल्पा, हुम्ला, अछाम, कालिकोट, मुगु, जुम्ला गरी २० जिल्लामा पीडितमैत्री कक्ष निर्माण भएका छने भने Asia foundation को आर्थिक सहयोगमा मकवानपुर, काभ्रेपलाञ्चोक, बाँके र कंचनपुर ४ जिल्ला सरकारी वकील कार्यालयहरूमा पीडितमैत्री कक्ष निर्माण भएका छन् । यसैगरी आर्थिक वर्ष २०७१/०७२ मा UNICEF नेपालको आर्थिक सहयोगमा पाँचथर, इलाम, बाग्लुङ्ग, बैतडी, चितवन, सर्लाही, महोत्तरी, डोटी, सोलुखुम्बु, उदयपुर, दाङ्ग, दार्चुला, ललितपुर, भक्तपुर, गोर्खा, स्याङ्गजा, पाल्पा, नवलपरासी, सिराहा र रोल्पा गरी २० जिल्ला सरकारी वकील कार्यालयहरूमा पीडित मैत्री कक्ष निर्माण भएको छ । आर्थिक वर्ष २०७२/०७३ मा मा UNICEF नेपालको आर्थिक सहयोगमा तेह्रथुम, संखुवासभा, सुनसरी, सिन्धुली, रामेछाप, काठमाडौं, धादिङ्ग, मुस्ताङ्ग, रसुवा, मनाङ्ग, लमजुङ्ग, गुल्मी, सल्यान, जाजरकोट गरी १४ जिल्ला सरकारी वकील कार्यालयहरूमा पीडित मैत्री कक्षको निर्माण भएको छ ।

### घर, जग्गा भवनको अवस्था

महान्यायाधिवक्ताको कार्यालयको पुरानो कार्यालय भवन भत्काई हाल नयाँ भवन निर्माणाधीन अवस्थामा रहेको छ । महान्यायाधिवक्ताको कार्यालयबाट सरकारी वकील कार्यालयहरूको भौतिक प्रोफायल तयारी र सरकारी वकील कार्यालयको भवन निर्माणको मापदण्ड तयार भएको छ । महान्यायाधिवक्ताको कार्यालय मातहतका सरकारी वकील कार्यालयहरूको भवनको अवस्था निम्नानुसार रहेको छः

| क्र.सं. | विवरण | उच्च सरकारी वकील कार्यालय | जिल्ला सरकारी वकील कार्यालय |
|---|---|---|---|
| १ | नयाँ भवन | विराटनगर, जनकपुर, बाग्लुङ्ग, सुर्खेत, नेपालगञ्ज, जुम्ला ( राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट), बुटवल (प्रदेश प्रमुखको कार्यालय रहेको), | संखुवासभा, सुनसरी, दोलखा, सिन्धुपाल्चोक, तनहुँ, कास्की, स्याङजा, बाग्लुङ्ग, मुस्ताङ, पर्वत, म्याग्दी, रूपन्देही, बाँके, दैलेख, मुगु, अछाम, कञ्चनपुर, रसुवा, रामेछाप, धनकुटा, सोलुखुम्बु, लमजुङ, नुवाकोट र उदयपुर |
| २ | निर्माणको अन्तिम चरणमा रहेका | हेटौंडा, तुलसीपुर | ताप्लेजुङ, गुल्मी, रोल्पा, बाजुरा, धादिङ्ग र दार्चुला |
| ३ | निर्माणाधीन | पोखरा | झापा, मोरङ, ओखलढुंगा, सिराहा, सर्लाही, धनुषा, महोत्तरी, सिन्धुली, बारा, गोर्खा, अर्घाखाँची, सल्यान, प्युठान, रुकुम पश्चिम, बर्दिया, कालिकोट, डडेल्धुरा, तेह्रथुम, कैलाली, भोजपुर, बैतडी |
| ४ | निर्माणको प्रक्रियामा रहेका | इलाम | पाँचथर, रौतहट |
| ५ | अव प्राथमिकतापूर्वक बनाउनु पर्ने भवन | बीरगञ्ज, पाटन, विशेष सरकारी वकील कार्यालय, दिपायल, | पर्सा, चितवन, सप्तरी (जग्गासहित), दाङ (थप गर्ने), डोटी, बझाङ, भक्तपुर, काठमाडौं |
| ६ | जग्गा व्यवस्थापन गर्नु पर्ने | पाटन, विशेष सरकारी वकील कार्यालय | सप्तरी, काठमाडौं, भक्तपुर, नवलपरासी सुस्ता पुर्व र रुकुम पूर्व |
| ७ | अन्य सरकारी वकील कार्यालयहरू चालु अवस्थामा रहेका छन् । | | |

हालसम्म १३ वटा उच्च सरकारी वकील कार्यालयहरूको भवन रहेका मध्ये धनकुटा, विराटनगर, जनकपुर, बाग्लुङ नेपालगञ्ज, जुम्ला र सुर्खेत गरी ७ वटा कार्यालयको भवन उपयुक्त रहेका छन् । उच्च सरकारी वकील कार्यालय बुटवल, महेन्द्रनगरका भवन अपर्याप्त भएको र उच्च सरकारी वकील कार्यालय इलाम, राजविराज र दिपायलको भवन पुराना रहेका हुँदा नयाँ भवन बनाउनु पर्ने देखिन्छ । हाल ३ वटा उच्च सरकारी वकील कार्यालय हेटौंडा, तुल्सीपुर र पोखराको भवन निर्माणाधीन रहेको र उच्च सरकारी वकील कार्यालय इलामको भवन निर्माण प्रक्रियामा रहेका छन् । उच्च सरकारी वकील कार्यालयहरू ओखलढुंगा, वीरगञ्ज, पाटन र विशेष सरकारी वकील कार्यालय काठमाडौंको जग्गा तथा भवन समेत रहेका छैनन् ।

यसैगरी हालसम्म ४५ वटा जिल्ला सरकारी वकील कार्यालयहरूको आफ्नै कार्यालय भवनहरू रहेका छन् । ती मध्ये २० वटा कार्यालयका भवन कार्यसम्पादनका लागि पर्याप्त रहेका छन् । १० वटा जिल्ला सरकारी वकील कार्यालयका भवन पुराना भएको हुँदा नयाँ भवन निर्माण गर्नुपर्ने देखिन्छ । भक्तपुर जिल्ला सरकारी वकील कार्यालयको भवन साघुरो हुँदा अपर्याप्त रहेको छ । हाल २८ वटा जिल्ला सरकारी वकील कार्यालयहरू निर्माणाधीन अवस्थामा रहेका छन् भने २ वटा जिल्ला सरकारी वकील कार्यालयहरूको नयाँ भवन निर्माण गर्ने प्रक्रियामा रहेका छन् । ७२ वटा जिल्ला सरकारी वकील कार्यालयहरूका भवन निर्माण गर्न जग्गा रहेका छन् । आफ्नै जग्गा भएका मध्ये भक्तपुर, चितवन जिल्ला सरकारी वकील कार्यालयको जग्गा अपर्याप्त रहेको छ । ४ वटा (सप्तरी, काठमाडौं, नवलपरासी सुस्ता पूर्व, रुकुम पूर्व) जिल्ला सरकारी वकील कार्यालयहरूको भवन निर्माणका लागि आफ्नो जग्गा समेत रहेको छैन ।

### तालिका नं. २

### महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूको भौतिक स्थिति

| विवरण | कार्यालय भवन | | | | ल्यापटप संख्या | कम्प्युटर संख्या | प्रिन्टर संख्या | टेलि भिजन | इन्भर्टर | फोटोकपि संख्या | टेलिफोन संख्या | फ्याक्स संख्या | सवारी साधन संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यालय | भएको | नभएको | निर्माणाधीन | निर्माण प्रारम्भ | | | | | | | | | कार | जीप | मोटरसाइकल |
| म.न्या.का. | | | १ | | ३४८ | १०० | ६९ | ४ | ० | १० | ३१ | ६ | २३ | ९ | २५ |
| उ.स.व.का. | १३ | ३ | ३ | १ | १३ | ११३ | ६५ | ० | २३ | ३३ | ३१ | १६ | १६ | ७ | ३० |
| वि.स.व.का. | ० | १ | ० | ० | १३ | १३ | ५ | ० | ४ | ४ | ३ | १ | १ | २ | ८ |
| जि.स.व.का. | ४५ | ७ | २८ | २ | ५१ | ३५१ | २०१ | ० | ९५ | १०७ | ८६ | ६९ | ६९ | ७ | ६७ |
| जम्मा | ५८ | ११ | ३२ | ३ | ४२५ | ५७७ | ३४० | ४ | १२२ | १५४ | १५१ | ९२ | १०९ | २५ | १३० |

### ३.३. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूको बजेट वितरण

महान्यायाधिवक्ताको कार्यालय एवं मातहतका पुनरावेदन, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका मुद्दाको संख्या र कार्यबोझको अनुपातमा भौतिक स्रोत साधनहरूको व्यवस्था गर्न महान्यायाधिवक्ताको कार्यालयका लागि विनियोजन गरिने रकमको अनुपात समय सापेक्ष रूपमा वृद्धि भएमा मात्र संभव हुन्छ ।आर्थिक वर्ष २०७४/०७५ मा नेपाल सरकारले महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरूको लागि विनियोजन गरेको बजेट रकम रु. १ अर्ब १३ करोड १८ लाख ३७ हजारलाई देशको कुल बजेट विनियोजित रकम रु. १२ खर्ब, ७८ अर्ब, ९९ करोडलाई अनुपातमा विभाजन गरी हेर्दा कुल विनियोजित रकमको ०.०९ प्रतिशत मात्र यस कार्यालयलाई विनियोजन भएको देखिन्छ । केन्द्रमा महान्यायाधिवक्ताको कार्यालय १, उच्च सरकारी वकील कार्यालयहरू १८, विशेष सरकारी वकील कार्यालय १ तथा ७७ जिल्ला सरकारी वकील कार्यालय समेत गरी देशव्यापी रूपमा फैलिएको कार्यालयको संरचना तथा कार्यरत झण्डै १,४०० को संख्यामा रहेको जनशक्तिको दृष्टिकोणबाट हेर्दा यो रकमको अनुपात सन्तोषजनक मान्न सकिदैन । महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूका लागि आर्थिक वर्ष २०७४/०७५ का लागि विनियोजन गरिएको रकम र खर्च विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३**

**महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूका लागि विनियोजन, निकासा एवं खर्च भएको रकमको विवरण**

| बजेटको अवस्था | | म.न्या.का. | उ.स.व.का. | वि.स.व.का. | जि.स.व.का. | जम्मा |
|---|---|---|---|---|---|---|
| विनियोजन | चालु | ११६१४७०००.०० | १९४५५४०००.०० | २६४१०००.०० | ४१०७८३०००.०० | ७४७८९४०००.०० |
| | पुँजीगत | ८५३३०००.०० | ६९७७०००.०० | ८७९०००.०० | २३७५४५०००.०० | ३१६७२७०००.०० |
| | सं.सृ.चालु | ५०११२०००.०० | | | | ५०११२०००.०० |
| | सं.सृ.पुँजीगत | १७१०४७०५.०० | | | | १७१०४७०५.०० |
| | **जम्मा** | **१९१८९६७०५.००** | **२६४३२४०००.००** | **२७२८९०००.००** | **६४८३२८०००.००** | **११३१८३७७०५.००** |
| निकासा / खर्च | चालु | ९९३६०८५६.७७ | १६८९७९५०५.८३ | २२४३६९.७७.३५ | ३५७८२५७०४.५२ | ६४८६०३०४४.४७ |
| | पुँजीगत | ७१५४७००.०० | ५९१८२१०८.६३ | ७५२२९७.०० | १८९३२४५६१.०० | २५६४१३६६६.६३ |
| | सं.सृ.चालु | ४५६१२७५७.९५ | | | | ४५६१२७५७.९५ |
| | सं.सृ.पुँजीगत | १६९९२४०८.०० | | | | १६९९२४०८.०० |
| | **जम्मा** | **१६९१२०७२२.७२** | **२२८१६१६१४.४६** | **२३१८९२७४.३५** | **५४७१५०२६५.५२** | **९६७६२१८७७.०५** |

उल्लेखित विवरण हेर्दा महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूमा वृद्धि भएको कार्यबोझ र जनशक्तिको अनुपातमा कार्यालयलाई विनियोजन गरिने बजेट अपेक्षा अनुरूप वृद्धि हुन सकेको छैन । अदालत र सरकारी वकील कार्यालय भवनहरू फरक-फरक ठाउँमा रहेको कारण मुद्दा सम्बन्धी काम कारबाही तथा बहस पैरवीको लागि अदालत आउन जान र मिसिल लगायतका महत्वपूर्ण कागजातहरू समेतको सुरक्षाको संवेदनशीलता समेतको दृष्टिकोणले उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूमा सवारी साधन उपलब्ध हुनुपर्ने महसुस गरी सवारी साधन नभएका वा नपुग भएका सरकारी वकील कार्यालयहरूलाई क्रमशः सवारी साधन उपलब्ध गराउने कार्यको सुरुवात गरिएको छ । साथै कार्यालयको लागि अत्यावश्यक कम्प्युटर, प्रिन्टर, फोटोकपि मेसिन, फ्याक्स मेसिन लगायतका साधन र तिनको मर्मत सम्भार समेतको लागि प्रत्येक सरकारी वकील कार्यालयमा आवश्यक रकम वार्षिक रूपमा उपलब्ध गराउने कार्यको सुरुवात गरिएको छ । यसलाई समयानुकूल वृद्धि गरी नियमितता दिनु जरुरी छ ।

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयमा बहस पैरवी र प्रतिरक्षा गर्ने जम्मा ३५० जना सरकारी वकीलहरूको दरबन्दी रहेकोमा (महान्यायाधिवक्ता समेत) सो दरबन्दीबाट वर्तमान मुद्दाको संख्याको प्रभावकारी र गुणात्मक बहस पैरवी र प्रतिरक्षा गर्न कठिनाई भएको यथार्थ हो । संगठित अपराधमा भएको संख्यात्मक वृद्धि, विद्युतीय कारोबार (साइवर), सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) जस्ता नवीन प्रकृतिका अपराध र राजश्व सम्बन्धी अपराधको अभियोजन र बहस पैरवी गर्ने कार्य एवं रिटहरूको प्रभावकारी प्रतिरक्षा जस्ता कुराहरू परम्परागत अध्ययन र अभ्यासमा आधारित जनशक्तिबाट संभव छैन । यस्ता अपराधमा कानूनी व्यवस्थाको उद्देश्य अनुरूप राज्यको हकहित र सरोकारको प्रभावकारी प्रतिनिधित्वका लागि सरकारी वकीलको क्षमता वृद्धि तथा महान्यायाधिवक्ताको कार्यालय मातहतका कार्यालयहरूको आधुनिकीकरण गर्नु आवश्यक छ । सक्षमता एवं प्रभावकारिताको अभिवृद्धिले राज्यको राजश्वको ठूलो रकम संरक्षण हुने मात्र होइन अपराध नियन्त्रण गरी समाजमा शान्ति र व्यवस्था कायम गर्ने कार्यमा योगदान दिन समेत महान्यायाधिवक्ताको कार्यालय सफल हुने कुराको अपेक्षा गर्न सकिन्छ । अतः विशिष्टिकृत ज्ञान एवं सीपयुक्त जनशक्तिको प्रवर्द्धन, वृद्धि र विकासका अतिरिक्त यसका भौतिक संरचना र प्रविधिको आधुनिकीकरण हुनु आवश्यक देखिएको छ ।

### ३.४ सरकारी वकीलहरूको वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण, अध्ययन, भ्रमण तथा तालिमको विवरण

समयको परिवर्तनसँगै सरकारी वकीलको कार्यमा आएका नयाँ चुनौतीको सामना गर्न र पदीय जिम्मेवारी प्रभावकारी रूपमा बहन गर्न सरकारी वकीलहरूको व्यावसायीकरणका लागि उच्च अध्ययन र तालिमको अवसर प्रदान गरी ज्ञान, क्षमता, अनुभव र रुची अनुरूप कार्यमा विशिष्टीकरण गर्नु अनिवार्य छ । महान्यायाधिवक्ताको कार्यालयबाट सरकारी वकीलहरूलाई समयसापेक्ष व्यावसायिक बनाई राख्न विदेश तथा स्वदेशमा उच्च अध्ययन एवं सेवा समूहसँग सम्बन्धित तालिमको अवसर उपलब्ध गराउन पहल भईरहेको छ । हाल सरकारी वकीललाई उपलब्ध अवसर अति न्यून रहेकोले यस कार्यलाई नियमित बनाउन निश्चित कार्यक्रम र मापदण्ड तयार गरी सोही अनुसार सरकारी वकीलहरूको ज्ञान, क्षमता, दक्षता, सीप आदिको विकास गर्न पहल गरिनु पर्ने देखिन्छ । विशेष गरी फौजदारी न्याय प्रणाली र फौजदारी कानूनमा आएका नवीनतम् अवधारणासँग सम्बन्धित विषयमा अध्ययन, तालिम, गोष्ठी, कार्यशाला, सेमिनार आदिमा सरकारी वकीललाई अवसर उपलब्ध गराउने तर्फ विशेष ध्यान दिइएको छ । तर यो अझै पर्याप्त भने हुन सकेको छैन ।

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकीलहरूको क्षेत्रीय वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने क्रममा प्रदेश नं. ६ र ७ का उच्च सरकारी वकील कार्यालय तथा मातहतका जिल्ला सरकारी वकील कार्यालयहरू र जिल्ला सरकारी वकील कार्यालय बाँके र बर्दियामा कार्यरत सरकारी वकीलहरूको मिति २०७४ साल चैत्र ७ गते बाँकेको नेपालगंजमा, प्रदेश नं. १ र २ का उच्च सरकारी वकील कार्यालय र सो मातहतका सरकारी वकील कार्यालहरूमा कार्यरत सरकारी वकीलहरूको २०७४ चैत्र १५ गते विराटनगरमा, प्रदेश नं. ४ र ५ का (बाँके र बर्दिया वाहेकका) उच्च तथा जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूको मिति २०७४ साल चैत्र १७ गते पोखरामा, प्रदेश नं. ३ का उच्च सरकारी वकील कार्यालय र सो मातहतका सरकारी वकील कार्यालहरूमा कार्यरत सरकारी वकीलहरूको २०७४ चैत्र २८ गते काठमाडौंमा क्षेत्रीय वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रम भएको तथा सरकारी वकीलहरूको केन्द्रीय वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रम सरकारी वकीलहरूको एकदिवसीय केन्द्रीय अनुशिक्षण तथा वार्षिक कार्यसमीक्षा गोष्ठी मिति २०७५।०१।०८ गते नेपाल पुलिस क्लब, भृकुटीमण्डप, काठमाडौंमा सम्पन्न भएको थियो । क्षेत्रीय कार्यक्रमहरूबाट पारित प्रस्तावहरूलाई समेत संबोधन हुने गरी केन्द्रीय कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रममा छलफल पश्चात पारित प्रस्तावहरू **अनुसूची ४५** मा प्रस्तुत गरिएको छ ।

फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजनलाई प्रभावकारी बनाउन सरकारी वकीलहरू तथा सहायक कर्मचारीहरूलाई व्यावसायिक दक्षता र सीप विकासका लागि यस वर्ष अध्ययन, भ्रमण, तालिम, गोष्ठी संचालन भएका थिए । सरकारी वकीलहरू तथा कर्मचारीहरू संलग्न भएका अन्तर्राष्ट्रिय अध्ययन, भ्रमण, तालिम, गोष्ठी **अनुसूची ४० मा** र राष्ट्रिय अध्ययन, भ्रमण, तालिम, गोष्ठी **अनुसूची ४१ मा** समावेश गरिएको छ ।

सरकारी वकीलहरूको व्यावसायिक क्षमता अभिवृद्धि गर्न कानूनको उच्च शिक्षा (एलएल. एम.) तथा अन्य वैदेशिक अध्ययनको लागि मित्र राष्ट्रहरूमा छात्रवृत्तिको लागि संस्थागत प्रयास गरिएको छ । सरकारी वकीलहरूको व्यावसायिक क्षमता अभिवृद्धि गर्न तथा विशिष्टीकृत गर्ने संस्थागत प्रयासहरू सीमित स्रोत साधन र न्यून जनशक्तिको कारणले संभव नभएकोले छात्रवृत्तिमा सरकारी वकीलहरूलाई कानूनको उच्च शिक्षा अध्ययन गराउन नसकिरहेको सन्दर्भमा निजी प्रयासमा अध्ययन गर्न चाहने सरकारी वकीलहरूलाई कार्यालयको काममा बाधा नपुग्ने गरी कानूनमा स्नातकोत्तर अध्ययन गर्न अनुमति प्रदान गरिने कार्यलाई लचिलो रूपमा अवलम्बन गरिएको छ । साथै विद्यावारिधिको उपाधि हाँसिल गर्न चाहने सरकारी वकीलहरूलाई पनि यस्तो अवसर उपलब्ध गराउँदै आइएको छ ।

## ४. सम्पादित कार्यहरूको विवरण

महान्यायाधिवक्ताको कार्यालय र मातहतका पुनरावेदन, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट आर्थिक वर्ष २०७४/०७५ मा संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको संख्या, मुद्दा तथा रिट निवेदनहरूमा बहस, पैरवी, प्रतिरक्षा एवं न्यायिक कार्यको सिलसिलामा सम्पादित कार्यहरूको कार्यालयगत तथा एकमुष्ठ लगत फछ्यौंट विवरणलाई तल उल्लेखित तालिकाहरूमा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

### ४.१ संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको संख्या

महान्यायाधिवक्ताको कार्यालय, मातहतका उच्च तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा संवैधानिक तथा कानूनी विषयमा १०३ वटा विषयमा राय माग भएकोमा ८७ वटा राय प्रदान गरिएको, ११ वटा रीत नपुगेको र क्षेत्राधिकार बाहिर भएको हुँदा फिर्ता गरिएको र ५ वटा कानूनी राय प्रदान गर्न बाँकी रहेको देखिन्छ । कार्यालयगत रूपमा संवैधानिक एवं कानूनी विषयमा राय सल्लाह माग भएको र दिएको संख्या देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ४
## महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयबाट संवैधानिक एवं कानूनी विषयमा राय सल्लाह प्रदान गरेको विवरण

| कार्यालयहरु | राय सल्लाह माग भएको संख्या | राय सल्लाह दिएको संख्या | बाँकी संख्या | कैफियत |
|---|---|---|---|---|
| महान्यायाधिवक्ताको कार्यालय | २६ | १५ | ० | ११ रीत नपुगेको र क्षत्राधिकार बाहिरको हुँदा फिर्ता |
| उच्च सरकारी वकील कार्यालय | ० | ० | ० | |
| जिल्ला सरकारी वकील कार्यालय | ७७ | ७२ | ५ | |
| जम्मा | १०३ | ८७ | ५ | |

यस आर्थिक वर्षमा महान्याायधिवक्ताको कार्यालयबाट संवैधानिक तथा कानूनी विषयमा प्रदान गरिएका राय र रायको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका नं. ५
## आर्थिक वर्ष २०७४/०७५ मा प्रदान गरिएको कानूनी रायको विवरण

| क्र.सं. | राय माग गर्ने कार्यालय | राय माग गरेको मिति | प्रदान गरिएको रायको व्यहोरा | राय प्रदान गरेको मिति |
|---|---|---|---|---|
| १. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २०७४।०५।२१ | सर्वोच्च अदालतको २०७५।०९।१८ को फैसलाबाट निवेदकले पाउनुपर्ने व्याज रकममा १५% कर काट्ने विपक्षीको कार्य कानून विपरीत देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । साथै निवेदकले व्याज बापत पाउनुपर्ने बाँकी रकम निजहरूलाई तुरुन्त भुक्तानी दिनु भनी विपक्षीका नाममा परमादेशको आदेश समेत जारी हुने ठहर्छ भनी आदेश गरेकोले यो आदेश अनुसार भुक्तानी गर्ने कार्य उक्त आदेशको निवेदक खण्डमा उल्लेखित व्यक्तिहरूका हकमा मात्र लागू हुने सो बाहेक अन्य व्यक्तिहरूका हकमा त्यस्तो रकम भुक्तानी गर्न नसकिने । | २०७४।०६।२५ |
| २. | प्रहरी प्रधान कार्यालय | २०७४।०५।२९ | कानुनी राय माग भएकोमा प्राप्त पत्रमा सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३४(ख) अनुसार कानुनी राय माग गरिएको विषयसँग सम्बन्धित कागजात संलग्न हुनुपर्नेमा त्यसो नभएको तथा नियम ३४(ङ) अनुसार कानुनी राय माग गरिएको विषयका सम्बन्धमा विभागीय राय वा सम्बन्धित कार्यालयको दृष्टिकोण उल्लेख भएको हुनुपर्नेमा सो समेत उल्लेख नभएकोले सो रीत पुऱ्याई आएका बखत मात्र कानुनी राय उपलब्ध गराउनेतर्फ कारवाही हुनसक्ने । | २०७४।०६।२४ |
| ३. | प्रहरी प्रधान कार्यालय | २०७४।०६।०१ | कानुनी राय माग भएकोमा प्राप्त पत्रमा सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३४(ख) अनुसार कानुनी राय माग गरिएको विषयसँग सम्बन्धित कागजात संलग्न हुनुपर्नेमा त्यसो नभएको तथा नियम ३४(ङ) अनुसार कानुनी राय माग गरिएको विषयका सम्बन्धमा विभागीय राय वा सम्बन्धित कार्यालयको दृष्टिकोण उल्लेख भएको हुनुपर्नेमा सो समेत उल्लेख नभएकोले सो रीत पुऱ्याई आएका बखत मात्र कानुनी राय उपलब्ध गराउने तर्फ कारवाही हुनसक्ने । | २०७४।०६।२४ |
| ४. | अर्थ मन्त्रालय | २०७४।०६।२२ | यस कार्यालयसँग कानूनी राय माग गर्ने गरी भएको सक्कल निर्णय फाइल एवं सुवास सिटौलालाई औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको कार्यकारी प्रमुखमा नियुक्ति गर्न सार्वजनिक संस्थान निर्देशन बोर्ड, कार्यकारी प्रमुख नियुक्ति सिफारिस समितिको सचिवालयले मिति २०७०।०४।०५ मा गरेको सिफारिस निर्णय र तत् पश्चातको कारवाही समेतको सम्पूर्ण सक्कल फाइल समेतको अध्ययन गर्नुपर्ने देखिएकोले सो फाइल सहित सरकारी | २०७४।०६।२५ |

| क्र.सं. | राय माग गर्ने कार्यालय | राय माग गरेको मिति | प्रदान गरिएको रायको व्यहोरा | राय प्रदान गरेको मिति |
|---|---|---|---|---|
| | | | वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३४(ङ) अनुसार राय माग भएको बिषयमा विभागीय राय वा अर्थ मन्त्रालयको दृष्टिकोण समेत उल्लेख हुनुपर्नेमा सो उल्लेख नभएकोले सो दृष्टिकोण समेत उल्लेख गरी राय माग भई आएका बखत कानुनी राय प्रदान गर्ने सम्बन्धमा कारवाही हुने । | |
| ५. | संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २०७४।०६।२९ | सर्वोच्च अदालतबाट संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले क्यासिनो नियमावली, २०७० को नियम ३७ ले गरेको व्यवस्थाका सन्दर्भमा सो व्यवस्था अनुसार नवीकरण गर्न तोकिएको अवधिभित्र इजाजतपत्र नवीकरण गर्न नआउने क्यासिनो कम्पनीको इजाजतपत्र खारेज गर्ने गरी मिति २०७१।०१।०५ मा गरेको निर्णय तत्काल कार्यान्यन नगरी ती कम्पनीलाई व्यवसाय सञ्चालन गर्न दिनका लागि अन्तरिम आदेश जारी भए अनुसार ती क्यासिनो कम्पनीहरू सञ्चालन भएको देखिन्छ । यसरी सञ्चालन भएका क्यासिनो कम्पनीले सरकारलाई प्रचलित कानून बमोजिम तिर्नु बुझाउनु पर्ने रोयल्टी लगायतका शुल्क नै तिर्नु बुझाउनु नपर्ने र नतिरे नबुझाएमा प्रचलित कानुनले तत् सम्बन्धमा निर्धारण गरेका विधि प्रकृया अनुसार कारवाही गर्ने कुरालाई उक्त आदेशले उन्मुक्ति दिएको अवस्था होइन । तसर्थ फरक प्रसंगमा भएको सम्मानित सर्वोच्च अदालतको उक्त आदेशले प्रचलित कानून बमोजिम सरकारलाई तिर्नु बुझाउनु पर्ने रोयल्टी लगायतका शुल्क नतिर्ने नबुझाउने क्यासिनो कम्पनीहरूलाई कानून अनुसार कारवाही गर्न कुनै बाधा नपर्ने । | |
| ६. | संघीय मामिला तथा स्थानिय बिकास मन्त्रालय | २०७४।०७।१४ | राय परामर्श माग भएकोमा सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३४ द्वारा निर्धारित रीत पूरा गरी आएको नदेखिएको हुँदा सो बमोजिम रीत पुऱ्याई आएका बखत राय प्रदान गर्ने । | २०७४।०८।०३ |
| ७. | अर्थ मन्त्रालय | २०७४।०७।१५ | राय माग भई आएकोमा तहाँ मन्त्रालयको दृष्टिकोण वा विभागीय राय उल्लेख भएको नदेखिएको हुँदा राय माग भई आएको विषयमा विभागीय राय वा अर्थ मन्त्रालयको दृष्टिकोण उल्लेख गरी आएका बखत मात्र राय दिन सकिने । | २०७४।०८।०३ |
| ८. | प्रहरी प्रधान कार्यालय | २०७४।०७।१९ | राय माग भई आएकोमा प्रहरी कल्याण कोष विशेष आर्थिक कल्याणकारी कार्यक्रम योजना संचालन (कार्यविधि) निर्देशिका, २०६८ को नियम ६ को कार्यान्वयन सन्दर्भमा माग भई आएकोमा उक्त निर्देशिका नेपाल प्रहरीको सकल दर्जालाई आर्थिक राहत दिने समेतको उद्देश्यले प्रहरी कल्याण कोषको विधान, २०५२ बमोजिमको साधारण सभाबाट स्वीकृत भई लागू भएको देखिएको उक्त कानून र सो को कार्यान्वयन गर्न पर्न गएको दुविधाको सम्बन्धमा यस कार्यालयबाट राय प्रदान गर्नुपर्ने प्रकृतिको नदेखिएको । | २०७४।०८।०३ |
| ९. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २०७४।०७।२१ | राय परामर्श माग भई आएकोमा उक्त विषय सर्वोच्च अदालतमा विचाराधिन (Sub- Judice case) रहेको देखिँदा सो सम्बन्धमा हाल कानूनी राय दिन नसकिने । | २०७४।०८।०६ |
| १०. | खानेपानी तथा सरसफाइ मन्त्रालय | २०७४।०८।१० | निजामती सेवा ऐन, २०४९ को दफा ६४ बमोजिम निजामती कर्मचारीलाई विभागीय कारवाहीको सिलसिलामा सजायको आदेश दिन पाउने अधिकारीले निलम्वन गर्न सक्ने र नैतिक पतन देखिने | २०७४।०८।२४ |

| क्र.सं. | राय माग गर्ने कार्यालय | राय माग गरेको मिति | प्रदान गरिएको रायको व्यहोरा | राय प्रदान गरेको मिति |
|---|---|---|---|---|
| | | | फौजदारी अभियोगमा गिरफ्तार भै थुनिएको निजामती कर्मचारी स्वत: निलम्बन भएको मानिने व्यवस्था छ । निज इन्जिनियर प्रकाशबहादुर रावलको अवस्था उपर्युक्त दुई अबस्था भन्दा भिन्न भएको र निजलाई सेवामा हाजिर गराउन नमिल्ने कुनै कानुनी व्यवस्था विद्यमान नभएकोले निजलाइ कार्यालयमा हाजिर गराई कामकाज गराउन कुनै बाधा नभएको । | |
| ११. | औषधी व्यवस्था विभाग | २०७४।०८।११ | राय माग भएकोमा के कुन कानुनी प्रश्नको व्याख्यामा द्विविधा भइ राय माग भएको हो सो उल्लेख नहुनुको साथै उक्त कानुनी प्रावधानको सम्बन्धमा सम्बन्धित कार्यालयको राय समेत समावेश गरी राय माग गरिएको नदेखिएको हुँदा सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३४ द्वारा निर्धारित प्रकृया पूरा गरी राय माग गरी आएमा कानुनी राय प्रदान गरिने । | २०७४।०८।२४ |
| १२. | नेपाल बैंक लि. | २०७४।०९।०३ | राय माग भई आएकोमा नेपालको संबिधानको धारा १५८ को उपधारा १ मा महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानुनी सल्लाहकार हुने र संबैधानिक एवं कानुनी बिषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय दिनु महान्यायाधिवक्ताको कर्तब्य हुनेछ भन्ने ब्यवस्था छ । नेपाल बैक लिमिटेड बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम स्थापित स्वशासित र संगठित संस्था भएकोले नेपाल सरकार वा नेपाल सरकारले तोकिदिएको अधिकारी अन्तर्गत नपर्ने हुँदा कानुनी राय उपलब्ध गराउन मिल्ने अवस्था नभएको । | २०७४।०९।०९ |
| १३. | प्रहरी प्रधान कार्यालय | २०७४।०९।२६ | प्रहरी नियमावली, २०७१ को नियम ११५(८) मा कुनै फौजदारी अभियोगमा वा प्रहरी ऐन अन्तर्गतको कसूरमा गिरफ्तार भै थुनिएको वा त्यस्तो आरोप लागेको प्रहरी कर्मचारी साधारण तारेखमा छुटेको अवस्थामा वाहेक मुद्दाको अन्तिम किनारा नलागेसम्म स्वत: निलम्बनमा रहने छ भन्ने कानूनी व्यवस्था हुनुको साथै सोही उपनियम (८) को प्रतिवन्धात्मक व्यवस्थाको खण्ड (क) को अन्तिम वाक्यमा त्यस्तो प्रहरी कर्मचारी कसूरदार ठहरिएमा निलम्बन भएको मिति देखिको वाँकी तलब भत्ता पाउने छैन भन्ने व्यवस्था समेत भएको र निज प्र.ज. विद्या सागर गुप्ता मिति २०६२।०४।२० मा पहिलोपटक अदालतबाट दिन ३ को अनुर्मति लिई थुनामा परी अनुसन्धान भै मुद्दा दायर भए पश्चात समेत साधारण तारेखमा छुटेको नभै धरौटमा छुटेको र जिल्ला तथा उच्च अदालतबाट समेत कैद र जरिवाना ठहर भई हाल पनि थुनामा नै रहेको भन्ने देखिएकोले निज मिति २०७२।४।२० बाट नै निलम्बनमा रहने हुँदा सोही मितिबाट सेवाबाट हटाउन उपयुक्त हुने राय प्रदान गर्ने । | २०७४।१२।०१ |
| १४ | अर्थ मन्त्रालय | २०७४।१०।०५ | कानूनी राय माग भई आएकोमा सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्य संचालन) आदेश, २०६९ को दफा १२ को उपदफा ७ (ख) ले सार्वजनिक संस्थानको कार्यकारी प्रमुखको पदमा 'नियुक्तिको लागि' ६० बर्ष उमेर पूरा नभएको हुनुपर्ने भन्ने व्यवस्था गरेको नभै उक्त पदमा नियुक्तिको लागि 'उम्मेदवार हुन' ६० वर्ष पूरा नभएको हुनुपर्ने व्यवस्था गरेकोमा रिट निवेदक सुवास सिटौला २०७०।०४।०५ पूर्व नै औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको महाप्रवन्धकमा नियुक्तिको लागि उम्मेदवार भई मिति २०७०।०४।०५मा नियुक्तिको लागि सिफारिस समेत भएकोमा विभिन्न प्रक्रियागत कारणहरूले गर्दा हालसम्म नियुक्ति हुन नसकेको देखिएको, सिफारिस हुँदाका बखत निजको उमेर ६० | २०७४।१०।१४ |

| क्र.सं. | राय माग गर्ने कार्यालय | राय माग गरेको मिति | प्रदान गरिएको रायको व्यहोरा | राय प्रदान गरेको मिति |
|---|---|---|---|---|
| | | | बर्ष पूरा नभएको, सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्य संचालन) आदेश, २०६९ मा सेवा गर्ने उमेरको हद पनि स्पष्ट नतोकिएको र सम्मानित सर्वोच्च अदालतबाट उक्त आदेशको दफा १३ (३) मा उल्लेखित पदावधि ४ बर्षका लागि निजलाई तत्काल नियुक्ति दिनु भनी मिति २०७४।०३।२५ मा आदेश भएकोमा नेपालको संविधानको धारा १२६ (२) ले मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालन गर्नु पर्नेछ, धारा १२८ (४) ले मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले पालन गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको हुँदा सम्मानित सर्वोच्च अदालतबाट भएको आदेश बमोजिमको अवधिको लागि रिट निवेदक सुवास सिटौलालाई औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको महाप्रवन्धकमा नियुक्ति गर्न उपयुक्त हुने । | |
| १५ | प्रहरी प्रधान कार्यालय | २०७४।१०।१५ | प्रहरी नियमावली २०७१ को नियम १३३(१) मा कुनै प्रहरी कर्मचारीको सेवामा छदै मृत्यृ भएमा निजको परिवारलाई वा निजको नावालक भाइ वा अविवाहित दिदी वहिनीलाइ नियम १३० र नियम १३१ मा लेखिए बमोजिम उपदान वा निवृत्तिभरण प्राप्त हुनेछ भन्ने कानूनी व्यवस्था रहेको र ऐ. उपनियम (६) ले निवृत्तिभरण वा उपदान दिँदा मृतक प्रहरी कर्मचारीले आफ्नो परिवारका सदस्य मध्येमा वा नावालक भाइ वा अविवाहिता दिदी बहिनीलाई इच्छाएको नभए सो रकम निजको परिवारको सदस्य मध्ये नेपाल सरकारले उचित ठहऱ्याएको व्यक्तिलाई दिइनेछ भन्ने व्यवस्था गरेको देखिन्छ। ऐ. उपनियम (३) को व्यवस्था ऐ. उपनियम (६) सँग सापेक्ष देखिएको र उक्त उपनियम (६) ले मृतक प्रहरी कर्मचारीले कसैलाई नइच्छाएको अवस्थामा निवृत्तिभरण वा उपदानको रकम निजको परिवारका सदस्य मध्ये नेपाल सरकारले उचित ठहऱ्याएको व्यक्तिलाई दिइनेछ भन्ने व्यवस्था गरी ऐ. उपनियम (५) ले त्यस्तो प्रहरी कर्मचारीले पाउनु पर्ने अन्य रकम समेत निजको निवृत्तिभरण वा उपदान पाउने गरिएका व्यक्तिले लिन पाउने व्यवस्था समेत गरेकोले निज प्र.ना.नि.ले निवृत्तिभरण वा उपदानको लागि ऐ. नियम १३३(६) वमोजिम कुनै व्यक्तिलाई इच्छाएको वा नइच्छाएको एकीन गरी कसैलाई नइच्छाएको भए ऐ. नियम २(ढ) मा उल्लेख भए बमोजिमका निजका प्रहरी परिवार सदस्यमध्ये नेपाल सरकारले उचित ठहऱ्याएको व्यक्तिलाई निवृत्तिभरण लगायतका सेवासुविधा उपलब्ध गराउन उपयुक्त हुने । | २०७५।०१।०३ |
| १६. | शिक्षा मन्त्रालय | २०७४।१०।१७ | राय माग भई आएकोमा सरकारी वकील सम्बन्धी नियमावली,, २०५५ को नियम ३४ मा उल्लेखित कुराहरूसहित तहाँ मन्त्रालयको राय वा विभागीय दृष्टिकोण व्यक्त भै नआएकोले त्यस्तो राय वा विभागिय दृष्टिकोण आएका बखत मात्र राय दिन सकिने । | २०७४।१०।२१ |
| | (पुनः राय माग भै आएको ) | २०७४।१०।२३ | सर्वोच्च अदालतबाट मिति २०७४।०९।२३ मा निवेदक प्रा.डा. शशी शर्मा विपक्षी त्रि.वि. कुलपति तथा मन्त्रिपरिषद्का सम्माननीय प्रधानमन्त्री समेत भएको उत्प्रेषण समेत रिट निवेदनमा जहासम्म हाल नियुक्त भएका प्रा.डा. जगदिशप्रसाद अग्रवालको नियुक्तीलाई गैरकानूनी भन्ने पुष्टि नभएको भनी उल्लेख भएको सन्दर्भमा निजको नियुक्तिलाई निरन्तरता दिन | २०७४।१०।२५ |

| क्र.सं. | राय माग गर्ने कार्यालय | राय माग गरेको मिति | प्रदान गरिएको रायको व्यहोरा | राय प्रदान गरेको मिति |
|---|---|---|---|---|
| | | | मिल्ने नमिल्ने सम्बन्धमा कानूनी राय माग भई आएको देखिन्छ।<br>सो सम्बन्धमा उक्त रिट निवेदनमा भएको आदेशमा हाल नियुक्त भएका प्रा.डा. जगदिश प्रसाद अग्रवालको नियुक्तिलाइ गैर कानूनी भन्ने पुष्टि गर्ने आधार नभएको र एउटा संस्थाको संचालनमा डिनको नियुक्तिको अभावमा संस्थालाई पर्न सक्ने असरलाई न्यायको रोहमा विचार गर्नु पर्ने भन्ने समेत उल्लेख भएको र नेपालको संविधानको धारा १२८ मा मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको आदेश पालना गर्नु सबैको कर्तव्य हुनेछ भन्ने संवैधानिक व्यवस्था भएको समेतबाट त्रि. बि., चिकित्सा शास्त्र अध्ययन संस्थानको डिनमा निज प्रा.डा. जगदिश प्रसाद अग्रवालको नियुक्तिलाई निरन्तरता दिन कानुनी बाधा पर्ने नदेखिने | |
| १७. | शिक्षा मन्त्रालय | २०७४।११।०२ | सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३४ मा सरकारी वकीलसँग राय माग गर्दा राय माग गरिएको विषयमा स्पष्टतः कानूनी प्रश्न उल्लेख गरिएको हुनुपर्ने र जुन विषयमा राय माग गरिएको हो सो सम्बन्धमा विभागीय राय वा सम्बन्धित कार्यालयको दृष्टिकोण उल्लेख भएको हुनुपर्नेमा सो समेत उल्लेख नभएको हुँदा उल्लेखित कुराहरू समेत खुलाई सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३४ बमोजिको रीत पुऱ्याई आएका बखत कानूनी राय उपलब्ध गराउने । | |
| १८. | मालपोत कार्यालय भक्तपुर | २०७४।११।१४ | सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम १६(ङ) मा जिल्ला न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार अन्तर्गत जिल्ला स्थित कुनै सरकारी कार्यालय वा सो कार्यालको प्रमुखले मागेको कुनै कानूनी प्रश्नमा राय दिने व्यवस्था भएको हुँदा जिल्ला सरकारी वकील कार्यालय भक्तपुरबाट कानूनी राय माग गर्न सुझाव सहित फाईल फिर्ता पठाउने । | २०७४।११।२७ |
| १९. | वन तथा भू संरक्षण मन्त्रालय | २०७४।११।२९ | राय माग गरिएको विषयमा स्पष्टतः कानूनी प्रश्न उल्लेख भै आएको नदेखिएको र सहायक वन अधिकृत शशिकान्त तिवारीलाई हाजिर गराउने सम्बन्धमा सो मन्त्रालयका सचिव स्तरबाट मिति २०७४।११।०८ मा निर्णय समेत भैसकेको देखिएकोले सो निर्णय कायम रहेको अवस्थामा सचिववाटै हाजिर गराई जिम्मेवारी दिन मिल्ने नमिल्ने भनी राय माग गरिएको विषयमा राय दिइरहनु नपर्ने । | २०७४।१२।०५ |
| २०. | घरेलु तथा साना उद्योग विभाग | २०७४।११।१० | राय माग गरिएको विषयमा स्पष्टतः कानूनी प्रश्न उल्लेख गरिएको हुनुपर्ने र ऐ. नियम ३४(ङ) बमोजिम जुन विषयमा राय माग गरिएको हो सो सम्बन्धमा विभागीय राय वा सम्बन्धित कार्यालयको दृष्टिकोण उल्लेख भएको हुनुपर्नेमा सो समेत उल्लेख नभएको हुँदा उल्लेखित कुराहरू समेत खुलाई सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३४ बमोजिको रीत पुऱ्याई आएका बखत कानूनी राय उपलब्ध गराउने । | २०७४।१२।०५ |
| २१. | घरेलु तथा साना उद्योग विभाग | २०७४।१२।२० | कानूनी राय माग भएकोमा प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ मा भएको दशौं संशोधनले उक्त नियमावलीको नियम १०(१) मा संशोधन गरी प्राइभेट फर्म नविकरण गर्ने म्याद २०७४ साल असार मसान्तसम्म कायम गरेको देखिएकोमा घरेलु तथा साना उद्योग विभागद्वारा राय माग गरिएको च.नं. ७८९ मिति २०७४।११।१० को पत्रमा उल्लेखित "ॐ श्री गणपतीय विश्वलक्ष्मी काष्ठ एण्ड मेटल फर्निचर उद्ययोगको मिति | २०७५।०१।०९ |

| क्र.सं. | राय माग गर्ने कार्यालय | राय माग गरेको मिति | प्रदान गरिएको रायको व्यहोरा | राय प्रदान गरेको मिति |
|---|---|---|---|---|
| | | | २०७३।३।१८ सम्मको लागि नवीकरण भै तत्पश्चात नवीकरण भएको नदेखिएकोले नविकरण दस्तुर र जरिवाना तिरी नवीकरण गराउने म्याद समेत बाँकी नदेखिएको हालको स्थितिमा उक्त उद्योगको नामसारी गर्न नमिल्ने । | |
| २२. | कारागार व्यवस्थापन विभाग | २०७५।०१।०४ | १. **जेष्ठ नागरिकलाई कैद सजायमा छुट दिने सम्बन्धमाः** जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२(१) ले प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि सरकार वादी भै चलेको कुनै मुद्दामा कैद सजाय पाई कैद भोगिरहेका जेष्ठ नागरिकलाई निजको उमेर र कसूरको अवस्था हेरी विभिन्न अवधिको कैद छुट दिन सकिने व्यवस्था गरेको, उक्त ऐनले गरेको कैद छुट सम्बन्धी व्यवस्था नेपाली नागरिकका हकमा मात्र लागू हुने देखिएको, कैद छुट दिने कुरा कैदमा पर्ने व्यक्तिको हकको कुरा नभै जेष्ठ नागरिकको उमेर र कसूरको अवस्था हेरी छुट दिन सकिने सम्मको व्यवस्था भएको र कैद छुट दिने आधार र अवस्थाका सम्बन्धमा कारागार नियमावली,२०२० को नियम २९ को उपनियम (१),(१क),(२),२(क), सजाय माफी, मुलतवी, परिवर्तन वा कम गर्ने सम्बन्धी कार्यविधि, २०७१ को दफा ३,१० र ११ तथा कारागार व्यवस्थापन कार्यविधि,२०७३ को दफा ३३ मा विविध व्यवस्था भएको देखिएकोले उल्लेखित कुराहरूको आधारमा कैद छुट दिन सकिने।<br>२. **मुख्य मुद्दा अन्तिम टुङ्गो लागि सकेको कैदीको कैद माफी मिनाहा सम्बन्धमाः** कुनै कारागारमा थुनामा रहेको कैदीको मुख्य मुद्दा अन्तिम टुङ्गो लागि सकेको अवस्था भएमा र त्यस्तो व्यक्तिले माथि प्रकरण नं. १ मा उल्लेख भए बमोजिम कैद छुट पाउन सक्ने आधार र अवस्था भएमा निजलाई अर्को मुद्दा परी कारबाहीयुक्त रहेको भन्ने आधारमा मात्र त्यस्तो मूल मुद्दामा कैद छुट दिन नमिल्ने अवस्था नहुने ।<br>३. **वक्यौता कैद सम्बन्धमाः** फैसला कार्यान्वयनको सिलसिलामा पक्राउ परेको र तल्लो अदालतबाट कम सजाय भई छुटेकोमा माथिल्लो अदालतबाट बढी सजाय भई कैद भोगिरहेका कैदीहरूको कैद छुट दिने प्रयोजनको लागि पहिला हिरासत वा कैदमा बसेको अवधि जोडी कैद अवधि कायम गर्न मिल्ने।<br>४. **कामदारी सुविधा सम्बन्धमाः** कारागार नियमावली,२०२० को नियम २९(२) ले कारागार भित्र वफादारी साथ काम गर्ने चौकिदार, नाइके, सहनाइके, शिक्षक तथा कामदारलाई विभिन्न अवधिको कैद कट्टि सुविधा दिन सकिने र त्यस्तो कैद कट्टि सुविधा ऐ. नियम २९ को उपनियम (१) वमोजिम छोट्याइने कैदको सजायको अवधिमा गणना गरिने व्यवस्था गरेकोमा उक्त उपनियम(१) ले असल चाल चलन भएका कैदीलाई तोकिएको कैदको सजायमा बढीमा ६० प्रतिशसम्म कैदको सजाय छोट्याउन सकिने व्यवस्था गरेको र अधिवक्ता रामकृष्ण वन्जारा समेत विरुद्ध कारागार व्यवस्थापन विभाग समेत भएको ०७४-WO-००३२ को उत्प्रेषणयुक्त परमादेश मुद्दा (फैसला मिति २०७४।०७।३०) मा सम्मानित सर्वोच्च अदालतबाट भएको फैसलामा समेत ऐ. नियम २९(२) बमोजिमको सुविधा पाउने अवस्थाका कैदी भए सो समेत | २०७५।०१।२४ |

| क्र.सं. | राय माग गर्ने कार्यालय | राय माग गरेको मिति | प्रदान गरिएको रायको व्यहोरा | राय प्रदान गरेको मिति |
|---|---|---|---|---|
| | | | गणना गरी बढीमा ६० (साठी) प्रतिशत सम्म कैद छोट्याउने सुविधा प्रदान गर्ने भन्ने परमादेश जारी भएको अवस्था हुँदा उल्लेखित वमोजिमको कामदारी सुविधा जोडेर ४० प्रतिशत कैद भुक्तान गरेको अवधि कायम गर्न मिल्ने नभै कैदको अवधि छोट्याउन मिल्ने ६० प्रतिशत कैद अवधिमा मात्र जोड्न मिल्ने । | |
| २३. | प्रहरी प्रधान कार्यालय | २०७५।०७।११ | प्र. ज. विके कुमार सरदारलाई उच्च अदालत विराटनगरको फैसलावाट समेत लागू औषध (नियन्त्रण) ऐन, २०३३ अन्तरगतको कसूर र कैद सजाय ठहर भएको अवस्था भए पनि उक्त ऐनको कानूनी व्यवस्था र फाइल संलग्न फैसलाको प्रतिलिपिवाट निज प्रतिवादीको उक्त कसूर नैतिक पतन देखिने कसूर भएको भन्ने अवस्था नदेखिने र प्रहरी नियमावली २०७१ को नियम ११३(१) को देहाय खण्ड (छ) ले नैतिक पतन देखिने वाहेकका अन्य कुनै फौजदारी कसूरमा दोषी ठहर भई कैद सजाय तोकिएमा प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवावाट हटाउन सकिने कानूनी व्यवस्था गरेको र निज प्र.ज. ले उक्त कसूर सरकारी कार्य सम्पादनमा संलग्न हुने क्रममा गरेको भन्ने पनि नदेखिएकोले निज प्र.ज. विके कुमार सरदारलाई उक्त लागू औषध मुद्दामा सजाय हुने गरी भएको फैसला अन्तिम टुंगो लागेको स्थितीमा निजलाई उल्लेखित कानूनी व्यवस्था वमोजिम भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवावाट हटाउन सकिने । | २०७५।०३।१२ |
| २४. | अर्थ मन्त्रालय | २०७५।०२।२७ | सुराकीलाई पुरस्कार दिने सम्बन्धमा तहाँ मन्त्रालयको सचिव स्तरवाट मिति २०७१।१०।२९ मा भएको निर्णयलाई निरन्तरता दिई मुद्दाको निर्णय र फैसला हुँदाका वखत प्रचलित कानूनको व्यवस्था बमोजिम सुराकी पुरस्कार दिने भनी मिति २०७४।११।१५ मा नेपाल सरकार (सचिवस्तर) बाट निर्णय भई सो को कार्यान्वयनको लागि ताहाँ मन्त्रालयवाट राजश्व अनुसन्धान विभागमा पत्राचर समेत भएको देखिएकोले उक्त मिति २०७४।११।१५ को निर्णय र सो अनुसार राजश्व अनुसन्धान विभागलाई भएको पत्राचार कायमै रहेको अवस्थामा कानूनी राय प्रदान गरिरहनु पर्ने अवस्था नदेखिएको । | २०७५।०३।०५ |
| २५. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७५।०३।०८ | राय माग भएकोमा प्राप्त पत्रमा सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३४(ङ) बमोजिमको रीत पुरा भई आएको नदेखिएकोले सो बमोजिमको रीत पुऱ्याई आएका बखत कानूनी राय उपलब्ध गराउने । | २०७५।०३।१८ |
| २६. | संस्कृति पर्यटन तथा नागरिक उड्डययन मन्त्रालय | २०७५।०३।११ | सरकारी वकील सम्बन्धी नियमावली,२०५५ को नियम ३४ को देहाय खण्ड (क) मा जुन विषयमा राय माग गरिएको हो सो विषयमा निर्णय गर्ने अधिकार त्यस्तो राय माग्ने कार्यालय वा अधिकारीलाई भएको हुनुपर्छ भन्ने व्यवस्था भएकोमा ताहाँ मन्त्रालयबाट राय माग गरिएको विषय पशुपति क्षेत्र विकास कोषसँग सम्बन्धित देखीएको र पशुपति क्षेत्र विकास कोष ऐन,२०४४ को दफा ४ अनुसार उक्त कोष अविछिन्न उत्तराधिकारवाला स्वाशासित र संगठीत संस्था भएकोले माग भएको रायको विषयमा प्रवेश गरी राय दिनु पर्ने अवस्था नदेखिएको । | २०७५।०३।२५ |

### ४.२ सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण

नेपालको संविधानको धारा १५८ को उपधारा (२) बमोजिम महान्यायाधिवक्तामा रहेको सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने निर्णय अधिकार संविधानको धारा १५८ को उपधारा (७) मा महान्यायाधिवक्ताले तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई सुम्पन सक्ने व्यवस्था छ । उक्त संवैधानिक प्रावधान बमोजिम महान्यायाधिवक्ताबाट मातहतका सरकारी वकीलहरूलाई मुद्दा चलाउने नचलाउने अधिकार सुम्पिए अनुसार विशेष सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ र अनुसूची-२ मा उल्लेखित मुद्दा र नेपाल सरकारको तर्फबाट चलाइने अन्य मुद्दामा मुद्दा चल्ने वा नचल्ने निर्णय गर्दछन् । सो अनुसार यस आर्थिक वर्षमा नेपाल सरकार वादी भई मुद्दा चलाउने निर्णय भएको मुद्दाहरूको संख्या २९,२३० र ती मुद्दाहरूमा जम्मा प्रतिवादी संख्या ५८,५३९ रहेको छ । सोमध्ये सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची भित्रका मुद्दा संख्या २७,२४८ र प्रतिवादी संख्या ५,६१५० र अनुसूची बाहिरका मुद्दा संख्या १,२८२ र प्रतिवादी संख्या २,३८९ रहेको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची २४ र ३१** मा समावेश गरिएको छ । यस आर्थिक वर्षमा सरकार वादी भई चलेका मुद्दा र प्रतिवादीको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६**

**सरकार वादी भई चलेका अनुसूची भित्र/बाहिरका मुद्दाहरूको विषयगत विवरण**

| यस आर्थिक वर्षमा सरकार वादी भई चलेका मुद्दा संख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अनुसूची भित्रका मुद्दा | | | | अनुसूची बाहिरका मुद्दा | | | |
| सि.नं | मुद्दाको विषयगत विवरण | मुद्दा | प्रतिवादी | सि.नं | मुद्दाको विषयगत विवरण | मुद्दा | प्रतिवादी |
| १ | अपहरण | १२० | ३८४ | १ | अध्यागमन | ३२ | ३२ |
| २ | कुटपिट अंगभंग | १०० | २६२ | २ | उपभोक्ता संरक्षण | ३ | ४ |
| ३ | आगलागी | ७६ | २५० | ३ | औषधि | ४६ | ५४ |
| ४ | आर्थिक | ६६२ | १६७० | ४ | खाद्य ऐन अन्तर्गतका | १९१ | २०० |
| ५ | करणी | २१९६ | २५२० | ५ | गुणस्तर (प्रमाण चिन्ह) | १३ | ४९ |
| ६ | किर्ते | १८९ | ३२८ | ६ | नाप तौल सम्बन्धी | ३ | ५ |
| ७ | चोरी | १७०५ | ३२०९ | ७ | निर्वाचन सम्बन्धी | ४ | ५ |
| ८ | ज्यान | १५०९ | ३८८६ | ८ | राजश्व चुहावट | १६ | ३० |
| ९ | देवानी | ९ | २७ | ९ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु | १११ | ३२२ |
| १० | नागरिकता | ६४ | २०४ | १० | विदेशी विनिमय | ६० | १११ |
| ११ | प्रतिलिपि अधिकार | ७ | ८ | ११ | वन | ७२९ | १४७९ |
| १२ | प्रविधि सम्बन्धी | ११७ | १४८ | १२ | स्वास्थ्य व्यवसायी परिषद् | १ | १ |
| १३ | मानव बेचविखन | २८५ | ५८६ | १३ | शिक्षा ऐन दफा १७१) | ० | ० |
| १४ | राहदानी | ११ | १५ | १४ | अन्य | ७३ | ९७ |
| १५ | लागू औषध | २८७५ | ५०६० | | जम्मा | १२८२ | २३८९ |
| १६ | विवाह | ६३८ | १३११ | | | | |
| १७ | सवारी ज्यान | २४२१ | ३१२८ | | | | |
| १८ | सार्वजनिक अपराध | १३९८५ | २८८७३ | | | | |
| १९ | हात हतियार खरखजाना | २५० | ५३५ | | | | |
| २० | विविध | ७२९ | ३७४६ | | | | |
| | जम्मा | २७९४८ | ५६१५० | | | | |

### ४.३ नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण

महान्यायाधिवक्ताको कार्यालय, मातहतका सरकारी वकीलकार्यालयहरूबाट यस आर्थिक वर्षमा नेपाल सरकार वादी भई वा प्रतिरक्षाका लागि दायर भएका एवं गत सालबाट जिम्मेवारी सरी आएका मुद्दाहरूको कुल लगत ६५,५२७ मध्ये जम्मा ३६,९६७ अर्थात ५६.४१ प्रतिशत मुद्दाहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू मध्ये २७,६९३ अर्थात ७४.९१ प्रतिशत कसूर ठहर भएको र ९,०४३ अर्थात २४.४६ प्रतिशत कसूरमा सफाइ भएको र २३१ अर्थात ०.६२ प्रतिशत मुद्दा मुल्तवी, मुद्दा फिर्ता वा अन्य तवरबाट फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ । मुद्दाहरूको फछ्यौंट स्थितिलाई विश्लेषण गर्दा महान्यायाधिवक्ताको कार्यालयमा रहेका मुद्दाहरू मध्ये ३०.५२ प्रतिशत, उच्च सरकारी वकील कार्यालयहरूमा रहेका मुद्दाहरू मध्ये ६३.९९ प्रतिशत, विशेष सरकारी वकील कार्यालयमा रहेका मुद्दाहरू मध्ये ४६.१५ प्रतिशत र जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका मुद्दाहरू मध्ये ५७.३१ प्रतिशत मुद्दाहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू

मध्ये महान्यायाधिवक्ताको कार्यालयमा १,६३१ अर्थात ६८.७९ प्रतिशत, उच्च सरकारी वकील कार्यालयमा ४,०८७ अर्थात ४६.६६ प्रतिशत, विशेष सरकारी वकील कार्यालयमा ८२७ अर्थात ८१.७२ प्रतिशत, जिल्ला सरकारी वकील कार्यालयमा २१,७९३ अर्थात ८४.५९ प्रतिशत कसूर कायम भएको देखिन्छ । यस सम्बन्धी एकीकृत विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७**

**महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा र कारबाहीको विवरण**

| बहस पैरवी/प्रतिरक्षा | लगत | | | फछ्यौंट | | | | बाँकी | कसूर ठहर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | गतवर्षको | यसवर्षको | जम्मा | कसूर ठहर | सफाइ | मुल्तवी, अन्य | जम्मा | | |
| महान्यायाधिवक्ताको कार्यालय | ३२८९ | १३९९ | ४६८८ | ९८६ | ४४५ | ० | १४३१ | ३२५७ | ६८.९० |
| उच्च सरकारी वकील कार्यालय | ६७१७ | ६९७२ | १३६८९ | ४०८७ | ४६१४ | ५९ | ८७६० | ४९२९ | ४६.६६ |
| विशेष सरकारी वकील कार्यालय | १११२ | १०८१ | २१९३ | ८२७ | १६३ | २२ | १०१२ | ११८१ | ८१.७२ |
| जिल्ला सरकारी वकील कार्यालय | १५४०५ | २९५५२ | ४४९५७ | २१७९३ | ३८२१ | १५० | २५७६४ | १९१९३ | ८४.५९ |
| कुल जम्मा | २६५२३ | ३९००४ | ६५५२७ | २७६९३ | ९०४३ | २३१ | ३६९६७ | २८५६० | ७४.९१ |

### ४.४ नेपाल सरकार, सरकारी निकाय वा अधिकारी उपर दायर भएका रिट निवेदनमा प्रतिरक्षा गरेको विवरण

महान्यायाधिवक्ताको कार्यालय, मातहतका उच्च तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा नेपाल सरकार प्रत्यर्थी प्रतिवादी भई दायर भएका एवं गत वर्षबाट जिम्मेवारी सरी आएका रिट निवेदनहरूको कुल लगत १०,२४२ थान मध्ये ५,१३८ थान अर्थात ५०.१७ प्रतिशत फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दा, रिट निवेदनहरू मध्ये ३,०० थान अर्थात ५८.५१ प्रतिशत रिट खारेज भएको, १,५७० थान अर्थात १५.३३ प्रतिशत जारी भएको र ५६२ थान अर्थात ५.४९ प्रतिशत अन्य तवरबाट फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ । रिट निवेदनहरूको फछ्यौंट स्थितिलाई विश्लेषण गर्दा फछ्यौंट भएका निवेदनहरू मध्ये महान्यायाधिवक्ताको कार्यालयमा २९.६० प्रतिशत, उच्च सरकारी वकील कार्यालयमा ७०.८१ प्रतिशत र जिल्ला सरकारी वकील कार्यालयमा ५९.८८ प्रतिशत रिटहरू फछ्यौंट भएको देखिन्छ ।

**तालिका नं. ८**

**महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका रिट निवेदनको विवरण**

| बहस पैरवी/प्रतिरक्षा | लगत | | | फछ्यौंट | | | | बाँकी | रिट खारेज प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | गतवर्षको | यस वर्षको | जम्मा | खारेज | जारी | अन्य | जम्मा | | |
| महान्यायाधिवक्ताको कार्यालय | ३४४३ | १४७३ | ४९१६ | ७७८ | ४१२ | २६५ | १४५५ | ३४६१ | ५३.४७ |
| उच्च सरकारी वकील कार्यालय | १५११ | ३००५ | ४५१६ | १८६९ | १०३७ | २९२ | ३१९८ | १३१८ | ५८.४४ |
| जिल्ला सरकारी वकील कार्यालय | २७२ | ५३८ | ८१० | ३५९ | १२१ | ५ | ४८५ | ३२५ | ७४.०२ |
| **कुल जम्मा** | ५२२६ | ५०१६ | १०२४२ | ३००६ | १५७० | ५६२ | ५१३८ | ५१०४ | ५८.५१ |

### ४.५ अपराध सम्बन्धी विवरण

(क) आर्थिक वर्ष २०७४/७५ मा नेपाल प्रहरीका कार्यालयहरूमा दर्ता भएका अनुसूची भित्रका अपराधहरूको तथ्याङ्क देहायको तालिकामा प्रस्तुत गरिएको छ । (स्रोत: नेपाल प्रहरी प्रधान कार्यालय)

**तालिका नं. ९**

**आर्थिक वर्ष २०७४/०७५ मा अनुसूची भित्रका अपराधको तथ्यांक विवरण**

| प्रकृति | अपराध शिर्षक | व्युरो | उपत्यका | प्रदेश नं १ | प्रदेश नं २ | प्रदेश नं ३ | प्रदेश नं ४ | प्रदेश नं ५ | प्रदेश नं ६ | प्रदेश नं ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ज्यान सम्बन्धी | खुन डाका | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | २ |
| | कर्तव्य ज्यान | १ | ५३ | ११० | १२२ | ८२ | ५५ | ११३ | ४५ | ४७ | ६२८ |
| | विष खुवाएर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ज्यान मार्ने उध्योग | ० | ८६ | १७६ | १७३ | ७६ | ४१ | १०३ | २८ | ४५ | ७२८ |
| | भवितव्य ज्यान | ० | ६८५ | ८५० | ४८० | ५१२ | २८१ | ६७७ | १६७ | २१७ | ३८६९ |
| | फुटकर ज्यान | ० | ५१ | ९२ | ११० | २५२ | १५३ | ३०५ | ४५ | ९० | १०९८ |
| | गौवध | ० | ३ | १५ | ० | ६ | १९ | १५ | १ | ३ | ६२ |
| | गर्भपतन | ० | ० | ४ | ८ | १ | ० | ३ | ० | २ | १८ |
| | **जम्मा** | १ | ८७९ | १२४७ | ८९४ | ९२९ | ५४९ | १२१६ | २८६ | ४०४ | ६४०५ |

| प्रकृति | अपराध शिर्षक | व्युरो | उपत्यका | प्रदेश नं १ | प्रदेश नं २ | प्रदेश नं ३ | प्रदेश नं ४ | प्रदेश नं ५ | प्रदेश नं ६ | प्रदेश नं ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आत्महत्या सम्बन्धी | बिष खाएर | ० | १४९ | १६२ | १७८ | २५३ | ४५ | ३४५ | ५८ | १७३ | १३६३ |
| | आगो लगाएर | ० | ३ | ३ | ४ | ० | १ | २ | ० | २ | १५ |
| | झूण्डिएर | ० | ३३८ | ९३२ | ४२५ | ५१८ | ४५० | ७३२ | १८० | २९३ | ३८६८ |
| | हाम फालेर | ० | १० | ६ | ० | ८ | २१ | ४ | १ | ० | ५० |
| | करेण्ट लाएर | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | १ |
| | हात हतियार औजारवाट | ० | ४ | २ | ० | १ | ० | २ | ० | ० | ९ |
| | पानीमा हाम फालेर(डुवेर) | ० | ० | १ | ४ | १ | ० | २ | १ | २ | ११ |
| | जम्मा | ० | ५०४ | ११०६ | ६१२ | ७८१ | ५१७ | १०८७ | २४० | ४७० | ५३१७ |
| चोरी सम्बन्धी | डाका चोरी | ० | ३ | २ | ८ | ४ | १ | ६ | २ | १ | २७ |
| | रहजनी चोरी | ० | ० | ० | २ | २ | २ | ५ | १ | ० | १२ |
| | नकबजनी चोरी | ० | २३ | १ | २ | ३ | २३ | ४१ | ३ | १८ | ११४ |
| | जवरजस्ती चोरी | ० | १५ | २ | ० | १ | ३ | १३ | १ | ३ | ३८ |
| | साधारण चोरी | ० | ३६४ | २५७ | २८६ | ८५ | ८४ | १८६ | १८ | ४० | १३२० |
| | सवारी चोरी | ० | ३८ | ९ | १२ | २ | ० | २४ | १ | १५ | १०१ |
| | पुरातात्विक चोरी | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | २ |
| | चौपाया चोरी | ० | ० | ५ | ४ | १ | | ४ | ० | ० | १४ |
| | जम्मा | ० | ४४३ | २७६ | ३१४ | १०० | ११३ | २७९ | २६ | ७७ | १६२८ |
| संगठीत तथा आर्थिक अपराध सम्बन्धी | जूवा | ० | ७४ | ६२ | १३ | ४३ | ७२ | ६० | २३ | १२ | ३५९ |
| | खोटा चलन | ० | ४ | ६ | ५ | २ | ० | ० | ० | ४ | २१ |
| | ठगी | ३५ | २४४ | ८६ | ३७ | १८ | २९ | ७६ | ६ | ११ | ५४२ |
| | लागू औषध | ० | ५१८ | ७१९ | ४८६ | २६८ | २८३ | ६२८ | ४८ | १३८ | ३०८८ |
| | कालो बजार | ० | ३७ | ७ | १० | ६ | ६ | १९ | ० | ० | ८५ |
| | प्राचिन स्मारक | ४ | १ | ० | ० | ० | ० | १ | ० | ० | ६ |
| | चंदा संकलन | ० | १ | १ | ० | १ | ० | २ | ० | ० | ५ |
| | सरकारी छाप दस्तखत किर्ते | ९ | ५४ | ३८ | ३६ | २१ | २१ | १७ | ४ | ७ | २०७ |
| | राहदानी | ० | ३ | ३ | ० | ० | ० | ० | ० | ० | ६ |
| | ब्यक्ति अपहरण | १ | ६ | १३ | २५ | ३ | १० | १५ | ० | ४ | ७७ |
| | हातहतियार खरखजना | ० | २३ | ५० | ४८ | २७ | २१ | ५६ | १४ | १५ | २५४ |
| | प्रतिलिपी अधिकार उल्लंगन | ० | ३ | २ | ० | ० | १ | ० | ० | ० | ६ |
| | जम्मा | ४९ | ९६८ | ९८७ | ६६० | ३८९ | ४४३ | ८७४ | ९५ | १९१ | ४६५६ |
| सामाजिक अपराध | केहीसार्वजनिक अपराध | ० | ४४६५ | २७२१ | १७६० | १५७९ | १५५४ | १३६३ | ३०४ | ५३७ | १४२८३ |
| | नागरिकता सम्बन्धी | ३ | ३ | १० | २५ | ८ | ५ | १० | २ | २ | ६८ |
| | कुटपिट अंगभंग | ० | २ | २५ | ३५ | ८ | ३ | ६ | १ | ० | ८० |
| | राज्य विरुद्दको अपराध | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | धर्म परिवर्तन | ० | ० | १ | ० | ० | ० | १ | ० | ० | २ |
| | आवश्यक वस्तु संरक्षण ऐन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | आवश्यक सेवा संचालन ऐन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | जातीय भेदभाव तथा छुवाछूत | ० | १ | ३ | ४ | २ | २ | १ | ० | ४ | १७ |
| | जम्मा | ३ | ४४७१ | २७६० | १८२४ | १५९७ | १५६४ | १३८१ | ३०७ | ५४३ | १४४५० |
| महिला तथा बालबालिका सम्बन्धी | मा.बे.बि.तथा ओसारपसार | ४२ | ३९ | ५४ | १८ | २० | ७ | ९० | ६ | ३२ | ३०८ |
| | बहु विवाह | ० | ६६ | ११२ | ६३ | ८३ | ७४ | ११४ | ४३ | ४७ | ६०२ |
| | वाल विवाह | ० | ४ | ६ | १२ | १० | २ | २० | ३ | ५ | ६२ |
| | जवरजस्ती करणी | १ | १८८ | ३८४ | १७५ | १९१ | ११९ | २७० | ५९ | ९३ | १४८० |
| | जवरजस्ती करणी उध्योग | ० | ६३ | १८६ | १०५ | ९८ | ६० | १३१ | ३३ | ५१ | ७२७ |
| | अप्राकृतिक मथुन | ० | १ | ३ | ५ | ६ | ३ | ५ | ० | १ | २४ |
| | बोक्सीको आरोप | ० | ० | ७ | १६ | ५ | ५ | १० | १ | ४ | ४८ |
| | घरेलु हिंसा | ० | ० | ० | ० | १ | ० | २ | ० | १ | ४ |
| | जम्मा | ४३ | ३६१ | ७५२ | ३९४ | ४१४ | २७० | ६४२ | १४५ | २३४ | ३२५५ |
| [illegible] | सवारी ज्यान | ० | १८२ | ३७३ | ४०६ | ३३१ | २३९ | ४५० | ६३ | १२३ | २१६७ |

| प्रकृति | अपराध शिर्षक | ब्युरो | उपत्यका | प्रदेश नं १ | प्रदेश नं २ | प्रदेश नं ३ | प्रदेश नं ४ | प्रदेश नं ५ | प्रदेश नं ६ | प्रदेश नं ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सवारी अंगभंग | ० | ३७ | ३६ | ३० | १७ | ४ | २३ | ३ | ३ | १५३ |
| | सवारी वाट क्षती | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ० | २१९ | ४०९ | ४३६ | ३४८ | २४३ | ४७३ | ६६ | १२६ | २३२० |
| विविध | मा.बे.बि. तथा मानव अंग प्रत्यारोपण | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | १ |
| | मा.बे.बि तथा ज.ज.क. | ० | ० | १ | ४ | २ | ० | १ | १ | १ | १० |
| | कुटपिट गरी गर्भ तुहाएको | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | १ |
| | जिउदो वच्चा जन्माई फालेको | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | २ |
| | आगलागी सम्बन्धी | ० | ७ | २७ | १४ | १६ | ७ | २२ | ३ | ८ | १०४ |
| | विष्फोटक पदार्थ | ० | ४ | १५ | ५ | १२ | ५ | ७ | ५ | १ | ५४ |
| | बम विष्फोटन | ० | १ | ८ | ९ | २ | ० | ३ | १ | ० | २४ |
| | अपहरण तथा ज.ज.क. | ० | १ | २ | ९ | २ | १ | १ | १ | ६ | २३ |
| | गोरुगाडाले किची मृत्यु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | अपहरण तथा शरिर वन्धक उध्योग | १ | १ | ३ | ३ | ० | ० | ३ | ० | ० | ११ |
| | संगठीत अपराध | २ | १ | १ | ७ | ४ | १ | १ | ० | ० | १७ |
| | विधुतिय कसुर तथा साईवर अपराध | १४ | ८२ | १ | २ | १ | ० | ० | ० | ० | १०० |
| | दुरसंचार कसुर, टेलिफोन तार चोरी | १ | ० | ० | ० | १ | ० | २ | ० | ० | ४ |
| | वैंकिङ कसुर | ९६ | ४८८ | ७६ | ८ | ८ | ० | ४५ | ८ | ४७ | ७७६ |
| | परिक्षा तथा शिक्षा ऐन | ० | ३ | २ | ६ | १ | ० | ३ | ४ | ० | १९ |
| | चौपायाको महल | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | १ |
| | चिट्ठा | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| | अन्य | ६ | ७ | १३ | ६३ | ६ | ५ | २६ | ८ | २ | १३६ |
| जम्मा | | १२० | ५९७ | १५० | १३० | ५६ | १९ | ११५ | ३१ | ६६ | १२८४ |
| कुल जम्मा | | २१६ | ८४४२ | ७६८७ | ५२६४ | ४६१४ | ३७१८ | ६०६७ | ११९६ | २१११ | ३९३१५ |

(ख) आर्थिक वर्ष २०७४/७५ मा नेपाल भरमा अनुसूची बाहिरका अपराधको तथ्यांक (विशेष तथा जिल्ला सरकारी वकील कार्यालयबाट अभियोजन गर्ने वा नगर्ने गरी भएका निर्णयहरूको संख्या) देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. १०
## आर्थिक वर्ष २०७४/०७५ मा अनुसूची बाहिरका अपराधको तथ्यांकको विवरण

| अपराध शिर्षक | प्रदेश नं. १ | प्रदेश नं. २ | प्रदेश नं. ३ | प्रदेश नं. ४ | प्रदेश नं. ५ | प्रदेश नं. ६ | प्रदेश नं. ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| अध्यागमन | ० | ० | ३२ | ० | ० | ० | ० | ३२ |
| उपभोक्ता संरक्षण | ० | ० | ३ | ० | ० | ० | ० | ३ |
| औषधि | ६ | ० | ३७ | ० | २ | ० | १ | ४६ |
| खाद्य ऐन अन्तर्गतका | ७ | ८९ | ५९ | २ | १७ | ४ | १३ | १९१ |
| गुणस्तर (प्रमाण चिन्ह) | ० | १३ | ० | ० | ० | ० | ० | १३ |
| नाप तौल सम्बन्धी | ० | २ | ० | ० | १ | ० | ० | ३ |
| निर्वाचन सम्बन्धी | ० | १ | ० | ० | ० | ३ | ० | ४ |
| बैदेशिक रोजगार | ० | ० | ० | ० | ० | ० | ० | ० |
| राजश्व चुहावट | ० | ३ | १२ | ० | ० | ० | १ | १६ |
| राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु | ६ | ० | ३९ | १८ | ३४ | १ | १३ | १११ |
| विदेशी विनिमय | ११ | ४ | ४१ | १ | ३ | ० | ० | ६० |
| वन | ९५ | २२२ | १११ | ४७ | १५७ | २४ | ७३ | ७२९ |
| विद्युत चोरी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| शिक्षा ऐन दफा १७(१) | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सम्पत्ति शुद्धीकरण | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सामाजिक सुधार ऐन | ० | ० | ० | ० | ० | ० | ० | ० |
| स्वास्थ्य व्यवसायी परिषद् | ० | ० | १ | ० | ० | ० | ० | १ |
| अन्य | ३ | १४ | ५२ | ० | ३ | ० | १ | ७३ |
| जम्मा | १२८ | ३४८ | ३८७ | ६८ | २१७ | ३२ | १०२ | १२८२ |

### ४.६ महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको विवरण

यस आर्थिक वर्षमा बहस पैरवी गरिएका मुद्दा तथा रिटहरूको एकमुष्ठ फछ्यौंट विवरणलाई गत वर्षको विवरणसँग तुलना गरी हेर्दा आर्थिक वर्ष २०७३/०७४ मा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी तथा प्रतिरक्षा गरिएका ५,६६० थान मुद्दाहरू मध्ये फछ्यौंट भएका २,३७१ थान मुद्दाहरू मध्ये १,६३१ थान अर्थात

६८.७९ प्रतिशत मुद्दामा कसूर कायम भएको थियो । यस आ.व.मा बहस पैरवी तथा प्रतिरक्षा गरिएका ४,६८८ थान मुद्दाहरू मध्ये फछ्यौंट भएका १,३१४ थान मुद्दाहरू मध्ये ९८६ थान अर्थात ६८.९० प्रतिशत मुद्दामा कसूर कायम भएको देखिन्छ । त्यस्तै रिट निवेदन तर्फ आर्थिक वर्ष २०७३/०७४ मा लगत रहेका ५,०४५ थान मध्ये १,६०२ थान फछ्यौंट भएकोमा २९४ थान अर्थात ५९.३६ प्रतिशत रिट निवेदन खारेज भएको थियो । यस आ.व.मा लगत रहेका ४,९१६ थान मध्ये १,४५५ थान फछ्यौंट भएकोमा ७७८ थान अर्थात ५३.४७ प्रतिशत रिट निवेदन खारेज भएको देखिन्छ । यसैगरी अन्य निवेदनतर्फ आ.व. २०७३/०७४ मा जम्मा जम्मा २,२२६ थान लगतमा १,१०१ थान निवेदन फछ्यौंट भएकोमा ६३० थान अर्थात ५७.२२ प्रतिशत निवेदन खारेज भएको थियो । यस आ.व. मा जम्मा २,४०६ थान लगतमा ७८५ थान निवेदन फछ्यौंट भएकोमा ३८० थान अर्थात ४८.४१ प्रतिशत निवेदन खारेज भएको देखिन्छ ।

उच्च सरकारी वकील कार्यालयहरूमा आर्थिक वर्ष २०७३/०७४ मा लगत रहेका ११,२६७ मुद्दा मध्ये फछ्यौंट भएका ५,४२६ थान मुद्दाहरू मध्ये १,९४४ थान अर्थात ३५.८३ प्रतिशत मुद्दाहरूमा कसूर कायम भएको थियो । यस आ.व. मा लगत रहेका १३,६८९ मुद्दा मध्ये फछ्यौंट भएका ८,७६० थान मुद्दाहरू रहेको छ । यस मध्ये ४,०८७ थान अर्थात ४६.६६ प्रतिशत मुद्दाहरूमा कसूर कायम भएको देखिन्छ । त्यस्तै रिट निवेदन तर्फ आर्थिक वर्ष २०७३/०७४ मा लगत रहेका ४,१५४ मध्ये जम्मा २,५५७ थान फछ्यौंट भएकोमा १,११७ थान अर्थात ४३.६८ प्रतिशत रिट निवेदनहरू खारेज भएको थियो । यस आ.व.मा लगत रहेका ४,५१६ मध्ये जम्मा ३,१९८ थान फछ्यौंट भएकोमा १,८६९ थान अर्थात ५८.४४ प्रतिशत रिट निवेदनहरू खारेज भएको देखिन्छ । यसैगरी अन्य निवदेनतर्फ आ.व. २०७३/०७४ मा लगत रहेका १,४७३ मध्ये १,२९४ थान फछ्यौंट भएकोमा ७९५ थान अर्थात ६१.४४ प्रतिशत निवेदनहरू खारेज भएको थियो । यस आ.व.मा जम्मा लगत रहेका १,८९४ मध्ये १,५५७ थान फछ्यौंट भएकोमा १,०४७ थान अर्थात ६७.२४ प्रतिशत निवेदनहरू खारेज भएको देखिन्छ ।

विशेष सरकारी वकील कार्यालयबाट उच्च अदालत पाटन अन्तर्गत वाणिज्य इजलास, विशेष अदालत, प्रशासकीय अदालत, राजश्व न्यायाधिकरण काठमाडौं, वैदेशिक रोजगार न्यायाधिकरणमा आर्थिक वर्ष २०७३/०७४ मा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत २,५०५ रहेकोमा फछ्यौंट भएका मुद्दाहरू १,३८१ थान मध्ये १,१२७ अर्थात ८१.६१ प्रतिशत मुद्दामा कसूर कायम भएको थियो । यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत २,१९३ रहेकोमा फछ्यौंट भएका मुद्दाहरू १,०१२ थान मध्ये ८२७ अर्थात ८१.७२ प्रतिशत मुद्दामा कसूर कायम भएको देखिन्छ ।

जिल्ला सरकारी वकील कार्यालयहरूबाट जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय एवं अन्य निकायहरूमा आर्थिक वर्ष २०७३/०७४ मा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत ३९,३१३ रहेकोमा फछ्यौंट भएका मुद्दाहरू २३,९५२ थान मध्ये १९,०४९ अर्थात ७९.५३ प्रतिशत मुद्दामा कसूर कायम भएको देखिन्छ । यस आ.व. मा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत ४४,९५७ रहेकोमा फछ्यौंट भएका मुद्दाहरू २५,७६४ थान मध्ये २१,७९३ अर्थात ८४.५९ प्रतिशत मुद्दामा कसूर कायम भएको देखिन्छ । यसैगरी लगत रहेका ८५७ निवेदनहरू मध्ये फछ्यौंट भएका ५१२ थान रिट निवेदनहरूमा ३६५ थान अर्थात ७१.२९ प्रतिशत निवेदनमा जिकिर कायम भएको देखिन्छ । यस आ.व. मा लगत रहेका ८१० निवेदनहरू मध्ये फछ्यौंट भएका ४८५ थान रिट निवेदनहरूमा ३५९ थान अर्थात ७४.०२ प्रतिशत निवेदनमा जिकिर कायम भएको तथ्याङ्कबाट देखिन्छ ।

महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दा तथा रिटहरू समेतको छुट्टाछुट्टै लगत, फछ्यौंट र बाँकीको सूचक



महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूको विगत पाँच वर्षको लगतको विवरणलाई विश्लेषण गर्दा मुद्दाको संख्या घटबढ भएको देखिन्छ । कार्यालयगत रूपमा हेर्दा महान्यायाधिवक्ताको कार्यालयको लगत संख्यामा वृद्धी हुँदै गएको देखिन्छ भने उच्च सरकारी वकील कार्यालयहरू, विशेष सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयहरूमा मुद्दाको लगत संख्यामा निरन्तर वृद्धि भएकोमा यस आर्थिक वर्षमा केही घटेको देखिन्छ । यसैगरी विगत पाँच वर्षको लगत रहेका मुद्दाको तथ्यांकलाई विश्लेषण गर्दा महान्यायाधिवक्ताको कार्यालयमा सबैभन्दा बढी लगत संख्या आ. व. २०७३/०७४ मा लगत १३,०३७ रहेको देखिन्छ भने सबैभन्दा कम लगत आ. व. २०७०/०७१ मा ९,४७५ रहेको देखिन्छ । उच्च सरकारी वकील कार्यालयमा सबैभन्दा बढी लगत संख्या आ. व. २०७४/०७५ मा २०,०९९ रहेको देखिन्छ भने सबैभन्दा कम लगत आ. व. २०७०/०७१ मा १४,१४९ रहेको देखिन्छ । विशेष सरकारी वकील कार्यालयमा सबैभन्दा बढी लगत संख्या आ. व. २०७१/०७२ मा २,९४१ रहेको देखिन्छ भने सबैभन्दा कम लगत आ. व. २०७४/०७५ मा २,१९३ रहेको देखिन्छ । साथै जिल्ला सरकारी वकील कार्यालयमा सबैभन्दा बढी लगत संख्या आ. व. २०७४/०७५ मा ४५,७७५ रहेको देखिन्छ भने सबैभन्दा कम लगत आ. व. २०७०/०७१ मा ३७,८७५ रहेको देखिन्छ । सबै कार्यालयहरूको छुट्टाछुट्टै तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ११
## विगत पाँच वर्षको मुद्दाहरूको एकमुष्ठ र तुलनात्मक विवरण

| कार्यालय | आर्थिक वर्ष | लगत | | | फछ्यौट | | | | बाँकी | कसुर ठहर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गत वर्षको | यस वर्षको | जम्मा | कसूर ठहर, रिट खारेज | कसुरमा सफाई, रिट जारी | अन्य | जम्मा | | |
| महान्यायाधिवक्ता कार्यालय | २०७०/०७१ | ६३९० | ३०८५ | ९४७५ | ७२८ | ११३४ | २३६ | २०९८ | ७३७७ | ३४.७० |
| | २०७१/०७२ | ७३७७ | ३४४२ | १०८१९ | ११९५ | २५५२ | १३२ | ३८७९ | ६९४० | ३०.८१ |
| | २०७२/०७३ | ७००६ | ४६४३ | ११६४९ | ९४० | ८९८ | २०८ | २०४६ | ९६०३ | ४५.९४ |
| | २०७३/०७४ | ९४११ | ३६२६ | १३०३७ | ३२५७ | १५८४ | ३३९ | ५१८० | ७८५७ | ६२.८८ |
| | २०७४/०७५ | ७८५७ | ४१५३ | १२०१० | २१४४ | १२६२ | २६५ | ३६७१ | ८३३९ | ५८.४० |
| उच्च सरकारी वकील कार्यालय | २०७०/०७१ | ५१८६ | ८९६३ | १४१४९ | ३३०६ | ४०८४ | ३९७ | ७७८७ | ६३६२ | ४२.४६ |
| | २०७१/०७२ | ५२०४ | ११३६१ | १६५६५ | ५३२१ | ५७२९ | ३११ | ११३६१ | ५२०४ | ४६.८४ |
| | २०७२/०७३ | ५११६ | १११६७ | १६२८३ | ३९८६ | ४७१९ | २७० | ८९७५ | ७३०८ | ४४.४१ |
| | २०७३/०७४ | ७६४१ | ११४२६ | १९०६७ | ४५९४ | ५६४९ | ४९२ | १०७३५ | ८३३२ | ४२.७९ |
| | २०७४/०७५ | ८४३६ | ११६६३ | २००९९ | ७००३ | ६१५८ | ३५४ | १३५१५ | ६५८४ | ५१.८२ |
| वि.स.व.का. | २०७०/०७१ | १८५१ | ८८२ | २७३३ | ५८४ | ३२५ | ९६ | १००५ | १७२८ | ५८.११ |
| | २०७१/०७२ | १७२२ | १२१९ | २९४१ | ६४२ | ४५० | ५११ | १६०३ | १३३८ | ४०.०५ |
| | २०७२/०७३ | १३३८ | ८९३ | २२३१ | ५०२ | ३१७ | ५० | ८६९ | १३६२ | ५७.७७ |
| | २०७३/०७४ | १३६२ | १२१५ | २५७७ | ११५५ | २१६ | ४२ | १४१३ | ११६४ | ८१.७४ |
| | २०७४/०७५ | १११२ | १०८१ | २१९३ | ८२७ | १६३ | २२ | १०१२ | ११८१ | ८१.७२ |
| जिल्ला सरकारी वकील कार्यालय | २०७०/०७१ | १५७३० | २२१४५ | ३७८७५ | १६६०८ | ३३२४ | १३४ | २००६६ | १७८०९ | ८२.७७ |
| | २०७१/०७२ | १७६३३ | २३४९६ | ४११२९ | १९३४३ | ४७६४ | १५९ | २४२६६ | १६८६३ | ७९.७१ |
| | २०७२/०७३ | १६४४४ | २३२८३ | ३९७२७ | २०६६६ | ४४२९ | २४३ | २५३३८ | १४३८९ | ८१.५६ |
| | २०७३/०७४ | १४२४२ | २५९२८ | ४०१७० | १९४१४ | ४९१८ | १३२ | २४४६४ | १५७०६ | ७९.३६ |
| | २०७४/०७५ | १५६८३ | ३००९२ | ४५७७५ | २२१५७ | ३९४५ | १५५ | २६२५७ | १९५१८ | ८४.३९ |
| सबै कार्यालयहरुको | २०७०/०७१ | २९१५७ | ३५०७५ | ६४२३२ | २१२२६ | ८८६७ | ८६३ | ३०९५६ | ३३२७६ | ६८.५७ |
| | २०७१/०७२ | ३१९३६ | ३९५१८ | ७१४५४ | २६५०१ | १३४९५ | १११३ | ४११०९ | ३०३४५ | ६४.४७ |
| | २०७२/०७३ | २९९०४ | ३९९८६ | ६९८९० | २६०९४ | १०३६३ | ७७१ | ३७२२८ | ३२६६२ | ७०.०९ |
| | २०७३/०७४ | ३२६५६ | ४२१९५ | ७४८५१ | २८४२० | १२३६७ | १००५ | ४१७९२ | ३३०५९ | ६८.०० |
| | २०७४/०७५ | ३३०८८ | ४६९८९ | ८००७७ | ३२१३१ | ११५२८ | ७९६ | ४४४५५ | ३५६२२ | ७२.२८ |

विगत पाँच वर्षको मुद्दा तथा रिटहरूको लगत तथा कारबाहीको एकीकृत सूचक




## ४.७ महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूबाट सम्पादित मुद्दा तथा अन्य कार्यहरूको एकमुष्ठ विवरण

महान्यायाधिवक्ताको कार्यालय र मातहतका उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा सुरु मुद्दा दायरी, निवेदन दायरी, पुनरावेदन दायरी, मुद्दा मामिलामा निर्णय निकासा, बहस पैरवी, प्रतिरक्षा, निवेदन सम्बन्धी तथा कानूनी राय प्रदान गर्ने सम्बन्धमा सम्पादित कार्यहरूको एकमुष्ठ जिम्मेवारी विवरणलाई हेर्दा अदालत तथा न्यायिक निकायहरूमा बहस पैरवी, प्रतिरक्षा गरिएका मुद्दाहरूको संख्या ६५,५२७ थान, रिट निवेदनहरू १०,२४२ थान र अन्य निवेदन सम्बन्धी ४,३०८ थान गरी जम्मा सम्पादित भएका मुद्दा, रिट र अन्य निवेदन समेतको कुल लगत संख्या ८०,०७७ थान, मुद्दा चलाउने नचलाउने निर्णय संख्या ३०,१९४, पुनरावेदन, दोहोऱ्याउने निवेदन, अभियोगपत्र तथा फिराद मस्यौदा संख्या ३६,४७५, पुनरावेदन गर्ने नगर्ने, मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्ने नगर्ने सम्बन्धमा मिसिल कागजात अध्ययन गरी निर्णय एवं निकासा प्रदान गरिएको संख्या १०,६०८ एवं तामेलीमा राख्ने सम्बन्धी सम्पादित काम संख्या १७,४०४ थान, पुनरावेदन वा दोहोऱ्याउने प्रस्ताव संख्या ९,७४९, बयान तथा बकपत्र गराएको संख्या ९६,६२२ कानूनी राय प्रदान गरेको संख्या १०३, अ.व. १७ नं. को निवेदन सम्बन्धी कार्य २,९९३ गरी कुल जिम्मेवारी २,८४,२२४ थान रहेको तथ्याङ्कबाट देखिन्छ । सबै कार्यालयहरूबाट सम्पादित कामको छुट्टाछुट्टै तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं. १२

### महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूबाट मुद्दा, रिट निवेदन, कानूनी राय, निर्णय निकासा तथा निवेदनको सम्पादित कार्यविवरण

| कार्यालय | मुद्दा तथा रिट निवेदनको लगत | | | | मुद्दा चल्ने नचल्ने निर्णय | पुनरावेदन/ दो.पा. निवेदन, अभियोगपत्र/ फिराद मस्यौदा | निकासा/ निर्णय सम्बन्धी | तामेली निर्णय | प्रस्ताव पेश | बयान/ बकपत्र गराएको संख्या | कानूनी राय | अ.व. १७ नं. निवेदन | सम्पादित कार्यहरुको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मुद्दाहरु | रिटहरु | अन्य निवेदनहरु | कुल मुद्दाहरू | | | | | | | | | |
| म.न्या.का. | ४६८८ | ४९१६ | २४०६ | १२०१० | ८१ | १८७७ | ३०६८ | ० | ० | ० | २६ | ३५ | १७०९७ |
| उ.स.व.का. | १३६८९ | ४५१६ | १८९४ | २००९९ | ७८ | ६३०९ | ७३५१ | ८८५७ | २५८६ | २४३ | ० | १८८२ | ४७४०५ |
| वि.स.व.का. | २१९३ | ० | ० | २१९३ | ७२८ | ४५२ | ० | ० | २०० | १५९८ | ० | ६ | ५१७७ |
| जि.स.व.का. | ४४९५७ | ८१० | ८ | ४५७७५ | २९३०७ | २७८३७ | १८९ | ८५४६ | ६९६३ | ९४७८१ | ७७ | १०७० | २१४५४५ |
| **जम्मा** | ६५५२७ | १०२४२ | ४३०८ | ८००७७ | ३०१९४ | ३६४७५ | १०६०८ | १७४०३ | ९७४९ | ९६६२२ | १०३ | २९९३ | २८४२२४ |

## महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूबाट सम्पादित कार्यहरूको सूचक




माथि तालिकामा प्रस्तुत मुद्दा तथा अन्य कार्यहरूको लगत विवरण र सम्बन्धित कार्यालयमा रहेका सरकारी वकीलहरूको कुल दरबन्दी संख्याको अनुपात हेर्दा प्रति सरकारी वकील पर्न आउने (सम्पादित कुल कार्य र मुद्दा तथा रिट निवेदनका आधारमा) कार्यबोझ देहायको तालिकामा प्रस्तुत गरिएको छ।

### तालिका नं. १३

नेपालका विभिन्न तहका सरकारी वकील कार्यालयहरूका सरकारी वकीलहरूबाट सम्पादित कार्य र प्रति सरकारी वकीलको कार्यबोझ

| कार्यालय | सरकारी वकील संख्या | सम्पादित कार्य | कुल मुद्दा तथा रिट | प्रति सरकारी वकील सम्पादित कार्यका आधारमा | प्रति सरकारी वकील मुद्दा, रिटका आधारमा | कैफियत |
|---|---|---|---|---|---|---|
| म. न्या. का. १ | ३० | १७०९७ | १२०१० | ५६९.९० | ४००.३३ | |
| उ.स.व.का. - १८ | ९८ | ४७४०५ | २००९९ | ४८३.७२ | २०५.०९ | |
| वि.स.व.का. - १ | १५ | ५१७७ | २१९३ | ३४५.१३ | १४६.२० | |
| जि.स.व.का. - ७७ | २०७ | २१४५४५ | ४५७७५ | १०३६.४५ | २२१.१४ | |
| **जम्मा** | **३५०** | **२८४२२४** | **८००७७** | **८१२.०७** | **२२८.७९** | |

आर्थिक वर्ष २०७४/०७५ मा महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका उच्च सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा सम्बन्धमा भएको कामको कुल लगतमा कर्मचारीहरूको तलब तथा भत्तामा खर्च भएको एकमुष्ठ रकमलाई विभाजन गर्दा प्रति मुद्दामा तलब तथा भत्तामा खर्च भएको रकमको विवरण निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ।

### तालिका नं. १४

नेपालका विभिन्न सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी प्रतिरक्षा गरिएका मुद्दा तथा रिटको अनुपातमा प्रति मुद्दामा तलब र भत्तामा खर्च भएको रकम

| कार्यालय | मुद्दा, रिटको तथा निवेदनको कुल लगत | तलब तथा भत्तामा खर्च भएको रकम रु. | प्रति मुद्दा खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|
| महान्यायाधिवक्ताको कार्यालय- १ | १२०१० | ६०८३७७५८.०० | ५,०६५.५९ | |
| उच्च सरकारी वकील कार्यालय - १८ | २००९९ | १२४८४८४५८.०० | ६,२११.६८ | |
| विशेष सरकारी वकील कार्यालय - १ | २१९३ | १३४८३६७८.०० | ६,१४८.५१ | |
| जिल्ला सरकारी वकील कार्यालय - ७७ | ४५७७५ | २५४४५३९१८.०० | ५,५५८.८० | |
| **जम्मा** | **८००७७** | **४५३६२३८१२.००** | **५,६६४.८५** | |

यसैगरी यस आर्थिक वर्षमा मुद्दा र अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता लगायत कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई कार्यालयगत रूपमा विभाजन गर्दा प्रति सम्पादित कार्यमा खर्च भएको चालुतर्फको विनियोजित रकमको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १५**

**नेपालका विभिन्न सरकारी वकील कार्यालयहरूमा सम्पादित कार्यमा भएको खर्चको विवरण**

| कार्यालय | जम्मा सम्पादित कार्य | कुल खर्च रकम रु. | प्रति सम्पादित कार्यमा भएको खर्च अनुपात | कैफियत |
|---|---|---|---|---|
| महान्यायाधिवक्ताको कार्यालय- १ | १७०९७ | १६९१२०७२२.७२ | ९,८९१.८४ | |
| उच्च सरकारी वकील कार्यालय - १८ | ४७४०५ | २२८१६१६१४.४६ | ४,८१३.०३ | |
| विशेष सरकारी वकील कार्यालय - १ | ५१७७ | २३१८९२७४.३५ | ४,४७९.२९ | |
| जिल्ला सरकारी वकील कार्यालय - ७७ | २१४५४५ | ५४७१५०२६५.५२ | २,५५०.२८ | |
| **जम्मा** | **२८४२२४** | **९६७६२१८७७.०५** | **३,४०४.४३** | |

माथि विभिन्न तालिकाहरूमा उल्लेख भएका तथ्याङ्कहरूबाट सरकार पक्ष भएको वा वादी भएको मुद्दाहरूमा कसूर ठहर प्रतिशत अपेक्षाकृत रहेको छैन । सरकारी मुद्दाको अनुसन्धानको जिम्मेवार निकाय प्रहरीमा अपेक्षाकृत रूपमा व्यावसायिकताको विकास हुन नसकेको, अनुसन्धान कार्यले प्राथमिकता पाउन नसकेको, दक्ष जनशक्तिलाई अनुसन्धानको काममा खटाउन नसकेको, अपराध अनुसन्धानका लागि पर्याप्त स्रोत साधनको कमी जस्ता कारण अपराध अनुसन्धानको कार्य प्रभावकारी बन्न सकेको छैन भन्न हिच्किचाउनु पर्ने अवस्था छैन । अनुसन्धानमा स्तरीयता ल्याउन अनुसन्धान कार्यमा मात्र खटिने विशेषज्ञ तालिम प्राप्त प्रहरी एकाइको व्यवस्था गरी त्यहाँ कार्यरत जनशक्तिलाई अन्यत्र सरुवा नगर्ने बनाउनु अत्यावश्यक देखिन्छ । त्यसैगरी सरकारी वकीलहरूलाई निजको कार्यसम्पादनसँग सम्बन्धित विषयमा नियमित रूपमा प्रशिक्षण प्रदान गर्न नसकिएको अवस्थामा अनुसन्धान अधिकृतलाई अनुसन्धानको क्रममा प्रभावकारी निर्देशन दिन नसक्नु, पर्याप्त आधार विना नै अभियोजन गर्ने, अभियोजन गर्दा ठीक ढंगले गर्न नसक्नु, साक्षी संरक्षण सम्बन्धी कानूनी व्यवस्थाको अभाव, समयमै परीक्षण प्रतिवेदन प्राप्त नहुनु, अदालती कारबाहीमा ढिलासुस्तीको कारण साक्षी उपस्थित गराउन कठिनाई रहनु र कतिपय कानूनमा रहेका अपर्याप्ततासे गर्दा सरकार वादी मुद्दामा कसूर ठहर नहुने अवस्था रहन्छ ।

सरकार वादी मुद्दामा कसूर ठहर वा सफाइको कारणको सम्बन्धमा अपराधको प्रकृति, अनुसन्धान एवं अभियोजन पद्धति, प्रचलित कानून एवं न्याय सम्पादन पद्धतिको सन्दर्भमा छुट्टाछुट्टै रूपमा अध्ययन गरेपछि मात्र भन्न सकिने अवस्था रहन्छ । सरकार वादी मुद्दाको सफलताको वर्तमान अवस्थामा सुधार ल्याउन अनुसन्धान एवं अभियोजन तथा विद्यमान कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा प्रस्तुत प्रतिवेदनको **परिच्छेद छ** मा संक्षेपमा उल्लेख गरिएको छ । महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका उच्च, विशेष एवं जिल्ला सरकारी वकील कार्यालयहरूको कार्यसम्पादन विवरण तथा कार्य प्रगति विवरणलाई यस पछिका छुट्टाछुट्टै परिच्छेदहरूमा विगत वर्षहरूको तथ्याङ्कसँग तुलनात्मक विश्लेषण गरी मुद्दामा कसूर ठहर वा सफाइ भएको र रिट जारी वा खारेज भएको अवस्थालाई समेत प्रस्तुत गरिएको छ ।

## ५. संस्थागत सुदृढीकरणको लागि भएका कार्यहरू

### ५.१ महान्यायाधिवक्ताको कार्यालयको पञ्चवर्षीय रणनीतिक योजना, (२०७३/०७४-२०७७/०७८)

फौजदारी न्याय प्रशासनको केन्द्रीय स्तम्भको रूपमा रहेको महान्यायाधिवक्ताको कार्यालयको कार्यसम्पादनलाई प्रभावकारी र नतिजामुखी बनाउन आ.व. २०६८/०६९ देखि २०७२/०७३ सम्मका लागि प्रथम पञ्चवर्षीय रणनीतिक योजना तयार गरी कार्यान्वयनमा ल्याइएको थियो । आर्थिक वर्ष २०७२/०७३ को अन्त्यमा पहिलो योजनाको अवधि समाप्त हुने भएकोले महान्यायाधिवक्ताको कार्यालयको योजनाबद्ध विकास प्रक्रियाको निरन्तरताका लागि पहिलो योजनाको कार्यान्वयनको अवस्थाको समीक्षा गरी आगामी आ.व. २०७३/०७४-२०७८/०७९ का लागि दोस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरिएको छ । प्रथम पञ्चवर्षीय रणनीतिक योजनाको समीक्षा र दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको तर्जुमाको लागि विभिन्न कार्यक्रम संचालन गर्न संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, कानूनी शासन तथा मानव अधिकार संरक्षण सबलीकरण कार्यक्रमको आर्थिक सहयोग समेत रहेको थियो ।

महान्यायाधिवक्ताको कार्यालयले सम्पादन गर्ने कार्यहरू प्रभावकारी र परिणाममुखी बनाई संविधान तथा कानूनद्वारा सुम्पिएको जिम्मेवारी राज्य, समाज र नागरिकको अपेक्षा अनुसार प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूको विद्यमान वस्तुस्थितिको विश्लेषण गरी

सबल र कमजोर (Strength and Weakness) पक्षहरू तथा अवसर र चुनौतीहरू (Opportunity and Threat) को पहिचान गरी संस्थागत सुदृढीकरणका लागि दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको तर्जुमा गरिएको हो ।

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूले जनताका अपेक्षा र संवैधानिक तथा कानूनी जिम्मेवारी अनुरूपको कार्य निश्चित समय सीमा भित्र सम्पादन गर्न सकुन भनी रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको हो ।

यस योजना कार्यान्वयनका लागि योजना कार्यान्वयनको पहिलो आर्थिक वर्ष २०७३/०७४ मा रु. ८४,९२,७४,०००।-, दोस्रो आर्थिक वर्ष २०७४/०७५ मा रु. ८६,३४,९९,०००।-, तेस्रो आर्थिक वर्ष २०७५/०७६ मा रु. ९२,५०,२४,०००।-, चौथो आर्थिक वर्ष २०७६/०७७ मा रु. ६१,५९,२४,०००।- र योजनाको अन्तिम आर्थिक वर्ष २०७७/०७८ मा रु. ५७,५१,२४,०००।- गरी जम्मा रु. ३,८१,९०,४५,०००।- अक्षरेपी तीन अर्ब एकासी करोड नब्बे लाख पैतालीस हजार रूपैयाँ आर्थिक लागत लाग्ने प्रक्षेपण गरिएको छ ।

## रणनीतिक योजना कार्यान्वयनको अवस्था

महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको अवस्थाका बारेमा अर्धवार्षिक तथा वार्षिक समीक्षा गरिएको छ । समग्रमा आ.व. २०७३।०७४ का लागि महान्यायाधिवक्ताको कार्यालयको वार्षिक कार्ययोजनामा १५४ वटा कार्यक्रम रहेकोमा ती कार्यक्रमहरूको कार्यान्वयनको अवस्था हेर्दा कार्यान्वयन भएका ५४ वटा (करिव ३५ प्रतिशत), आंशिक कार्यान्वयन भएका ४० वटा (करिव २६ प्रतिशत), कार्यान्वयनको अन्तिम चरणमा रहेका २ वटा (करिव १ प्रतिशत), कार्यान्वयन प्रारम्भ भएका ६ वटा (करिव ४ प्रतिशत), कार्यान्वयन नभएका ५२ वटा (करिव ३४ प्रतिशत) रहेको देखिन्छ । आ.व. २०७३।०७४ देखि प्रत्येक सरकारी वकील कार्यालयलाई रु. १ लाखका दरले रणनीतिक योजना कार्यान्वयनका लागि बजेट विनियोजन भएको छ । अर्ध वार्षिक र वार्षिक समीक्षा गर्ने प्रणाली स्थापित गरिएको छ । यसैगरी आ.व. २०७४।०७५ का लागि महान्यायाधिवक्ताको कार्यालयको वार्षिक कार्ययोजनामा २७० वटा कार्यक्रम रहेकोमा ती कार्यक्रमहरूको कार्यान्वयनको अवस्था हेर्दा कार्यान्वयन भएका १२१ वटा (करिव ४४.८१ प्रतिशत), आंशिक कार्यान्वयन भएका ६४ वटा (करिव २३.७० प्रतिशत), कार्यान्वयन हुन बाँकी नभएका ८४ वटा (करिव ३१.११ प्रतिशत) रहेको देखिन्छ ।

यसैगरी माननीय महान्यायाधिवक्ताज्यूबाट पद बहाली भएको एक सय दिन पूरा भएको अवसरमा महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनमा प्रतिबद्धता प्रकट गर्दै प्रमुख रूपमा देहायका थप कार्यक्रमहरू समेत घोषणा गर्नु भएको थियो ।

क. हेलो साक्षी कार्यक्रम
ख. कारागार र बाल सुधार गृहको विस्तार
ग. नमूना सरकारी वकील कार्यालयको स्थापना
घ. सरकारी वकील कार्यालयको घर जग्गा व्यवस्थापन
ङ. सरकारी वकीलको क्षमता विकास र विशिष्टीकरण
च. सरकारी वकीलको सम्मेलन
छ. शिशु स्याहार कक्षको व्यवस्था
ज. इ-एटर्नीको कार्यान्वयन
झ. समन्वय समितिको क्रियाशीलता
ञ. सरकारी सम्पत्तिको संरक्षण

## योजना कार्यान्वयनका चुनौती

योजनाले प्रक्षेपण गरे बमोजिमको स्रोत साधन प्राप्त हुन सकेको छैन । योजना कार्यान्वयन सचिवालयलाई पूर्णकालीन रूपमा क्रियाशील गराउन सकिएको छैन । योजना कार्यान्वयनका लागि अभ्यस्त हुन र नियमित समीक्षा गर्ने बानी विकास गर्नु पर्ने देखिन्छ । रणनीतिक योजना औपचारिक दस्तावेज होइन, सुधारको मार्गचित्र हो भन्ने भाव सबैमा विकास गर्नु पर्ने अवस्था छ । यसका लागि सबै जनशक्ति नियमित मुद्दाको काम कारवाहीको कार्यबोझसँगै योजना कार्यान्वयनका लागि क्रियाशील हुनुपर्ने अवस्था छ । योजनाको कार्यान्वयनका लागि कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ । त्यसबाट कार्यसम्पादनमा प्रतिकूल प्रभाव पार्न दिनु नहुनेतर्फ थप सजगता आवश्यक छ । कार्य विवरणका आधारमा कार्यसम्पादनको मूल्यांकन गर्नुपर्ने आवश्यकता छ । अझै पनि सबै पक्षबाट योजनाप्रति अपनत्वभाव विकास गर्न र त्यसलाई संस्थागत सुधारको आधारको रूपमा लिने संस्कार स्थापना गर्नुपर्ने देखिन्छ । प्राप्त स्रोत साधनलाई उपयोग गर्न थप प्रयास गर्नुपर्ने अवस्था छ । थप स्रोत प्राप्तिका लागि पनि क्रियाशीलताको आवश्यकता रहेको छ । निर्धारित समयमा कार्य गर्ने संस्कृति निर्माण गर्नुपर्ने आवश्यकता छ । योजना कार्यान्वयनको नियमित अनुगमन र मूल्यांकन गरिनुपर्ने अवस्था छ ।

**आगामी कार्यक्रम**

योजना कार्यान्वयन समिति र सचिवालयलाई योजना कार्यान्वयनमा क्रियाशील बनाउनु पर्नेछ । आवश्यक स्रोत व्यवस्थापनका लागि थप प्रयास गर्नुपर्ने आवश्यकता छ । प्राप्त स्रोतको सदुपयोग गर्दै निर्धारित समयमा कार्यक्रम सञ्चालन गर्न सबै जनशक्ति क्रियाशील हुने गरी कार्यक्रम तयार गरिने छ । योजना कार्यान्वयनका लागि जिम्मेवार अधिकृतलाई अभिमुखिकरण गर्ने कार्यक्रमको आवश्यकता महसुस भएको छ । योजना कार्यान्वयनको प्रगति विवरण पठाउने र प्राप्त विवरणको अभिलेख व्यवस्थित गरी सुधारसँग आबद्ध गर्नु पर्नेछ । योजना, अनुसन्धान तथा अनुगमन विभागलाई सुदृढ बनाउने र योजना कार्यान्वयन तथा अनुगमनलाई नियमित कार्यको रूपमा लिने गरी कार्यक्रमको तर्जूमा गर्नुपर्ने अवस्था छ । विगतमा भएका अनुसन्धानमूलक अध्ययनका सुझावहरूको कार्यान्वयनलाई प्राथमिकतामा राख्ने र सुधारका उपायहरू अवलम्वन गर्नुपर्ने अवस्था छ । सबै तहका कर्मचारीहरूलाई दिइएको कार्य विवरण अनुसार कार्यान्वयन भए नभएको सम्वन्धमा अनुगमन गर्नुपर्ने गरी कार्यक्रम राख्नु पर्नेछ । योजना कार्यान्वयनलाई संस्थागत सुधारसँग आबद्ध गर्ने र योजनाको बारेमा सरोकारवालाहरूलाई जानकारी गराउने कार्यक्रमलाई निरन्तरता दिने गरी कार्यक्रम तय गरिनेछ ।

**५.२ महान्यायाधिवक्ताको कार्यालयको अन्य गतिविधि**

**(क) महान्यायाधिवक्ताको पदमा नियुक्ति र बहाली**

नेपालको संविधानको धारा १५७ बमोजिम सम्माननीय राष्ट्रपतिज्यूबाट सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा मिति २०७४ फागुन ८ गते महान्यायाधिक्ताको पदमा श्री अग्नी प्रसाद खरेल नियुक्त भई २०७४ फागुन ९ गतेका दिन शपथ ग्रहण गरी महान्यायाधिवक्ताको पदमा पदबहाली समेत गर्नु भएको थियो ।

**(ख) विभिन्न देशका पदाधिकारीहरूसँग शिष्टाचार भेट र छलफल**

माननीय महान्यायाधिवक्ता अग्नि प्रसाद खरेलज्यूसँग देहायको मितिमा देहायका कूटनीतिक प्रतिनिधिहरूले महान्यायाधत्तिक्ताको कार्यालयमा भेटघाट गरेका थिए :

| S.n. | Details of Foreign Diplomatics | Diplomatics Mission | Date |
|---|---|---|---|
| 1. | H.E. Elizabeth von Capeller | Embassy of Switzerland to Nepal | २०७५।९।३० (Jan 14, 2019) |
| 2. | H.E. Yusuf Bin Mohammed Al-Hail | Embassy of Qatar to Nepal | २०७५।९।१९ (Jan 3, 2019) |
| 3. | Prof.Nozomu HIRANO along with other 4 | UNAFEI Japan | २०७५।०९।०६ (Dec 21, 2018) |
| 4. | H.E. Richard Morris | Embassy of UK to Nepal | २०७५।७।२० (Nov 6, 2018) |
| 5. | H.E. Manjib Singh Puri | Embassy of India to Nepal | २०७५।०३।०४ (June 18,2018) |
| 6. | H.E. Yu Hong | Embassy of China to Nepal | २०७५।०२।२८ (June 11,2018) |
| 7. | H.E. Roland Schefar | Embassy of Germany to Nepal | २०७५।०२।२५ (June 8, 2018) |
| 8. | H.E. Richard Morris | Embassy of UK to Nepal | २०७५।०१।१९ (May 2, 2018) |
| 9. | H.E. Alaina B. Taplitz | Embassy of US to Nepal | २०७४।१२।२७ (April 10,2018) |
| 10. | Mrs. Jyoti Sanghera | Office of the High Commissioner for Human Right, Asia Pacific Region | २०७४।१२।२६ (April 9, 2018) |

**(ग) महान्यायाधिवक्ताबाट सरकारी वकील कार्यालयको भवन उद्घाटन**

| सि.नं | कार्यालयको नाम | उद्घाटन/शिल्यानास | मिति | उद्घाटन/शिल्यानास गर्ने पदाधिकारी |
|---|---|---|---|---|
| १. | महान्यायाधिवक्ताको कार्यालय, नेपाल | शिलान्यास | २०७५/०६/२४ | मा. महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल |

| सि.नं | कार्यालयको नाम | उद्घाटन/ शिल्यानास | मिति | उद्घाटन/शिल्यानास गर्ने पदाधिकारी |
|---|---|---|---|---|
| २. | उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज | उद्घाटन | २०७४/१२/८ | मा. महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल |
| ३. | उच्च सरकारी वकील कार्यालय, जुम्ला | उद्घाटन | २०७५/०२/२३ | मा. महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल |
| ४. | जिल्ला सरकारी वकील कार्यालय, रामेछाप | उद्घाटन | २०७५/०१/१४ | मा. महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल |
| ५. | जिल्ला सरकारी वकील कार्यालय, तेह्रथुम | शिलान्यास | २०७५/०३/१४ | मा. महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल |
| ६. | जिल्ला सरकारी वकील कार्यालय, धनकुटा | उद्घाटन | २०७५/०३/१५ | मा. महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल |
| ७. | जिल्ला सरकारी वकील कार्यालय, लम्जुङ | उद्घाटन | २०७५/०४/२५ | मा. महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल |
| ८. | जिल्ला सरकारी वकील कार्यालय, सोलुखुम्बु | उद्घाटन | २०७५/०५/१४ | मा. महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल |
| ९. | जिल्ला सरकारी वकील कार्यालय, नुवाकोट | उद्घाटन | २०७५/०७/१५ | मा. महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल |
| १०. | जिल्ला सरकारी वकील कार्यालय, मोरङ | शिलान्यास | २०७५/०८/१२ | मा. महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल |
| ११. | जिल्ला सरकारी वकील कार्यालय, उदयपुर | उद्घाटन | २०७५/०८/१३ | मा. महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल |

### (घ) सरकारी वकील तथा कर्मचारी पुरस्कृत

नेपाल सरकारले निजामती सेवा दिवसको उपलक्ष्यमा नेपाल सरकारका कर्मचारीहरूलाई पुरस्कृत गर्ने क्रममा उत्कृष्ट निजामती सेवा पुरस्कारबाट उच्च सरकारी वकील कार्यालय, पाटनका सहन्यायाधिवक्ता श्री लोकराज पराजुली र निजामती सेवा पुरस्कारबाट महान्यायाधिवक्ताको कार्यालयका हलुका सवारी चालक श्री सुदर्शन श्रेष्ठ पुरस्कृत हुनु भएको थियो । महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरू र कर्मचारीहरूलाई महान्यायाधिवक्ताको कार्यालयबाट प्रदान गरिने पुरस्कार सम्बन्धी मापदण्ड, २०७५ स्वीकृत गरी लागू गरिएको छ । सो मापदण्डका आधारमा सरकारी वकील तथा कर्मचारीहरूलाई पुरस्कृत गर्ने अभ्यास प्रारम्भ गरिएको छ । महान्यायाधिवक्ताको कार्यालयको स्थापना दिवसका अवसरमा आयोजित नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलन (पौष ८, ९ र १० गते) को उद्घाटन समारोहको अवसरमा नायब महान्यायाधिवक्ता श्री किरण पौडेललाई सर्वोच्कृष्ट सरकारी वकील (Attorney of the Year) का रूपमा नगद पुरस्कार सहित पुरस्कृत गरिएको थियो भने सोही सम्मेलनको समापनमा हदेहाय बमोजिमका सरकारी वकील तथा कर्मचारीहरूलाई उत्कृष्ट सरकारी वकील तथा कर्मचारीको रूपमा नगद पुरस्कार सहित पुरस्कृत गरिएको थियो ।

| सि.नं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १. | श्री रेवतीराज त्रिपाठी | सहन्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| २. | श्री कृष्णमोहन कोइराला | उपन्यायाधिवक्ता | उच्च सरकारी वकील कार्यालय, पाटन |
| ३. | श्री हरिशंकर ज्ञवाली | उपन्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| ४. | श्री शान्तिप्रसाद शर्मा | सहायक जिल्ला न्यायाधिवक्ता | जिल्ला सरकारी वकील कार्यालय, रुकुम पश्चिम |
| ५. | श्री कल्पना राई | शाखा अधिकृत | महान्यायाधिवक्ताको कार्यालय |
| ६. | श्री अजितकुमार लाल कर्ण | सहायक जिल्ला न्यायाधिवक्ता | जिल्ला सरकारी वकील कार्यालय, महोत्तरी |
| ७. | श्री धर्मराज शर्मा | टा. नायब सुब्बा | उच्च सरकारी वकील कार्यालय, बाग्लुङ्ग |
| ८. | श्री ऋषिराम खनाल | नायब सुब्बा | उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज |

| | | | |
|---|---|---|---|
| ९. | श्री नैनबहादुर मगर | कार्यालय सहयोगी | जिल्ला सरकारी वकील कार्यालय, उदयपुर |
| १०. | श्री पशुपति खड्का | कार्यालय सहयोगी | महान्यायाधिवक्ताको कार्यालय |

### (ङ) महान्यायाधिवक्ताको कार्यालयबाट भएको अनुगमन

यस आर्थिक वर्ष र २०७५ पौष मसान्तसम्ममा ३२ वटा अनुगमन टोलीबाट १६ वटा उच्च सरकारी वकील कार्यालयहरू र ६९ वटा जिल्ला सरकारी वकील कार्यालयहरूको अनुगमन भएको थियो । अनुगमन सम्बन्धी विवरण **अनुसूची ७** मा समावेश गरिएको छ ।

### ५.३ अध्ययन प्रतिवेदन

२०७४।०७५ को वार्षिक कार्यक्रम बमोजिम अनुसन्धानमूलक अध्ययनका लागि देहाय बमोजिमका कार्यदलहरू गठन भई प्रतिवेदन प्राप्त भएको छ :

| क्र.सं. | विषय | अनुगमनकर्ता | संयोजक |
|---|---|---|---|
| १ | अपराधको प्रवृत्ति विश्लेषण सम्बन्धी | नायबमहान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम | सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल |
| २ | कर तथा राजस्व सम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त र दृष्टिकोणको अध्ययन | नायबमहान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम | सहन्यायाधिवक्ता श्री विश्वराज कोइराला |
| ३ | सरकारी प्रयोजनको लागि जग्गा अधिग्रहण सम्बन्धी कानून, प्रक्रिया र न्यायिक दृष्टिकोण समेत | नायबमहान्यायाधिवक्ता श्री खगराज पौडेल | सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली |
| ४ | हिरासत तथा कारागार अनुगमनको एकीकृत प्रतिवेदन | नायब महान्यायाधिवक्ताज्यू योजना, अनुसन्धान तथा अनुगमन विभाग | सहन्यायाधिवक्ता श्री रमादेवी पराजुली |
| ७ | विद्यमान फौजदारी कार्यविधि र फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को तुलनात्मक अध्ययन तथा त्यसले सरकारी वकीलको भूमिकामा पारेका प्रभाव र अवलम्बन गर्नुपर्ने रणनीतिहरूको विषयमा अनुसन्धानमूलक अध्ययन | नायबमहान्यायाधिवक्ता श्री किरण पौडेल | सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना |
| ८ | संवैधानिक विवादमा सर्वोच्च अदालतको दृष्टिकोण सम्बन्धमा अनुसन्धानमूलक अध्ययन | नायबमहान्यायाधिवक्ता श्री किरण पौडेल | सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी |
| ९ | सरकार वादी मुद्दा नचल्ने सम्बन्धी महान्यायाधिवक्ताको कार्यालयका निर्णयहरूको अनुसन्धानमूलक अध्ययन | नायब महान्यायाधिवक्ता श्री गणेशबाबु अर्याल | सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल |
| १० | कर्मचारी सम्बन्धी विवादमा सर्वोच्च अदालतको दृष्टिको सम्बन्धमा | सहन्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेल | सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी |

आर्थिक वर्ष २०७४।७५ का लागि प्राप्त बजेटको अधीनमा रही देहायका विषयमा देहाय बमोजिमका कार्यदलले देहाय बमोजिमका कार्यदलहरू गठन भई प्रतिवेदन प्राप्त भएको छ :

| सि.नं. | अध्ययन क्षेत्र | संयोजक | अनुगमनकर्ता |
|---|---|---|---|
| १. | मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १९६ (१) अनुसार सो ऐनको कार्यान्वयनका लागि अनुसन्धानका विषयमा आवश्यक पर्ने नियमावलीको मस्यौदा तयार गरी पेश गर्न | नायब महान्यायाधिवक्ता श्री किरण पौडेल | नायब महान्यायाधिवक्ता श्री दुर्गाबन्धु पोखरेल |
| २. | मुलुकी फौजदारी कार्यविधि ( संहिता ) ऐन, २०७४ को अनुसूची १ र २ का कसूर सम्बन्धी मुद्दाको अनुसन्धान एवं अभियोजनका विषयमा निर्देशिकाको मस्यौदा तयार गरी पेश गर्न | सहन्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे | नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम |

| सि.नं. | अध्ययन क्षेत्र | संयोजक | अनुगमनकर्ता |
|---|---|---|---|
| ३. | मुलुकी फौजदारी कार्यविधि ( संहिता ) ऐन, २०७४ को अनुसूची १ र २ का मुद्दाको बहस पैरवी, प्रतिरक्षा, कानूनी रायका सम्बन्धमा निर्देशिकाको मस्यौदा तयार गरी पेश गर्न | सहन्यायाधिवक्ता<br>श्री गणेशवावु अर्याल | नायब महान्यायाधिवक्ता<br>श्री खगराज पौडेल |
| ४. | मुद्दा फिर्ता सम्बन्धमा निर्देशिकाको मस्यौदा तयार गरी पेश गर्न | सहन्यायाधिवक्ता<br>श्री विश्वराज कोइराला | नायब महान्यायाधिवक्ता<br>श्री किरण पौडेल |
| ५. | माफी सम्बन्धमा निर्देशिकाको मस्यौदा तयार गरी पेश गर्न | सहन्यायाधिवक्ता<br>श्री नारायणप्रसाद पौडेल | नायब महान्यायाधिवक्ता<br>श्री बद्रीप्रसाद गौतम |
| ६. | नयाँ संहिताले पार्ने असर समेतका आधारमा महान्यायाधिवक्ताको कार्यालय तथा अन्तर्गत सरकारी वकील कार्यालयले संचालनमा ल्याएका मासिक तथा बार्षिक प्रतिवेदनका ढाँचाहरू तथा अभिलेख पुस्तिकाहरू र दायरी किताबहरूमा गर्नुपर्ने परिवर्तन समेतका विषयमा गर्नुपर्ने तयारीका सम्बन्धमा प्रतिवेदन तयार गरी पेश गर्न | सहन्यायाधिवक्ता<br>श्री रेवतीराज त्रिपाठी | नायब महान्यायाधिवक्ता<br>श्री खगराज पौडेल |
| ७. | संहिता ऐनले पार्ने प्रभाव समेतका आधारमा सरकारी वकील सम्बन्धी नियमावली, महान्यायाधिवक्ताको कार्यालयको कार्य संचालन निर्देशिका, आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण लगायत आवश्यक विषयमा गर्नुपर्ने तयारीका सम्बन्धमा सुझाव सहितको प्रतिवेदन तयार गरी पेश गर्न | सहन्यायाधिवक्ता<br>श्री श्यामकुमार भट्टराई | नायब महान्यायाधिवक्ता<br>श्री दुर्गाबन्धु पोखरेल |

**५.४ संस्थागत सुधारका सम्बन्धमा भएका प्रयासहरू**

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयको संस्थागत सुधारका लागि यस आर्थिक वर्षमा भएका कार्यहरू देहाय बमोजिम रहेका छन् :

१. **सरकारी वकीलहरूको विशिष्टीकरण :** सरकारी वकीलहरूलाई विशिष्टीकरण गरी सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षालाई प्रभावकारी बनाउन महान्यायाधिवक्ताको कार्यालयले २०७५ जेठ १५ गते देखि लागू हुने गरी सरकारी वकीलको विशिष्टीकरण सम्बन्धी मापदण्ड, २०७५ तयार पारेको छ । सो अनुसार देहायका विषयमा देहायका पदाधिकारीहरू अनुगनमकर्ता, विज्ञ र संयोजक रहेको विशिष्टीकरणका लागि विषयगत पाठ्यक्रम तयार गर्न कार्यदल गठन गरिएको थियो ।

| सि.नं. | विषय | अनुगमनकर्ता | विज्ञ | संयोजक |
|---|---|---|---|---|
| १. | संवैधानिक कानून | नायब महान्यायाधिवक्ता श्री किरण पौडेल | पूर्व महान्यायाधिवक्ता तथा वरिष्ठ अधिवक्ता श्री बद्रीबहादुर कार्की | सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई |
| २. | बैकिङ्ग कसूर तथा वाणिज्य सम्बन्धी कानून | नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल | वरिष्ठ अधिवक्ता तथा प्राध्यापक श्री पूर्णमान शाक्य | सहन्यायाधिवक्ता श्री विश्वराज कोइराला |
| ३. | राजश्व सम्बन्धी कानून | नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम | पूर्व सचिव श्री शान्तराज सुवेदी | सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना |
| ४. | भ्रष्टाचार नियन्त्रण सम्बन्धी कानून | नायब महान्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डेय | पूर्व नायब महान्यायाधिवक्ता श्री चेतनाथ घिमिरे | सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल |
| ५. | सेवा सम्बन्धी कानून | नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल | वरिष्ठ अधिवक्ता श्री हरिप्रसाद उप्रेती | सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी |

| सि.नं. | विषय | अनुगमनकर्ता | विज्ञ | संयोजक |
|---|---|---|---|---|
| ६. | सूचना प्रविधि सम्बन्धी कानून | नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल | वरिष्ठ अधिवक्ता श्री सतिशकृष्ण खरेल | सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी |
| ७. | संगठित अपराध सम्बन्धी कानून | नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम | वरिष्ठ अधिवक्ता तथा प्राध्यापक डा. रजितभक्त प्रधानाङ्ग | सहन्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेल |
| ८. | सरकारी तथा सार्वजनिक सम्पत्ति सम्बन्धी कानून | नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल | पूर्व नायब महान्यायाधिवक्ता श्री ठोकप्रसाद शिवाकोटी | सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली |
| ९. | लैंगिक तथा बाल न्याय सम्बन्धी कानून | नायब महान्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेल | - | सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई |

माथि उल्लिखित कार्यदलहरू मध्ये लैंगिक तथा बाल न्याय सम्बन्धी कानूनको बाहेक सबै कार्यदलहरूले आफ्नो विषयमा तयार गरी पेश गरेका पाठ्यक्रमहरू मध्ये संवैधानिक कानून, राजश्व सम्बन्धी कानून, भ्रष्टाचार नियन्त्रण सम्बन्धी कानून, सेवा सम्बन्धी कानून, संगठित अपराध सम्बन्धी कानून र सरकारी तथा सार्वजनिक सम्पत्ति सम्बन्धी कानूनका पाठ्यक्रमहरू महान्यायाधिवक्ताको कार्यालयले स्वीकृत गरी सकेको छ । यसैगरी संवैधानिक कानून र राजश्व सम्बन्धी कानूनमा स्वीकृत पाठ्यक्रमका आधारमा सरकारी वकीलहरूलाई राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट विशिष्टीकरणको प्रशिक्षण समेत सम्मन्न भएको छ । महान्यायाधिवक्ताको कार्यालयको व्यवस्थापन समितिको २०७५ कार्तिक ११ गतेको निर्णय अनुसार सरकारी वकीलको विशिष्टीकरण सम्बन्धी मापदण्ड, २०७५ बमोजिमको योग्यता पूरा गरेका देहायका १८ जना सरकारी वकीलहरूलाई संवैधानिक कानूनमा विशिष्टीकृत सरकारी वकीलको रूपमा प्रमाणपत्र प्रदान गरिएको छ ।

| सि.नं. | पद | नाम, थर |
|---|---|---|
| १. | सहन्यायाधिवक्ता | श्री श्यामकुमार भट्टराई |
| ३. | सहन्यायाधिवक्ता | श्री संजीवराज रेग्मी |
| ५. | सहन्यायाधिवक्ता | श्री खेमराज ज्ञवाली |
| ७. | सहन्यायाधिवक्ता | श्री सूर्यराज दाहाल |
| ९. | उपन्यायाधिवक्ता | श्री चन्द्रकान्त खनाल |
| ११. | उपन्यायाधिवक्ता | श्री घनश्याम ओझा |
| १३. | उपन्यायाधिवक्ता | श्री प्रकाश कोइराला |
| १५. | उपन्यायाधिवक्ता | श्री मोना सिंह |
| १७. | उपन्यायाधिवक्ता | श्री युवराज महत |

| सि.नं. | पद | नाम, थर |
|---|---|---|
| २. | सहन्यायाधिवक्ता | डा. श्री गोपीचन्द्र भट्टराई |
| ४. | सहन्यायाधिवक्ता | श्री लोकराज पराजुली |
| ६. | सहन्यायाधिवक्ता | श्री रमादेवी पराजुली |
| ८. | सहन्यायाधिवक्ता | श्री उद्धवप्रसाद पुडासैनी |
| १०. | उपन्यायाधिवक्ता | श्री हरिप्रसाद रेग्मी |
| १२. | उपन्यायाधिवक्ता | श्री गोपाल लामिछाने |
| १४. | उपन्यायाधिवक्ता | श्री यामबहादुर बानियाँ |
| १६. | उपन्यायाधिवक्ता | श्री लोकबहादुर कटुवाल |
| १८. | शाखा अधिकृत | श्री सीतादेवी सुवेदी |

यसैगरी महान्यायाधिवक्ताको कार्यालयको २०७५।०८।२७ गतेको निर्णय अनुसार देहायका सरकारी वकीलहरूलाई राजस्व सम्बन्धी कानूनमा विशिष्टीकृत सरकारी वकीलको रूपमा प्रमाणपत्र प्रदान गरिएको छ ।

| सि.नं. | पद | नाम, थर |
|---|---|---|
| १. | का.मु. नायब महान्यायाधिवक्ता | श्री नारायणप्रसाद पौडेल |
| ३. | सहन्यायाधिवक्ता | श्री गोपाल प्रसाद रिजाल |
| ५. | उपन्यायाधिवक्ता | श्री कृष्णमोहन कोइराला |
| ७. | उपन्यायाधिवक्ता | श्री हरि शंकर ज्ञवाली |
| ९. | उपन्यायाधिवक्ता | श्री अच्युतमणि न्यौपाने |
| ११. | शाखा अधिकृत | श्री टेकराज भुसाल |

| सि.नं. | पद | नाम, थर |
|---|---|---|
| २. | सहन्यायाधिवक्ता | श्री विश्वराज कोइराला |
| ४. | सहन्यायाधिवक्ता | श्री संजीवराज रेग्मी |
| ६. | उपन्यायाधिवक्ता | श्री नारायणबहादुर थापा |
| ८. | उपन्यायाधिवक्ता | श्री केशव प्रसाद पन्त |
| १०. | उपन्यायाधिवक्ता | श्री लोकबहादुर कटुवाल |
| १२. | शाखा अधिकृत | श्री अञ्चन भट्टराई |

२. **महान्यायाधिवक्ता पद बहाली भएपछि भएका कामहरू र आगामी कार्यक्रमको रूपरेखाः** माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलले महान्यायाधिवक्ताको पदभार ग्रहण गरेको १०० औं दिनको अवसरमा २०७५।२।१८ गते पत्रकार भेटघाट कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रममा माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल महान्यायाधिवक्ताको कार्यालयबाट संचालन गरिने आगामी कार्यक्रमको रूपरेखा प्रस्तुत

गर्नु भएको थियो । कार्यक्रममा प्रस्तुत महत्वपूर्ण कामहरू र महान्यायाधिवक्ताको कार्यालयबाट संचालन गरिने भावी कार्य योजना **अनुसूची ४४** मा समावेश गरिएको छ ।

३. **अपराध संहिता सम्बन्धी राष्ट्रिय कार्यशाला:** २०७५ भदौ १ गते देखि लागू हुने मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को प्रभावकारी र एकरूपतापूर्ण तवरले कार्यान्वयनका लागि महान्यायाधिवक्ताको कार्यालयका सबै सरकारी वकीलहरू र जिल्ला सरकारी वकील कार्यालयमा जिल्ला न्यायाधिवक्ताको रूपमा कार्यरत सबै सरकारी वकीलहरूको सहभागिता रहने गरी २०७५ साउन १८ र १९ गते दुई दिवशीय राष्ट्रिय कार्यशाला सम्पन्न भएको थियो ।

४. **महिला तथा बालबालिकाको न्याय सम्बन्धी राष्ट्रिय कार्यशाला:** युनिसेफ, नेपालको सहयोगमा सम्माननीय प्रधानन्यायाधीशको समुपस्थितिमा मिति २०७५।०६।०६ मा काठमाडौंमा काठमाडौं उपत्यकाका जिल्ला न्यायाधीशहरू, उपत्यकामा कार्यरत सरकारी वकीलहरू, अदालतका उच्च अधिकृत कर्मचारीहरू, अपराध अनुसन्धानमा कार्यरत नेपाल प्रहरीका अधिकृत कर्मचारीहरू, कानून अध्ययन अध्यापन हुने विश्वविद्यालयका प्रतिनिधि, विभिन्न गैरसकारी संस्थाका प्रतिनिधिसमेत ८३ जनाको उपस्थितिमा महान्यायाधिवक्ताको कार्यालयको आयोजनामा महिला तथा बालबालिकाको न्याय सम्बन्धी राष्ट्रिय कार्यशाला, २०७५ सम्पन्न भएको छ ।

५. **मुख्य न्यायाधिवक्ताहरूसँग कार्यशाला :** संघात्मक शासन प्रणाली अवलम्बन गर्ने गरी २०७२ सालमा जारी भएको नेपालको संविधानले महान्यायाधिवक्ता तथा पहिलो पटक मुख्य न्यायाधिवक्ताको व्यवस्था गरेको सन्दर्भमा मुख्य न्यायाधिवक्ताको संवैधानिक एवम् कानूनी जिम्मेवारी तथा महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ता बीचको अन्तरसम्बन्धका सम्बन्धमा अवधारणागत रूपमा स्पष्टताका लागि सातवटै प्रदेशका मुख्य न्ययाधिवक्ताहरूलाई आमन्त्रण गरी मिति २०७५।०२।११ गते मुख्य न्यायाधिवक्ताको काम कारवाही एवम् महान्यायाधिवक्तासँगको अन्तरसम्बन्ध विषयक एक दिवसीय राष्ट्रिय कार्यशाला काठमाडौंमा सम्पन्न भएको थियो । माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यूको अध्यक्षतामा सञ्चालन भएको उक्त कार्यशालामा कार्यपत्र नायब महान्यायाधिवक्ता श्री किरण पौडेल र प्रा. पूर्णमान शाक्यले प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यपत्र उपर टिप्पणी पूर्व महान्यायाधिवक्ता श्री बद्रीबहादुर कार्कीज्यू र नेपाल कानून आयोगका अध्यक्ष श्री माधव पौडेलज्यूले गर्नु भएको थियो । सो कार्यशालामा देहायमा उल्लिखित सात वटै प्रदेशका मुख्य न्यायाधिवक्ताहरूको सहभागिता रहेको थियो ।

| सि.नं. | प्रदेश नं. | मुख्य न्यायाधिवक्ताको नाम, थर |
|---|---|---|
| १. | प्रदेश नं. १ | श्री चुडामणि आचार्य |
| २. | प्रदेश नं. २ | श्री दीपेन्द्र झा |
| ३. | प्रदेश नं. ३ | श्री सुर्यचन्द्र न्यौपाने |
| ४. | प्रदेश नं. ४ | श्री राजेन्द्र घिमिरे |
| ५. | प्रदेश नं. ५ | श्री ठाकुरप्रसाद जि.सी. |
| ६. | प्रदेश नं. ६ | श्री विद्याभूषण मानन्धर |
| ७. | प्रदेश नं. ७ | श्री कुलानन्द उपाध्याय |

६. **प्रतिरक्षा सम्बन्धी छलफल कार्यक्रम:** नेपाल सरकारको प्रतिनिधित्व र प्रतिरक्षासम्बन्धी विषयमा मिति २०७५ साउन ८ गते सरोकारवाला निकायको प्रतिनिधिहरू र सरकारी वकीलहरूबीच छलफल कार्यक्रम आयोजना गरियो । माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यूको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव श्री लोकदर्शन रेग्मी, नेपाल सरकारका सचिवहरू, विभागीय प्रमुखहरू, कानून अधिकृतहरू र उपत्यकाका सरकारी वकीलहरूको सहभागिता रहेको थियो । सहभागीहरूले सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षालाई प्रभावकारी बनाउन आवश्यक सहयोग गर्न तयार रहेको प्रतिबद्धता व्यक्ता गर्नु भएको थियो ।

७. **हेलो साक्षी कार्यक्रम :** सरकार वादी मुद्दाका पीडित एवम् साक्षीहरूलाई न्यायिक प्रक्रियामा संलग्न गराई न्याय सम्पादन कार्यमा सहयोग पुऱ्याउनका लागि २०७५ जेठ २८ गतेको समन्यव समितिको निर्णयबाट हेलो साक्षी कार्यक्रम सञ्चालन गरिएको छ । सोका लागि देहायका कार्यक्रमहरू सञ्चालन हुनेछन् :

- अनुसन्धानको प्रक्रियादेखि नै साक्षी र पीडितको सम्पर्क नम्बर अध्यावधिक गर्न अनुसन्धान गर्ने निकायहरूसँग समन्वय गरिने ।
- सरकारी वकील कार्यालयमा अपराध पीडित र साक्षीको विवरण अध्यावधिक राख्ने ।
- पीडित र साक्षीलाई वकपत्रको पूर्व सूचना उपलव्ध गराउने ।

- प्रतिवेदक र बरामदी मुचुल्काका तयारी कार्यमा संलग्न सरकारी कर्मचारीहरूलाई साक्षीको रूपमा वकपत्र गर्नु पर्ने अनिवार्य दायित्व पूरा गर्नका लागि सम्बन्धित निकायमा समन्वय गरिने ।
- फौजदारी मुद्दामा साक्षीको महत्व र भूमिका एवम् त्यसले पार्न सक्ने प्रभावका बारेमा जनस्तरमा जानकारी प्रवाह गर्नका लागि श्रव्यदृश्य सामाग्री तयार गरी प्रकाशन प्रशारण गरिने ।

८. **सजाय कम गर्ने मागदावी लिने सम्बन्धी व्यवस्थाको बारेमा छलफल:** मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ४७ र मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ३३ मा भएको व्यवस्था बमोजिम सजाय कम गर्ने मागदावी लिने सम्बन्धमा सरोकारवाल निकायका प्रतिनिधिहरू र उपत्यकामा सरकारी वकीलहरूका बीचमा २०७५।०५।२२ मा महान्यायाधिवक्ताको कार्यालयमा छलफल कार्यक्रम आयोजना गरिएको थियो । माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यूको अध्यक्षतामा सञ्चालन भएको सो कार्यक्रममा नेपाल कानून आयोगका अध्यक्ष श्री माधव पौडेलले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

९. **पुस्तकालयको सुधार र सञ्चालन :** भूकम्पबाट महान्यायाधिवक्ताको कार्यालयको भवन क्षतिग्रस्त भएसँगै सो भवनको माथिल्लो तलामा रहेको पुस्तकालय समेत सञ्चालन हुन नसक्ने अवस्था रहेको थियो । महान्यायाधिवक्ताको कार्यालय साविकको सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार स्थितको भवनमा सरेपछि सो मन्त्रालयका लागि तयार भएको प्रिफ्याव भवनमा महान्यायाधिवक्ताको कार्यालयको पुस्तकालयलाई व्यवस्थित गरी पुस्तकालय शाखा सञ्चालन गर्ने कार्य प्रारम्भ भएको छ । यस वर्ष मात्र करिब ४०० पुस्तकहरू (ऐन नियम बाहेक) खरिद गरिएको छ । पुस्तकालयमा करिब ८००० को हाराहरीमा पुस्तकहरू रहेका छन् ।

१०. **विद्युतीय माध्यमबाट अनुगमन प्रारम्भ:** उपत्यकाका सबै सरकारी वकील कार्यालय एवम् नमुना जिल्ला सरकारी वकील कार्यालयको रूपमा घोषणा गरिएको जिल्ला सरकारी वकील कार्यालयहरू सुनसरी, धनुषा, कास्की, रूपन्देही, सुर्खेत र कञ्चनपुरमा ऋऋत्व जडान गरी विद्युतीय माध्यबाट कार्यालयको कार्य सम्पादन अनुगमन गर्ने कार्य प्रारम्भ गरिएको छ ।

११. **सरकारी वकीलहरूको आचारसंहिता जारी :** सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २३ को उपदफा (२) को खण्ड (ङ) बमोजिम महान्यायाधिवक्ताबाट सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरूको आचारसंहिता, २०७५ जारी भएको छ । सो आचारसंहिता **अनुसूची ४३ मा** समावेश गरिएको छ ।

१२. **नमुना सरकारी वकील कार्यालयको व्यवस्था:** प्रत्येक प्रदेशमा एउटा सरकारी वकील कार्यालयलाई नमुना सरकारी वकील कार्यालयको रूपमा विकास गर्ने गरी प्रदेश नं. १ को सुनसरी, प्रदेश नं. २ को धनुषा, प्रदेश नं. ३ को ललितपुर, प्रदेश नं. ४ को कास्की, प्रदेश नं. ५ को रूपन्देही, प्रदेश नं. ६ को सुर्खेत र प्रदेश नं. ७ को कन्चनपुर जिल्ला सरकारी वकील कार्यालयलाई नमुना सरकारी वकील कार्यालय घोषणा गरिएको छ । नमुना सरकारी वकील कार्यालयहरूको भौतिक संरचना, जनशक्ति व्यवस्थापन, अभिलेख पद्धति, सूचना प्रविधिको प्रयोगमा सुधार गरी ती कार्यालयबाट गरिने कार्य सम्पादनको स्तर उच्च बनाइने छ । नमुना सरकारी वकील कार्यालयबाट सम्पादन हुने कामहरूको विवरण **अनुसूची ४४** मा समावेश गरिएको छ ।

१३. **संहिता कार्यान्वयन सहजीकरण समिति :** २०७५ भाद्र १ गते देखि लागू भएका मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को कार्यान्वयनको चरणमा आई पर्ने समस्याहरूलाई तत्काल सम्बोधन गर्नको लागि देहाय बमोजिम पदाधिकारी रहने गरी महान्यायाधिवक्ताको कार्यालयको मिति २०७५।०७।०५ को निर्णय अनुसार मुलुकी अपराध संहिता कार्यान्वयन सहजीकरण समिति (हेल्प डेक्स) गठन गरिएको छ :

| | |
|---|---|
| नायब महान्यायाधिवक्ता श्री किरण पौडेल | संयोजक |
| नायब महान्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेल | सदस्य |
| सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना | सदस्य |
| उपन्यायाधिवक्ता श्री हरिप्रसाद रेग्मी | सदस्य |

१४. **लगातार सुनुवाइ :** मुद्दामा लगातार कारवाही र सुनुवाइले मुद्दाको फछ्यौंटका साथै प्रमाण परीक्षणमा सहयोग भई न्याय सम्पादनमा सहयोग हुने हुँदा यसलाई प्रभावकारी कार्यान्वयन गर्न नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलन, २०७३ को घोषणापत्रको बुँदा नं. २३ मा समेत उल्लेख गरेको थियो । मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ९६ र यसको अनुसूची ३० ले लगातार कारवाही र सुनुवाइ सम्बन्धमा व्यवस्था गरेको छ । यो प्रक्रियमा लैजाने मुद्दाहरूको सूची समेत दिएको अवस्था छ । उक्त व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गराउन सम्पूर्ण प्रहरी र सरकारी वकील कार्यालयहरूलाई निर्देशन दिन मिति २०७५।६।१५ को समन्वय समितिको बैठकले निर्णय गरी कार्यान्वयनमा लगिएको छ ।

१५. **दरबन्दी थप घटः** नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।०३।२० गतेको निर्णयले महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूमा सहन्यायाधिवक्ता (रा.प.प्रथम) थप २ पद, उपन्यायाधिवक्ता (रा.प.द्वितीय) १२ थप र ५ कटौती भई खुद थप ७ पद, सूचना प्रविधि अधिकृत (रा.प.तृतीय) थप १ पद, नायब सुब्बा (रा.प.अनं. प्रथम) २६ थप र १३ कटौती भई खुद थप १३ पद, लेखापाल (रा.प.अनं. प्रथम) कटौती २ पद, कम्प्युटर अपरेटर (रा.प.अनं. प्रथम) थप १७ पद, टाइपिष्ट कटौती ७ पद, सहायक कम्प्युटर अपरेटर (रा.प.अनं. प्रथम) थप ३ पद, हलुका सवारी चालक थप ८० पद, कार्यालय सहयोगी/माली/कुचिकार थप ७ पद गरी जम्मा थप पद १८५, कटौती भएका पद ६५ गरी खुद थप १२० पद कायम भएको छ ।

१६. **थप दुई उच्च सरकारी वकील कार्यालयको स्थापना :** महान्यायाधिवक्ताको कार्यालय मातहतमा रहने गरी उच्च सरकारी वकील कार्यालय ओखलढुङ्गा र वीरगञ्ज कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी ओखलढुङ्गामा सहन्यायाधिवक्ता-१ उपन्यायाधिवक्ता १, शाखा अधिकृत-१, नायब सुब्बा २, लेखापाल १, कम्प्युटर अपरेटर १, हलुका सवारी चालक १ र कार्यालय सहयोगी ३ गरी ११ जना र वीरगञ्जमा सहन्यायाधिवक्ता-१ उपन्यायाधिवक्ता २, शाखा अधिकृत-३, नायब सुब्बा ३, लेखापाल १, कम्प्युटर अपरेटर २, हलुका सवारी चालक १ र कार्यालय सहयोगी ४ गरी १७ जना जनशक्ति सहितको संगठन तथा व्यवस्थापन सर्वेक्षण मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्य संचालन भएको छ ।

१७. **सूचना प्रविधिको प्रयोग र यसको अवस्था :** महान्यायाधिवक्ताको कार्यालयमा देहायका सफ्टवेयरहरूको निर्माण भई प्रयोगमा ल्याइएको छ । ती सफ्टवेयरहरू र प्रयोग सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

**मुद्दाको अभिलेख व्यवस्थापन सम्बन्धी सफ्टवेयरः** महान्यायाधिवक्ताको कार्यालयमा मातहत सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचल्ने निर्णय गरी निकासाका लागि आउने फाइलहरूमा भएका निर्णयहरूको डिजिटल अभिलेख राख्ने सफ्टवेयर निर्माण भएको छ । आर्थिक वर्ष २०४७/४८ देखि २०७४/७५ साल सम्मका उपलब्ध निर्णयहरू प्रविष्ट गरिएका छन् । महान्यायाधिवक्ताको कार्यालयबाट पुनरावेदन गर्ने नगर्ने, दो.पा. निवेदन गर्ने वा नगर्ने, अन्तरकालिन आदेश उपरका निवेदन सम्बन्धी मुद्दाको विवरण एउटै सफ्टवेयरमा राख्ने गरी निर्माण गरिएको छ । उक्त सफ्टवेयर रोलर युएनडिपी परियोजना मार्फत निर्माण गरिएको हो । यसमा कार्तिक मसान्तसम्म कुल ७९,६७४ डाटा प्रविष्ट गरिएको छ ।

**कर्मचारी विवरण व्यवस्थापन प्रणाली सफ्टवेयरः** सरकारी वकील कार्यालयहरूमा काम गर्ने कर्मचारीहरूको विवरण डिजिटल अभिलेख राख्नका लागि Employee Resource Management System (ERMS) सम्बन्धी सफ्टवेयर निर्माण भएको छ । यस सफ्टवेयरमा महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरूको विवरण अभिलेख व्यवस्थापन गर्न सकिन्छ ।

**भौतिक श्रोत व्यवस्था व्यवस्थापन प्रणालीः** यो सफ्टवेयर महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूको भौतिक स्रोत साधनहरूको रेकर्ड र अवस्था अभिलेखीकरण गर्नका लागि निर्माण भई कार्यान्वयनमा ल्याइएको छ । हालसम्म यसमा उल्लेखनीय रूपमा कार्य हुन सकेको छैन ।

**मुद्दा व्यवस्थापन प्रणाली सम्बन्धी सफ्टवयेरः** युएनडिपी रोलरको सहयोगमा निर्मित यस सफ्टवेयर २०७४ साउन १५ देखि कार्यान्वयनमा ल्याइएको छ । जिल्ला, उच्च तथा विशेष सरकारी वकील कार्यालयहरूबाट दायर भएका तथा पुनरावेदनका रूपमा दर्ता भएका मुद्दाका विवरणहरू प्रविष्ट गर्ने कार्य भइरहेको छ ।

**पेशी व्यवस्थापन प्रणालीः** यस सफ्टवेयरमा सर्वोच्च अदालतबाट जारी गरिएको पेशीमा महान्यायाधिवक्ताको कार्यालयबाट सरकारी वकीललाई तोकिने मुद्दाको पेशीको विवरण यस कार्यालयमा रहेका चार वटा मुद्दा महाशाखाबाट इन्ट्री गर्ने कार्यको शुरूवात गरिएको छ । यसमा पेशी तोकिएका मुद्दाको विवरण, सरकारी वकीलको नाम र पद, पेशीमा भएको आदेश वा फैसलाका स्थिति समेत उल्लेख हुने र पेशीको जानकारी र तोकिएका मुद्दाको जानकारी सम्बन्धित सरकारी वकीलकोमा ईमेल मार्फत सूचना हुने गरी सफ्टवेयर तयार भएको छ ।

**ईमेल व्यवस्थापन सम्बन्धी सफ्टवेयरः** यस सफ्टवेयरमा महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूमा कार्यरत सरकारी वकील र कमर्चारीहरूका लागि ईमेल निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । ईमेल सिष्टमको लिंक mail.ag.gov.np रहेको छ ।

यसैगरी आर्थिक वर्ष २०७४/७५ मा सर्भर तथा नेटवर्क व्यवस्थापन तथा सूचना प्रविधि सम्बन्धी उपकरण खरिद तर्फ २ करोड, २३ लाख ९९ हजार रुपियाँ, खर्च गरिएको छ । ती देहाय बमोजिम रहेका छन्:

| विद्युतीय उपकरण | | सूचना प्रविधि सामाग्री | | सिसी टिभी खरिद र जडान कार्य | |
|---|---|---|---|---|---|
| नाम | संख्या | नाम | संख्या | नाम | संख्या |
| Desktop | ६० | Core Switch | २ | जिल्ला सरकारी वकील कार्यालय भक्तपुर | ८ |
| i5 Laptop | १२१ | Link Switch | २ | | |
| i7 Laptop | ५ | Edge Firewall | १ | जिल्ला सरकारी वकील कार्यालय ललितपुर | ८ |
| i7 Laptop | ४० | Core Firewall | २ | | |
| Scanner with ADF | १० | Server | २ | जिल्ला सरकारी वकील कार्यालय काठमाडौं | १६ |
| Flatbed Scanner | १०२ | Storage | २ | | |
| Multi-Function Printer | १ | Windows Server License | २ | उच्च सरकारी वकील कार्यालय पाटन | १६ |
| LaserJet Printer | १० | Backup Software | १ | | |
| Scanner with ADF | १० | VMware Software | १ | | |
| Flatbed Scanner | २२ | | | | |
| Hard Disk | १० | | | | |

**१८. नीति व्यवस्थापन समूहको बैठक** : माननीय महान्यायाधिवक्ता, नायब महान्यायाधिवक्ताहरू, महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत सहन्यायाधिवक्ताहरू रहने नीति व्यवस्थापन समूहको बैठक विभिन्न मितिमा बसी व्यवस्थापकीय पक्षमा सुझाव प्रस्तुत गरेको छ ।

**५.५ महान्यायाधिवक्ताको कार्यालयबाट भएका प्रकाशनहरू**

१. **Prosecution Journal** : मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिताका व्यवस्थाहरूलाई ध्यान दिई विज्ञ लेखक/लेखिकाद्वारा अनुसन्धानमूलक लेख रचना संकलन/सम्पादन गरी Prosecution Journal vol. 4 प्रकाशित गरिएको छ ।

२. **अभियोजन जर्नल** : मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिताका व्यवस्थाहरूलाई ध्यान दिई विज्ञ लेखक/लेखिकाद्वारा अनुसन्धानमूलक लेख रचना संकलन/सम्पादन गरी अभियोजन जर्नल अंक १ प्रकाशित गरिएको छ ।

३. **संवैधानिक कानून स्रोत सामग्री, २०७५** : महान्यायाधिवक्ताको कार्यालयबाट सरकारी वकीलहरूलाई विशिष्टीकरण गर्ने सन्दर्भमा संवैधानिक कानूनमा विशेष प्रशिक्षण कार्यक्रम संचालन गरी २५ जना सरकारी वकीलहरूलाई विशिष्टीकरण गरिएको थियो । सो विशिष्टीकरणका क्रममा तयार भएको संवैधानिक कानून स्रोत सामग्री मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रमको सहयोगमा प्रकाशित गरिएको छ ।

४. **अपराध संहिता र सम्बद्ध कानूनको स्रोत सामग्री** : मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले गरेका नयाँ व्यवस्था र सरकारी वकीलको भूमिका सम्बन्धी स्रोत सामग्री कानूनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रमको सहयोगमा प्रकाशित गरिएको छ ।

५. **नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलन, २०७५ सम्मेलन विशेषाङ्क** : "वैज्ञानिक र वस्तुष्ठि अभियोजन, अपराध संहिताको प्रभावकारी कार्यान्वयन" भन्ने मूल नाराका साथ आयोजना गरिएको नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलन, २०७५ मा प्रस्तुत हुने कार्यपत्रहरू समेत समावेश गरी सम्मेलन विशेषाङ्क प्रकाशित गरिएको छ ।

६. **महिला तथा बालबालिकाको न्याय सम्बन्धी राष्ट्रिय कार्यशाला, २०७५ को प्रतिवेदन र कार्यपत्रहरू:** युनिसेफ, नेपालको सहयोगमा महान्यायाधिवक्ताको कार्यालयबाट आयोजित महिला तथा बालबालिकाको न्याय सम्बन्धी राष्ट्रिय कार्यशाला, २०७५ को प्रतिवेदन र सो कार्यशालामा प्रस्तुत भएका कार्यपत्रहरू प्रकाशित गरिएको छ ।

**५.६ अपराधशास्त्रीय अनुसन्धान केन्द्रको कार्यहरू**

महान्यायाधिवक्ताले राष्ट्रपति समक्ष पेश गर्ने वार्षिक प्रतिवेदनमा अपराधको प्रवृत्ति सम्बन्धी विवरण उल्लेख गर्नुपर्ने नेपालको संविधानले जिम्मेवारी समेत तोकेको छ । यसका लागि महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत रहने गरी २०७३।०२।२३ मा **अपराधशास्त्रीय अनुसन्धान केन्द्र**को स्थापना भएको छ । हाल यस केन्द्रले महान्यायाधिवक्ताको कार्यालयको जनशक्ति, स्रोतसाधनबाटै कार्य प्रारम्भ गरेको छ ।

महान्यायाधिवक्ताको कार्यालयको **कार्य सञ्चालन तथा कार्य विवरण निर्देशिका, २०७३** ले केन्द्रलाई प्रदान गरेका मुख्य जिम्मेवारी देहाय बमोजिम रहेका छन् :

- अपराधको कारण, प्रवृत्ति, रोकथामका उपाय समेतका अपराधका आयामहरू र अपराध र फौजदारी न्याय सम्बन्धमा अध्ययन विश्लेषण गर्ने,
- सूचना संकलन र तथ्याङ्क व्यवस्थापनका सम्बन्धमा अपराध अनुसन्धान, अभियोजन र सरोकारवाला निकायसँग समन्वय गर्ने,
- अपराधको अनुसन्धान र अभियोजनमा स्तरीयता र एकरूपता कायम गर्ने, अभियोगपत्रका सम्बन्धमा अध्ययन गर्ने, अनुसन्धान र अभियोजनमा देखिएका समस्या एवं यसका सफलता र असफलताको पहिचान गर्ने तथा भविष्यमा फौजदारी मुद्दा र न्याय प्रणालीमा सुधारका लागि अनुसन्धान गर्ने,
- नेपाल सरकारबाट मस्यौदा भएका फौजदारी कानूनसँग सम्बन्धित विधेयकहरूमा राय/प्रतिक्रिया दिने,
- फौजदारी कानूनसँग सम्बन्धित नयाँ कानूनको तर्जुमा एवं कानून संशोधन सम्बन्धमा सरोकारवाला निकाय, व्यक्ति वा विज्ञहरूसँग अन्तरक्रिया गर्ने र सुझाव प्रस्तुत गर्ने,

### रणनीतिक योजनामा अपराधशास्त्रीय अनुसन्धान केन्द्र

महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (आ.व.२०७३/०७४–२०७७/०७८) को लक्ष्य ४ को रणनीति ९ मा अपराधशास्त्रीय अनुसन्धान केन्द्र स्थापना गर्ने र केन्द्रमा आवश्यक जनशक्तिका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने, सर्वेक्षण प्रतिवेदनका आधारमा जनशक्तिको व्यवस्था तथा आवश्यक पूर्वाधारको व्यवस्थापन गर्ने, अपराधशास्त्रीय अनुसन्धान केन्द्रबाट अपराधको प्रवृत्ति एवं फौजदारी न्याय प्रणालीमा गर्नुपर्ने सुधारका लागि आवश्यक अनुसन्धान तथा अध्ययन गर्ने क्रियाकलाप उल्लेख गरिएको छ । सो योजना कार्यान्वयन पछि योजनाले "अपराधशास्त्रीय अनुसन्धान केन्द्रले गर्ने अध्ययनबाट अपराधको प्रवृत्ति र फौजदारी कानून कार्यान्वयनको अवस्था बारेमा अध्ययन, अनुसन्धान हुने र सुधारका क्षेत्रहरू पहिचान हुने" अपेक्षा गरेको छ ।

### केन्द्रले सम्पादन गरेका कार्यहरू

यस केन्द्रले माइती नेपालको सहयोगमा मिति २०७५ साउन २५ र २६ गते अनुसन्धानकर्ता प्रहरी, अभियोजनकर्ता सरकारी वकील र अदालतका अधिकृत कर्मचारीहरू बीच मानव बेचबिखन ओसारपसार कसूरमा वैदेशिक रोजगारको अन्तरसम्बन्ध, कानूनी व्यवस्था र प्रस्तावित संशोधन विषयमा चितवनमा दुई दिवसीय कार्यशाला गोष्ठी आयोजना गरेको थियो ।

### ५.७ राष्ट्रिय सम्मेलनको आयोजना

१. **नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलन, २०७५:** नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलन, २०७५ साल पौष ८, ९ र १० गते काठमाडौंमा आयोजना गरिएको थियो । "**वैज्ञानिक र वस्तुनिष्ठ अभियोजन, अपराध संहिताको प्रभावकारी कार्यान्वयन**" भन्ने मूल नारा रहेको सो सम्मेलन देशभरका करिव ३७५ सरकारी वकील र अन्य सरोकारवाला निकायका प्रतिनिधि समेत गरी ४४६ जना सहभागी रहेका थिए । सो सम्मेलनले ३० बुँदे घोषणापत्र समेत जारी गरेको थियो । सम्मेलनको घोषणापत्र **अनुसूची ४२** मा समावेश गरिएको छ ।

२. **संहिता कार्यान्वयनका लागि नेपाल प्रहरीको आयोजनामा प्रादेशिक सम्मेलन:** महान्यायाधिवक्ताको कार्यालयको सहकार्य र नेपाल प्रहरीको आयोजनामा पहिलो पटक प्रादेशिक तहमा अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको प्रादेशिक सम्मेलन सम्पन्न भयो । प्रदेश नं. १ र २ को विराटनगरमा, प्रदेश नं. ३ को काठमाडौंमा, प्रदेश नं. ४ र ५ को बुटवलमा, प्रदेश नं. ६ र ७ को नेपालगञ्जमा सो सम्मेलन सम्पन्न भएको थियो । उक्त सम्मेलनमा सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनका सम्बन्धमा मुलुकी अपराध संहिता समेतका नयाँ कानूनहरूले गरेका व्यवस्था र सोको कार्यान्वयनमा अनुसन्धानकर्ता र अभियोजनकर्ताले विचार गर्नुपर्ने कुराहरू समेतका विषयमा सघन छलफल गरिएको थियो । उक्त कार्यक्रमको सहजीकरणका लागि महान्यायाधिवक्ताको कार्यालयबाट विराटनगरमा सहन्यायाधिवक्ता श्री उद्धवप्रसाद पुडासैनी, काठमाडौंमा नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, बुटवलमा सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली, नेपालगञ्जमा सहन्यायाधिवक्ता श्री विश्वराज कोइरालाको सहभागिता रहेको थियो ।

## ६. समन्वय समितिको गतिविधि

मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १९४ मा समन्वय समितिको व्यवस्था गर्दै अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको अनुसन्धान तथा अभियोजनसँग संलग्न निकायका बीचमा आवश्यकता अनुसार समन्वय कायम गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यमा प्रभावकारिता ल्याउन देहाय बमोजिमको समन्वय समिति रहने उल्लेख छ :-

| | | |
|---|---|---|
| (क) | महान्यायाधिवक्ता | अध्यक्ष |
| (ख) | सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| (ग) | सचिव, गृह मन्त्रालय | सदस्य |
| (घ) | प्रहरी महानिरीक्षक, नेपाल प्रहरी | सदस्य |
| (ङ) | महान्यायाधिवक्ताले तोकेको महान्यायाधिवक्ताको कार्यालयको राजपत्राङ्कित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो दर्जाको सरकारी वकिल | सदस्य सचिव |

समन्वय समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्ने कानूनी व्यवस्था रहेको छ । समितिले आवश्यकता अनुसार अनुसन्धान तहकिकातसँग सम्बन्धित विभिन्न निकायका प्रमुखहरूलाई बैठकमा आमन्त्रण गर्न सक्ने व्यवस्था अनुसार आमन्त्रण गरी सरकार वादी मुद्दाको अनुसन्धान, तहकिकात एवं अभियोजनमा देखिएका व्यावहारिक समस्याहरू समाधान गर्ने प्रयास गर्दै आएको छ । समितिले विभिन्न समयमा बैठक बसी सरकार वादी मुद्दाको अनुसन्धान, तहकिकात एवं अभियोजन सम्बन्धमा आवश्यक निर्णयहरू गरी अपराध अनुसन्धानमा संलग्न निकायहरू विशेष गरी नेपाल प्रहरी र अभियोजनमा संलग्न मातहतका सरकारी वकीलहरूलाई आवश्यक निर्देशनहरू जारी गर्दै आएको छ । यस आर्थिक वर्षमा समन्वय समितिको बैठकहरू २०७४ कार्तिक २३ गते, २०७४।११।२५ गते, २०७४।१२।०४ र २०७५।०२।२८ गते गरी चार वटा बैठक बसी विभिन्न निर्णय गरेको छ । यसैगरी २०७५ साल भदौ ६ गते र २०७५ साल असोज १५ गते समेत समन्वय समितिको बैठक बसेको थियो ।

यसैगरी मिति २०७५।०५।०६ गतेको समन्वय समितिको बैठकले मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची १ र २ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको अनुसन्धान र अभियोजनसँग संलग्न निकायहरूका बीचमा आवश्यकता अनुसार समन्वय कायम गर्न उच्च सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालय तहमा समेत समन्वय समितिको स्थापना गरी समस्यामूलक विषयमा छलफल गर्ने भन्ने महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षिय रणनीतिक योजनाको रणनीति रहेको र नयाँ कानूनहरू लागू भई सकेको सन्दर्भमा उच्च सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालय तहमा समेत समन्वय समितिको स्थापना गरी अनुसन्धान र अभियोजनलाई सुदृढ र प्रभावकारी बनाउने प्रयोजनार्थ देहाय बमोजिमको समन्वय समितिको गठन गरी कार्यादेश समेत तोक्ने निर्णय भएको थियो ।

### १. उच्च सरकारी वकील कार्यालय तहमा :

| | |
|---|---|
| (क) सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय : | संयोजक |
| (ख) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको सहायक प्रमुख जिल्ला अधिकारी : | सदस्य |
| (ग) सम्बन्धित संघीय प्रहरी इकाई कार्यालयको प्रमुख वा निजले तोकेको प्रहरी अधिकृत : | सदस्य |
| (घ) सहन्यायाधिवक्ताले तोकेको अधिकृतस्तरको सरकारी वकील, उच्च सरकारी वकील कार्यालय: | सदस्य सचिव |

**कार्यादेश :**

(१) अपराध अनुसन्धान, अभियोजन र नेपाल सरकार वादी हुने मुद्दाको बहस पैरवी र सरकारी पक्षको प्रतिरक्षालाई प्रभावकारी बनाउन उच्च सरकारी वकील कार्यालय र सरोकारवाला अन्य सरकारी निकायहरूसँग समन्वय कायम गर्ने,

(२) फौजदारी न्याय प्रशासनसँग सम्बन्धित नयाँ कानूनी व्यवस्थाको बारेमा सरोकारवाला निकायहरूलाई सूचना तथा जानकारी प्रवाह गर्ने,

(३) जिल्ला तहमा रहेको समन्वय समितिलाई मार्ग निर्देशन गर्ने,

(४) केन्द्रीय तहको समन्वय समितिले दिएको निर्देशन बमोजिमको कार्य गर्ने ।

(५) समितिले नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान र अभियोजन तथा न्याय सम्पादनसँग सम्बन्धित निकायका प्रतिनिधिहरूलाई सो बैठकमा आमन्त्रण गर्न सक्ने ।

(६) समितिले गरेका निर्णयहरूको जानकारी महान्यायाधिवक्ताको कार्यालय, गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्ने ।

(७) सम्बन्धित सरकारी वकील कार्यालयले वार्षिक प्रतिवेदन पठाउँदा समन्वय समितिको काम कारवाही र निर्णयको बारेमा समेत उल्लेख गर्नु पर्नेछ ।

(८) अन्य विषयमा समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(९) समितिको बैठक प्रत्येक दुई महिनामा एक पटक बस्नु पर्नेछ ।

## २. विशेष सरकारी वकील कार्यालय तहमा :

| | |
|---|---|
| (क) सहन्यायाधिवक्ता, विशेष सरकारी वकील कार्यालय, काठमाडौं : | संयोजक |
| (ख) सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको महानिर्देशक वा निजले तोकेको वरिष्ठ अधिकृत : | सदस्य |
| (ग) नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाईको प्रमुख : | सदस्य |
| (घ) वैदेशिक रोजगार विभागको महानिर्देशक वा निजले तोकेको बरिष्ठ अधिकृत : | सदस्य |
| (ङ) आन्तरिक राजस्व कार्यालयको महानिर्देशक वा निजले तोकेको बरिष्ठ अधिकृत : | सदस्य |
| (च) अपराध अनुसन्धान व्यूरो (CIB) का प्रमुख वा निजले तोकेको सो व्यूरोका अधिकृत : | सदस्य |
| (छ) संयोजकले तोकेको अधिकृतस्तरको सरकारी वकील, विशेष सरकारी वकील कार्यालय, काठमाडौं: | सदस्य सचिव |

**कार्यादेश :**

(१) अपराध अनुसन्धान, अभियोजन र नेपाल सरकार वादी हुने मुद्दाको बहस पैरवी र सरकारी पक्षको प्रतिरक्षालाई प्रभावकारी बनाउन विशेष सरकारी वकील कार्यालय र सरोकारवाला अन्य सरकारी निकायहरूसँग समन्वय कायम गर्ने,

(२) फौजदारी न्याय प्रशासनसँग सम्बन्धित नयाँ कानूनी व्यवस्थाको बारेमा सरोकारवाला निकायलाई सूचना तथा जानकारी प्रवाह गर्ने,

(३) केन्द्रीय तहको समन्वय समितिले दिएको निर्देशन बमोजिमको कार्य गर्ने ।

(४) समितिले विशेष सरकारी वकील कार्यालयको कार्यक्षेत्रमा परेका नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान र अभियोजन तथा न्याय सम्पादनसँग सम्बन्धित निकायका प्रतिनिधिहरूलाई सो बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिले गरेका निर्णयहरूको जानकारी महान्यायाधिवक्ताको कार्यालय, गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयका साथै सरोकारवाला निकायहरूमा पठाउनु पर्नेछ ।

(६) विशेष सरकारी कार्यालयले वार्षिक प्रतिवेदन पठाउदा समन्वय समितिको काम कारवाही र निर्णयको बारेमा समेत उल्लेख गर्नु पर्नेछ ।

(७) अन्य विषयमा समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(८) समितिको वैठक प्रत्येक दुई महिनामा एक पटक बस्नु पर्नेछ ।

## ३. जिल्ला तहमा :

| | |
|---|---|
| (क) प्रमुख, जिल्ला सरकारी वकील कार्यालय : | संयोजक |
| (ख) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको सहायक प्रमुख जिल्ला अधिकारी : | सदस्य |
| (ग) जिल्ला प्रहरी कार्यालयको प्रमुख वा निजले तोकेको सो कार्यालयको अधिकृत : | सदस्य |
| (घ) जिल्लामा रहेका अपराध अनुसन्धान गर्ने निकायका प्रमुख वा निजले तोकेको अधिकृत : | सदस्य |
| (ङ) संयोजकले तोकेको अधिकृतस्तरको सरकारी वकील, जिल्ला सरकारी वकील कार्यालय : सचिव | सदस्य |

**कार्यादेश :**

(१) अपराध अनुसन्धान, अभियोजन र नेपाल सरकार वादी हुने मुद्दाको बहस पैरवी र सरकारी पक्षको प्रतिरक्षालाई प्रभावकारी बनाउन जिल्ला सरकारी वकील कार्यालय र सरोकारवाला अन्य सरकारी निकायहरूसँग समन्वय कायम गर्ने,

(२) फौजदारी न्याय प्रशासनसँग सम्बन्धित नयाँ कानूनी व्यवस्थाको बारेमा सरोकारवाला निकायलाई सूचना तथा जानकारी प्रवाह गर्ने,

(३) केन्द्रीय तहको समन्वय समितिले दिएको निर्देशन बमोजिमको कार्य गर्ने ।

(४) समितिले नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान र अभियोजन तथा न्याय सम्पादनसँग सम्बन्धित निकायका प्रतिनिधिहरूलाई सो बैठकमा आमन्त्रण गर्न सक्ने ।

(५) समितिले गरेका निर्णयहरूको जानकारी महान्यायाधिवक्ताको कार्यालय, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय र सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा पठाउनु पर्ने ।

(६) सम्बन्धित सरकारी वकील कार्यालयले वार्षिक प्रतिवेदन पठाउदा समन्वय समितिको काम कारवाही र निर्णयको बारेमा समेत उल्लेख गर्नु पर्नेछ ।

(७) अन्य विषयमा समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(८) समितिको वैठक प्रत्येक दुई महिनामा एक पटक बस्नु पर्नेछ ।

परिच्छेद - दुई

# महान्यायाधिवक्ताको कार्यालय

## १. गठन

नेपालको संविधानको धारा १५७ देखि १५९ सम्म महान्यायाधिवक्ता सम्बन्धी व्यवस्था गरिएको छ । संविधानको धारा १५७ को उपधारा (२) मा राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा महान्यायाधिवक्ताको नियुक्ति गर्ने र उपधारा (३) मा सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता भएको व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्तिका लागि योग्य हुने व्यवस्था गरिएको छ । महान्यायाधिवक्ताको कार्यालय मातहतमा हाल १८ वटा उच्च सरकारी वकील कार्यालयहरू तथा ७७ जिल्लामा जिल्ला सरकारी वकील कार्यालयहरू रहेका छन् । यसैगरी विशेष अदालत, राजश्व न्यायाधिकरण, काठमाडौं, वैदेशिक रोजगार न्यायाधिकरण र प्रशासकीय अदालत लगायतका न्यायिक निकायमा बहस पैरवी तथा प्रतिरक्षाको लागि छुट्टै विशेष सरकारी वकील कार्यालय स्थापना गरी कार्यसम्पादन हुँदै आएको छ । महान्यायाधिवक्ताको कार्यालय तथा सो अन्तर्गतका उच्च सरकारी वकील कार्यालयहरू, विशेष सरकारी वकील कार्यालय, काठमाडौं तथा जिल्ला सरकारी वकील कार्यालयहरूको संगठनात्मक तालिका **अनुसूची १** मा प्रस्तुत गरिएको छ । यसैगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, राष्ट्रिय महिला आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालयहरू, आन्तरिक राजश्व विभाग, राजश्व अनुसन्धान विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, अध्यागमन विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, वैदेशिक रोजगार विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभाग, विभिन्न जिल्ला प्रशासन कार्यालयहरू र ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय लगायतका निकायहरूमा सरकारी वकीलहरू कार्यरत रही व्यावसायिक सेवा प्रदान गर्दै आएका छन् ।

## २. महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार

संविधान, कानुन बमोजिम महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छ :

१. संवैधानिक एवं कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानूनी राय सल्लाह प्रदान गर्ने ।

२. नेपाल सरकारको हक, हित र सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता आफैं वा मातहतका अधिकृतहरूबाट नेपाल सरकारको प्रतिनिधित्व गर्ने ।

३. संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारीका समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय गर्ने ।

४. नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने ।

५. नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिँदा नेपाल सरकारलाई राय दिने ।

६. आफ्नोपदीय कर्तव्यको पालना गर्दा नेपालको जुनसुकै अदालत, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुने ।

७. मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने ।

८. हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानवीन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने ।

९. महान्यायाधिवक्ताले संघीय संसद वा त्यसको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने ।

१०. संविधान र अन्य कानून बमोजिम आफूले वर्षभरिमा सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने ।

११. नेपाल सरकारलाई सरोकार पर्ने वा कुनै जटिल कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्व भएको मुद्दामा सर्वोच्च अदालतमा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट उपस्थित भई बहस पैरवी गर्ने ।

१२. संविधानको व्याख्या सम्बन्धी वा अन्य कुनै जटिल कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्वको प्रश्न निहित रहेको मुद्दामा सर्वोच्च अदालतमा उपस्थित भई बहस पैरवी गर्ने ।

१३. अदालतबाट भएका आदेश वा फैसलाहरूको प्रभावकारी कार्यान्वयन गर्न गराउन उपयुक्त देखेमा सम्बन्धित मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई ध्यानाकर्षण गराउने ।

१४. प्रचलित कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भइरहेको कानून संशोधन गर्न वा बनी रहेको कानून लागू गर्नुपर्ने देखिएमा कारण खुलाई नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

१५. नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान प्रकृया अपर्याप्त भएको वा अनुसन्धानमा कुनै खास तरिका वा विधि अपनाउनु पर्ने वा अनुसन्धान सम्बन्धमा अन्य निर्देशन दिन उपयुक्त देखेमा अनुसन्धान तहकिकात गर्ने अधिकारीको विभागीय प्रमुखलाई आवश्यक निर्देशन दिने ।

१६. संवैधानिक निकाय, मन्त्रालय, सचिवालय, विभाग वा अन्य सरकारी कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी मस्यौदामा स्तरीयता ल्याउन त्यस्ता निकाय, मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई आवश्यक समन्वय र निर्देशन दिने ।

१७. कारागारमा रहेका कैदीको मानवअधिकारको अवस्थाबारे अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

१८. कुनै गम्भीर वा सार्वजनिक महत्वको वा नेपाल सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा तोकिएको सरकारी वकीलको अतिरिक्त अन्य सरकारी वकील खटाई मुद्दाको अभियोजन एवं बहस पैरवी गर्नु आवश्यक छ भन्ने लागेमा सो बमोजिम गर्न कुनै सरकारी वकीललाई खटाउन सक्ने ।

१९. कुनै न्यायिक वा अर्ध न्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट नेपाल सरकारको हक, हित वा सार्वजनिक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न, मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्न, पुनरावलोकनको निवेदन दिन कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने महान्यायाधिवक्ता आफैले वा निजले तोकेको सरकारी वकीलले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा उजुर गर्न सक्ने ।

२०. कानून बमोजिम गठित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट संविधान वा प्रचलित कानूनको उल्लङ्घन वा सार्वजनिक हित प्रतिकूल भएको छ भन्ने लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध उजुर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने महान्यायाधिवक्ता आफैले वा निजले तोकेको सरकारी वकीलले त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा उजुर गर्ने ।

## ३. महान्यायाधिवक्ताको भूमिका

संविधान र प्रचलित कानूले तोकेका नियमित काम, कर्तव्य तथा अधिकारका अतिरिक्त महान्यायाधिवक्ताको भूमिका तथा जिम्मेवारीहरू देहाय बमोजिम रहेका छन् :

१. **न्याय सेवा आयोगको सदस्य** : नेपालको संविधानको धारा १५४ ले नेपाल सरकारले कानून बमोजिम संघीय न्याय सेवाको राजपत्रांकित पदमा नियुक्ति, सरुवा, बढुवा गर्दा वा त्यस्तो पदमा बहाल रहेको कुनै कर्मचारीलाई विभागीय सजाय गर्दा नेपाल सरकारले न्याय सेवा आयोगको सिफारिस अनुसार गर्नुपर्ने व्यवस्था गरेको छ । प्रधान न्यायाधीशको अध्यक्षतामा महान्यायाधिवक्ता समेत सदस्य रहने गरी न्याय सेवा आयोगको गठन हुने व्यवस्था संविधानले गरेको छ । वर्तमान न्याय सेवाको संरचनामा न्याय सेवालाई न्याय समूह, सरकारी वकील समूह र कानून समूह गरी तीन समूहमा विभाजन गरिएको भए पनि सबै समूहका राजपत्राङ्कित कर्मचारीहरूको नियुक्ति, सरूवा, बढुवा तथा विभागीय कारबाही गर्ने सम्बन्धमा न्याय सेवा आयोगको सदस्यको रूपमा महान्यायाधिवक्ताको समेत महत्वपूर्ण भूमिका रहेको छ ।

२. **नेपाल कानून व्यवसायी परिषद्को अध्यक्ष** : नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा ४ ले महान्यायाधिवक्ताको अध्यक्षतामा नेपाल कानून व्यवसायी परिषद्को गठन सम्बन्धी व्यवस्था गरेको छ । परिषद्ले परीक्षाद्वारा छनौट भएका योग्य व्यक्तिलाई कानून व्यवसायीमा दर्ता गर्ने र प्रमाण-पत्र दिने, कानून व्यवसायीले तोकिएको व्यावसायिक आचरण पालन गरे नगरेको अनुगमन गर्ने, कानून व्यवसायीले आचरण विरुद्ध कार्य गरेको सम्बन्धमा उजुरी सुन्ने र कारबाहीका लागि अनुशासन समिति मार्फत कारबाही गरी प्रमाणपत्र रद्द गर्ने लगायतका कार्य गर्दछ ।

३. **नेपाल नोटरी पब्लिक परिषद्को अध्यक्ष** : नोटरी पब्लिक सम्बन्धी ऐन, २०६३ को दफा ५ ले महान्यायाधिवक्ताको अध्यक्षतामा नेपाल नोटरी पब्लिक परिषद्को गठन हुने व्यवस्था गरेको छ । परिषद्ले नोटरी पब्लिक सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीति तर्जुमा गरी कार्यान्वयन गर्ने, परीक्षा सञ्चालन गर्ने,

नोटरी पब्लिकको प्रमाणपत्र दिने, आचारसंहिता बमोजिम काम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने र अनुशासन समितिमार्फत कारबाही गरी प्रमाणपत्र रद्द गर्ने लगायतका कार्य गर्दछ ।

४. **समन्वय समितिको अध्यक्ष** : मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १९४ मा समन्वय समितिको व्यवस्था गर्दै अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको अनुसन्धान तथा अभियोजनसँग संलग्न निकायका बीचमा आवश्यकता अनुसार समन्वय कायम गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यमा प्रभावकारिता ल्याउन महान्यायाधिवक्ताको अध्यक्षतामा गृह मन्त्रालयका सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव तथा प्रहरी महानिरीक्षक समेत सदस्य रहेको समन्वय समितिको व्यवस्था गरेको छ ।

५. **प्रोवेशन तथा प्यारोल बोर्डको अध्यक्ष :** फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३८ मा कैद सजाय पाएका कसूरदारको सामाजिक पुनर्स्थापना तथा एकीकरण गर्ने कार्यमा सहयोग समेत पुऱ्याउनको लागि महान्यायाधिवक्ता अध्यक्षतामा गृह मन्त्रालयका सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव सदस्य रहेको प्रोवेशन तथा प्यारोल बोर्डको व्यवस्था गरेको छ ।

६. **पीडित संरक्षण समितिः** अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४४ मा कसूर पीडितको हक हितको संरक्षण गर्ने सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिनको लागि महान्यायाधिवक्ताको अध्यक्षतामा नेपाल कानून आयोगका अध्यक्ष, अर्थ मन्त्रालयका सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव, प्रहरी महानिरीक्षक र पीडित न्यायशास्त्र वा फौजदारी न्यायको क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्तिहरूमध्येबाट नेपाल सरकारले तोकेको एकजना विज्ञ समेत सदस्य रहने गरी पीडित संरक्षण सुझाव समिति रहने व्यवस्था गरिएको छ ।

७. **केन्द्रीय कानूनी सहायता समितिको सदस्य** : नेपालको संविधानको धारा २४ को उपधारा (१०) ले असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुने व्यवस्था गरेको छ । कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा ६ ले माननीय कानून तथा न्याय मन्त्रीको अध्यक्षतामा पाँच सदस्यीय केन्द्रीय कानूनी सहायता समिति गठन हुने र सो समितिमा महान्यायाधिवक्ता पदेन सदस्य रहने व्यवस्था गरेको छ । असमर्थ पक्षको तर्फबाट कानूनी सहायता सम्बन्धी व्यवस्था गर्ने कार्यमा महान्यायाधिवक्ताको समेत महत्वपूर्ण भूमिका रहने व्यवस्था छ । जिल्लास्तरसम्म यस किसिमको सहायता प्रदान गर्ने सम्बन्धमा उच्च अदालत तथा जिल्ला अदालत रहेको स्थानमा क्रमशः उच्च सरकारी वकील कार्यालयका सह-न्यायाधिवक्ता र जिल्ला सरकारी वकील कार्यालयका जिल्ला न्यायाधिवक्ताको अध्यक्षतामा जिल्ला कानूनी सहायता समिति गठन गर्ने व्यवस्था उक्त ऐनको दफा ७ ले गरेको छ ।

८. **राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समितिको सदस्य** : नेपाल सरकारले नागरिक उड्डयनलाई पूर्ण सुरक्षित गराउने प्रयोजनको निम्ति गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा ३ अनुसार निर्माण गरेको हवाई सुरक्षा (व्यवस्था) नियमावली, २०४६ को परिच्छेद २ नियम २ को उपनियम (१) मा माननीय पर्यटन मन्त्री वा राज्य मन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समितिमा महान्यायाधिवक्ता पदेन सदस्य रहने व्यवस्था गरिएको छ ।

९. **राष्ट्रिय न्यायिक प्रतिष्ठान परिषद्को सदस्य :** न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीको कार्य क्षमता र व्यावसायिक दक्षतामा अभिवृद्धि गर्न तथा कानून र न्यायको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्न राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापना भएको र सो प्रतिष्ठानको परिषद्को सदस्यको रूपमा महान्यायाधिवक्ता सदस्य रहने व्यवस्था राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३ को दफा ६ को खण्ड (ङ) मा गरिएको छ ।

## ४. महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतका विभाग, महाशाखा तथा शाखाहरूको गठन र कार्य विभाजन

महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालत समक्ष पुनरावेदन, पुनरावलोकन वा मुद्दा दोहोऱ्याई पाउन गरिने निवेदन लगायत अन्य निवेदन गर्ने, नेपाल सरकारको तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्ने तथा नेपाल सरकार वा नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानूनी राय परामर्श उपलब्ध गराउने, उच्च, विशेष तथा जिल्लास्तरका कार्यालयहरूबाट मुद्दा मामिलाका सन्दर्भमा सम्पादित कार्यहरूको प्रशासकीय रेखदेख, निरीक्षण, निर्देशन तथा नियन्त्रण एवम् अनुगमन गर्ने र दैनिक प्रशासनिक कार्यहरू सञ्चालन गर्न फौजदारी कानून र न्याय प्रशासन सम्बन्धमा अनुसन्धान गर्ने लगायतका कार्यसम्पादन गर्न देहाय बमोजिम विभाग, महाशाखा तथा शाखाहरू गठन गरी कार्य विभाजन समेत गरिएको छ ।

### ४.१ महान्यायाधिवक्ताको कार्यालयमा विभागहरू

१. **कार्यालय तथा जनशक्ति व्यवस्थापन विभाग** : यस विभागबाट महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयको मानव संशाधन योजना निर्माण गर्ने, महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गतका कार्यालयको संगठन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने, आर्थिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने, सरकारी वकीलहरू तथा अन्य कर्मचारीहरूको सरुवा बढुवा, स्वदेश तथा विदेशमा सञ्चालन हुने अध्ययन, भ्रमण, तालिम, गोष्ठी, सेमिनार आदिमा मनोनयन लगायत कर्मचारी व्यवस्थापन, सरकारी वकीलको दक्षता अभिवृद्धिका लागि सेवा विशिष्टीकरण र पुनर्ताजगी लगायत विभिन्न प्रशिक्षण कार्यक्रमको पाठ्यक्रम निर्माण गर्ने, नेपाल सरकारको हक, हित सरोकार निहित रहेको मुद्दामा अन्तर्राष्ट्रियस्तरमा महान्यायाधिवक्ताको कार्यालयले प्रतिनिधित्व गर्ने, नेपाल सरकारका विरुद्ध अन्तर्राष्ट्रिय संस्थामा परेका मुद्दा मामिलाको प्रतिरक्षा गर्ने वा गराउने प्रणालीको विकास गर्ने तथा अन्तर्राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार सम्बन्धी कार्य गर्ने, मुद्दामा अनुसन्धान गर्ने अनुसन्धानकर्तालाई प्रशिक्षण दिने प्रयोजनका लागि प्रहरी प्रधान कार्यालयसँग समन्वय गरी पाठ्यक्रम तर्जुमा गर्ने, सरकारी वकीलको सेवा विशिष्टीकरण र पुनर्ताजगी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, भौतिक सम्पत्तिको व्यवस्थापन र संरक्षण सम्बन्धी कार्य, महान्यायाधिवक्ताको कार्यालयको प्रवक्ता तथा नोडल अधिकृत सम्बन्धी कार्य गर्ने, सरकारी वकील तथा अन्य कर्मचारी विरुद्ध पर्ने उजुरी उपरको कारबाही तथा कर्मचारीहरूको गुनासो व्यवस्थापन, न्याय सेवा आयोग सम्बन्धी कार्य गर्ने, सरकारी वकील र कर्मचारीको अभिलेख व्यवस्थापन लगायतका आदि कार्यसम्पादन गरिन्छ ।

२. **योजना, अनुसन्धान तथा अनुगमन विभाग** :यस विभागबाट सरकारी वकील कार्यालयको संस्थागत विकास र सरकारी वकीलको व्यावसायिक दक्षता विकास तथा फौजदारी कानून र फौजदारी न्याय प्रशासनका सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने,सरकारी वकील कार्यालयको जग्गा, भवन, स्रोत साधन, सवारी साधन आदिको अवस्था र सुधारको आवश्यकता तथा सरकारी वकीलको कार्यसम्पादनको स्तर सम्बन्धमा सम्बन्धित विभागमा जानकारी दिने,संस्थागत र व्यावसायिक दक्षता विकासका लागि दातृ निकायसँग सम्पर्क, छलफल र तत्सम्बन्धमा कार्यक्रम तथा प्रस्ताव तयार गरी सहयोग प्राप्त गर्ने विषयमा कार्य गर्ने, महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन तयार गर्ने, समन्वय समितिको बैठक बोलाउने, सञ्चालन गर्ने र निर्णयहरू कार्यान्वयन सम्बन्धी अन्य व्यवस्थापन गर्ने, सरकारी वकीलहरूको क्षेत्रीय र केन्द्रीय अनुशिक्षण गोष्ठीको कार्यक्रम तर्जुमा र सञ्चालन गर्ने, संस्थागत विकासका लागि रणनीतिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन तथा परिमार्जन सम्बन्धी कार्य गर्ने आदि कार्यसम्पादन गरिन्छ ।

३. **मानव अधिकार संरक्षण, कानूनी राय तथा सुशासन विभाग** : यस विभागबाट संवैधानिक एवं कानूनी विषयमा राय परामर्श प्रदान गर्ने, नेपाल सरकार र नेपाल सरकारका विभिन्न निकायमा सुशासन कायम राख्ने सम्बन्धी काम कारबाहीको अध्ययन, अनुगमन गर्ने, कानूनमा सुधार गर्नु पर्ने भएमा नेपाल सरकार समक्ष सुझाव प्रस्तुत गर्ने, सुशासन अभिवृद्धि, पारदर्शिता र जनताले पाउनुपर्ने सेवा सुविधाको प्रत्याभूतिका लागि नेपाल सरकार र नेपाल सरकारका निकायहरूलाई सुझाव दिने, कानूनी राय तथा सुशासनका विषयमा नेपाल सरकारका निकाय वा पदाधिकारीहरूसँग छलफल, अन्तर्क्रिया र गोष्ठी आदि कार्यक्रमको व्यवस्थापन र सञ्चालन गर्ने, कानूनी रायको अभिलेखीकरण व्यवस्थित गर्ने, हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार गरे नगरेको सम्बन्धमा छानविन, अनुगमन गर्ने र आवश्यक निर्देशन दिने, सर्वोच्च अदालतबाट भएका अन्तिम निर्णय वा आदेशहरू तथा कानूनको व्याख्या वा प्रतिपादित कानूनी सिद्धान्तको कार्यान्वयन भए, नभएको सम्बन्धमा अनुगमन गर्ने, सरोकारवाला निकायहरूसँग समन्वय गरी मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने जस्ता कार्यहरू सम्पादन गरिन्छ ।

४. **मुद्दा व्यवस्थापन विभाग** :यस विभागबाट मातहत सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने गरी प्राप्त फाइलहरूमा निकासा दिने, मुद्दा चलाउने नचलाउने सम्बन्धी निकासा वा निर्णयमा एकरूपता कायम गर्ने, मुद्दा तथा रिट निवेदनहरूमा प्रभावकारी रूपमा बहस पैरवी गर्न चाल्नुपर्ने सामयिक कदमबारे आवश्यकतानुसार नीतिगत व्यवस्था र व्यावहारिक उपायको तर्जुमा गरी सुझाव दिने, बहस पैरवी र प्रतिरक्षाको व्यवस्थापन गर्ने, पेशी र सुनुवाइको सूचना व्यवस्थित गर्ने, अभियोजनको परिणामको मूल्याङ्कन गरी त्यसमा सुधार गर्न चाल्नुपर्ने कदम बारे अध्ययन, अनुसन्धान र नीति निर्माण सम्बन्धी कार्य गर्ने, मातहतका सरकारी वकीलहरूलाई अभियोजन सम्बन्धमा निकासा दिने, अभियोजनको स्तर निर्धारणका लागि निर्देशिकाको तर्जुमा गर्ने एवं त्यसको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र परिमार्जन गर्ने तथा अदालतमा सरकारी वकीलले दायर गरेका अभियोगपत्र महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुने व्यवस्था मिलाई त्यसको अध्ययन विश्लेषण गरी सुधारका लागि सम्बन्धित सरकारी वकीललाई सुझाव दिने, सर्वोच्च अदालतमा पुनरावेदन, पुनरावलोकन र निवेदन दर्ता गर्ने तथा मातहत सरकारी वकील कार्यालयबाट निकासाका लागि प्राप्त भएको मुद्दामा निकासा सम्बन्धी कार्य गर्ने, लिखित जवाफ, बहसनोट पेश गर्ने र त्यसको अभिलेख गर्ने, महत्वपूर्ण फैसलाहरूको संकलन गरी सबै सरकारी

वकीललाई जानकारी गराउने, सर्वोच्च अदालतमा दर्ता भएका नेपाल सरकार वादी भएका मुद्दा वा नेपाल सरकारको हक, हित वा सरोकार समावेश भएको रिटको दर्ता, फैसला, फैसला प्राप्त मिति, फैसलाको संक्षिप्त व्यहोरा लगायत अन्य आवश्यक कुराहरूको अभिलेखीकरण गर्ने, मुद्दाको वर्गीकरण गरी विभिन्न विभागबाट के कुन वर्गीकरणका मुद्दाको बहस पैरवी गर्ने भन्ने निर्णयका लागि महान्यायाधिवक्ता समक्ष पेश गर्ने र तदनुरूप प्राप्त मुद्दा तथा रिट सम्बन्धी फाइल सम्बन्धित विभागमा पठाउने, मुद्दा र बहस व्यवस्थापन सम्बन्धमा अन्तरविभाग समन्वय र सम्पर्क कायम गर्ने, मुद्दा र बहस व्यवस्थापनसँग सम्बन्धित विषयमा सुधारका लागि महान्यायाधिवक्ता समक्ष सिफारिस र सुझाव दिने आदि कार्यसम्पादन गरिन्छ ।

**४.२ महाशाखा तथा शाखाहरू :**

विज्ञान र प्रविधिको विकाससँगै घट्न थालेका नयाँ किसिमका अपराधहरू र अपराधीको अपराध गर्ने शैलीमा आएको परिवर्तन, विश्व व्यापार संगठनमा नेपालको प्रवेशसँगै सरकारी वकीलको व्यावसायीकरण र विशेषज्ञताको अभिवृद्धि गर्नुपर्ने आवश्यकता, विशेष प्रकृतिका मुद्दाहरूको बृद्धिले सरकारी वकीलको जिम्मेवारी बढाएको र यसका कारण सिर्जना हुने चुनौतीको सामना गर्न सरकारी वकीलहरूमा दक्षता र व्यावसायिकताको विकास गर्न आवश्यक भएको छ । कुनै निश्चित विषयसँग सम्बन्धित मुद्दा वा कानूनी विवादहरूको सन्दर्भमा विशिष्टीकृत ज्ञान र अभ्यासको आवश्यकता महसुस गर्दै नेपाल सरकार वादी हुने फौजदारी मुद्दाहरू, नेपाल सरकारलाई विपक्षी बनाई दायर भएका मुद्दा तथा रिटहरूमा व्यावसायिक विशिष्टीकरण अनुरूप बहस पैरवी एवं प्रतिरक्षाको व्यवस्था गर्न मुद्दाको विषयगत प्रकृति अनुसार महान्यायाधिवक्ताको कार्यालयमा विशिष्टीकृत रूपमा संवैधानिक तथा फौजदारी मुद्दा महाशाखा, राजश्व, भ्रष्टाचार तथा फौजदारी मुद्दा महाशाखा, भूमि सम्बन्धी तथा फौजदारी मुद्दा महाशाखा, कर्मचारी, वन तथा फौजदारी मुद्दा महाशाखा गठन भई सोही अनुरूप कार्यसम्पादन हुँदै आएको छ । प्रत्येक महाशाखामा सम्बन्धित विषयको ज्ञान, रुची र अनुभवको आधारमा एक जना नायब महान्यायाधिवक्ता र आवश्यकता अनुसार सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता तथा अन्य कर्मचारीहरू रहने व्यवस्था गरिएको छ । यस बाहेक कार्यालय व्यवस्थापन तथा सञ्चालन र संस्थागत सुदृढीकरण समेतका लागि अन्य महाशाखा तथा शाखाहरू समेतको गठन गरिएको छ ।

## ५. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित कामको विवरण

महान्यायाधिवक्ता र मातहतका सरकारी वकीलहरूबाट नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेका मुद्दामा नेपाल सरकारको प्रतिनिधिको रूपमा सम्बन्धित अड्डा अदालत समक्ष उपस्थित भई बहस पैरवी र प्रतिरक्षाको कार्य गरिन्छ । महान्यायाधिवक्ता नेपाल सरकारको कानूनी सल्लाहकार समेत भएको हुँदा नेपाल सरकारका केन्द्रीयस्तरका विभिन्न निकायहरूलाई संवैधानिक एवं कानूनी विषयमा दिइने कानूनी राय सल्लाह एवं प्रस्तावित कानून मस्यौदाका सम्बन्धमा परामर्श दिने समेतका कार्यहरू महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित हुँदै आएका छन् । महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादन हुने कार्यलाई देहाय बमोजिम वर्गीकरण गर्न सकिन्छ :

१. मुद्दा तथा रिट निवेदन सम्बन्धी कार्यहरू,
२. कानूनी राय सल्लाह तथा परामर्श सम्बन्धी कार्यहरू,
३. निरीक्षण, निर्देशन सम्बन्धी कार्यहरू,
४. प्रशासनिक रेखदेख तथा नियन्त्रण सम्बन्धी कार्यहरू,
५. सर्वोच्च अदालतबाट भएको कानूनको व्याख्या एवं प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयनको अनुगमन सम्बन्धी कार्यहरू,

**५.१ मुद्दा सम्बन्धी कार्य**

महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादन हुने मुद्दा सम्बन्धी कार्यहरू देहाय बमोजिम छन्:

(क) मुद्दामा बहस पैरवी एवं रिट निवेदन उपर प्रतिरक्षा सम्बन्धी कार्य,
(ख) पुनरावेदन सम्बन्धी कार्य,
(ग) मुद्दा दोहोऱ्याई पाउने निवेदन तथा पुनरावलोकन सम्बन्धी कार्य,
(घ) अनुमतिका निवेदनमा बहस पैरवी,
(ङ) मुद्दा चलाउने तथा नचलाउने सम्बन्धी निर्णयमा निकासा दिने कार्य,
(च) सरकार वादी मुद्दा फिर्ता लिने वा मिलापत्र गर्ने सम्बन्धी कार्य,

**(क) मुद्दामा बहस पैरवी एवं रिट निवेदन उपर प्रतिरक्षा सम्बन्धी कार्य**

महान्यायाधिवक्ता तथा महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकीलहरू मार्फत सर्वोच्च अदालतमा नेपाल सरकारको तर्फबाट वा प्रतिवादी तर्फबाट दायर गरिएका नेपाल सरकारको हक, हित वा सरोकार रहेको मुद्दाको पुनरावेदन, पुनरावलोकन र रिट निवेदन लगायतका सबै प्रकारका निवेदनहरूमा बहस पैरवी एवं प्रतिरक्षा

गरिन्छ । यसरी बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको छुट्टाछुट्टै विश्लेषण देहाय बमोजिम गरिएको छ :

**१.मुद्दामा बहस पैरवी :** सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ र २ मा उल्लेखित मुद्दाहरू एवं अन्य प्रचलित कानून बमोजिम नेपाल सरकार वादी हुने मुद्दाहरूमा महान्यायाधिवक्ताको कार्यालयका सरकारी वकीलहरूबाट यस आर्थिक वर्षमा सर्वोच्च अदालतमा बहस पैरवी गरेका मुद्दाहरूको लगत संख्या ४,६८८ मध्ये १,४३१ मुद्दा फछ्यौंट भएको देखिन्छ । आर्थिक वर्ष २०७२/०७३ मा ७६२, २०७३/०७४ मा २,३७१ र मुद्दाहरू फछ्यौंट भएको तथ्यांकबाट देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू मध्ये २०७२/०७३ मा ५२१ अर्थात ६८.३७ प्रतिशत र २०७३/०७४ मा १,६३१ अर्थात ६८.३७ प्रतिशत र यस आर्थिक वर्षमा ९८६ अर्थात ६८.९० प्रतिशत मुद्दाहरूमा कसूर ठहर भएको देखिन्छ । यस आर्थिक वर्षको मुद्दाको फछ्यौंट विवरणलाई विगत दुई आर्थिक वर्षको तथ्याङ्कसँग गरिएको तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १६**
**महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी गरिएका मुद्दाहरूको तुलनात्मक विवरण**

| आर्थिक वर्ष | लगत | | | फछ्यौंट | | | | बाँकी | कसूर ठहर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | गत वर्षको | यस वर्षको | जम्मा | कसूर ठहर भएको | सफाइ भएको | अन्य | जम्मा | | |
| २०७२/०७३ | २४४७ | २२१६ | ४६६३ | ५२१ | २४१ | ० | ७६२ | ३९०१ | ६८.३७ |
| २०७३/०७४ | ३९०१ | १७५९ | ५६६० | १६३१ | ७२३ | १७ | २३७१ | ३२८९ | ६८.७९ |
| २०७४/०७५ | ३२८९ | १३९९ | ४६८८ | ९८६ | ४४५ | ० | १४३१ | ३२५७ | ६८.९० |

**(क) अनुसूची भित्रका मुद्दाको लगत र कारबाहीको विवरण**

यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची भित्रका मुद्दाहरूको विषयगत लगत तथा फछ्यौंट र बाँकी तथा कसूर कायम र सफाइको एकीकृत तथ्याङ्कलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १७**
**महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी गरिएका मुद्दाहरूको विषयगत विवरण**

| | सि.नं. | मुद्दाको नाम | लगत मुद्दा | | | फछ्यौंट | | | | बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको | यस वर्षको | जम्मा | कसूर ठहर तथा दावी | सफाई तथा दावी नपुग्ने | मुल्तवी, अन्य | जम्मा | |
| अनुसूची भित्रका | १ | अपहरण | ६७ | २४ | ९१ | २२ | १० | ० | ३२ | ५९ |
| | २ | अंगभंग (कुटपिट ) | २२ | ६ | २८ | ९ | २ | ० | ११ | १७ |
| | ३ | आगलागी | १० | २ | १२ | ४ | २ | ० | ६ | ६ |
| | ४ | आर्थिक | १००३ | ३१२ | १३१५ | २७० | १२२ | ० | ३९२ | ९२३ |
| | ५ | करणी | ३३५ | १५२ | ४८७ | १२० | ७८ | ० | १९८ | २८९ |
| | ६ | किर्ते | ७७ | १४ | ९१ | २६ | १२ | ० | ३८ | ५३ |
| | ७ | चोरी | १७५ | २९ | २०४ | ७६ | २८ | ० | १०४ | १०० |
| | ८ | ज्यान | ६३९ | २३२ | ८७१ | १६१ | ७९ | ० | २४० | ६३१ |
| | ९ | देवानी | १२२ | ६० | १८२ | १८ | ११ | ० | २९ | १५३ |
| | १० | नागरिकता | १४ | ७ | २१ | ६ | ३ | ० | ९ | १२ |
| | ११ | प्रतिलिपि अधिकार | ६ | ० | ६ | ० | ० | ० | ० | ६ |
| | १२ | प्रविधि सम्बन्धी | ११ | १ | १२ | ४ | २ | ० | ६ | ६ |
| | १३ | मानव बेचविखन | ९७ | ७७ | १७४ | २३ | १३ | ० | ३६ | १३८ |
| | १४ | राहदानी | ४ | ० | ४ | ३ | १ | ० | ४ | ० |
| | १५ | लागू औषध | २१३ | ८० | २९३ | ९७ | १२ | ० | १०९ | १८४ |
| | १६ | विवाह | ४१ | १३ | ५४ | १० | १० | ० | २० | ३४ |
| | १७ | सवारी ज्यान | ७२ | ९ | ८१ | ४५ | ५ | ० | ५० | ३१ |
| | १८ | सार्वजनिक अपराध | ५ | ० | ५ | २ | २ | ० | ४ | १ |
| | १९ | हात हतियार | ३७ | ३ | ४० | ८ | ५ | ० | १३ | २७ |
| | २० | विविध | २६ | ८ | ३४ | ७ | ९ | ० | १६ | १८ |
| | | **जम्मा** | २९७६ | १०२९ | ४००५ | ९११ | ४०६ | ० | १३१७ | २६८८ |

प्रस्तुत तालिकामा उल्लेख भए अनुसार महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची भित्रका मुद्दाहरूको जम्मा लगत संख्या ४,००५ रहेको छ । यस मध्ये कसूर ठहर वा दाबी कायम भएका मुद्दा संख्या ९११ र सफाइ भएका वा दाबी नपुगेका मुद्दा संख्या ४०६ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १,३१७ र बाँकी मुद्दा संख्या २,६८८ रहेको देखिन्छ । मुद्दाहरूको विषयगत वर्गीकृत विवरण र कारबाहीको स्थितिको छुट्टाछुट्टै विश्लेषण गरी हेर्दा अपहरण मुद्दाको जम्मा लगत संख्या ९१ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या २२, सफाइ भएका मुद्दा संख्या १० गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ३२ भई बाँकी मुद्दा संख्या ५९ रहेको देखिन्छ । अंगभंग (कुटपिट) मुद्दाको जम्मा लगत संख्या २८ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या ९, सफाइ भएका मुद्दा संख्या २ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ११ भई बाँकी मुद्दा संख्या १७ रहेको देखिन्छ । आगलागी मुद्दाको जम्मा लगत संख्या १२ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या ४, सफाइ भएका मुद्दा संख्या २ गरी फछ्यौंट भएको मुद्दा संख्या ६ भई बाँकी रहेको मुद्दा संख्या ६ रहेको देखिन्छ । आर्थिक (खोटा चलन, चन्दा, चिट्ठा, ठगी, बैकिङ्ग कसूर, भ्रष्टाचार, विदेशी मुद्रा र आर्थिक अपराधसँग सम्बन्धित अन्य) मुद्दाको जम्मा लगत संख्या १,३१५ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या २७०, सफाइ भएका मुद्दा संख्या १२२ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ३९२ र भई बाँकी मुद्दा संख्या ९२३ रहेको देखिन्छ ।

करणी (जबर्जस्ती करणी र जबर्जस्ती करणी उद्योग) मुद्दाको जम्मा लगत संख्या ४८७ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या १२०, सफाइ भएका मुद्दा संख्या ७८ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १९८ भई बाँकी मुद्दा संख्या २८९ रहेको देखिन्छ । किर्ते मुद्दाको जम्मा लगत संख्या ९१ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या २६, सफाइ भएका मुद्दा संख्या १२ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ३८ भई बाँकी मुद्दा संख्या ५३ रहेको देखिन्छ । चोरी (साधारण, नकवजनी, जबर्जस्ती, रहजनी र डाँका) मुद्दाको जम्मा लगत संख्या २०४ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या ७६, सफाइ भएका मुद्दा संख्या २८ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १०४ भई बाँकी मुद्दा संख्या १०० रहेको देखिन्छ । ज्यान (आवेश प्रेरित हत्या, कर्तव्य ज्यान, गर्भपतन, ज्यान मार्ने उद्योग, भवितव्य ज्यान, सवारी ज्यान) मुद्दाको जम्मा लगत संख्या ८७१ रहेको छ । यस मध्ये कसूर ठहर भएका मुद्दा संख्या १६१, सफाइ भएका मुद्दा संख्या ७९ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या २४० र बाँकी मुद्दा संख्या ६३१ रहेको देखिन्छ ।

यसैगरी देवानी मुद्दाको जम्मा लगत संख्या १८२ मध्ये दाबी कायम हुने १८ र दाबी नपुग्ने ११ गरी २९ थान मुद्दा फछ्यौंट भई बाँकी मुद्दा संख्या १५३ रहेको देखिन्छ । नागरिकता मुद्दाको जम्मा लगत संख्या २१ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ६, सफाइ भएका मुद्दा संख्या ३ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ९ र बाँकी मुद्दा संख्या १२ रहेको देखिन्छ । प्रतिलिपि अधिकार मुद्दाको जम्मा लगत संख्या ६ मध्ये कुनै पनि मुद्दा फछ्यौंट भएको देखिदैन । प्रविधि सम्बन्धी मुद्दाको जम्मा लगत संख्या १२ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ४, सफाइ भएका मुद्दा संख्या २ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ६ र बाँकी मुद्दा संख्या ६ रहेको देखिन्छ ।

मानव बेचविखन मुद्दाको जम्मा लगत संख्या १७४ मध्ये कसूर ठहर भएका मुद्दा संख्या २३, सफाइ भएका मुद्दा संख्या १३ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ३६ र बाँकी मुद्दा संख्या १३८ रहेको देखिन्छ । राहदानी मुद्दाको जम्मा लगत संख्या ४ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ३, सफाइ भएका मुद्दा संख्या १ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ४ र बाँकी मुद्दा संख्या ० रहेको देखिन्छ । लागू औषध मुद्दाको जम्मा लगत संख्या २९३ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ९७, सफाइ भएका मुद्दा संख्या १२ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १०९ र बाँकी मुद्दा संख्या १८४ रहेको देखिन्छ ।

विवाह (वहु विवाह र बाल विवाह) मुद्दाको जम्मा लगत संख्या ५४ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १०, सफाइ भएका मुद्दा संख्या १० गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या २० र बाँकी मुद्दा संख्या ३४ रहेको देखिन्छ । सवारी ज्यान मुद्दाको जम्मा लगत संख्या ८१ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ४५, सफाइ भएका मुद्दा संख्या ५ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ५० र बाँकी मुद्दा संख्या ३१ रहेको देखिन्छ । सार्वजनिक अपराध मुद्दाको जम्मा लगत संख्या ५ मध्ये कसूर ठहर भएका मुद्दा संख्या २, सफाइ भएका मुद्दा संख्या २ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ४ र बाँकी मुद्दा संख्या १ रहेको देखिन्छ । हातहतियार मुद्दाको जम्मा लगत संख्या ४० मध्ये कसूर ठहर भएका मुद्दा संख्या ८, सफाइ भएका मुद्दा संख्या ५ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १३ र बाँकी मुद्दा संख्या २७ रहेको देखिन्छ । विविध (कालो बजार, गोवध, छुवाछुत, जुवा, धर्म सम्बन्धी, पुरातात्विक वस्तु, राज्य विरुद्धको अपराध, विष्फोटक पदार्थ, शिक्षा र माथि विषयगत वर्गीकरणमा समावेश नभएका अन्य मुद्दाहरू समेत) मुद्दाको जम्मा लगत मुद्दा संख्या ३४ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ७, सफाइ भएको मुद्दा संख्या ९ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १ र बाँकी मुद्दा संख्या १८ रहेको देखिन्छ ।

**महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी गरिएका लगत मुद्दाहरूको सूचक**




**(ख) अनुसूची बाहिरका मुद्दाको लगत र कारबाहीको विवरण**

यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची बाहिरका मुद्दाहरूको विषयगत लगत, फछ्यौंट र बाँकी तथा कसूर कायम र सफाइको एकीकृत तथ्याङ्कलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १८**

**महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा भएको अनुसूची बाहिरका मुद्दाहरूको विषयगत विवरण**

| सि.न. | विषय | लगत | | | फछ्यौंट | | | | बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गत वर्षको | यस वर्षको | जम्मा | कसूर कायम | सफाई | फिर्ता, मुल्तवी, तामेली | जम्मा | |
| १ | निर्वाचन सम्बन्धी | १ | ० | १ | ० | १ | ० | १ | ० |
| २ | राजश्व चुहावट | ० | १ | १ | ० | ० | ० | ० | १ |
| ३ | वैदेशिक रोजगार | ८५ | २३८ | ३२३ | २० | १० | ० | ३० | २९३ |
| ४ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु | १६ | ५ | २१ | २ | १ | ० | ३ | १८ |
| ५ | विदेशी विनिमय | ० | १ | १ | ० | ० | ० | ० | १ |
| ६ | वन | ३९ | ५ | ४४ | २० | ८ | ० | २८ | १६ |
| ७ | सम्पत्ति शुद्धीकरण | ३ | ४ | ७ | १ | ० | ० | १ | ६ |
| ८ | अन्य | १३ | ७ | २० | १० | ४ | ० | १४ | ६ |
| जम्मा | | १५७ | २६१ | ४१८ | ५३ | २४ | ० | ७७ | ३४१ |

प्रस्तुत तालिकामा उल्लेख भए अनुसार महान्यायाधिवक्ताको कार्यालयबाट यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची बाहिरका मुद्दाहरूको जम्मा लगत संख्या ४१८ मध्ये कसूर ठहर वा दाबी कायम भएका मुद्दा संख्या ५३ र सफाइ भएका वा दाबी नपुगेका मुद्दा संख्या २४ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ७७ र बाँकी मुद्दा संख्या ३४१ रहेको छ । मुद्दाहरूको विषयगत वर्गीकृत विवरण र कारबाहीको स्थितिको छुट्टाछुट्टै विश्लेषण गरी हेर्दा निर्वाचन सम्बन्धी मुद्दाको जम्मा लगत संख्या १ रहेकोमा १ थान मुद्दा सफाई भई कुनै पनि मुद्दा बाँकी नरहेको देखिन्छ । राजश्व चुहावट मुद्दाको जम्मा लगत संख्या १ रहेकोमा कुनै पनि मुद्दा फछ्यौंट नभएको देखिन्छ । वैदेशिक रोजगार मुद्दाको जम्मा लगत संख्या ३२३ मध्ये कसूर कायम भएका २०, सफाइ भएको संख्या १० गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ३० भई बाँकी मुद्दा २९३ रहेको देखिन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु मुद्दाको जम्मा लगत संख्या २१ मध्ये कसूर कायम भएका २, सफाइ भएको संख्या १ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ३ भई बाँकी मुद्दा १८ रहेको देखिन्छ । विदेशी विनिमय मुद्दाको जम्मा लगत संख्या १ रहेकोमा कुनै पनि मुद्दा फछ्यौंट नभएको देखिन्छ । वन मुद्दाको जम्मा लगत संख्या ४४ मध्ये कसूर ठहर भएका मुद्दा संख्या २०, सफाइ भएका मुद्दा संख्या ८ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या २८ भई बाँकी मुद्दा संख्या १६ रहेको देखिन्छ । सम्पत्ति शुद्धीकरण मुद्दाको जम्मा लगत संख्या ७ मध्ये कसूर कायम भई फछ्यौंट भएको मुद्दा १ भई ६ थान मुद्दा बाँकी रहेको देखिन्छ । अन्य मुद्दाको जम्मा लगत संख्या २० मध्ये कसूर ठहर भएका मुद्दा संख्या १०, सफाइ भएका मुद्दा संख्या ४ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १४ भई बाँकी मुद्दा ६ रहेको देखिन्छ ।

**२. रिट निवेदन सम्बन्धी कार्य :** लोकतान्त्रिक शासन पद्धतिमा आधारित लिखित संविधान देशको सर्वोच्च कानून हो । कानूनी राज्यमा संवैधानिक तथा कानूनी सर्वोच्चताको रक्षा र संविधानद्वारा प्रदान गरिएका नागरिकका मौलिक हकहरूको संरक्षणका लागि सर्वोच्च अदालतलाई न्यायिक पुनरावलोकनको अधिकार सहित असाधारण अधिकारक्षेत्र प्रदान गरिएको हुन्छ । यस अन्तर्गत नेपाल सरकार, सरकारी वा सार्वजनिक निकाय वा कुनै न्यायिक, अर्धन्यायिक वा प्रशासकीय अधिकारीले गरेको निर्णयबाट कुनै व्यक्तिको संवैधानिक हक वा अन्य कानूनी हकको हनन भई सो कानूनी हकको उपचारका लागि अन्य वैकल्पिक कानूनी उपचार नभएको वा भए पनि प्रभावकारी नभएको अवस्थामा त्यस्ता निकाय वा पदाधिकारी समेतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा दायर हुन आएका रिट निवेदनमा नेपाल सरकार, सरकारी पदाधिकारी र संवैधानिक निकायका तर्फबाट प्रतिरक्षा गर्ने कार्य महान्यायाधिवक्ताको कार्यालयबाट गरिएको छ ।

यस आर्थिक वर्षमा सर्वोच्च अदालतमा परेका रिट निवेदनहरू १,४७३ थान र अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरी आएको संख्या ३,४४३ थान समेत गरी जम्मा ४,९१६ थान रिट निवेदनहरूको लगत रहेको छ । सो मध्ये १,४५५ थान अर्थात २९.६० प्रतिशत रिट निवेदन फछ्यौंट भएको र ती मध्ये ७७८ थान अर्थात ५३.४७ प्रतिशत रिट निवेदन खारेज भएको र ४१२ थान अर्थात २८.३२ प्रतिशत रिट जारी भएका छन् । साथै २६५ थान अर्थात १८.२१ प्रतिशत मुल्तवी, तामेली र अन्य तवरबाट फछ्यौंट भएको देखिन्छ । महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी, प्रतिरक्षा गरेका रिट निवेदनहरूको तुलनात्मक विवरण देहायको तुलनात्मक तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १९**
**महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरेका रिट निवेदनहरूको विवरण**

| आर्थिक वर्ष | लगत | | | फछ्यौंट | | | | बाँकी | रिट खारेज भएको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | गत वर्षको | यस वर्षको | जम्मा | रिट खारेज भएको | रिट जारी भएको | अन्य | जम्मा | | |
| २०७२/०७३ | ३३७९ | १३४३ | ४७२२ | २९४ | ३७१ | २०८ | ८७३ | ३८४९ | ३३.६८ |
| २०७३/०७४ | ३८४९ | ११९६ | ५०४५ | ९५१ | ३२९ | ३२२ | १६०२ | ३४४३ | ५९.३६ |
| २०७४/०७५ | ३४४३ | १४७३ | ४९१६ | ७७८ | ४१२ | २६५ | १४५५ | ३४६१ | ५३.४७ |

**रिट निवेदनहरूको लगत फछ्यौंट र बाँकीको सूचक**




यस आर्थिक वर्षको रिट निवेदन सम्बन्धी लगत फछ्यौंटको विषयगत विवरण **अनुसूची २** मा प्रस्तुत गरिएको छ । रिट सम्बन्धी विषयगत विवरण हेर्दा सबैभन्दा बढी रिट निवेदन उत्प्रेषण सम्बन्धी र त्यसपछि क्रमशः परमादेश, निषेधाज्ञा/परमादेश, बन्दीप्रत्यक्षीकरण सम्बन्धी विषयमा परेको देखिन्छ भने त्यसपछि निषेधाज्ञा, प्रतिषेध र अधिकारपृच्छा विषयमा परेको देखिन्छ । जसलाई देहायको तालिकामा तथ्याङ्कमा प्रस्तुत गरिएको छ ।

## तालिका नं. २०
## महान्यायाधिवक्ताको कार्यालयबाट प्रतिरक्षा गरेका रिट निवेदनहरूको विवरण

| रिटको प्रकृति | लगत | | | फछ्यौंट | | | | बाँकी | रिट खारेज भएको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | गत वर्षको | यस वर्षको | जम्मा | रिट खारेज | रिट जारी | अन्य | जम्मा | | |
| बन्दीप्रत्यक्षीकरण | ३१ | ६१ | ९२ | ३९ | १२ | १३ | ६४ | २८ | ६०.९४ |
| उत्प्रेषण | ३२९४ | ८६८ | ४१६२ | ४७९ | २३३ | १७३ | ८८५ | ३२७७ | ५४.१२ |
| परमादेश | १०२ | ४२० | ५२२ | २१७ | १२८ | ७० | ४१५ | १०७ | ५२.२९ |
| प्रतिषेध | १२ | ३६ | ४८ | २८ | ११ | ८ | ४७ | १ | ५९.५७ |
| अधिकारपृच्छा | ४ | ० | ४ | २ | २ | ० | ४ | ० | ०.०० |
| निषेधाज्ञा | ० | ६० | ६० | ९ | २० | १ | ३० | ३० | ०.०० |
| निषेधाज्ञा, परमादेश | ० | २८ | २८ | ४ | ६ | ० | १० | १८ | ०.०० |
| **जम्मा** | **३४४३** | **१४७३** | **४९१६** | **७७८** | **४१२** | **२६५** | **१४५५** | **३४६१** | **५३.४७** |

**३. अन्य निवेदन सम्बन्धी कार्य :** महान्यायाधिवक्ताको कार्यालयबाट मुलुकी ऐन अदालती वन्दोवस्तको १७ नं. तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ अनुसारका निवेदनहरू, दफा ११ बमोजिम पुनरावलोकनको निवेदन र दफा १२ बमोजिम मुद्दा दोहोऱ्याई हेरी पाउन दिने निवेदन र राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन गर्न अनुमति माग गरी दिएका निवेदनहरूमा बहस पैरवी र प्रतिरक्षा समेत गरिन्छ । यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट प्रतिरक्षा गरिएका यस प्रकृतिका निवेदनहरूको लगत संख्या २,४०६ थान रहेको देखिन्छ । यी निवेदनहरू मध्ये ७८५ थान अर्थात ३२.६३ प्रतिशत फछ्यौंट भएको र बाँकी १,६२१ थान अर्थात ६७.३७ प्रतिशत लगत सरी गएको देखिन्छ । यस आर्थिक वर्षमा फछ्यौंट भएका ७८५ थान निवेदनहरू मध्ये ३८० थान अर्थात ४८.४१ प्रतिशत निवेदनहरूमा जिकिर कायम भएको र ४०५ थान निवेदनहरूमा जिकिर नपुगेको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची २** मा समावेश गरिएको छ । यस सम्बन्धी तुलनात्मक विवरणलाई देहायको तालिकामा तथ्याङ्कमा प्रस्तुत गरिएको छ ।

## तालिका नं. २१
## महान्यायाधिवक्ताको कार्यालयबाट प्रतिरक्षा गरिएका निवेदनहरूको विवरण

| आर्थिक वर्ष | लगत | | | फछ्यौंट | | | | बाँकी | जिकिर पुगेको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | गत वर्षको | यस वर्षको | जम्मा | जिकिर कायम | जिकिर नपुगेको | अन्य | जम्मा | | |
| २०७२/०७३ | ११८० | ८९२ | २०७२ | १२५ | २८६ | ० | ४११ | १६६१ | ३०.४१ |
| २०७३/०७४ | १६६१ | ६७१ | २३३२ | ६७५ | ५३२ | ० | १२०७ | ११२५ | ५५.९२ |
| २०७४/०७५ | ११२५ | १२८१ | २४०६ | ३८० | ४०५ | ० | ७८५ | १६२१ | ४८.४१ |

**(ख) पुनरावेदन सम्बन्धी कार्य :** न्याय प्रशासन ऐन, २०७३ को दफा ९ मा उच्च अदालतले सुरु कारबाही र किनारा गरेको मुद्दा, दस वर्ष वा सो भन्दा बढी कैदको सजाय भएको मुद्दा, तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय वा पाँच लाख रूपैयाँ भन्दा बढी जरिवाना वा पच्चीस लाख रूपैयाँ भन्दा बढी विगो भएको मुद्दामा सुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णय उपर उच्च अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पूरै बदर गरेको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्ने कानूनी व्यवस्था रहेको छ । कुनै मुद्दामा उल्लिखित अवस्थाहरू मध्ये कुनै अवस्था विद्यमान देखिएमा वादी नेपाल सरकारको तर्फबाट महान्यायाधिवक्ताको कार्यालयले सर्वोच्च अदालतमा पुनरावेदन दायर गर्दछ ।

अभियोग मागदाबी बमोजिम कसूर ठहर नभएका वा मागदाबी भन्दा कम सजाय भएका मुद्दाहरूमा मातहतका उच्च सरकारी वकील कार्यालयहरूबाट पुनरावेदन गर्ने वा नगर्ने प्रस्ताव सहित पठाइएको मिसिल संलग्न कागज प्रमाणहरू अध्ययन गर्दा मुद्दामा मागदाबी बमोजिम कसूर ठहर हुन सक्ने आधारहरू विद्यमान देखिएमा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा पुनरावेदन दायर गरिन्छ । साथै सुरु अदालतबाट मागदाबी बमोजिम कसूर ठहर नभएका वा कम सजाय भएका मुद्दामा पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयबाट पुनरावेदन नगर्ने प्रस्ताव सहित पठाइएका फाइलहरू अध्ययन गर्दा पुनरावेदन गर्नुपर्ने देखेमा सो बमोजिम गर्न निर्देशन सहित मिसिल सम्बन्धित कार्यालयमा पठाउने कार्य समेत महान्यायाधिवक्ताको कार्यालयबाट गरिन्छ । त्यस्तै सुरु अदालत वा मुद्दा हेर्ने अधिकारीले गरेको थुनछेक आदेश वा अन्तरकालीन आदेश उपर अ.व. १७ नं. निवेदन गरी उच्च अदालतबाट भएको आदेशमा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ को उपदफा (२) मा दस वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने मुद्दामा प्रतिवादीलाई पुपर्क्षको

लागि थुना, धरौट वा तारेखमा राखी मुद्दाको कारबाही गर्ने सम्बन्धमा भएका आदेश त्रुटिपूर्ण भएमा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा अ.व. १७ नं. बमोजिम निवेदन दायर गरिन्छ ।

यस आर्थिक वर्षमा सर्वोच्च अदालतमा पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याउने सम्बन्धी निवेदन गर्ने र वेरितको आदेश बदर गर्नको लागि दायर गरिएका निवेदनहरूको लगत देहायको तालिकामा प्रस्तुत तथ्याङ्कबाट देखाइएको र त्यसको विषयगत विवरणलाई **अनुसूची ४** मा समावेश गरिएको छ । यस सम्बन्धी विवरणलाई देहायको तालिकामा तथ्याङ्कमा प्रस्तुत गरिएको छ ।

**तालिका नं.२२**

**महान्यायाधिवक्ताको कार्यालयबाट भएका पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याउने र निवेदन गर्ने सम्बन्धी कार्यको लगत फछ्यौंट विवरण**

| लगत | फछ्यौंट | | | | | | | | | | | | | जम्मा फछ्यौंट | बाँकी | अ.व. १७ नं. निवेदन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुनरावेदन प्रस्ताव | | | निर्णय संख्या | | | जम्मा | दोहोऱ्याई पाउने निवेदन | | | दोहोऱ्याई पाउने | | | | | |
| | पु.गर्ने | पु.नगर्ने | जम्मा | गर्न लेखी पठाउने | गर्ने | नगर्ने | | गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा | | | |
| ३४९३ | ६७६ | १७३५ | २४११ | ५८ | ७७३ | १२०४ | २०३५ | १०६९ | १३ | १०८२ | ९४४ | ८९ | १०३३ | ३०६८ | ४२५ | ३८ |

**महान्यायाधिवक्ताको कार्यालयमा प्रस्ताव प्राप्त भएका पुनरावेदन, मुद्दा दोहोऱ्याउने र निवेदनको सूचक**




माथि तालिकामा प्रस्तुत तथ्याङ्क अनुसार यस आर्थिक वर्षमा निर्णय निकासाको लागि जम्मा लगत ३,४९३ थान मुद्दाहरू रहेको देखिन्छ । त्यसमा पुनरावेदन प्रस्ताव संख्या २,४११ मध्ये ६७६ पुनरावेदन गर्ने एवं नगर्ने प्रस्ताव १,७३५ रहेकोमा पुनरावेदन गर्न लेखी पठाएको संख्या ५८ र पुनरावेदन गर्ने मुद्दा संख्या ७७३ र नगर्ने मुद्दा संख्या १,२०४ गरी जम्मा २,०३५ मुद्दामा पुनरावेदन सम्बन्धी निर्णय भएको देखिन्छ । यसैगरी मुद्दा दोहोऱ्याउने निवेदन गर्ने वा नगर्ने गरी प्राप्त भएको प्रस्ताव संख्या १,०८२ मध्ये निवेदन गर्ने प्रस्ताव १,०६९ र निवेदन नगर्ने प्रस्ताव प्रस्ताव १३ रहेकोमा मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्ने ९४४ र नगर्ने निर्णय ८९ गरी जम्मा निर्णय संख्या १,०३३ रहेको देखिन्छ । यस आर्थिक वर्षमा फछ्यौंट भएका संख्या ३,०६८ र बाँकी ४२५ निर्णय हुन बाँकी रहेको देखिन्छ । अदालती बन्दोबस्तको महलको १७ नं. बमोजिमका निवेदन संख्या ३८ रहेको छ ।

**(ग) मुद्दा दोहोऱ्याउने तथा पुनरावलोकन सम्बन्धी कार्यः** न्याय प्रशासन ऐन, २०७३ को दफा १२ मा यस ऐन वा प्रचलित कानून बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दाहरूमा उच्च अदालतले गरेको फैसला वा अन्तिम आदेश देहायका अवस्थामा सर्वोच्च अदालतले दोहोऱ्याई हेर्न सक्ने व्यवस्था गरेको छ :

१) उच्च अदालतको फैसला वा अन्तिम आदेशमा गम्भीर कानूनी त्रुटि भएको,

२) सर्वोच्च अदालतबाट स्थापित कानूनी सिद्धान्त वा नजिरको पालन नगरेको वा गलत किसिमले व्याख्या गरेको,

३) सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समावेश भएको मुद्दामा मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन नभएको कारणले सार्वजनिक सम्पत्ति हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुगेको, वा

४) बालक, महिला, वृद्ध, अपाङ्ग वा मानसिक रोगबाट पीडित व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तात्विक असर परेको ।

उच्च अदालतबाट भएको फैसला वा अन्तिम आदेशमा न्याय प्रशासन ऐन, २०७३ को दफा १२(१) मा उल्लेखित अवस्था विद्यमान देखिएमा महान्यायाधिवक्ताको कार्यालयबाट सो फैसला वा आदेश उपर मुद्दा दोहोऱ्याई हेरी पाउन सर्वोच्च अदालतमा निवेदन दायर गरिन्छ । मुद्दा दोहोऱ्याउने सम्बन्धी निवेदनहरूको संख्यात्मक विवरण **अनुसूची ५** मा प्रस्तुत गरिएको छ । सर्वोच्च अदालतले गरेको फैसला वा अन्तिम आदेशमा भएको इन्साफमा तात्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तथ्य मुद्दा किनारा भएपछि मात्र सम्बन्धित पक्षलाई थाहा भएको देखिएमा वा सर्वोच्च अदालतबाट स्थापित नजिर वा कानूनी सिद्धान्त प्रतिकूल निर्णय भएको देखिएमा न्याय प्रशासन ऐन, २०७३ को दफा ११ बमोजिम नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा पुनरावलोकनको लागि निवेदन दिन सकिने कानूनी व्यवस्था अनुसार निवेदन गर्ने गरिएको छ । यस आर्थिक वर्षमा सर्वोच्च अदालतमा पुनरावलोकनको निवेदन गरेको संख्या ४० थान रहेकोमा ८ थानमा पुनरावलोकन हुने गरी निस्सा प्राप्त भएको र ६ थान मुद्दामा पुनरावलोकन नहुने गरी जम्मा १४ थान निवेदन फछ्यौंट भई २६ थान निवेदन फछ्यौंट हुन बाँकी रहेको देखिन्छ ।

**(घ) मुद्दा चलाउने/नचलाउने सम्बन्धी निर्णय निकासा दिने कार्य :** नेपालको संविधानको धारा १५८ को उपधारा (२) मा संविधानमा अन्यथा लेखिए बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई भएकोमा उक्त अधिकार धारा १५८ को उपधारा (७) बमोजिम मातहतका सरकारी वकीललाई मिति २०७२/०६/०३ को राजपत्रमा प्रकाशित सूचनाबाट सुम्पिए बमोजिम संकलित सबुद प्रमाणको आधारमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने अधिकार सरकारी वकीललाई प्राप्त छ । जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलले पर्याप्त प्रमाणको अभावमा कुनै मुद्दा नचलाउने गरी निर्णय गरेमा निर्णय सहितको मिसिल उच्च सरकारी वकील कार्यालयमा पठाउने र उच्च सरकारी वकीलले मिसिल अध्ययन गर्दा नचलाउने गरी भएको निर्णय उपयुक्त देखेमा आफूले निर्णय गरी सोको अन्तिम निकासाको लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्ने र मुद्दा चलाउनु पर्ने देखेमा निर्णय गरी मुद्दा दायर गर्न सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयमा फिर्ता पठाउने व्यवस्था रहेको छ । मुद्दा नचलाउने गरी उच्च सरकारी वकील कार्यालयबाट प्रस्तुत भएको मिसिल अध्ययन गरी महान्यायाधिवक्ताबाट मुद्दा चल्ने देखेमा मुद्दा चलाउने निर्णय गरी मुद्दा दायर गर्न सक्कल मिसिल फिर्ता पठाइन्छ र मुद्दा नचल्ने राय मनासिव देखेमा नचलाउने अन्तिम निकासा गरिन्छ । आंशिक रूपमा मुद्दा नचलाउने गरी गरिएको निर्णयको उपयुक्तता र कानूनी आधारहरू समेत परीक्षण गर्ने उद्देश्यले अनुसन्धान अधिकारीको प्रतिवेदन र सरकारी वकीलको निर्णय समेत उच्च सरकारी वकील कार्यालय तथा महान्यायाधिवक्ताको कार्यालय समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था गरिएको छ ।

यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालय समक्ष मुद्दा चलाउने वा नचलाउने सम्बन्धी निर्णय निकासाको लागि लगत कायम भएका ८१ थान मुद्दाहरू मध्ये जम्मा ४ थान मुद्दा चलाउने निर्णय गरी फिर्ता पठाइएको देखिन्छ भने ६० थान मुद्दा नचलाउने गरी र १७ थान मुद्दामा पुनः अनुसन्धान गर्न वा अन्य कारणले फिर्ता पठाउने गरी निर्णय भई जम्मा ८१ थान मुद्दा फछ्यौंट भएको देखिन्छ । गत आ.व. २०७३/०७४ मा ११३ थान मुद्दाहरू मध्ये जम्मा ५ थान मुद्दा चलाउने निर्णय गरी फिर्ता पठाइएको देखिन्छ भने ९२ थान मुद्दा नचलाउने गरी र १३ थान पुनः अनुसन्धान गर्न पठाउने निर्णय भई जम्मा ११० थान फछ्यौंट भएको थियो भने आ.व. २०७२/०७३ मा ९४ थान मुद्दाहरू मध्ये जम्मा २ थान मुद्दा चलाउने निर्णय गरी फिर्ता पठाइएको देखिन्छ भने ८० थान मुद्दा नचलाउने गरी र ९ थान पुनः अनुसन्धान गर्न पठाउने निर्णय भई जम्मा ९१ थान फछ्यौंट भएको थियो । यस सम्बन्धी तुलनात्मक विवरणलाई देहायको तालिकामा तथ्याङ्कमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २३**

**महान्यायाधिवक्ताको कार्यालयबाट भएका मुद्दा चलाउने तथा नचलाउने निर्णय निकासाको विवरण**

| आर्थिक वर्ष | लगत | | | फछ्यौंट | | | | बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| | गत वर्षको | यस वर्षको | जम्मा | चलाउने | नचलाउने | पुनः अनुसन्धान गर्न पठाउने, अन्य | जम्मा | |
| २०७२/०७३ | ० | ९४ | ९४ | २ | ८० | ९ | ९१ | ३ |
| २०७३/०७४ | ३ | ११० | ११३ | ५ | ९२ | १३ | ११० | ३ |
| २०७४/०७५ | ३ | ७८ | ८१ | ४ | ६० | १७ | ८१ | ० |

**(ङ) मुद्दा फिर्ता लिने वा मिलापत्र गर्ने सम्बन्धी कार्य :** सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ मा नेपाल सरकारले प्रचलित कानून बमोजिम सरकार वादी भई हेरिने वा सरकारको तर्फबाट चलाइएको वा सरकार उपर परेको मुद्दा सरकारी वकील मार्फत अन्य पक्षहरूको सहमतिले मिलापत्र गर्न वा अदालतको मञ्जुरीले सरकार वादी भएको फौजदारी मुद्दा फिर्ता लिन सक्ने कानूनी व्यवस्था रहेको थियो । मुद्दा फिर्ता लिने सम्बन्धमा भएको नेपाल सरकारको निर्णयलाई अदालत समक्ष मञ्जुरीका लागि प्रस्तुत गरी कार्य रूपमा ल्याउने काम सरकारी वकीलको हो । सम्बन्धित अड्डा अदालतहरूबाट मुद्दा फिर्ता लिन सहमति भए पछि मात्र विधिवत रूपमा ती मुद्दाहरू फिर्ता हुन्छ । नेपालको संविधानको धारा १५८ को उपधारा (३) मा नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिंदा महान्यायाधिवक्ताको राय लिनु पर्ने संवैधानिक व्यवस्था गरेको छ । यस आर्थिक वर्षमा कुनै पनि मुद्दा फिर्ता नभएको तथ्यांकबाट देखिन्छ । विगत तीन आर्थिक वर्षमा कुनै पनि मुद्दा फिर्ता भएको देखिदैन ।

### ५.२ संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाह

महान्यायाधिवक्ता नेपाल सरकारको कानूनी सल्लाहकार भएकोले नेपालको संविधानको धारा १५८ को उपधारा (१) अनुसार नेपाल सरकार, अन्य संवैधानिक निकाय तथा नेपाल सरकारका पदाधिकारीहरूलाई संवैधानिक एवं कानूनी विषयमा राय सल्लाह प्रदान गर्ने कार्य महान्यायाधिवक्ताबाट गरिन्छ । यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयमा नेपाल सरकारका विभिन्न निकायहरूबाट २६ वटा कानूनी राय माग गरिएकोमा ११ कानूनी राय रीत नपुगेकोले र क्षेत्राधिकार बाहिरको हुँदा फिर्ता भएको र १५ वटा विषयमा कानूनी राय प्रदान गरेको देखिन्छ । महान्यायाधिवक्ताको कार्यालयबाट पछिल्ला तीन आर्थिक वर्षमा प्रदान गरिएको कानूनी राय विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २४**

**महान्यायाधिवक्ताको कार्यालयबाट प्रदान गरिएका कानूनी रायको विवरण**

| आर्थिक वर्ष | राय माग गरेको संख्या | राय दिएको संख्या | रीत नपुगेकोले र क्षेत्राधिकार नभएको हुँदा फिर्ता | बाँकी संख्या |
|---|---|---|---|---|
| २०७२/०७३ | २९ | २७ | २ | ० |
| २०७३/०७४ | २२ | २१ | १ | ० |
| २०७४/०७५ | २६ | १५ | ११ | ० |

### ५.३ निरीक्षण, निर्देशन सम्बन्धी कार्य

कार्यालय स्थापना गर्ने, कर्मचारी खटाउने र कार्यक्षेत्र अनुसार कामको जिम्मेवारी तोक्ने कार्यले मात्र संगठनको उद्देश्य प्राप्त हुँदैन । कार्यालय सञ्चालन कसरी भएको छ र संविधान, ऐन कानून, दिग्दर्शन र विभागीय निर्देशन बमोजिम काम कारबाही भएको छ छैन, कार्यालय तथा जनशक्ति व्यवस्थापन एवं दैनिक प्रशासनको कार्य चुस्त दुरुस्त छ छैन भन्ने सम्बन्धमा अनुगमन गर्नु पर्ने त्यत्तिकै आवश्यक हुन्छ । सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ८ को उपनियम (२) अनुसार महान्यायाधिवक्ताको कार्यालयले सरकारी वकील कार्यालयको र उच्च सरकारी वकील कार्यालयहरूले आफ्नो प्रादेशिक अधिकारक्षेत्रभित्र पर्ने जिल्ला सरकारी वकील कार्यालयहरूको वर्षको कम्तीमा एक पटक निरीक्षण गर्ने गराउने व्यवस्था छ । सो अनुसार महान्यायाधिवक्ता तथा अन्य अधिकृतबाट मातहतका सरकारी वकील कार्यालयहरूको निरीक्षण र सम्बन्धित उच्च सरकारी वकील कार्यालयबाट मातहतका जिल्ला सरकारी वकील कार्यालयहरूको निरीक्षण गर्ने कार्य हुँदै आएको छ । यसरी समय समयमा गरिने मातहत कार्यालयहरूको निरीक्षण, सम्पादित कार्यको अनुगमन एवं मूल्याङ्कनबाट कार्यसम्पादनमा सुधार र स्तरीयता ल्याउन मद्दत पुग्दछ । कार्यालयको प्रभावकारी कार्य सञ्चालनको लागि अनुगमन तथा निरीक्षण गर्ने कार्यलाई नियमित रूपमा सञ्चालन गरिनु पर्दछ । यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालय तथा उच्च सरकारी वकील कार्यालयहरूबाट मातहतका सरकारी वकील कार्यालयहरूमा गरिएको निरीक्षण सम्बन्धी विवरण **अनुसूची ७ र १८** मा दिइएको छ ।

### ५.४ प्रशासनिक रेखदेख तथा नियन्त्रण सम्बन्धी कार्य

सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ८ को उपनियम (१) अनुसार जिल्ला सरकारी वकील कार्यालय तथा उच्च सरकारी वकील कार्यालय, सम्बन्धित उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताको र सबै सरकारी वकील कार्यालय महान्यायाधिवक्ताको सामान्य रेखदेख, नियन्त्रण र निर्देशनमा रहने व्यवस्था छ । सो अनुसार महान्यायाधिवक्ताको कार्यालयले महान्यायाधिवक्ताले मातहतका उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरू उपर प्रशासनिक रेखदेख एवं आवश्यक नियन्त्रण राख्ने कार्य समेत गर्दै आएको छ भने सम्बन्धित उच्च सरकारी वकील कार्यालयले मातहतका जिल्ला सरकारी वकील कार्यालयहरूको कार्य उपर आवश्यक रेखदेख, नियन्त्रण र निर्देशन गर्दै आएको छ । मुद्दा मामिला सम्बन्धी कार्यसम्पादनमा कुनै अनियमितता भएको, म्याद नघाएको वा वेरीतपूर्वक कार्य गरेको मिसिलबाट वा अन्य कुनै व्यहोराबाट खुल्न आएमा त्यस्तो काम कारबाही गर्ने कर्मचारीहरू उपर आवश्यक कारबाही गर्ने सम्बन्धमा अवस्था अनुसार ध्यानाकर्षण गराउने, सचेत गराउने आदि कार्य महान्यायाधिवक्ताको

कार्यालयबाट हुँदै आएको छ । यसका अतिरिक्त मातहतका कार्यालयहरूलाई आवश्यक पर्ने प्रशासनिक नीति निर्देशन दिने तथा भौतिक सुविधा र पूर्वाधार जुटाउने जस्ता कार्यहरू पनि हुँदै आएका छन् ।

## ६. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दा तथा अन्य कार्यहरूको एकमुष्ठ लगत, फछ्यौंट विवरण

माथि विभिन्न तालिकाहरूमा महान्यायाधिवक्ताको कार्यालयबाट यस आर्थिक वर्षमा बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको छुट्टाछुट्टै लगत फछ्यौंट विवरण प्रस्तुत गरिएको छ । उक्त विषयहरूको एकमुष्ठ विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी तथा प्रतिरक्षा गरिएका कुल लगत १२,०१० थान मुद्दा, रिट तथा निवेदनहरू मध्ये ३,६७१ थान अर्थात ३०.५७ प्रतिशत फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दा, रिट तथा निवेदनहरू मध्ये २,१४४ थान अर्थात ५८.४० प्रतिशत रिट, निवेदन खारेज तथा मुद्दामा कसूर ठहर भएको, १,२६२ थान अर्थात ३४.३८ प्रतिशत रिट, निवेदन जारी तथा मुद्दामा सफाइ भएको २६५ थान अर्थात ७.२२ प्रतिशत मुद्दा, रिट तथा निवेदन तामेली, मुल्तवी तथा अन्य तवरबाट फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ । महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा अन्य निवेदनहरूको विवरण देहायको तालिकामा दिइएको छ ।

**तालिका नं. २५**

**महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दामा बहस पैरवी एवं प्रतिरक्षा सम्बन्धी कार्य**

| कार्यको प्रकृति | लगत | | | फछ्यौंट | | | | बाँकी | रिट खारेज तथा कसूर ठहर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | गतवर्ष | यसवर्ष | जम्मा | रिट खारेज, कसूर ठहर | रिट जारी, कसूरमा सफाइ | अन्य | जम्मा | | |
| मुद्दामा बहस पैरवी | ३२८९ | १३९९ | ४६८८ | ९८६ | ४४५ | ० | १४३१ | ३२५७ | ६८.९० |
| रिट निवेदन उपर प्रतिरक्षा | ३४४३ | १४७३ | ४९१६ | ७७८ | ४१२ | २६५ | १४५५ | ३४६१ | ५३.४७ |
| अन्य निवेदन | ११२५ | १२८१ | २४०६ | ३८० | ४०५ | ० | ७८५ | १६२१ | ४८.४१ |
| **जम्मा** | **७८५७** | **४१५३** | **१२०१०** | **२१४४** | **१२६२** | **२६५** | **३६७१** | **८३३९** | **५८.४०** |

**महान्यायाधिवक्ताको कार्यालयको मुद्दा, रिट, निवेदन सम्बन्धी कामको लगत फछ्यौंट सम्बन्धी सूचक**







महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकीलहरूबाट मुद्दा तथा रिट निवेदनहरूमा बहस पैरवी एवं प्रतिरक्षा गर्नेदेखि बाहेक मुद्दाहरूमा निर्णय निकासा दिने निवेदन दायर गर्ने कानूनी राय प्रदान गर्ने समेतका कार्य पनि सम्पादन हुन्छन् । महान्यायाधिवक्ताको कार्यालयबाट मातहतका उच्च तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट निर्णय निकासाको लागि प्रस्तुत गरिएका मुद्दाका मिसिलहरूमा आवश्यक निकासा प्रदान गर्ने, मुद्दा दोहोऱ्याई हेरी पाउन निवेदन तथा अ.वं. १७ नं. बमोजिमको निवेदन गर्ने र जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने गरी गरेको निर्णयको अन्तिम निकासा प्रदान गर्ने, नेपाल सरकार तथा

तोकिएका निकाय र पदाधिकारीहरूलाई कानूनी राय प्रदान गर्ने कार्य समेत सम्पादन गरिन्छ । ती सबै कामहरूको एकमुष्ठ विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २६**

**महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दा तथा निर्णय निकासा सम्बन्धी कार्यहरूको एकमुष्ठ विवरण**

| सि. नं. | कार्यको प्रकृति | | लगत | | | निकासा /फछ्यौंट | फछ्यौंट प्रतिशत | बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्ष | यस वर्ष | जम्मा | | | |
| १ | मुद्दामा बहस पैरवी प्रतिरक्षा | | ३२८९ | १३९९ | ४६८८ | १४३१ | ३०.५२ | ३२५७ |
| २ | रिट निवेदनमा बहस पैरवी र प्रतिरक्षा | | ३४४३ | १४७३ | ४९१६ | १४५५ | २९.६० | ३४६१ |
| ३ | अन्य निवेदनमा बहस पैरवी र प्रतिरक्षा | | ११२५ | १२८१ | २४०६ | ७८५ | ३२.६३ | १६२१ |
| ४ | निकासा | मुद्दा चलाउने वा नचलाउने सम्बन्धी | ३ | ७८ | ८१ | ८१ | १००.०० | ० |
| | | पुनरावेदन गर्ने, गर्न पठाउने वा नगर्ने | ७० | २३४१ | २४११ | २०३५ | ८४.४० | ३७६ |
| | | मुद्दा दोहोऱ्याउने तथा नदोहोऱ्याउने | ० | १०८२ | १०८२ | १०३३ | ९५.४७ | ४९ |
| | | अ.व. १७ नं. को निवेदन गर्ने वा नगर्ने | ० | ३८ | ३८ | ३८ | १००.०० | ० |
| | **जम्मा** | | **७९३०** | **७६९२** | **१५६२२** | **६८५८** | **४३.९०** | **८७६४** |
| ५ | कानूनी राय सम्बन्धी | | ० | २६ | **२६** | २६ | १००.०० | **०** |
| **कुल जम्मा** | | | **७९३०** | **७७१८** | **१५६४८** | **६८८४** | **४३.९९** | **८७६४** |

महान्यायाधिवक्ताको कार्यालयबाट यस आर्थिक वर्षमा मुद्दा, रिट, कानूनी राय तथा अन्य निर्णय निकासा सम्बन्धी सम्पादित कार्यहरूको एकमुष्ठ लगत संख्या १५,६४८ मध्ये जम्मा ६,८८४ थान अर्थात ४३.९९ प्रतिशत फछ्यौंट भएको देखिन्छ भने फछ्यौंट हुन बाँकी संख्या ८,७६४ थान अर्थात ५०.०० प्रतिशत रहेको देखिन्छ ।

## ७. महान्यायाधिवक्ताको कार्यालयका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार

महान्यायाधिवक्ताको कार्यालयमा बहस पैरवीमा संलग्न हुने सरकारी वकीलहरूको दरबन्दी संख्यामा मुद्दा तथा अन्य सम्पादित कार्य समेतको लगत संख्यालाई विभाजन गर्दा यस आर्थिक वर्षमा प्रति सरकारी वकील कार्यबोझको परिमाण देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्कलाई हेर्दा महान्यायाधिवक्ताको कार्यालयमा रहेको सरकारी वकीलको दरबन्दी संख्या (महान्यायाधिवक्ता समेत) ३० र कार्य संख्या १७,०९७ लाई अनुपात मिलाउँदा एक सरकारी वकीललाई ५६९.९० कार्यबोझ रहेको देखिन्छ ।

**तालिका नं. २७**

**महान्यायाधिवक्ताको कार्यालयमा प्रति सरकारी वकील कार्यबोझ**

| कार्यालय | सरकारी वकीलको संख्या | सम्पादित कार्य संख्या | प्रति सरकारी वकीललाई परेको कार्य-बोझ | कैफियत |
|---|---|---|---|---|
| महान्यायाधिवक्ताको कार्यालय | ३० | १७०९७ | ५६९.९० | |

यस अर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दा सम्बन्धी कामको कुल लगतमा कर्मचारीहरूको तलब तथा भत्तामा खर्च भएको एकमुष्ठ रकमलाई विभाजन गर्दा प्रति मुद्दामा खर्च भएको रकमको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ । यस तालिका अनुसार यस कार्यालयमा लगत रहेको मुद्दा सम्बन्धी कार्य र तलब भत्तामा भएको खर्च अनुपात हेर्दा प्रति कार्य खर्च रु. ५,०६५.५९ पर्ने देखिन्छ ।

**तालिका नं. २८**

**महान्यायाधिवक्ताको कार्यालयमा मुद्दाको लगतको अनुपातमा प्रति-मुद्दामा तलब भत्तामा खर्च भएको रकमको विवरण**

| कार्यालय | कुल मुद्दाको लगत | तलब तथा भत्तामा खर्च भएको रकम रु. | प्रति मुद्दा खर्च रकम |
|---|---|---|---|
| महान्यायाधिवक्ताको कार्यालय | १२०१० | ६०,८३७,७५८।०० | ५०६५.५९ |

त्यसैगरी यस आर्थिक वर्षमा मुद्दा लगायत अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता लगायत कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई विभाजन गर्दा प्रति सम्पादित कार्यमा खर्च भएको रकमको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । यस तालिका अनुसार यस कार्यालयमा लगत रहेको मुद्दा सम्बन्धी कार्य र सम्पूर्ण कार्यालय सञ्चालनमा भएको खर्च अनुपात हेर्दा प्रति कार्य खर्च रु. ९,८९१.८४ पर्ने देखिन्छ ।

**तालिका नं. २९**

**महान्यायाधिवक्ताको कार्यालयमा प्रति-सम्पादित कार्यमा भएको खर्चको विवरण**

| कार्यालय | जम्मा सम्पादित कार्य | कुल खर्च रकम रु. | प्रति सम्पादित कार्यमा भएको | कैफियत |
|---|---|---|---|---|
| महान्यायाधिवक्ताको कार्यालय | १७०९७ | १६९१२०७२२.७२ | ९८९१.८४ | |

## ८. सर्वोच्च अदालतबाट भएका कानूनको व्याख्या वा प्रतिपादित सिद्धान्तको अनुगमन सम्बन्धी कार्यहरू

नेपालको संविधान को धारा १५८ को उपधारा (६) को खण्ड (ख) बमोजिम मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए नभएको अनुगमन गर्ने गराउने जिम्मेवारी महान्यायाधिवक्तालाई तोकिएको छ । उक्त व्यवस्थालाई कार्यान्वयन गर्न महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत अनुगमन महाशाखाको गठन भएको छ । महाशाखालाई सर्वोच्च अदालतबाट मुद्दा मामिलाको रोहमा कानूनी सिद्धान्तहरू प्रतिपादन भएका फैसला वा आदेशहरूको जानकारी लिने, फैसला वा आदेशहरूको प्रतिलिपि प्राप्त गर्ने र फैसला वा आदेश बमोजिम कार्य गर्न सम्बन्धित निकायमा पत्राचार गर्ने, सोको कार्यान्वयन भए नभएको जानकारी प्राप्त गरी लगत फाराममा जनाई राख्ने र कार्यान्वयनका सम्बन्धमा नियमित रूपमा अनुगमन गर्ने समेतको कार्यादेश तोकिएको छ ।

सर्वोच्च अदालतबाट भएका फैसलाहरूको कार्यान्वयन प्रक्रियालाई छिटो छरितो र प्रभावकारी बनाउन सर्वोच्च अदालतबाट मुद्दा मामिलाको रोहमा गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमा अदालतबाट वा अन्य कुनै माध्यमबाट प्राप्त हुनासाथ फैसलाको अध्ययन गरी रिट शाखाबाटै सम्बन्धित निकायहरूमा फैसला कार्यान्वयनका लागि पत्राचार गर्ने र बोधार्थ तथा फैसला/आदेशको एक प्रति नक्कल समेत तत्काल यस कार्यालयको अनुगमन महाशाखामा दिने व्यवस्था मिलाइएको छ ।

## ९. हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार गरे नगरेको अनुगमन सम्बन्धी कार्यहरू

नेपालको संविधानको धारा १५८ को उपधारा (७) मा महान्यायाधिवक्ताले आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई सुम्पन सक्ने व्यवस्था छ । संविधानको धारा १५८ को उपधारा (६) को देहाय (ग) बमोजिम महान्यायाधिवक्तामा निहित हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने अधिकार मिति २०७२/०६/०३ को राजपत्रमा प्रकाशित सूचना अनुसार सोही मितिदेखि लागू हुने गरी उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतले काम गर्ने कर्मचारीले प्रयोग गर्ने गरी सुम्पिएको छ ।

सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम १० को उपनियम (छ१) मा कारागारमा रहेका कैदीको मानवअधिकारको अवस्थाबारे अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने व्यवस्था गरेको छ । सो बमोजिम यस आर्थिक वर्षमा माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलले कारागार हिरासत कक्ष काठमाडौं टेकु, खुला कारागार बाँके, तथा मुगु, जुम्ला र श्री वसन्तराम भण्डारीले रसुवा र नुवाकोट जिल्लाका हिरासत कक्ष र कारागारको अनुगमन गर्नु भएको थियो । यसैगरी महान्यायाधिवक्ताको कार्यालयको निर्णय अनुसार देहायका जिल्लाहरूका कारागार, हिरासत कक्षमा अनुगमन गरी प्रतिवेदन पेश गर्ने गरी देहायका देहाय बमोजिम अनुगमन गर्ने कार्य सम्पन्न गरी प्रतिवेदन समेत पेश भएको र पेश भएका प्रतिवेदनहरूलाई एकीकृत गरी प्रकाशित समेत गरिएको छ । अनुगमन भएका कारागार र हिरासतहरू तथा अनुगमन गर्ने पदाधिकारीको विवरण देहायमा खुलाइएको छ:

**तालिका नं. ३०**

**आर्थिक वर्ष २०७४/७५ मा हिरासत तथा कारागार अनुगमन गरिएका जिल्लाहरू र अनुगमन गर्ने अधिकारीहरूको विवरण:**

| सि.नं. | अनुगमन गर्ने पदाधिकारी | सहयोगी पदाधिकारी | अनुगमन भएको जिल्ला | अनुगमन मिति |
|---|---|---|---|---|
| १. | माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल, नायब महान्यायाधिवक्ताद्वय श्री बद्रिप्रसाद गौतम र श्री किरण पौडेल सहन्यायाधिवक्ता श्री गीता प्रसाद | शाखा अधिकृत श्री उर्मिला जि. सी. | काठमाडौको टेकु हिरासत, | २०७४।१२।०४ |

| सि.नं. | अनुगमन गर्ने पदाधिकारी | सहयोगी पदाधिकारी | अनुगमन भएको जिल्ला | अनुगमन मिति |
|---|---|---|---|---|
| | तिम्सिना र श्री सूर्यराज दाहाल | | | |
| २. | महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल, नायब महान्यायाधिवक्ता श्री बद्रिप्रसाद गौतम, सहन्यायाधिवक्ता गीताप्रसाद तिम्सिना | | बाँके खुला कारागार | २०७४।१२।०८ |
| ३. | महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल, नायब महान्यायाधिवक्ताश्री बद्रिप्रसाद गौतम, सहन्यायाधिवक्ता गीताप्रसाद तिम्सिना | | मुगु र जुम्ला | २०७५।२।२०-२३ |
| ४. | माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल<br>नायब महान्यायाधिवक्ता श्री किरण पौडेल र सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना | | तेह्रथुम र धनकुटा | २०७५।८।११-१५ |
| ५. | माननीय महान्यायाधिवक्ता श्री बसन्तराम भण्डारी, नायब महान्यायाधिवक्ता श्री बद्रिप्रसाद गौतम | उपन्यायाधिवक्ता श्री केशवप्रसाद पन्त, शाखा अधिकृत श्री उर्मिला जि.सी., बिन्दुकुमारी धामी रावल | रसुवा, नुवाकोट | २०७४।९।०२-०३ |
| ६. | नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम, सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना | उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवाली, ना.सु श्री कृष्णराज जोशी | गुल्मी, अर्घाखाँची, कपिलबस्तु | २०७४।४।७-१३ |
| ७. | नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम, सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल | शाखा अधिकृत श्री धनश्याम घिमिरे, शाखा अधिकृत श्री ओमप्रकाश बराल | मकवानपुर, बारा, पर्सा र चितवन | २०७४।९।१४-२० |
| ८. | नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल, सहन्यायाधिवक्ता श्री सुरेन्द्रबहादुर थापा | उपन्यायाधिवक्ता श्री यामबहादुर वानियाँ | कन्चनपुर कैलाली, डडेल्धुरा र बाँके | २०७४।४।२२-२९ |
| ९. | नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल, सहन्यायाधिवक्ता श्री उद्दवप्रसाद पुडासैनी | उपन्यायाधिवक्ता श्री यामबहादुर बानियाँ, शाखा अधिकृत श्री बिमला गौतम, ना.सु श्री सुजता आचार्य | नवलपरासी (पुर्व), नवलपरासी ( पश्चिम), रूपन्देही, कपिलवस्तु र अघाखाँची | २०७४।९।१३-२० |
| १०. | नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल, सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना | | लमजुङ, बाग्लुङ, मुस्ताङ | २०७५।०१।२८- |
| ११. | नायब महान्यायाधिवक्ता श्री गणेशबाबु अर्याल, सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली | शाखा अधिकृत श्री नुमराज शर्मा खनाल | खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बु | २०७५।०१।१९-२५ |
| १२. | सहन्यायाधिवक्ता श्री विश्वराज कोइराला | शाखा अधिकृत श्री डम्बरप्रसाद काफ्ले, शाखा अधिकृत श्री भूमिनन्द खनाल | सुनसरी र धनकुटा | २०७४।९।२३-२९ |
| १३. | सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी | उपन्यायाधिवक्ता श्री यदुनाथ शर्मा, ना.सु. श्री भरत मैनाली | तनहुँ र कास्की | २०७४।४।६-१० |
| १४. | सहन्यायाधिवक्ता श्री रमादेवी पराजुली | शाखा अधिकृत श्री सविता शर्मा, क.अ. श्री शोभा पनेरु | स्याङ्जा र पाल्पा | २०७४।१२।४-१० |
| १५. | सहन्यायाधिवक्ता श्री सुरेन्द्रबहादुर थापा | शाखा अधिकृत श्री श्रीराम खनाल | तेह्रथुम र संखुवासभा | २०७४।१०।१७-२३ |

कारागार तर्फ अनुगमन गरिएका ३३ जिल्लाका ३१ वटा कारागारहरूको भौतिक अवस्था अन्तर्गत कारागार कक्षको आकार, क्षमता, संख्या, हावा प्रवेशको अवस्था, पानी चुहिने नचुहिने छतको अवस्था, महिला, पुरुष, बालबालिका साथमा रहे नरहेका, कारागारमा चर्पी, नुहाउने, लुगा धुने स्थान, सरसफाई एवं सुरक्षा व्यवस्था जस्ता कुराहरूलाई निधार्रित अजभअपष्कित अनुसार अनुगमन गरिएको छ । अनुगमन गरिएका ३१ वटा कारागारहरूमा कैदी थुनुवाको संख्या ७९०९ जना रहेको देखिन्छ र ती कारागारहरूको जम्मा क्षमता ४३०८ रहेकोमा क्षमताभन्दा करीब दुई गुणा बढी कैदी थुनुवाहरू रहेको देखियो । कारागारमा रहेका कुल कैदी र थुनुवामा ७४०९ जना पुरुष, ४६४ जना महिला रहेकोमा कैदी र थुनुवाका आश्रित रहेका नाबालक संख्या ३६ जना रहेको देखिन्छ । कञ्चनपुर र रूपन्देही लगायतका जिल्लाहरूमा क्षमता भन्दा बढी कैदी र थुनुवाहरू रहेको पाइयो भने मुस्ताङ र अर्घाखाँची लगायतका जिल्लाहरूमा क्षमता भन्दा कम कैदी र थुनुवाहरू रहेको पाइयो । नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र बारामा कारागार कार्यालयहरू नभएको र मुगु जिल्लामा नयाँ भवन र बाँके जिल्लामा खुल्ला कारागार बन्दै गरेको पाइयो । त्यस्तै काठमाडौं जिल्लामा रहेको केन्द्रीय कारागार जगन्नाथदेवलको समेत अनुगमन गरिएको थियो ।

हिरासत तर्फ अनुगमन गरिएका ३३ जिल्लाका ४० प्रहरी कार्यालय, जिल्ला वन कार्यालय, बारा र चितवन राष्ट्रिय निकुन्ज, कसराको गरी जम्मा ४२ हिरासत कक्षको अनुगमन गरी प्रतिवेदन प्राप्त भएको छ । अपराध अनुसन्धानको सिलसिलामा पक्राउ परेका शंकित व्यक्तिहरूलाई राखिने हिरासत कक्षमा अनुगमन मितिमा जम्मा ७४२ जना थुनुवाहरू रहेको देखिन्छ । हिरासतमा रहेका कुल थुनुवामा ६९६ जना पुरुष र३८ जना महिला रहेकोमा थुनुवाका आश्रित रहेका नाबालकको संख्या ८ जना रहेको देखिन्छ । अनुगमन गरिएका प्रहरीका ४० हिरासत मध्ये २ वटा हिरासत कक्ष, वन कार्यालय वाराको हिरासत कक्ष र चितवन राष्ट्रिय निकुन्ज, हिरासत कक्षमा थुनुवाहरू रहेको देखिदैन । हिरासत कक्षको अन्य भौतिक अवस्थालाई हेर्दा विभिन्न आकारका कक्षहरू रहेका अधिकांशमा घाम, हावा र प्रकाशको स्थिति सामान्य रहेको र धेरैमा भ्यान्टिलेशन जस्ता साना भ्याल रहेको पाइएको छ । धनकुटा जिल्लास्थित् हिरासत कक्षमा रहेको समेत सुरक्षाको दृष्टि देखाई खोल्न नमिल्ने गरी बन्द गरिएकोमा उक्त भ्याल पूर्ववत रूपमा खोली प्रयोग गर्ने र सुरक्षाको प्रवन्ध गर्न निर्देशन दिइएको छ । धेरैजसो हिरासतमा चर्पी र नुहाउने कक्ष अपर्याप्त रहेको देखिन्छ । अधिकांश हिरासतहरूको सरसफाईको अवस्था सामान्य रहेको तथा सबै हिरासतहरूमा सुरक्षा व्यवस्था सामान्य रहेको देखिन्छ ।

**समस्याहरू**

कारागारमा रहेका कैदी र थुनुवाहरूले पाउने दैनिक सिदा खर्च (सातसय ग्राम चामल र रु ६०) ज्यादै कम भएको र जरिवाना वापत कट्टाहुने रकम समेत कम रहेको, अधिकांश कारागारहरूको भौतिक अवस्था कमजोर रहेको, क्षमता भन्दा बढी कैदी र बन्दीहरू रहेको, कारागार र हिरासतमा स्वास्थ्यकर्मीको पद रिक्त रहेको तथा औषधीको न्युन उपलब्धताको कारण उपचारमा कठिनाई हुने गरेको, कैदी र थुनुवालाई एकै स्थानमा राख्ने गरिएको, अधिकांश कारागार र हिरासतमा शिशु स्याहार र प्रसुती स्याहार कक्षको व्यवस्था हुन नसकेको, फरक किसिमले सक्षम व्यक्तिहरू, तेस्रो लिङ्गी र जेष्ठ नागरिकको लागि हिरासत र कारागारमा विशेष प्रवन्ध हुन नसकेको जस्ता समस्याहरू कारागार तथा हिरासतका साझा समस्याहरू हुन् ।

**सुझावहरू**

थुनुवा तथा हिरासत कक्षको उचित व्यवस्थापन हुनुपर्ने, नयाँ मापदण्ड अनुसार भवन निर्माण हुनुपर्ने, खानेपानी लगायतका आधारभूत सुविधाहरूको व्यवस्था हुनुपर्ने, सिदा खर्चको समयानुकूल पुनरावलोकन हुनुपर्ने, स्वास्थ्य जाँच तथा शिक्षाको व्यवस्था गरिनुपर्ने, प्रमाण संकलन समेतका कार्यसम्पादनमा शीघ्रता ल्याउनुपर्ने, कार्यविधि र निर्देशिकाको पुनरावलोकन गरिनुपर्ने, थुनुवा तथा कैदी मैत्री व्यवहार गरिनुपर्ने, अनुगमन र निर्देशनको कार्यान्वयनको अवस्थाको मूल्याङ्कन र सार्वजनिकीकरण गरिनुपर्ने तथा कानूनी सहायता सम्बन्धी व्यवस्थाको कार्यान्वयन हुनुपर्ने जस्ता सुझावहरू प्रतिवेदनमा समेटिएको छ ।

परिच्छेद – तीन

# उच्च सरकारी वकील कार्यालय

## १. गठन

न्याय प्रशासन ऐन, २०७३ को दफा ५ मा उच्च अदालतहरूको स्थापना सम्बन्धी व्यवस्था छ । नेपाल सरकार वादी हुने वा नेपाल सरकारको हक, हित वा सरोकार रहेको मुद्दामा नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गर्न तथा तोकिए बमोजिमको कार्यसम्पादन गर्न उच्च अदालतहरू र उच्च अदालतका इजलास रहेका स्थानहरूमा उच्च सरकारी वकील कार्यालयहरू स्थापना भई कार्यसम्पादन हुँदै आएको छ । हाल उच्च सरकारी वकील कार्यालयहरूको संख्या १८ रहेको छ । उच्च सरकारी वकील कार्यालय नेपाल न्याय सेवा सरकारी वकील समूहका राजपत्राङ्कित प्रथम श्रेणीका सहन्यायाधिवक्ताको नेतृत्वमा रहने व्यवस्था छ । उक्त कार्यालयहरूमा आवश्यकता अनुसार राजपत्राङ्कित द्वितीय तथा तृतीय श्रेणीका सरकारी वकीलहरू तथा अन्य कर्मचारीहरू रहने व्यवस्था रहेको छ । उच्च सरकारी वकील कार्यालयहरूमा रहने सरकारी वकील तथा अन्य कर्मचारीहरूको दरबन्दी स्थिति **अनुसूची २०** मा प्रस्तुत गरिएको छ ।

## २. उच्च सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ एवं सरकारी वकील सम्बन्धी नियमावली, २०५५ मा व्यवस्था भए बमोजिम उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :

१. सुरु मुद्दा दायर गर्नुपर्ने विषयमा प्राप्त मिसिल कागजात अध्ययन गरी मुद्दा चलाउन आवश्यक देखेमा मुद्दा चलाउने निर्णय गर्ने, प्रमाणको अभावमा मुद्दा चलाउने आवश्यक नदेखिएमा आफ्नो निर्णय सहित अन्तिम निर्णयको लागि मिसिल कागजात महान्यायाधिवक्ताको कार्यालयमा पठाउने र अन्तिम निकासा भई आए बमोजिम गर्ने, गराउने ।

२. जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने गरी गरेको निर्णय सहितको प्राप्त मिसिल कागजात अध्ययन गरी मुद्दा चलाउन आवश्यक देखेमा सोही बमोजिम निर्णय गरी फिर्ता पठाउने र मुद्दा चलाउन आवश्यक नदेखिएमा आफ्नो निर्णय सहितको मिसिल कागजात अन्तिम निर्णयको लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने, गराउने ।

३. जिल्ला अदालतले गरेको निर्णय उपर उच्च अदालतमा पुनरावेदन गर्ने वा नगर्ने भन्ने सम्बन्धमा जिल्ला सरकारी वकील कार्यालयबाट प्राप्त मिसिल कागजात अध्ययन गरी पुनरावेदन गर्नुपर्ने देखिएमा सम्बन्धित उच्च अदालतमा पुनरावेदन दायर गर्ने, पुनरावेदन गर्न आवश्यक नदेखेमा आफ्नो राय सहित मिसिल कागजात महान्यायाधिवक्ताको कार्यालयमा पठाउने र निकासा भए बमोजिम गर्ने ।

४. उच्च अदालतमा नेपाल सरकार वादी भई दायर गरिएका सुरु मुद्दाहरू, पुनरावेदनहरू र नेपाल सरकारलाई विपक्षी बनाई दायर गरिएका मुद्दाहरू एवं रिट निवेदनहरूमा नेपाल सरकारको प्रतिनिधित्व गरी अड्डा अदालत समक्ष उपस्थित भई बहस पैरवी र प्रतिरक्षा गर्ने ।

५. सरकारी निकाय वा अधिकारीबाट माग भए बमोजिमको कानूनी प्रश्नमा राय प्रदान गर्ने ।

६. प्रचलित नेपाल कानूनले उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलले गर्ने भनी तोकेको अन्य कार्यहरू सम्पादन गर्ने ।

## ३. उच्च सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण

यस परिच्छेदमा उच्च सरकारी वकील कार्यालयहरूबाट आर्थिक वर्ष २०७४/०७५ मा सम्पादित कामको विवरणलाई एकीकृत रूपमा मुद्दा तथा रिटको विषय, प्रकृति र प्रादेशिक आधारमा वर्गीकरण गरिएको छ । यस आर्थिक वर्षमा सबै उच्च सरकारी वकील कार्यालयहरूको कार्यबोझ, कार्यरत सरकारी वकील र त्यस कामका लागि भएको सरकारी लागत खर्च समेतलाई तालिका, चार्ट र वृत्तचित्र समेतको प्रयोग गरी स्पष्ट र बोधगम्य पार्ने प्रयास गरिएको छ । उच्च सरकारी वकील कार्यालयहरूबाट नेपाल सरकारको तर्फबाट अड्डा अदालतमा उपस्थित भई मुद्दा तथा रिट निवेदनहरूमा बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दाहरूको छुट्टाछुट्टै विवरण र फछ्यौंट भएका मुद्दामा भएको कसूर कायम तथा रिट निवेदन खारेज भएको संख्या र प्रतिशतलाई विगत वर्षहरूको तथ्याङ्कहरू समेत समावेश गरी तुलनात्मक रूपमा देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ३१
## उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा तथा रिट निवेदन सम्बन्धी सम्पादित कार्यको तुलनात्मक विवरण

| आर्थिक वर्ष | विषय | लगत | | | फछ्यौंट | | | | बाँकी | रिट खारेज तथा कसूर ठहर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गत वर्षको | यस वर्षको | जम्मा | रिट खारेज तथा कसूर ठहर | रिट जारी तथा कसूरमा सफाई | अन्य | जम्मा | | |
| २०७२/०७३ | मुद्दा | ४३५१ | ६९१६ | ११२६७ | १९४४ | ३४३८ | ४४ | ५४२६ | ५८४१ | ३५.८३ |
| | रिट | ६५४ | २३३९ | २९९३ | १०५९ | ५६८ | २२५ | १८५२ | ११४१ | ५७.१८ |
| | अन्य निवेदन | १११ | १९१२ | २०२३ | ९८३ | ७१३ | १ | १६९७ | ३२६ | ५७.९३ |
| | **जम्मा** | **५११६** | **१११६७** | **१६२८३** | **३९८६** | **४७१९** | **२७०** | **८९७५** | **७३०८** | ४४.४१ |
| २०७३/०७४ | मुद्दा | ६१३९ | ७३०१ | १३४४० | २६८२ | ४१८९ | १३ | ६८८४ | ६५५६ | ३८.९६ |
| | रिट | १२३२ | २९२२ | ४१५४ | १११७ | ९६६ | ४७४ | २५५७ | १५९७ | ४३.६८ |
| | अन्य निवेदन | २७० | १२०३ | १४७३ | ७९५ | ४९४ | ५ | १२९४ | १७९ | ६१.४४ |
| | **जम्मा** | **७६४१** | **११४२६** | **१९०६७** | **४५९४** | **५६४९** | **४९२** | **१०७३५** | **८३३२** | ४२.७९ |
| २०७४/०७५ | मुद्दा | ६७१७ | ६९७२ | १३६८९ | ४०८७ | ४६१४ | ५९ | ८७६० | ४९२९ | ४६.६६ |
| | रिट | १५११ | ३००५ | ४५१६ | १८६९ | १०३७ | २९२ | ३१९८ | १३१८ | ५८.४४ |
| | अन्य निवेदन | २०८ | १६८६ | १८९४ | १०४७ | ५०७ | ३ | १५५७ | ३३७ | ६७.२४ |
| | **जम्मा** | **८४३६** | **११६६३** | **२००९९** | **७००३** | **६१५८** | **३५४** | **१३५१५** | **६५८४** | ५१.८२ |

उच्च सरकारी वकील कार्यालयबाट बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा अन्य निवेदनहरूको एकमुष्ठ लगत फछ्यौंटको विवरणले सो कार्यालयबाट सम्पादित मुद्दा सम्बन्धी कामको विवरणलाई प्रस्तुत गर्दछ । उच्च सरकारी वकील कार्यालयमा आर्थिक वर्ष २०७२/०७३ को कुल लगत मुद्दा संख्या १६,२८३, आर्थिक वर्ष २०७३/०७४ को कुल लगत मुद्दा संख्या १९,०६७ लाई यस आर्थिक वर्षको कुल लगत मुद्दा संख्या २०,०९९ सँग तुलना गर्दा मुद्दाको संख्यामा निरन्तर वृद्धि भएको देखिन्छ । यसैगरी फछ्यौंटलाई हेर्दा आर्थिक वर्ष २०७२/०७३ मा ५५.१२ प्रतिशत, आर्थिक वर्ष २०७३/०७४ मा ५६.३० प्रतिशत र यस आर्थिक वर्षमा ५१.८२ प्रतिशत मुद्दा, रिट तथा निवेदनहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दा, रिट तथा निवेदनहरू मध्ये आर्थिक वर्ष २०७२/०७३ मा ४४.४१ प्रतिशत, आर्थिक वर्ष २०७३/०७४ मा ४२.७९ प्रतिशत र यस आर्थिक वर्षमा ५१.८२ प्रतिशत मुद्दामा कसूर ठहर तथा रिट खारेज भएको तथ्याङ्कबाट देखिन्छ ।

यस आर्थिक वर्षमा बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको सूचक




उच्च सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा बहस पैरवी एवं प्रतिरक्षा गरिएको मुद्दा, रिट तथा निवेदनको कुल लगत २०,०९९ मध्ये जम्मा १३,५१५ थान फछ्यौंट भएको तथ्याङ्क देखिन्छ । यस आर्थिक वर्षमा मुद्दा तर्फ कुल लगत १३,६८९ मध्ये ८,७६० अर्थात ६३.९९ प्रतिशत मुद्दा फछ्यौंट भएको र फछ्यौंट मुद्दा मध्ये ४,०८७ मुद्दामा कसूर ठहर भएको देखिन्छ । यसैगरी ४,६१४ मुद्दामा सफाइ र ५९ मुद्दा अन्य तवरले (मुल्तवी, तामेली समेत) फछ्यौंट भएको देखिन्छ । रिट तर्फ कुल लगत ४,५१६ मध्ये कुल फछ्यौंट संख्या ३,१९८ अर्थात ७०.८१ प्रतिशत रिट फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका रिट निवेदनहरू मध्ये १,८६९ थान रिट खारेज भएको देखिन्छ । यसैगरी १,०३७ थान रिट निवेदनहरू जारी भएको र २९२ रिट अन्य तवरले फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ । यसैगरी

अन्य निवेदन तर्फ कुल लगत १,८९४ मध्ये कुल फछ्यौंट संख्या १,५५७ अर्थात ८२.२१ प्रतिशत निवेदनहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका निवेदनहरू मध्ये १,०४७ थान निवेदनमा जिकिर कायम भएको देखिन्छ । यसैगरी ५०७ थान निवेदनहरूमा जिकिर पुग्न नसकेको र ३ निवेदनहरू अन्य तवरले फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ । यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको विस्तृत विवरण **अनुसूची १२** मा प्रस्तुत गरिएको छ ।

**यस आर्थिक वर्षको मुद्दा तथा रिट निवेदनहरूको एकमुष्ठ फछ्यौंट सम्बन्धी सूचक**




यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा, रिट तथा निवेदनहरूमा बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दाहरूको विवरणलाई छुट्टाछुट्टै शीर्षकमा तुलनात्मक रूपमा देहाय बमोजिम विवेचना गरिएको छ ।

### ३.१ मुद्दा, रिट तथा निवेदन सम्बन्धी कार्य

प्रचलित कानून र सरकारी वकील सम्बन्धी नियमावलीको व्यवस्था बमोजिम सरकार वादी मुद्दाहरूमा जिल्लास्तरका अड्डा अदालतबाट भएको आदेश, निर्णय वा फैसलामा चित्त नबुझेमा नेपाल सरकारको तर्फबाट उच्च अदालतमा पुनरावेदन दायर गर्ने, नेपाल सरकारको तर्फबाट वा नेपाल सरकार उपर प्रतिवादी/विपक्षीको तर्फबाट दायर गरिएका पुनरावेदन सम्बन्धमा अदालत समक्ष उपस्थित भई बहस पैरवी गर्ने, नेपाल सरकारको हक, हित वा सरोकार निहित भएको विषयमा वा नेपाल सरकारलाई विपक्षी बनाई दायर गरिएका सुरु मुद्दा वा पुनरावेदन गरिएका मुद्दाहरूमा अदालत समक्ष उपस्थित भई बहस पैरवी एवं प्रतिरक्षा गर्ने कार्य उच्च सरकारी वकील कार्यालयबाट गरिन्छ । उच्च सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा दायर भएका सुरु मुद्दा, पुनरावेदन र प्रतिरक्षा गरिएका समेतको मुद्दा संख्या ६,९७२ र गत आर्थिक वर्षमा फछ्यौंट हुन बाँकी रही जिम्मेवारी सरी आएका मुद्दा ६,७१७ समेत गरी यस आर्थिक वर्षमा कायम रहेको जम्मा लगत १३,६८९ थान मध्ये ८,७६० थान अर्थात ६३.९९ प्रतिशत फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ । ती मध्ये ४,०८७ थान अर्थात ४६.६६ प्रतिशत कसूर ठहर भएको, ४,६१४ थान अर्थात ५२.६७ प्रतिशत मुद्दामा सफाइ भएको र ५९ थान अर्थात ०.६७ प्रतिशत मुद्दा अन्य तवरले फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ । तीन आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दामा गरिएको बहस पैरवी सम्बन्धी विवरणलाई तुलनात्मक तथ्याङ्क देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३२**

**उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दामा बहस पैरवी गरेको मुद्दाको तुलनात्मक विवरण**

| आर्थिक वर्ष | लगत | | | फछ्यौंट | | | | बाँकी | कसूर ठहर भएको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | गत वर्षको | यस वर्षको | जम्मा | कसूर ठहर भएको | सफाइ भएको | अन्य | जम्मा | | |
| २०७२/०७३ | ४३५१ | ६९१६ | ११२६७ | १९४४ | ३४३८ | ४४ | ५४२६ | ५८४१ | ३५.८३ |
| २०७३/०७४ | ६१३९ | ७३०१ | १३४४० | २६८२ | ४१८९ | १३ | ६८८४ | ६५५६ | ३८.९६ |
| २०७४/०७५ | ६७१७ | ६९७२ | १३६८९ | ४०८७ | ४६१४ | ५९ | ८७६० | ४९२९ | ४६.६६ |

**यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयबाट मुद्दामा भएको कार्यसम्पादनको सूचक**







उच्च सरकारी वकील कार्यालयहरूबाट सम्पादित मुद्दा सम्बन्धी कार्यको लगत, फछ्यौंट र बाँकीको विषयगत विवरणलाई देहायको तालिकामा एकीकृत रूपमा प्रस्तुत गरिएको छ ।

**(क) मुद्दाहरूको विषयगत वर्गीकरण र लगत संख्या**

**१. अनुसूची भित्रका मुद्दाको लगत, फछ्यौंट र कारबाहीको स्थिति**

**तालिका नं. ३३**

**उच्च सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी गरिएका विषयगत मुद्दाहरूको कारबाही विवरण**

| सि.न | विषय | लगत | | | फछ्यौंट | | | | | | बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सुरु सदर | | उल्टी | | फिर्ता, मुल्तवी, तामेली | जम्मा | |
| | | गत वर्षको | यस वर्षको | जम्मा | कसूर कायम | सफाई | कसूर कायम | सफाई | | | |
| १ | अपहरण | १४३ | ७८ | २२१ | ५१ | ६२ | ११ | १० | २ | १३६ | ८५ |
| २ | अंगभंग (कुटपिट) | ४५ | ६३ | १०८ | २५ | २९ | ८ | ७ | १ | ७० | ३८ |
| ३ | आगलागी | ३३ | ३३ | ६६ | १५ | २२ | २ | ३ | ० | ४२ | २४ |
| ४ | आर्थिक | २६१ | ६९७ | ९५८ | १७० | ३४३ | ३५ | ४७ | ५ | ६०० | ३५८ |
| ५ | करणी | ७५४ | ११०१ | १८५५ | ४१८ | ६२७ | १०८ | ७३ | १ | १२२७ | ६२८ |
| ६ | किर्ते | २०५ | ७० | २७५ | ४० | १०९ | १३ | २२ | २ | १८६ | ८९ |
| ७ | चोरी | ११९२ | ९८९ | २१८१ | ७५९ | ४९५ | ६९ | ७५ | ३ | १४०१ | ७८० |
| ८ | ज्यान | १०४५ | ११४३ | २१८८ | ३४३ | ८१८ | ९६ | ९९ | १० | १३६६ | ८२२ |
| ९ | देवानी | १० | २० | ३० | १० | ३ | १ | ३ | ० | १७ | १३ |
| १० | नागरिकता | ६५ | ३५ | १०० | २३ | २५ | ३ | ५ | ० | ५६ | ४४ |
| ११ | प्रतिलिपि अधिकार | १३ | ० | १३ | ५ | ४ | ० | ० | ० | ९ | ४ |
| १२ | प्रविधि सम्बन्धी | ५९ | ११ | ७० | १३ | २५ | ४ | ४ | ० | ४६ | २४ |
| १३ | मानव बेचविखन | १९९ | १३३ | ३३२ | ७४ | ११० | २२ | १३ | ० | २१९ | ११३ |
| १४ | राहदानी | १ | १७ | १८ | ३ | ४ | १ | ३ | ४ | १५ | ३ |
| १५ | लागू औषध | ९१४ | ९६० | १८७४ | ५०३ | ५२० | ८१ | ७६ | ० | ११८० | ६९४ |
| १६ | विवाह | २७८ | ३४१ | ६१९ | १३७ | २०२ | २० | १७ | ४ | ३८० | २३९ |
| १७ | सवारी ज्यान | २८९ | ३५७ | ६४६ | २३७ | ९० | ४८ | २५ | ० | ४०० | २४६ |
| १८ | सार्वजनिक अपराध | ३६५ | २७२ | ६३७ | १३९ | २६४ | २० | २० | ० | ४४३ | १९४ |
| १९ | हात हतियार | ९७ | ५५ | १५२ | ३३ | ३७ | ११ | ५ | ० | ८६ | ६६ |
| २० | विविध | १५० | १४५ | २९५ | ५९ | ११० | १२ | १० | ० | १९१ | १०४ |
| **जम्मा** | | ६११८ | ६५२० | १२६३८ | ३०५७ | ३८९९ | ५६५ | ५१७ | ३२ | ८०७० | ४५६८ |

प्रस्तुत तालिकामा उल्लेख भए अनुसार उच्च सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची भित्रका मुद्दाहरूको जम्मा लगत मुद्दा संख्या १२,६३८ मध्ये कसूर ठहर वा दावी कायम भएका मुद्दा संख्या ३,६२२ र सफाइ भएका वा दावी नपुगेका मुद्दा संख्या ४,४१६६ एवं अन्य तवरले ( मुल्तवी, तामेली आदि) फछ्यौंट मुद्दा संख्या ३२ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ८,०७० र बाँकी मुद्दा संख्या ४,५६८ रहेको छ । मुद्दाहरूको विषयगत वर्गीकृत विवरण र कारबाहीको स्थितिको छुट्टाछुट्टै विश्लेषण गरी हेर्दा अपहरण तथा शरीर बन्धक मुद्दाको जम्मा लगत मुद्दा संख्या २२१ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ६२, सफाइ भएका मुद्दा संख्या ७२ एवं अन्य तवरले २ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १३६ भई बाँकी मुद्दा संख्या ८५ रहेको देखिन्छ । अंगभंग (कुटपिट) मुद्दाको जम्मा लगत संख्या १०८ मध्ये कसूर ठहर

भएका मुद्दा संख्या ३३, सफाइ भएका मुद्दा संख्या ३६ एवं अन्य तवरले १ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ७० भई बाँकी मुद्दा संख्या ३८ रहेको देखिन्छ ।

आगलागी मुद्दाको जम्मा लगत संख्या ६६ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १७, सफाइ भएका मुद्दा संख्या २५ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ४२ भई बाँकी मुद्दा संख्या २४ रहेको देखिन्छ । आर्थिक (खोटा चलन, चन्दा, चिट्ठा, ठगी, बैकिङ्ग कसूर, विदेशी मुद्रा र आर्थिक अपराधसँग सम्बन्धित अन्य) मुद्दाको जम्मा लगत संख्या ९५८ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १७२, सफाइ भएका मुद्दा संख्या ३९० एवं अन्य तवरले ५ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ६०० र भई बाँकी मुद्दा संख्या ३५८ रहेको देखिन्छ ।करणी ( जबर्जस्ती करणी र जबर्जस्ती करणी उद्योग) मुद्दाको जम्मा लगत संख्या १,८५५ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ५२६, सफाइ भएका मुद्दा संख्या ७०० एवं अन्य तवरले १ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १,२२७ भई बाँकी मुद्दा संख्या ६२८ रहेको देखिन्छ । किर्ते मुद्दाको जम्मा लगत संख्या २७५ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ५३, सफाइ भएका मुद्दा संख्या १३१ एवं अन्य तवरले १ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १८६ भई बाँकी मुद्दा संख्या ८९ रहेको देखिन्छ । चोरी (साधारण, नकवजनी, जबर्जस्ती, रहजनी र डाँका) मुद्दाको जम्मा लगत संख्या २,१८१ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ८२८ सफाइ भएका मुद्दा संख्या ५७० थान एवं अन्य तवरले ३ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १,४०१ भई बाँकी मुद्दा संख्या ७८० रहेको देखिन्छ । ज्यान (आवेश प्रेरित हत्या, कर्तव्य ज्यान, गर्भपतन, ज्यान मार्ने उद्योग, भवितव्य ज्यान, सवारी ज्यान) मुद्दाको जम्मा लगत संख्या २,१८८ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ४३९ सफाइ भएका मुद्दा संख्या ९१७ एवं अन्य तवरले १० गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १,३६६ भई बाँकी मुद्दा संख्या ८२२ रहेको देखिन्छ ।

यसैगरी देवानी मुद्दाको जम्मा लगत संख्या ३० मध्ये दाबी कायम भएका मुद्दा संख्या ११, दाबी नपुगेका मुद्दा संख्या ६ थान गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १७ भई बाँकी मुद्दा संख्या १३ रहेको देखिन्छ । नागरिकता मुद्दाको जम्मा लगत संख्या १०० मध्ये कसूर ठहर भएका मुद्दा संख्या २६, सफाइ भएका मुद्दा संख्या ३० गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ५६ भई बाँकी मुद्दा संख्या ४४ रहेको देखिन्छ । प्रतिलिपि अधिकार मुद्दाको जम्मा लगत संख्या १३ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ५, सफाइ भएका मुद्दा संख्या ४ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ९ भई बाँकी मुद्दा संख्या ४ रहेको देखिन्छ । प्रविधि सम्बन्धी (दूर सञ्चार, विद्युतीय कारोबार र अन्य) मुद्दाको जम्मा लगत संख्या ७० मध्ये कसूर ठहर भएका मुद्दा संख्या १७, सफाइ भएका मुद्दा संख्या २९ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ४६ भई बाँकी मुद्दा संख्या २४ रहेको देखिन्छ ।

मानव बेचविखन मुद्दाको जम्मा लगत संख्या ३३२ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ९६, सफाइ भएका मुद्दा संख्या १२३ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या २१९ भई बाँकी मुद्दा संख्या ११३ रहेको देखिन्छ । राहदानी मुद्दाको जम्मा लगत संख्या १८ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ४, सफाइ भएका मुद्दा संख्या ७ एवं अन्य तवरले ४ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १५ भई बाँकी मुद्दा संख्या ३ रहेको देखिन्छ । लागू औषध मुद्दाको जम्मा लगत संख्या १,८७४ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ५८४, सफाइ भएका मुद्दा संख्या ५९६ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १,१८० भई बाँकी मुद्दा संख्या ६९४ रहेको देखिन्छ । विवाह (बहु विवाह र बाल विवाह) मुद्दाको जम्मा लगत संख्या ६१९ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १५७, सफाइ भएका मुद्दा संख्या २१९ एवं अन्य तवरले ४ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ३८० भई बाँकी मुद्दा संख्या २३९ रहेको देखिन्छ । सवारी ज्यान मुद्दाको जम्मा लगत संख्या ६४६ मध्ये कसूर ठहर भएका मुद्दा संख्या २८५, सफाइ भएका मुद्दा संख्या ११५ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ४०० भई बाँकी मुद्दा संख्या २४६ रहेको देखिन्छ ।

सार्वजनिक अपराध मुद्दाको जम्मा लगत संख्या ६३७ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १५९, सफाइ भएका मुद्दा संख्या २८४ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ४४३ भई बाँकी मुद्दा संख्या १९४ रहेको देखिन्छ । हातहतियार खरखजाना मुद्दाको जम्मा लगत संख्या १५२ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ४४, सफाइ भएका मुद्दा संख्या ४२ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ८६ भई बाँकी मुद्दा संख्या ६६ रहेको देखिन्छ । विविध (अंग प्रत्यारोपण, आवश्यक वस्तु, कालो बजार, गोवध, छुवाछुत, जुवा, धर्म सम्बन्धी, प्राचीन स्मारक, राज्य विरुद्धको अपराध, विष्फोटक पदार्थ, शिक्षा, स्वास्थ्यकर्मी विरुद्धको अपराध र माथि विषयगत वर्गीकरणमा समावेश नभएका अनुसूची भित्रका अन्य मुद्दाहरू समेत) मुद्दाको जम्मा लगत मुद्दा संख्या २९५ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ७१, सफाइ भएका मुद्दा संख्या १२० गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १९१ भई बाँकी मुद्दा संख्या १०४ रहेको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची १३** मा प्रस्तुत गरिएको छ ।

उच्च सरकारी वकील कार्यालयहरूबाट अनुसूची भित्रका मुद्दामा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाको लगत १२,६३८ मध्ये फौजदारी मुद्दामा भएको कसूर ठहरलाई हेर्दा यस आर्थिक वर्षमा क्रमशः सवारी ज्यान मुद्दामा

७१.२५ प्रतिशत, चोरी मुद्दामा ५९.१० प्रतिशत, प्रतिलिपि मुद्दमा ५५.५६ प्रतिशत, हातहतियार खरखजाना मुद्दामा ५१.१६ प्रतिशत,लागू औषध मुद्दामा ४९.४९ प्रतिशत, अंगभंग मुद्दामा ४७.१४ प्रतिशत,नागरिकता मुद्दामा ४६.४३ प्रतिशत,अपहरण मुद्दामा ४५.५९ प्रतिशत, मानव बेचबिखन मुद्दामा ४३.८४ प्रतिशत, करणी मुद्दामा ४२.८७ प्रतिशत, विवाह मुद्दामा ४१.३२ प्रतिशत, आगलागी मुद्दामा ४०.४८ प्रतिशत भएको देखिन्छ । यसैगरी प्रविधि मुद्दामा ३६.९६ प्रतिशत,सार्वजनिक अपराध सम्बन्धी मुद्दामा ३५.८९ प्रतिशत, आर्थिक मुद्दामा ३४.१७ प्रतिशत, ज्यान मुद्दामा ३२.१४ प्रतिशत, किर्ते मुद्दामा २८.४९ प्रतिशत राहदानी मुद्दामा २६.६७ प्रतिशत, कसूर ठहर भएको देखिन्छ । विविध मुद्दामा ३७.१७ प्रतिशत कसूर ठहर भएको देखिन्छ भने देवानी मुद्दामा ६४.७१ प्रतिशत दाबी कायम भएको देखिन्छ ।

**उच्च सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी गरिएका अनुसूची भित्रका मुद्दाहरूको लगत सूचक**




## २. अनुसूची बाहिरका मुद्दाको लगत, फछ्र्यौट र कारबाहीको स्थिति

**तालिका नं. ३४**

**उच्च सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा भएको अनुसूची बाहिरका मुद्दाहरूको विषयगत विवरण**

| सि.नं. | विषय | लगत | | | फछ्र्यौट | | | | | | बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गत वर्षको | यस वर्षको | जम्मा | सुरु सदर | | उल्टी | | फिर्ता, मुल्तवी, तामेली | जम्मा | |
| | | | | | कसुर | सफाई | कसुर | सफाई | | | |
| १ | अध्यागमन | ० | १ | १ | ० | १ | ० | ० | ० | १ | ० |
| २ | उपभोक्ता संरक्षण | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | औषधि | १ | २ | ३ | १ | १ | ० | ० | ० | २ | १ |
| ४ | खाद्य ऐन अन्तर्गतका | ४ | ७ | ११ | ३ | ६ | ० | ० | ० | ९ | २ |
| ५ | गुणस्तर (प्रमाण चिन्ह) | १ | २ | ३ | १ | ० | १ | ० | ० | २ | १ |
| ६ | नाप तौल सम्बन्धी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | निर्वाचन सम्बन्धी | ४ | २९ | ३३ | १० | ५ | ० | ० | ० | १५ | १८ |
| ८ | वैदेशिक रोजगार | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | राजश्व चुहावट | १७ | १ | १८ | ३ | ५ | ३ | २ | ० | १३ | ५ |
| १० | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु | २४ | ४३ | ६७ | १४ | १३ | ७ | ५ | ० | ३९ | २८ |
| ११ | विदेशी विनिमय | १४ | २४ | ३८ | ७ | १९ | ० | ० | ० | २६ | १२ |
| १२ | वन | १९० | ११८ | ३०८ | १०८ | ६२ | १७ | १० | ३ | २०० | १०८ |
| १३ | विद्युत चोरी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १४ | शिक्षा ऐन दफा १७(१) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | सम्पत्ति शुद्धीकरण | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १६ | सामाजिक सुधार ऐन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १७ | स्वास्थ्य व्यवसायी परिषद् | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १८ | अन्य | ८ | ३ | ११ | २ | ० | १ | ० | १ | ४ | ७ |
| जम्मा | | २६३ | २३० | ४९३ | १४९ | ११२ | २९ | १७ | ४ | ३११ | १८२ |

प्रस्तुत तालिकामा उल्लेख भए अनुसार उच्च सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची बाहिरका मुद्दाहरूको जम्मा लगत मुद्दा संख्या ४९३ मध्ये कसूर ठहर वा दाबी कायम भएका मुद्दा संख्या १७८ र सफाइ भएका वा दाबी नपुगेका मुद्दा संख्या १२९ एवं अन्य तवरले ४ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ३११ र बाँकी मुद्दा संख्या १८२ रहेको छ । मुद्दाहरूको विषयगत वर्गीकृत विवरण र कारबाहीको स्थितिको छुट्टाछुट्टै विश्लेषण गरी हेर्दा अध्यागमन मुद्दाको जम्मा लगत संख्या १ रहेकोमा १ थान मुद्दामा सफाइ भई सबै मुद्दा फछ्यौंट भएको देखिन्छ । औषधि सम्बन्धी मुद्दाको जम्मा लगत संख्या ३ रहेकोमा १ थान मुद्दामा कसूर कायम र १ थान मुद्दामा सफाई भई जम्मा फछ्यौंट भएको मुद्दा २ थान भई १ थान मुद्दा बाँकी रहेको देखिन्छ । खाद्य ऐन अन्तर्गतका मुद्दाको जम्मा लगत संख्या ११ रहेकोमा ३ थान मुद्दामा कसूर कायम र ६ थान मुद्दामा सफाइ भई जम्मा फछ्यौंट भएको मुद्दा ९ थान भई २ थान मुद्दा बाँकी रहेको देखिन्छ । गुणस्तर (प्रमाण) चिन्ह सम्बन्धी मुद्दाको जम्मा लगत संख्या ३ रहेकोमा २ थान मुद्दामा कसूर कायम भई फछ्यौंट भई १ थान मुद्दा बाँकी रहेको देखिन्छ । निर्वाचन सम्बन्धी मुद्दाको जम्मा लगत संख्या ३३ रहेकोमा १० थान मुद्दामा कसूर कायम र ५ थान मुद्दामा सफाई भई जम्मा फछ्यौंट भएको मुद्दा १५ थान भई १८ थान मुद्दा बाँकी रहेको देखिन्छ । राजश्व चुहावट मुद्दाको जम्मा लगत संख्या १८ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ६, सफाइ भएका मुद्दा संख्या ७ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १३ भई बाँकी मुद्दा संख्या ५ रहेको देखिन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु सम्बन्धी मुद्दाको जम्मा लगत संख्या ६७ मध्ये कसूर ठहर भएका मुद्दा संख्या २१, सफाइ भएका मुद्दा संख्या १८ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ३९ भई बाँकी मुद्दा संख्या २८ रहेको देखिन्छ । विदेशी विनिमय मुद्दाको जम्मा लगत संख्या ३८ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ७, सफाइ भएका मुद्दा संख्या १९ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या २६ भई बाँकी मुद्दा संख्या १२ रहेको देखिन्छ । वन मुद्दाको जम्मा लगत संख्या ३०८ मध्ये कसूर ठहर भएका मुद्दा संख्या १२५, सफाइ भएका मुद्दा संख्या ७२ र अन्य तवरले ३ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या २०० भई बाँकी मुद्दा संख्या १०८ रहेको देखिन्छ । अन्य मुद्दाको लगत संख्या ११ मध्ये कसूर ठहर भएका मुद्दा संख्या ३ र अन्य तवरले १ थान मुद्दा गरी जम्मा फछ्यौंट भएका मुद्दा संख्या ४ भई बाँकी मुद्दा संख्या ७ रहेको देखिन्छ ।

### (ख) रिट निवेदन सम्बन्धी कार्य

नेपालको संविधानको धारा १४४(१) मा यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार उच्च अदालतलाई हुने व्यवस्था रहेको र न्याय प्रशासन ऐन, २०७३ को दफा ८ को उपदफा (१) मा उच्च अदालतलाई संविधानको धारा १४४(१) बमोजिम परेका निवेदनमा सुनुवाइ गरी आवश्यक उपयुक्त आदेश जारी गर्ने अधिकार प्रदान गरेको छ । उच्च अदालतमा दायर हुने यस्ता निवेदनहरूमा नेपाल सरकार, सरकारी निकाय वा पदाधिकारीहरूको तर्फबाट उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलहरूले बहस पैरवी एवं प्रतिरक्षा गर्ने गर्दछन् । यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका यस प्रकृतिका रिट निवेदनहरूको संख्या ४,५१६ रहेको छ । सो मध्ये यस आर्थिक वर्षमा दायर भएका रिट निवेदनहरू ३,००५ र गत वर्षबाट जिम्मेवारी सरी आएका निवेदनहरूको लगत १,५११ थान रहेको देखिन्छ । यस आर्थिक वर्षको रिट निवेदनहरूको कुल लगत ४,५१६ मध्ये ३,१९८ थान अर्थात ७०.८१ प्रतिशत फछ्यौंट भएको र बाँकी १,३१८ थान अर्थात २९.१९ प्रतिशत रिट निवेदनहरू आगामी आर्थिक वर्षको लागि लगत सरी गएको देखिन्छ । आर्थिक वर्ष २०७२/०७३ मा १,८५२, २०७३/०७४ मा २,५५७, यस आर्थिक वर्षमा ३,१९८ फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका रिट निवेदनहरू मध्ये आर्थिक वर्ष २०७२/०७३ मा १,०५९ थान अर्थात ५७.१८ प्रतिश, २०७३/०७४ मा १,११७ थान अर्थात ४३.६८ प्रतिशत र यस आर्थिक वर्षमा १,८६९ थान अर्थात ५८.४४ प्रतिशत निवेदनहरू खारेज भएको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची १२** मा प्रस्तुत गरिएको छ । रिट निवेदन सम्बन्धी तीन वर्षको तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३५**

**उच्च सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका रिट निवेदनहरूको तुलनात्मक विवरण**

| आर्थिक वर्ष | लगत | | | फछ्यौंट | | | | बाँकी | रिट खारेज भएको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | गत वर्षको | यस वर्षको | जम्मा | रिट खारेज भएको | रिट जारी भएको | अन्य | जम्मा | | |
| २०७२/०७३ | ६५४ | २३३९ | २९९३ | १०५९ | ५६८ | २२५ | १८५२ | ११४१ | ५७.१८ |
| २०७३/०७४ | १२३२ | २९२२ | ४१५४ | १११७ | ९६६ | ४७४ | २५५७ | १५९७ | ४३.६८ |
| २०७४/०७५ | १५११ | ३००५ | ४५१६ | १८६९ | १०३७ | २९२ | ३१९८ | १३१८ | ५८.४४ |

**उच्च सरकारी वकील कार्यालयबाट रिट निवेदनहरूमा भएको बहस पैरवी सम्बन्धी सूचक**




### (ग) अन्य निवेदन सम्बन्धी कार्य

मुलुकी ऐन, अदालती वन्दोवस्तको १७ नं. अनुसार मुद्दाको काम कारबाहीमा म्याद नाघेको वा वेरित भए उपर पुनरावेदन सुन्ने अड्डामा निवेदन दिन सकिने तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ अनुसार कुनै अदालत, निकाय वा अधिकारीबाट मुद्दाको पुपर्क्षको लागि प्रतिवादीलाई तारिख, जमानत वा थुनामा राख्ने गरी भएको आदेश वा मुद्दाको कारबाहीको सिलसिलामा भएको अन्य कुनै अन्तरकालीन आदेश उपर पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सकिने कानूनी व्यवस्था रहेको छ । यसरी अदालतमा निवेदन दायर गर्ने र यस्ता निवेदनहरूमा नेपाल सरकार, सरकारी निकाय वा पदाधिकारीहरूको तर्फबाट उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलहरूले बहस पैरवी एवं प्रतिरक्षा गर्ने गर्दछन् । यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका यस प्रकृतिका निवेदन तथा प्रतिवेदनहरूको लगत संख्या १,८९४ रहेको छ । यी निवेदनहरू मध्ये १,५५७ थान अर्थात ८२.२१ प्रतिशत फछ्यौंट भएको र ३३७ थान अर्थात १७.७९ प्रतिशत बाँकी रहेको देखिन्छ । यस आ.व. मा फछ्यौंट भएका १,५५७ थान निवेदनहरू मध्ये १,०४७ थान अर्थात ६७.२४ प्रतिशत निवेदनहरूमा जिकिर कायम भएको र ५०७ थान अर्थात ३३.५ प्रतिशत निवेदनहरूमा जिकिर नपुगेको देखिन्छ । ६३ थान निवेदन अन्य तवरले फछ्यौंट भएको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची १२** मा प्रस्तुत गरिएको छ । निवेदन सम्बन्धी तीन वर्षको तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३६**

**उच्च सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका निवेदनहरूको विवरण**

| आर्थिक वर्ष | लगत | | | फछ्यौंट | | | | बाँकी | जिकिर पुगेको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | गत वर्षको | यस वर्षको | जम्मा | जिकिर पुगेको | जिकिर नपुगेको | अन्य | जम्मा | | |
| २०७२/०७३ | १११ | १९१२ | २०२३ | ९८३ | ७१३ | १ | १६९७ | ३२६ | ५७.९३ |
| २०७३/०७४ | २७० | १२०३ | १४७३ | ७९५ | ४९४ | ५ | १२९४ | १७९ | ६१.४४ |
| २०७४/०७५ | २०८ | १६८६ | १८९४ | १०४७ | ५०७ | ३ | १५५७ | ३३७ | ६७.२४ |

### (घ) मुद्दा तथा रिट निवेदनहरूको प्रदेशगत विभाजन

उच्च सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी तथा प्रतिरक्षा भएका मुद्दा, रिट तथा निवेदनलाई प्रदेशगत रूपमा विश्लेषण गर्दा कुल मुद्दा, रिट तथा निवेदन २०,०९९ मध्ये प्रदेश नं. १ मा ३,२०५ थान अर्थात १५.९५ प्रतिशत, प्रदेश नं. २ मा ४,८०२ थान अर्थात २३.८९ प्रतिशत, प्रदेश नं. ३ मा ७,११५ थान अर्थात ३५.४० प्रतिशत, गण्डकी प्रदेशमा १,११८ थान अर्थात ५.५६ प्रतिशत, प्रदेश नं. ५ मा २,६७६ थान अर्थात १३.३१ प्रतिशत, कर्णाली प्रदेशमा ४८८ थान अर्थात २.४३ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ६९५ थान अर्थात ३.४६ प्रतिशत भएको देखिन्छ । जम्मा फछ्यौंट भएका १३,५१५ थान मुद्दा, रिट तथा निवेदनहरू मध्ये प्रदेश नं. १ मा २,४७५ थान अर्थात १८.३१ प्रतिशत, प्रदेश नं. २ मा २,५१० थान अर्थात १८.५७ प्रतिशत, प्रदेश नं. ३ मा ५,१७६ थान अर्थात ३८.३० प्रतिशत, गण्डकी प्रदेश४ मा ८२६ थान अर्थात ६.११ प्रतिशत, प्रदेश नं. ५ मा १,७७ थान अर्थात १३.१४ प्रतिशत, कर्णाली प्रदेशमा ३२६ थान अर्थात २.४१ प्रतिशत तथा सुदूरपश्चिम प्रदेशमा ४२६

थान अर्थात ३.१५ प्रतिशत मुद्दा, रिट तथा निवेदन फछ्यौंट भएको देखिन्छ । यस आर्थिक वर्षमा फछ्यौंट भएका मुद्दा तथा रिट निवेदनहरूको विकास क्षेत्रगत अवस्था हेर्दा प्रदेश नं. १ मा ५६.७३ प्रतिशत, प्रदेश नं. २ मा ४८.३७ प्रतिशत, प्रदेश नं. ३ मा ५१.७६ प्रतिशत, गण्डकी प्रदेशमा ५७.५१ प्रतिशत, प्रदेश नं. ५ मा ४६.६८ प्रतिशत, कर्णाली प्रदेशमा ५१.२३ र सुदूरपश्चिम प्रदेशमा ५५.१६ प्रतिशत मुद्दामा कसूर ठहर तथा रिट निवेदन खारेज भएको तथ्याङ्कबाट देखिन्छ । मुद्दा तथा रिटको क्षेत्रगत विभाजनलाई **अनुसूची १२** मा प्रस्तुत गरिएको छ । उच्च सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनको लगत र कारबाहीको प्रदेशगत तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३७**

**उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा तथा रिट सम्बन्धी सम्पादित कार्यको क्षेत्रगत विवरण**

| विकास क्षेत्र | मुद्दा/ रिट/ निवेदन | लगत | | | फछ्यौंट | | | | बाँकी | कसूर ठहर, रिट खारेज, जिकिर कायम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गत वर्षको बाँकी | यस वर्षको | जम्मा | कसुर ठहर तथा रिट खारेज | कसुरमा सफाई तथा रिट जारी | मुल्तवी, तामेली, अन्य | जम्मा | | |
| प्रदेश नं. १ | मुद्दा | १२२७ | १००३ | २२३० | ७५९ | ८५९ | २ | १६२० | ६१० | ४६.८५ |
| | रिट निवेदन | ३४८ | ३८४ | ७३२ | ५२७ | १११ | ४ | ६४२ | ९० | ८२.०९ |
| | निवेदन | २६ | २१७ | २४३ | ११८ | ९५ | ० | २१३ | ३० | ५५.४० |
| | जम्मा | १६०१ | १६०४ | ३२०५ | १४०४ | १०६५ | ६ | २४७५ | ७३० | ५६.७३ |
| प्रदेश नं. २ | मुद्दा | १२०७ | १४९७ | २७०४ | ५८८ | ६१७ | १६ | १२२१ | १४८३ | ४८.१६ |
| | रिट निवेदन | ४८३ | १११२ | १५९५ | ३९८ | ४११ | ८५ | ८९४ | ७०१ | ४४.५२ |
| | निवेदन | ६८ | ४३५ | ५०३ | २२८ | १६७ | ० | ३९५ | १०८ | ५७.७२ |
| | जम्मा | १७५८ | ३०४४ | ४८०२ | १२१४ | ११९५ | १०१ | २५१० | २२९२ | ४८.३७ |
| प्रदेश नं. ३ | मुद्दा | २५३९ | २५०० | ५०३९ | १६७२ | १७७८ | ३३ | ३४८३ | १५५६ | ४८.०० |
| | रिट निवेदन | ४२८ | १००८ | १४३६ | ६२३ | ३६५ | १७५ | ११६३ | २७३ | ५३.५७ |
| | निवेदन | ५३ | ५८७ | ६४० | ३८४ | १४६ | ० | ५३० | ११० | ७२.४५ |
| | जम्मा | ३०२० | ४०९५ | ७११५ | २६७९ | २२८९ | २०८ | ५१७६ | १९३९ | ५१.७६ |
| गण्डकी | मुद्दा | ३५४ | ४८३ | ८३७ | ३५० | २४६ | ४ | ६०० | २३७ | ५८.३३ |
| | रिट निवेदन | २३ | १०५ | १२८ | ५४ | ५५ | ० | १०९ | १९ | ४९.५४ |
| | निवेदन | १५ | १३८ | १५३ | ७१ | ४६ | ० | ११७ | ३६ | ६०.६८ |
| | जम्मा | ३९२ | ७२६ | १११८ | ४७५ | ३४७ | ४ | ८२६ | २९२ | ५७.५१ |
| प्रदेश नं. ५ | मुद्दा | ९४९ | ९५२ | १९०१ | ४०७ | ८१८ | १ | १२२६ | ६७५ | ३३.२० |
| | रिट निवेदन | २०६ | ३११ | ५१७ | २२३ | ७९ | २७ | ३२९ | १८८ | ६७.७८ |
| | निवेदन | ३३ | २२५ | २५८ | १९९ | २२ | ० | २२१ | ३७ | ९०.०५ |
| | जम्मा | ११८८ | १४८८ | २६७६ | ८२९ | ९१९ | २८ | १७७६ | ९०० | ४६.६८ |
| कर्णाली | मुद्दा | १४५ | २४६ | ३९१ | ११२ | १३५ | १ | २४८ | १४३ | ४५.१६ |
| | रिट निवेदन | १३ | २८ | ४१ | २१ | ३ | ० | २४ | १७ | ८७.५० |
| | निवेदन | ६ | ५० | ५६ | ३४ | २० | ० | ५४ | २ | ६२.९६ |
| | जम्मा | १६४ | ३२४ | ४८८ | १६७ | १५८ | १ | ३२६ | १६२ | ५१.२३ |
| सुदूर पश्चिम | मुद्दा | २९६ | २९१ | ५८७ | १९९ | १६१ | २ | ३६२ | २२५ | ५४.९७ |
| | रिट निवेदन | १० | ५७ | ६७ | २३ | १३ | १ | ३७ | ३० | ६२.१६ |
| | निवेदन | ७ | ३४ | ४१ | १३ | ११ | ३ | २७ | १४ | ४८.१५ |
| | जम्मा | ३१३ | ३८२ | ६९५ | २३५ | १८५ | ६ | ४२६ | २६९ | ५५.१६ |
| जम्मा | मुद्दा | ६७१७ | ६९७२ | १३६८९ | ४०८७ | ४६१४ | ५९ | ८७६० | ४९२९ | ४६.६६ |
| | रिट निवेदन | १५११ | ३००५ | ४५१६ | १८६९ | १०३७ | २९२ | ३१९८ | १३१८ | ५८.४४ |
| | निवेदन | २०८ | १६८६ | १८९४ | १०४७ | ५०७ | ३ | १५५७ | ३३७ | ६७.२४ |
| | जम्मा | ८४३६ | ११६६३ | २००९९ | ७००३ | ६१५८ | ३५४ | १३५१५ | ६५८४ | ५१.८२ |

**उच्च सरकारी वकील कार्यालयबाट मुद्दा तथा रिटमा सम्पादित कार्यहरूको प्रदेशगत विभाजनको सूचक**




### ३.२ प्रतिवादी नखुलेका मुद्दामा निकासा दिने कार्य

समाजमा घटेका सबै अपराधिक घटनाहरूको सूचना प्रहरी वा अनुसन्धान अधिकारी समक्ष प्राप्त हुँदैन भने अनुसन्धान अधिकारी समक्ष सूचना प्राप्त भएका सबै घटनाहरू अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष पुग्दैनन् । यसो हुनुमा कतिपय घटनाहरू आत्महत्या, भवितव्य प्रकृतिको हुनु, समयमा सूचना नभएको कारण अपराध सम्बन्धी प्रमाण लोप भएको कारण मुद्दा चलाउन पर्याप्त प्रमाणको अभाव हुनु, प्रहरीमा दायर भएका घटना वा वारदातहरू मध्ये कतिपयमा प्रतिवादी नखुल्नु र कतिपय घटनाहरू अनुसन्धानको क्रममा रहनु समेतका कारणले सबै घटनाहरूमा मुद्दा चल्ने स्थिति रहदैन । आत्महत्या प्रकृतिका वा प्रतिवादी नखुलेका घटना सम्बन्धमा जिल्ला प्रहरी कार्यालयहरूबाट तत्काल कोही कसै उपर मुद्दा नचलाउने राय साथ मिसिल सम्बन्धित जिल्ला सरकारी वकील कार्यालय समक्ष निर्णयको लागि पठाइन्छ । त्यसरी प्राप्त मिसिलमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णय भएमा आफ्नो निर्णय साथ निकासाका लागि सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा पठाउने र उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलले महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार अन्तर्गत त्यस्ता घटना वा वारदात सम्बन्धी मिसिलमा मातहत कार्यालयको निर्णय जाँच गरी आवश्यक निकासा प्रदान गरे पश्चात त्यस्ता मिसिलहरूको टुंगो लाग्ने व्यवस्था छ । प्रतिवादी खुलेका मुद्दामा प्रमाण नपुगी मुद्दा नचलाउने निर्णयको निकासा महान्यायाधिवक्ताबाट हुने गर्दछ । यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयबाट त्यसरी तामेलीमा राख्ने गरी निकासा प्रदान गरिएका मिसिलहरूको संख्या ८,८५७ रहेको देखिन्छ । गत आर्थिक वर्षमा तामेलीमा रहेका मिसिलहरूको संख्या ८,१९५ थान रहेको थियो । यस आ.व.मा तामेलीमा रहेका विषयगत विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ भने यस सम्बन्धी कार्यालयगत विवरण **अनुसूची १६** मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३८**

**उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णय भई तामेलीमा राख्ने निकासा भएको वारदातको विवरण**

| आर्थिक वर्ष | विष खाएर | आगलागी | झुण्डिएर | हतियारबाट | करेन्ट लागेर | भिरपहिरोबाट लडेर | डुबेर | हाम फालेर | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७२/०७३ | ११६१ | १५२ | २९३२ | ५ | १६६ | २६६ | ५८० | ५६ | २००२ | ७३२० |
| २०७३/०७४ | १५१५ | १८५ | ३०६० | १४ | १९० | २९५ | ६६५ | १४१ | २१३० | ८१९५ |
| २०७४/०७५ | ११९४ | १९२ | ३३९५ | ३४ | २११ | ४०३ | ७९७ | १३० | २५०१ | ८८५७ |

### ३.३ कानूनी राय सम्बन्धी कार्य

कानूनी राय प्रदान गर्नु उच्च सरकारी वकील कार्यालयको अर्को महत्वपूर्ण कार्य हो । उच्च सरकारी वकील कार्यालयबाट सरकारी कार्यालयहरूबाट कानूनी विषयमा राय मागेमा कानूनी राय प्रदान गरिन्छ । उच्च सरकारी वकील कार्यालयहरूबाट उपलब्ध गराएको कानूनी राय सल्लाहको विवरण **अनुसूची १७** मा दिइएको छ । उक्त विवरण अनुसार यस आ.व. मा उच्च सरकारी वकील कार्यालयहरूमा कुनै पनि कानूनी राय माग नभएको देखिन्छ ।

### ३.४ मुद्दा नचलाउने निर्णय भई अन्तिम निकासाका लागि पठाइएका मुद्दाहरूको विवरण

मुद्दाको तहकिकात पूरा भई मुद्दा चल्ने नचल्ने निर्णयका लागि सरकारी वकील समक्ष प्राप्त मिसिल कागज अध्ययन गर्दा सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने नदेखेमा आधार र कारण सहित निर्णय गरी सम्बन्धित सरकारी वकीलले निकासाको लागि मिसिल कागज उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता समक्ष पेश गर्न सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा र उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले महान्यायाधिवक्ता समक्ष पेश गर्न महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए वमोजिम गर्ने व्यवस्था छ । यसरी प्राप्त मिसिल अध्ययन गर्दा उच्च सरकारी वकील कार्यालयको सह-न्यायाधिवक्ताले मुद्दा चलाउनुपर्ने देखेमा आधार र कारण सहितको निर्णय आदेश र मिसिल कागज सम्बन्धित सरकारी वकील कहाँ पठाई दिने र मुद्दा चलाउनु नपर्ने देखेमा आफ्नो आधार र कारण सहितको निर्णय र मिसिल कागज महान्यायाधिवक्ता समक्ष अन्तिम निकासाको लागि पेश गर्न महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए वमोजिम गर्ने व्यवस्था भए वमोजिम उच्च सरकारी वकील कार्यालय समक्ष आएका मिसिल तथा उच्च सरकारी वकील कार्यालयका सह-न्यायाधिवक्ताबाट भएको निर्णय सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार यस आर्थिक वर्षमा मुद्दा चलाउने भनी फिर्ता पठाएको संख्या १, मुद्दा नचलाउने निर्णय गरी निकासाको लागि पठाएको संख्या ७७ गरी मुद्दा चलाउने तथा नचलाउने निर्णय संख्या जम्मा ७८ रहेको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची १४** मा प्रस्तुत गरिएको छ । मुद्दा चलाउने तथा नचलाउने निर्णय सम्बन्धी तीन वर्षको तुलनात्मक विवरणको देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३९**

**उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा चलाउने नचलाउने निर्णयको विवरण**

| आर्थिक वर्ष | मुद्दा चलाउने नचलाउने निर्णय | | जम्मा | कैफियत |
|---|---|---|---|---|
| | चलाउने भनी फिर्ता | नचलाउने निर्णय गरी निकासाको | | |
| २०७२/०७३ | ८ | ८१ | ८९ | |
| २०७३/०७४ | १९ | १०९ | १२८ | |
| २०७४/०७५ | १ | ७७ | ७८ | |

### ३.५ उच्च सरकारी वकील कार्यालयहरूबाट सम्पादित समग्र काम कारबाहीको विवरण

यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट प्रतिवादी नखुलेका मुद्दामा मुद्दा नचलाउने गरी अन्तिम निकासा दिएको निर्णय संख्या ८,८५७ रहेको देखिन्छ । यसैगरी प्रतिवादी खुलेका मुद्दामा मुद्दा चलाउने निर्णय भएको संख्या १ र मुद्दा नचलाउने गरी भएको निर्णय संख्या ७७ रहेको देखिन्छ । त्यस्तै पुनरावेदन सम्बन्धी निर्णय भएको ७,३९३ मध्ये पुनरावेदन गर्ने निर्णय संख्या ६,४१५ र पुनरावेदन नगर्ने निर्णय संख्या ९७८ रहेको देखिन्छ । पुनरावेदन प्रस्तावहरू १,५७१ मध्ये ६०९ पुनरावेदन गर्ने प्रस्ताव र नगर्ने प्रस्ताव ९६२ रहेको देखिन्छ । दोहोऱ्याई पाउने निवेदन नगर्ने निर्णय संख्या ७,३५१ दोहोऱ्याई पाउने निवेदन प्रस्ताव संख्या १,०१५ रहेको देखिन्छ । यसैगरी अदालती बन्दोबस्तको १७ नं. को निवेदन १,८८२ र बहस पैरवी र प्रतिरक्षा गरेको संख्या २६,८८९ रहेको तथा बयान बकपत्र गराएको संख्या २४३ र कानूनी राय प्रदान गरेको संख्या ० गरी जम्मा सम्पादित कुल कार्य संख्या ५५,२७९ रहेको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची १४** मा प्रस्तुत गरिएको छ । उच्च सरकारी वकील कार्यालयबाट विगत तीन वर्षमा सम्पादित कार्यहरूको तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.४०**

**उच्च सरकारी वकील कार्यालयहरूबाट सम्पादित समग्र काम कारबाहीको विवरण**

| आर्थिक वर्ष | मुद्दा चल्ने नचल्ने निर्णय | | | पुनरावेदन प्रस्ताव | | पुनरावेदन सम्बन्धी निर्णय | | दो.पा. निवेदन नगर्ने निर्णय | दाहोऱ्याउने/ नदोहोऱ्याउने प्रस्ताव | अ.व. १७ नं. निवेदन | बहस पैरवी संख्या | बयान/ बकपत्र गराएको संख्या | कानूनी राय प्रदान गरेको संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतिवादी नखुलेका मुद्दामा मुद्दा नचलाउने | मुद्दा चलाउने निर्णय | मुद्दा नचलाउने निर्णय | गर्ने | नगर्ने | पुनरावेदन गर्ने निर्णय | पुनरावेदन नगर्ने निर्णय | | | | | | |
| २०७२/०७३ | ७३२० | ८ | ८१ | ३१७ | १०४३ | ६४४३ | १२०८ | ६९७ | ३२६५ | १७५८ | २२०२६ | १४८ | ४ |
| २०७३/०७४ | ८१९५ | १९ | १०९ | ३५४ | ११२१ | ५७८२ | १५०२ | २८४० | ५७१ | १३४३ | २८५१२ | २१३ | १ |
| २०७४/०७५ | ८८५७ | १ | ७७ | ६०९ | ९६२ | ६४१५ | ९७८ | ७३५१ | १०१५ | १८८२ | २६८८९ | २४३ | ० |

### ३.६ उच्च सरकारी वकील कार्यालयहरूबाट पेश भएका प्रस्तावको विवरण

यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट पेश भएका प्रस्तावहरू मध्ये मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने निर्णय संख्या ७,३५१, मुद्दा दोहोऱ्याई पाउने निवेदन गर्ने प्रस्ताव १,०१५ पेश भएको देखिन्छ । पुनरावेदन गर्न नपर्ने संख्या ९२९ रहेको छ भने पुनरावेदन सम्बन्धी प्रस्तावमा संख्या १,५७१ मध्ये पुनरावेदन गर्ने मस्यौदा प्रस्ताव ६०९ र नगर्ने मस्यौदा प्रस्ताव ९६२ पेश भएको देखिन्छ । यसैगरी अदालती बन्दोबस्तको १७ नं. बमोजिम पेश भएका निवेदन प्रस्ताव संख्या १२७ र मुद्दा चल्ने नचल्ने प्रस्ताव संख्या ७७ भएको देखिन्छ । यसरी महान्यायाधिवक्ताको कार्यालयमा उच्च सरकारी वकील कार्यालयहरूबाट प्राप्त भएका प्रस्तावहरूको संख्या १०,१४१ रहेको र यस सम्बन्धी विस्तृत विवरण **अनुसूची १५** मा दिइएको छ । यस सम्बन्धी तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४१**

**उच्च सरकारी वकील कार्यालयहरूबाट पेश भएका प्रस्तावहरूको एकमुष्ठ विवरण**

| आर्थिक वर्ष | दो.पा. निवेदन नगर्ने | मुद्दा दोहोऱ्याउने निवेदन | | | पुनरावेदन गर्न नपर्ने | पुनरावेदन सम्बन्धी प्रस्ताव | | | अ.व. १७ नं. को निवेदन | मुद्दा चल्ने नचल्ने प्रस्ताव | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गर्ने प्रस्ताव | नगर्ने प्रस्ताव | जम्मा | | पुनरावेदन गर्ने | पुनरावेदन नगर्ने | जम्मा | | | |
| २०७२/०७३ | ६९७ | ४९७ | २७६८ | ३२६५ | ४८७ | ३१७ | १०४३ | १३६० | १५४ | ८१ | ५५५७ |
| २०७३/०७४ | २८४० | ५५० | २१ | ५७१ | ६४५ | ३५४ | ११२१ | १४७५ | १०७ | १०९ | ५१०२ |
| २०७४/०७५ | ७३५१ | १०१५ | ० | १०१५ | ९२९ | ६०९ | ९६२ | १५७१ | १२७ | ७७ | १०१४१ |

## ४. उच्च सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार

उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा तथा अन्य सम्पादित कार्य समेतको तथ्याङ्कलाई हेर्दा देश भरीका उच्च सरकारी वकील कार्यालयहरूको यस आर्थिक वर्षको कुल सम्पादित कार्य सख्या ४७,४०५ रहेको देखिन्छ । जसमध्ये कुल मुद्दाहरू १३,६८९, कुल रिट निवेदनहरू ४,५१६, कुल निवेदनहरू १,८९४, मुद्दा चल्ने नचल्ने निर्णय संख्या ७८, पुनरावेदन मस्यौदा संख्या ,६३०९, तामेली निर्णय संख्या ८,८५७, पुनरावेदन प्रस्ताव १,५७१, दोहोऱ्याई पाउने निवेदन प्रस्ताव १,०१५, दोहोऱ्याई पाउने निवेदन नगर्ने निर्णय संख्या ७,३५१, बयान/बकपत्र गराएको संख्या २४३, कानूनी राय प्रदान गरेको संख्या ० र अ.व. १७ नं. बमोजिम पेश भएका निवेदन संख्या १,८८२ रहेको छ । सबै उच्च सरकारी वकील कार्यालयहरूको सरकारी वकीलहरूको दरबन्दी संख्या ९८ र प्रति सरकारी वकील कार्यबोझ ४८३.७३ रहेको देखिन्छ । उच्च सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूको संख्यामा मुद्दा तथा अन्य सम्पादित कार्यसमेतको लगतलाई विभाजन गर्दा प्रति सरकारी वकीलको कार्यबोझ देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४२**

**उच्च सरकारी वकील कार्यालयहरूमा प्रति-सरकारी वकील कार्यबोझ**

| सम्पादित कार्यहरु | कुल मुद्दा | कुल रिट निवेदन | कुल निवेदन | मुद्दा चल्ने नचल्ने निर्णय | पुनरावेदन मस्यौदा संख्या | तामेली निर्णय | पुनरावेदन प्रस्ताव | दो.पा. प्रस्ताव | दो.पा. निवेदन नगर्ने निर्णय | बयान, बकपत्र संख्या | कानूनी राय | अ.व. १७ नं. को निवेदन | कुल जम्मा | सरकारी वकील संख्या | प्रति-सरकारी वकील कार्यबोझ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७२/०७३ | ११२६७ | २९९३ | २०२३ | ८९ | ६४४१ | ७३२० | १३६० | ३२६५ | ६९७ | १४८ | ४ | १७५८ | ३७३६५ | ९८ | ३८१.२८ |
| २०७३/०७४ | १३४४० | ४१५४ | १४७३ | १२८ | ५८३० | ८१९५ | १४७५ | ५७१ | २८४० | २१३ | १ | १३४३ | ३९६६३ | ९८ | ४०४.७२ |
| २०७४/०७५ | १३६८९ | ४५१६ | १८९४ | ७८ | ६३०९ | ८८५७ | १५७१ | १०१५ | ७३५१ | २४३ | ० | १८८२ | ४७४०५ | ९८ | ४८३.७२ |

यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा सम्बन्धमा भएको कामको कुल लगतमा कर्मचारीहरूको तलब तथा भत्तामा खर्च भएको एकमुष्ठ रकमलाई विभाजन गर्दा प्रति मुद्दा तलब तथा भत्तामा खर्च भएको रकमको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्कलाई हेर्दा देश भरीका उच्च सरकारी वकील कार्यालयहरूको यस आ.व.को कुल मुद्दा, रिट तथा निवेदनहरूको लगत संख्या २०,०९९ लाई उच्च सरकारी वकील कार्यालयहरूमा तलब तथा भत्तामा खर्च भएको रकम रु. १२,४८,४८,४५८.०० र ती कार्यालयहरूको प्रति मुद्दा खर्च रु. ६,२११.६८ पर्ने देखिन्छ ।

## तालिका नं. ४३

## उच्च सरकारी वकील कार्यालयहरूमा मुद्दाको लगतको अनुपातमा प्रति-मुद्दामा तलब भत्तामा खर्च भएको रकमको विवरण

| कार्यालय | कुल मुद्दाको लगत (मुद्दा, रिट, निवेदनसमेत) | तलब तथा भत्तामा खर्च भएको रकम रु. | प्रति मुद्दा खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|
| उच्च सरकारी वकील कार्यालयहरु | २००९९ | १२४,८४८,४५८.०० | ६२११.६८ | |

यस आर्थिक वर्षमा मुद्दा र अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता र कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई विभाजन गरी प्रति सम्पादित कार्य इकाईमा भएको खर्चको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्कलाई हेर्दा देश भरीका उच्च सरकारी वकील कार्यालयहरूको यस आ.व.को जम्मा सम्पादित कार्य ४७,४०५ र उच्च सरकारी वकील कार्यालयहरूमा कुल खर्च भएको रकम रु. २२,८१,६१,६१४.४६ र ती कार्यालयहरूमा प्रति सम्पादित कार्यमा भएको खर्च रकम रु. ४,८१३.०३ पर्ने देखिन्छ ।

## तालिका नं. ४४

## उच्च सरकारी वकील कार्यालयहरूमा प्रति-सम्पादित कार्यमा भएको खर्च रकम

| कार्यालय | जम्मा सम्पादित कार्य | कूल खर्च रकम रु. | प्रति सम्पादित कायमा भएको खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|
| उच्च सरकारी वकील कार्यालयहरु | ४७४०५ | २२८१६१६१४.४६ | ४८१३.०३ | |

परिच्छेद - चार

# विशेष सरकारी वकील कार्यालय

## १. गठन

महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत काठमाडौं उपत्यकामा रहने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७०।०७।२५ को निर्णयबाट विशेष सरकारी वकील कार्यालयको स्थापना भएको छ । उक्त कार्यालयबाट विशेष अदालत काठमाडौं, राजश्व न्यायाधिकरण काठमाडौं, वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौं, प्रशासकीय अदालत तथा उच्च अदालत पाटनमा रहेका वाणिज्य इजलासबाट सुनुवाइ हुने सरकार वादी मुद्दाहरूमा बहस पैरवी तथा प्रतिरक्षा गर्न सहन्यायाधिवक्ताको नेतृत्वमा अन्य सरकारी वकील तथा कर्मचारी रहने व्यवस्था गरिएको छ ।

## २. विशेष सरकारी वकील कार्यालयका सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार

मिति २०७४।०९।१८ को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार उच्च अदालत पाटनको वाणिज्य इजालासमा दायर हुने सुरक्षित कारोबार र बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को कसूर सम्बन्धी मुद्दामा काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका हकमा सम्बन्धित अनुसन्धान अधिकारीबाट मुद्दाको तहकिकात पूरा भई रायसहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि प्राप्त मिसिलमा विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताले तोकेको उपन्यायाधिवक्ताले अध्ययन गर्दा सवुद प्रमाणको उचित मूल्यांकनबाट मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारणसहितको आफ्नो रायसहितको निर्णय सोही कार्यालयका सहन्यायाधित्तवक्ता समक्ष पेश गर्नु पर्ने र सहन्यायाधिवक्ताले मुद्दा चलाउनु पर्ने देखेमा सो बमोजिम गर्न आधार र कारणसहितको निर्णय गरी आवश्यक कानूनी कार्यविधि पूरा गरी प्रचलित कानून बमोजिम सम्बन्धित अदालत समक्ष मुद्दा दायर गर्न लगाउने, प्राप्त मिसिल कागज अध्ययन गर्दा सहन्यायाधिवक्ताले मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारण सहितको आफ्नो रायसहितको निर्णय अन्तिम निकासाको लागि महान्यायाधिवक्ता समक्ष पेश गर्न महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने गरी अधिकार प्रत्यायोजन गरिएको छ ।

मिति २०७२।०६।०३ को नेपाल राजपत्रमा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयको सूचना अनुसार नेपालको संविधानको धारा १५८ को उपधारा (७) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताले सोही धाराको उपधारा (२) बमोजिम आफूमा निहित अधिकार मध्ये विशेष सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिने मुद्दा मध्ये वैदेशिक रोजगार ऐन, २०६४ को कसूर सम्बन्धी मुद्दा र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दामा अभियोजनको निर्णय गर्ने अधिकार २०७४।०९।१८ मा प्रकाशित राजपत्रबाट थप गरिएको) मुद्दामा सम्बन्धित अनुसन्धान अधिकारीबाट मुद्दाको तहकिकात पूरा भई मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि रायसहित विशेष सरकारी वकील कार्यालय समक्ष प्रस्तुत हुन आएको मिसिल सहन्यायाधिवक्ताले तोकेको उपन्यायाधिवक्ताले अध्ययन गर्दा सवुद प्रमाणको उचित मूल्यांकनबाट मुद्दा चलाउनु पर्ने देखेमा सोको आधार र कारण सहितको निर्णय गरी आवश्यक कानूनी कार्यविधि पूरा गरी गराई मुद्दा दायर गर्न सम्बन्धित निकाय वा अधिकारी समक्ष पठाउने, प्राप्त मिसिल कागज अध्ययन गर्दा सवुद प्रमाणको उचित मूल्यांकनबाट मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारण सहितको आफ्नो राय सहितको निर्णय सोही कार्यालयका सहन्यायाधिवक्ता समक्ष पेश गर्नु पर्ने र सहन्यायाधिवक्ताले मुद्दा चलाउनु पर्ने देखेमा सो बमोजिम गर्न आधार र कारण सहितको निर्णय गरी आवश्यक कानूनी कार्यविधि पूरा गरी गराई मुद्दा दायर गर्न सम्बन्धित निकाय वा अधिकारी समक्ष पठाउने, प्राप्त मिसिल कागज अध्ययन गर्दा सहन्यायाधिवक्ताले मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारण सहितको आफ्नो रायसहितको निर्णय अन्तिम निकासाको लागि महान्यायाधिवक्ता समक्ष पेश गर्न महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने गरी अधिकार प्रत्यायोजन गरिएको छ । यसैगरी सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३८(२) बमोजिम महान्यायाधिवक्ताबाट मिति २०७०।९।२१ मा निर्णय गरी विशेष सरकारी वकील कार्यालय, काठमाडौंलाई कार्यसम्पादनको सिलसिलामा देहाय बमोजिम काम गर्ने गरी निर्देशन गरिएको छ :

१. नेपाल सरकार वादी भै चल्ने र नेपाल सरकारलाई सरोकार पर्ने विशेष अदालत काठमाडौं र वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंमा रहेका मुद्दाहरूमा नेपाल सरकारको तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्ने गराउने,

२. राजश्व न्यायाधिकरण काठमाडौं र उच्च अदालत पाटन, वाणिज्य इजलासमा रहेका मुद्दाहरूमा तत्कालको लागि उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता र आन्तरिक राजश्व विभागमा कार्यरत सरकारी वकील बीच समन्वय गरी नेपाल सरकारको तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्ने गराउने,

३. प्रशासकीय अदालत र श्रम अदालतबाट सूचना प्राप्त नेपाल सरकारलाई सरोकार पर्ने मुद्दामा नेपाल सरकारका तर्फबाट उपस्थित भई बहस पैरवी, प्रतिरक्षा लगायतका कार्य गर्ने गराउने,

४. अन्य कार्यहरू सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ र सरकारी वकील सम्बन्धी नियमावली, २०५५ मा उल्लेख गरिए बमोजिमको प्रकृया र कार्यविधि पूरा गरी सम्पादन गर्ने गराउने ।

## ३. विशेष सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण

### ३.१ मुद्दा तथा रिट निवेदनमा बहस पैरवी र प्रतिरक्षा सम्बन्धी कार्य

विशेष सरकारी वकील कार्यालयले महान्यायाधिवक्ताबाट कार्यसम्पादन गर्न दिएको निर्देशन बमोजिम विशेष अदालत, काठमाडौं, प्रशासकीय अदालत, वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौं, राजश्व न्यायाधिकरण, काठमाडौं, उच्च अदालत पाटनमा वाणिज्य इजलासबाट हेरिने मुद्दाहरूमा बहस पैरवी र प्रतिरक्षा गर्ने गर्दछ । यस आर्थिक वर्षमा विशेष सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४५**

**विशेष सरकारी वकील कार्यालय, काठमाडौंबाट मुद्दा तथा रिट निवेदन सम्बन्धी सम्पादित कार्यको विवरण**

| विषय | | लगत | | | फछ्यौंट | | | जम्मा | बांकी | कसूर ठहर, रिट खारेज प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गत वर्षको | यस वर्षको | जम्मा | कसूर कायम, रिट खारेज | सफाइ, रिट जारी | अन्य | | | |
| मुद्दा | अनुसूची भित्रका | ६७ | ४५२ | ५१९ | १४५ | १४ | १ | १६० | ३५९ | ९०.६३ |
| | अनुसूची बाहिरका | ५८८ | ४८१ | १०६९ | ३५५ | १२६ | १४ | ४९५ | ५७४ | ७१.७२ |
| | प्रतिरक्षा गरिएका | ४५७ | १४८ | ६०५ | ३२७ | २३ | ७ | ३५७ | २४८ | ९१.६० |
| | जम्मा | १११२ | १०८१ | २१९३ | ८२७ | १६३ | २२ | १०१२ | ११८१ | ८१.७२ |

विशेष सरकारी वकील कार्यालयबाट यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको एकमुष्ठ लगत २,१९३ रहेकोमा १,०१२ थान मुद्दा फछ्यौंट भई १,१८१ थान मुद्दा तथा निवेदन बाँकी रहेको देखिन्छ । फछ्यौंट भएका मुद्दा मध्ये ८२७ थान अर्थात ८१.७२ थान मुद्दामा कसूर कायम भएको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची २१ मा** दिइएको छ ।

### ३.२ अभियोजन सम्बन्धी कार्य

संविधानको धारा १५८ को उपधारा (७) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताले सोही धाराको उपधारा (२) बमोजिम आफूमा निहित अधिकार मध्ये विशेष सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिने मुद्दा मध्ये बैदेशिक रोजगार ऐन, २०६४ को कसूर सम्बन्धी मुद्दा चलाउनु पर्ने देखेमा सोको आधार र कारण सहितको निर्णय गरी आवश्यक कानूनी कार्यविधि पूरा गरी गराई मुद्दा दायर गर्न सम्बन्धित निकाय वा अधिकारी समक्ष पठाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ । सो बमोजिम यस आर्थिक वर्षमा ७२७ थान मुद्दामा १,६०८ जना प्रतिवादी उपर मुद्दा चलाउने निर्णय भएको देखिन्छ । यस सम्बन्धी विवरण **अनुसूची २४** मा दिइएको छ ।

### ३.३ विशेष सरकारी वकील कार्यालयबाट सम्पादित समग्र काम कारबाहीको विवरण

विशेष सरकारी वकील कार्यालयबाट यस आर्थिक वर्षमा सम्पादन भएका समग्र काम कारबाहीको एकमुष्ठ विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार यस कार्यालयबाट अनुसन्धान गर्न दिएको निर्देशन संख्या ११७, मुद्दा चलाउने निर्णय संख्या ७२७, मुद्दा नचलाउने संख्या १, पुनरावेदन गर्ने/नगर्ने प्रस्ताव संख्या २००, अभियोगपत्र दायर संख्या ४५२, अ.व. १७ नं. निवेदन सम्बन्धी ६, बहस पैरवी संख्या ८,२४९, बयान गराएको प्रतिवादी संख्या ८३३, बकपत्र गराएको संख्या ७६५ गरी जम्मा समग्र सम्पादित कार्य १३,३५० रहेको देखिन्छ । यस सम्बन्धी विवरण **अनुसूची २२** मा दिइएको छ ।

**तालिका नं. ४६**

| निर्देशन दिएको | अभियोजन संख्या | पुनरावेदन प्रस्ताव संख्या | अभियोगपत्र संख्या | अ.व. १७ नं. | बहस संख्या | बयान संख्या | बकपत्र संख्या | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ११७ | ७२८ | २०० | ४५२ | ६ | ८२४९ | ८३३ | ७६५ | ११३५० |

### ३.४ विशेष सरकारी वकील कार्यालयबाट पेश भएका प्रस्तावको विवरण

विशेष सरकारी वकील कार्यालयबाट यस आर्थिक वर्षमा सम्पादन भएका प्रस्ताव सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार सफल भएकोले पुनरावेदन गर्न नपर्ने संख्या १४४ रहेको छ भने पुनरावेदन सम्बन्धी प्रस्तावमा संख्या २०० मध्ये पुनरावेदन गर्ने मस्यौदा प्रस्ताव १०३ र नगर्ने मस्यौदा प्रस्ताव ९७ रहेको देखिन्छ । यसैगरी अदालती बन्दोबस्तको १७ नं. को निवेदन गर्ने प्रस्ताव संख्या ६ र मुद्दा चल्ने नचल्ने निर्णय संख्या १ भएको देखिन्छ । यसरी महान्यायाधिवक्ताको कार्यालयमा विशेष सरकारी वकील

कार्यालयबाट प्राप्त भएका प्रस्तावहरूको संख्या ३५१ रहेको र यस सम्बन्धी विस्तृत विवरण **अनुसूची २३** मा दिइएको छ ।

**तालिका नं. ४७**

**विशेष सरकारी वकील कार्यालयबाट पेश भएका प्रस्तावहरूको एकमुष्ठ विवरण**

| पुनरावेदन सम्बन्धी प्रस्ताव | | जम्मा | सफल भएकोले पुनरावेदन गर्नु नपर्ने | १७ नं. निवेदन प्रस्ताव | मुद्दा नचल्ने निर्णय | जम्मा |
|---|---|---|---|---|---|---|
| गर्ने | नगर्ने प्रस्ताव | | | | | |
| १०३ | ९७ | २०० | १४४ | ६ | १ | ३५१ |

**३.५ विशेष सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार**

विशेष सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको संख्या र मुद्दा तथा अन्य सम्पादित कार्यबोझ देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्कलाई हेर्दा विशेष सरकारी वकील कार्यालयको यस आर्थिक वर्षको कुल सम्पादित कार्य ५,१७७ रहेको देखिन्छ । जसमध्ये मुद्दा २,१९३, अभियोजनको निर्णय ७२८, अभियोगपत्र दायर संख्या ४५२, पुनरावेदन प्रस्ताव २००, बयान गराएको संख्या ८३३, बकपत्र गराएको संख्या ७६५ र अ.व. १७ नं. को निवेदन संख्या ६ रहेको छ । विशेष सरकारी वकील कार्यालयको सरकारी वकीलहरूको दरबन्दी संख्या १५ र प्रति सरकारी वकील कार्यबोझ ३४५.१३ रहेको देखिन्छ ।

**तालिका नं. ४८**

**विशेष सरकारी वकील कार्यालयहरूमा प्रति-सरकारी वकील कार्यबोझ**

| सम्पादित | मुद्दा | अभियोजनको निर्णय | अभियोगपत्र संख्या | पुनरावेदन प्रस्ताव | अ.व. १७ नं. | बयान संख्या | बकपत्र संख्या | जम्मा | सरकारी वकील संख्या | प्रति सरकारी वकील कार्यबोझ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यहरु | २१९३ | ७२८ | ४५२ | २०० | ६ | ८३३ | ७६५ | ५१७७ | १५ | ३४५.१३ |

आर्थिक वर्ष २०७४/०७५ मा विशेष सरकारी वकील कार्यालयबाट मुद्दा सम्बन्धमा भएको कामको कुल लगतमा कर्मचारीहरूको तलब तथा भत्तामा खर्च भएको एकमुष्ठ रकमलाई विभाजन गर्दा प्रति मुद्दा तलब तथा भत्तामा खर्च भएको रकमको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्कलाई हेर्दा यस आ.व.को कुल मुद्दाहरूको लगत संख्या २,१९३ लाई विशेष सरकारी वकील कार्यालयमा तलब तथा भत्तामा खर्च भएको रकम रु. १,३४,८३,६७८.०० र ती कार्यालयहरूको प्रति मुद्दा खर्च रु. ६,१४८.५१ पर्ने देखिन्छ ।

**तालिका नं. ४९**

**विशेष सरकारी वकील कार्यालयमा मुद्दाको लगतको अनुपातमा प्रति-मुद्दामा तलब भत्तामा खर्च भएको रकमको विवरण**

| कार्यालय | कुल मुद्दाको लगत (मुद्दा, रिटहरु तथा निवेदन) | तलब तथा भत्तामा खर्च भएको रकम रु. | प्रति मुद्दा खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|
| वि.स.व. कार्यालय १ | २१९३ | १३,४८३,६७८.०० | ६१४८.५१ | |

यस आर्थिक वर्षमा मुद्दा र अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता र कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई विभाजन गरी प्रति सम्पादित कार्य इकाईमा भएको खर्चको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ उक्त तथ्याङ्कलाई हेर्दा विशेष सरकारी वकील कार्यालयको यस आ.व.को जम्मा सम्पादित कार्य ५,१७७ र विशेष सरकारी वकील कार्यालयहरूमा कुल खर्च भएको रकम रु. २,३१,८९,२७४.३५ र यस कार्यालयमा प्रति सम्पादित कार्यमा भएको खर्च रकम रु. ४,४७९.२९ पर्ने देखिन्छ ।

**तालिका नं. ५०**

**विशेष सरकारी वकील कार्यालयहरूमा प्रति-सम्पादित कार्यमा भएको खर्च रकम**

| कार्यालय | जम्मा सम्पादित कार्य | कूल खर्च रकम रु. | प्रति सम्पादित कार्यमा भएको खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|
| वि.स.व. कार्यालय १ | ५१७७ | २३१८९२७४.३५ | ४४७९.२९ | |

परिच्छेद – पाँच

# जिल्ला सरकारी वकील कार्यालय

## १. गठन

न्याय प्रशासन ऐन, २०७३ को दफा ३ मा प्रत्येक जिल्लामा एउटा जिल्ला अदालत रहने व्यवस्था छ । जिल्ला अदालतको मुकाम रहेको स्थानमा जिल्ला सरकारी वकील कार्यालय रहने व्यवस्था सरकारी वकील नियमावली, २०५५ को नियम ४ को उपनियम (४) मा गरिएको छ । सो अनुरूप जिल्ला अदालतहरू रहेका स्थानमा जिल्ला सरकारी वकील कार्यालयहरूको स्थापना भई कार्यसम्पादन हुँदै आएको छ । नेपाल सरकार वादी हुने फौजदारी तथा देवानी मुद्दाहरू चलाउने वा नचलाउने सम्बन्धी निर्णय गर्ने, मुद्दा चलाउने निर्णय भएकोमा सम्बन्धित अड्डा अदालतमा मुद्दा दायर गर्ने, नेपाल सरकारको सरोकार पर्ने मुद्दामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, जिल्ला स्थित सरकारी कार्यालयहरूलाई कानूनी राय प्रदान गर्ने, जिल्ला अदालतमा पुनरावेदन लाग्ने नेपाल सरकार वादी हुने मुद्दामा पुनरावेदन सम्बन्धी कार्य गर्ने लगायतका कार्यहरू जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत जिल्ला न्यायाधिवक्ता तथा सहायक जिल्ला न्यायाधिवक्ताहरूबाट सम्पादन हुन्छ ।

जिल्ला सरकारी वकील कार्यालयको प्रमुखमा नेपाल न्याय सेवा, सरकारी वकील समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका जिल्ला न्यायाधिवक्ता रहेका छन् । जिल्ला सरकारी वकील कार्यालयहरूमा राजपत्रांकित तृतीय श्रेणीका सहायक जिल्ला न्यायाधिवक्ताहरू तथा अन्य सहायक कर्मचारीहरू रहने व्यवस्था छ । हाल जिल्ला सरकारी वकील कार्यालयहरूको संख्या ७७ रहेको छ । जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकील तथा अन्य कर्मचारीहरूको संख्यात्मक दरबन्दीलाई **अनुसूची ३८** मा प्रस्तुत गरिएको छ ।

## २. जिल्ला न्यायाधिवक्ता र सहायक जिल्ला न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार

सरकारी वकील सम्बन्धी नियमावली, २०५५ अनुसार जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत जिल्ला न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ ।

१. सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची भित्रका मुद्दा वा नेपाल सरकार वादी हुने मुद्दामा प्रहरी वा अधिकार प्राप्त अधिकारीद्वारा अनुसन्धान, तहकिकात एवं छानबिन गरी आवश्यक कारबाहीका लागि आएका मिसिलहरूमा महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भए बमोजिम मुद्दा चल्ने नचल्ने निर्णय गर्ने र मुद्दा चल्ने निर्णय भएकोमा अभियोग पत्र वा फिरादपत्र दायर गर्ने,

२. सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची भित्रका मुद्दा र नेपाल सरकार वादी हुने मुद्दामा कुनै अड्डा, अदालत समक्ष उपस्थित भई बहस पैरवी गर्ने,

३. नेपाल सरकारलाई सरोकार पर्ने अन्य जुनसुकै मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट अड्डा अदालतमा उपस्थित भई बहस पैरवी गर्ने,

४. प्रचलित कानून बमोजिम कार्यालय प्रमुखलाई भएको अधिकार एवं जिल्ला न्यायाधिवक्ताले गर्ने भनी तोकिएका अन्य काम कारबाही गर्ने,

५. जिल्ला स्थित कुनै सरकारी कार्यालय वा सो कार्यालयको प्रमुखले मागेको कुनै कानूनी प्रश्नमा राय दिने,

६. सरकारी वकील सम्बन्धी नियमावली, २०५५ बमोजिम जिल्ला न्यायाधिवक्तालाई भएको अधिकार निजको निर्देशनमा रही सहायक जिल्ला न्यायाधिवक्ताले प्रयोग गर्न सक्ने ।

## ३. जिल्ला सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण

जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा सम्पादन भएका कार्यहरूलाई देहाय बमोजिम विवेचना गरिएको छ :

### ३.१ मुद्दा सम्बन्धी कार्य

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय तथा अन्य निकायमा अभियोगपत्र, निवेदन वा उजुरी दायर गरी बहस पैरवी गरिएका वा प्रतिरक्षा गरिएका मुद्दाहरूको विषयगत विवरणलाई एकमुष्ठ रूपमा देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयबाट जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय र अन्य न्यायिक निकायहरूमा अभियोग दायरी तथा बहस पैरवी गरिएका मुद्दाहरूको कुल संख्या ४४,३१५ रहेको छ । सो मध्ये २५,५०७ थान अर्थात ५७.५ प्रतिशत मुद्दा फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू मध्ये २१,६०२ थान अर्थात ८४.६९ प्रतिशत

मुद्दामा कसूर ठहर भएको छ । साथै ३,७५५ थान अर्थात १४.७२ प्रतिशत मुद्दामा सफाइ भएको छ । १४४ थान अर्थात ०.५६ प्रतिशत मुद्दा फिर्ता लिएको, मुल्तवी रहेको, तामेली रहेको आधारमा फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ ।

**तालिका नं. ५१**

**जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस, पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दा तथा निवेदनहरूको तुलनात्मक लगत फछ्यौंट विवरण**

| मुद्दा हेर्ने निकाय तथा मुद्दाको प्रकृति | | | लगत | | | फछ्यौंट | | | | | बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्ष | यस वर्ष | जम्मा | कसूर ठहर, रिट खारेज | सफाइ , रिट जारी | मुल्तवी | अन्य | जम्मा | |
| अनुसूची भित्रका मुद्दा | जिल्ला अदालततर्फ | फौजदारी | ७४२८ | १३२६३ | २०६९१ | ८७६९ | ३३४५ | १२० | १५ | १२२४९ | ८४४२ |
| | | देवानी | ३७ | ९ | ४६ | २४ | ५ | ० | ० | २९ | १७ |
| | जिल्ला प्रशासन कार्यालयमा | | ६४८५ | १४५७२ | २१०५७ | ११७३६ | २७६ | १ | ८ | १२०२१ | ९०३६ |
| | अन्य निकायमा | | १८ | ० | १८ | १८ | ० | ० | ० | १८ | ० |
| | **जम्मा** | | **१३९६८** | **२७८४४** | **४१८१२** | **२०५४७** | **३६२६** | **१२१** | **२३** | **२४३१७** | **१७४९५** |
| **अनुसूची बाहिरका मुद्दा** | | | १२२१ | १२८२ | २५०३ | १०५५ | १२९ | ६ | ० | ११९० | १३१३ |
| अनुसूची भिर र बाहिरका मुद्दाको | | | **१५१८९** | **२९१२६** | **४४३१५** | **२१६०२** | **३७५५** | **१२७** | **२३** | **२५५०७** | **१८८०८** |
| **पुनरावेदन** | | | ७१ | १७४ | २४५ | ४७ | ४६ | ० | ० | ९३ | १५२ |
| **प्रतिरक्षा** | | | १४५ | २५२ | ३९७ | १४४ | २० | ० | ० | १६४ | २३३ |
| रिट निवेदन | | | २७२ | ५३८ | ८१० | ३५९ | १२१ | १ | ४ | ४८५ | ३२५ |
| अन्य निवेदन | | | ६ | २ | ८ | ५ | ३ | ० | ० | ८ | ० |
| **कुल जम्मा** | | | **१५६८३** | **३००९२** | **४५७७५** | **२२१५७** | **३९४५** | **१२८** | **२७** | **२६२५७** | **१९५१८** |

उल्लिखित तालिका अनुसार यस आर्थिक वर्षमा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्रका फौजदारी मुद्दा अन्तर्गत जिल्ला अदालतमा लगत रहेका २०,६९१ थान मुद्दाहरू मध्ये जम्मा १२,२४९ थान अर्थात ५९.२० प्रतिशत मुद्दाहरू फछ्यौंट भएको देखिन्छ । यसरी फछ्यौंट भएका मुद्दाहरू मध्ये ८,७६९ थान अर्थात ७१.५९ प्रतिशत मुद्दामा कसूर ठहर भएको छ । ३,३४५ थान अर्थात २७.३० प्रतिशत मुद्दामा सफाइ भएको छ भने १३५ अर्थात १.१० प्रतिशत अन्य तवरले फछ्यौंट भएको देखिन्छ । जिल्ला प्रशासन कार्यालयमा दायर भएका मुद्दाहरूको स्थितिलाई हेर्ने हो भने जम्मा लगत २१,०५७ थान मुद्दाहरू मध्ये १२,०२१ थान अर्थात ५७.०९ प्रतिशत मुद्दा फछ्यौंट भएको देखिन्छ । यसरी फछ्यौंट भएका मुद्दाहरू मध्ये ११,७३६ थान अर्थात ९७.६३ प्रतिशत मुद्दामा कसूर ठहर भएको छ भने २७६ थान अर्थात २.३० प्रतिशत मुद्दामा सफाइ भएको देखिन्छ । यसैगरी अन्य निकायतर्फ जम्मा लगत १८ थान मुद्दाहरू मध्ये सबै मुद्दा फछ्यौंट भएको र सबैमा कसूर कायम भएको देखिन्छ । अनुसूची बाहिरका मुद्दातर्फ २,५०३ लगत भएकोमा १,१९० थान अर्थात ४७.५४ प्रतिशत मुद्दाहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू मध्ये १,०५५ थान अर्थात ८८.६६ प्रतिशत मुद्दामा कसूर ठहर भएको छ भने १२९ थान अर्थात १०.८४ प्रतिशत मुद्दामा सफाइ भएको र ३६ थान मुद्दा अर्थात ०.५० प्रतिशत अन्य तवरले फछ्यौंट भएको देखिन्छ । यसैगरी पुनरावेदन गरिएका मुद्दातर्फ २४५ थान मुद्दाको लगत भएकोमा ९३ थान अर्थात ३७.९६ प्रतिशत मुद्दाहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू मध्ये ४७ थान अर्थात ५०.५४ प्रतिशत मुद्दामा पुनरावेदन दाबी पुगेको, ४६ थान अर्थात ४९.४६ प्रतिशत मुद्दामा दावी नपुगेको देखिन्छ । प्रतिरक्षा गरिएका मुद्दातर्फ ३९७ लगत भएकोमा १६४ थान अर्थात ४१.३१ प्रतिशत मुद्दाहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू मध्ये १४४ थान अर्थात ८७.८० प्रतिशत मुद्दामा दाबी पुगेको, २० थान अर्थात १२.२० प्रतिशत मुद्दामा दावी नपुगेको देखिन्छ ।

रिट निवेदन तर्फ ८१० लगत भएकोमा ४८५ थान अर्थात ५९.८८ प्रतिशत निवेदन फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका निवेदन मध्ये ३५९ थान अर्थात ७४.०२ प्रतिशत निवेदन खारेज भएको छ भने १२१ थान अर्थात २४.९५ प्रतिशत निवेदनमा निवेदन जारी र ५ थान अर्थात १.०३ प्रतिशत निवेदन अन्य तवरले फछ्यौंट भएको देखिन्छ । यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा तथा निवेदनहरूको लगत, फछ्यौंट तथा बाँकी संख्या एवं कसूर ठहर र सफाइ समेतको विस्तृत विवरणलाई **अनुसूची ३०** मा प्रस्तुत गरिएको छ ।

**जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा बहस पैरवी भएका मुद्दा, निवेदनको कारबाही सम्बन्धी सूचक**




यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी एवं प्रतिरक्षा गरिएका विषयगत मुद्दाहरूको लगत तथा फछ्यौंट विवरणलाई विगत आर्थिक वर्षहरूको तथ्याङ्कसँग तुलना गर्न मुद्दाहरूको लगत तथा फछ्यौंट विवरणलाई छुट्टाछुट्टै शीर्षक अन्तर्गत निम्न अनुसार विवेचना गरिएको छ ।

**(क) अनुसूची भित्रका फौजदारी मुद्दा :-**सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा उल्लेखित अपराध सम्बन्धी मुद्दा र छुट्टाछुट्टै विषयमा बनेका ऐनले अनुसूची १ अन्तर्गत पर्ने भनी तोकिएका कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी भई सरकारी वकीलबाट दायर गरिन्छ । यस्ता मुद्दाहरूमा अनुसन्धान अधिकृतले अनुसन्धान कार्य पूरा गरी सम्बन्धित सरकारी वकील कार्यालयमा राय सहितको प्रतिवेदन पठाउँछन् । सम्बन्धित जिल्लाका सरकारी वकीलले महान्यायाधिवक्ताद्वारा प्रत्यायोजित अधिकार प्रयोग गरी संकलित सबुद प्रमाणको आधारमा मुद्दा चलाउने, नचलाउने निर्णय गर्दछन् ।

सरकारी वकीलद्वारा मुद्दा चलाउने निर्णय भएका सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ अन्तर्गतका मुद्दाहरू नेपाल सरकारको तर्फबाट जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय तथा कानूनले तोकेका अन्य निकायमा दायर गरिन्छ र ती मुद्दाहरूमा वादी नेपाल सरकारको तर्फबाट साक्षी प्रमाणको प्रस्तुती, बहस पैरवी एवं प्रतिनिधित्व सरकारी वकीलबाट हुन्छ । यसरी दायर मुद्दाहरूको जिल्लागत एवं एकमुष्ठ विवरण **अनुसूची ३०** मा प्रस्तुत गरिएको छ । नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दाहरूको यस आर्थिक वर्षको लगत, फछ्यौंट र बाँकी विवरणलाई विगत आर्थिक वर्षको विवरणसँग तुलना गरी देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५२**

**जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी गरिएका फौजदारी मुद्दाहरूको तुलनात्मक विवरण**

| आर्थिक वर्ष | निकाय/कार्यालय | लगत | | | फछ्यौंट | | | | | बाँकी | कसुर ठहर भएको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गत वर्षको | यस वर्षको | जम्मा | कसुर ठहर भएको | सफाइ भएको | मुल्तवी | अन्य | जम्मा | | |
| २०७२/०७३ | अदालतमा | ६४६३ | १५०१९ | २१४८२ | ११३९९ | ३७२६ | १३४ | २८ | १५२८७ | ६१९५ | ७४.५७ |
| | जिल्ला प्रशासन | ८०२४ | ५९३५ | १३९५९ | ७२५९ | ४२६ | ३ | २७ | ७७१५ | ६२४४ | ९४.०९ |
| | अन्य निकायमा | ० | २ | २ | ० | ० | ० | ० | ० | २ | |
| | जम्मा | १४४८७ | २०९५६ | ३५४४३ | १८६५८ | ४१५२ | १३७ | ५५ | २३००२ | १२४४१ | ८१.११ |
| २०७३/०७४ | अदालतमा | ६४११ | १२६९५ | १९१०६ | ८०८५ | ३३५१ | ११४ | ५ | ११५५५ | ७५५१ | ६९.९७ |
| | जिल्ला प्रशासन | ५९५९ | १०५८९ | १६५४८ | ९२०५ | १२११ | ० | ० | १०४१६ | ६१३२ | ८८.३७ |
| | अन्य निकायमा | २ | ० | २ | ० | ० | ० | ० | ० | २ | |
| | जम्मा | १२३७२ | २३२८४ | ३५६५६ | १७२९० | ४५६२ | ११४ | ५ | २१९७१ | १३६८५ | ७८.६९ |
| २०७४/०७५ | अदालतमा | ७४२८ | १३२६३ | २०६९१ | ८७६९ | ३३४५ | १२० | १५ | १२२४९ | ८४४२ | ७१.५९ |
| | जिल्ला प्रशासन | ६४८५ | १४५७२ | २१०५७ | ११७३६ | २७६ | १ | ८ | १२०२१ | ९०३६ | ९७.६३ |
| | अन्य निकायमा | १८ | ० | १८ | १८ | ० | ० | ० | १८ | ० | |
| | जम्मा | १३९३१ | २७८३५ | ४१७६६ | २०५२३ | ३६२१ | १२१ | २३ | २४२८८ | १७४७८ | ८४.५० |

**जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी गरिएका फौजदारी मुद्दाहरूको सूचक**




जिल्ला अदालत तर्फ आर्थिक वर्ष २०७२/०७३ मा १५,०१९ थान दायरी, गत वर्षको ६,४६३ थान मुद्दा समेत गरी जम्मा लगत २१,४८२ रहेको थियो। आर्थिक वर्ष २०७३/०७४ मा १२,६९५ थान दायरी, गत वर्षको ६,४११ थान मुद्दा समेत गरी जम्मा लगत १९,१०६ रहेको थियो भने यस आर्थिक वर्षमा १३,२६३ थान दायरी, गत वर्षको ७,४२८ थान मुद्दा समेत गरी जम्मा लगत २०,६९१ रहेको देखिन्छ । जिल्ला प्रशासन कार्यालयमा आर्थिक वर्ष २०७२/०७३ मा ५,९३५ दायरी, गत वर्षको ८,०२४ समेत गरी जम्मा लगत १३,९५९ थान रहेको थियो । आर्थिक वर्ष २०७३/०७४ मा १०,५८९ दायरी, गत वर्षको ५,९५९ समेत गरी जम्मा लगत १६,५४८ थान रहेको थियो भने यस आर्थिक वर्षमा १४,५७२ दायरी, गत वर्षको ६,४८५ समेत गरी जम्मा लगत २१,०५७ थान रहेको देखिन्छ । यसैगरी अन्य निकायतर्फ आर्थिक वर्ष २०७२/०७३, २०७३/०७४मा २ थान र यस आर्थिक वर्षमा लगत १८ थान रहेको देखिन्छ ।

मुद्दाको फछ्यौंट स्थितिलाई हेर्ने हो भने जिल्ला अदालततर्फ आर्थिक वर्ष २०७२/७३ मा १५,२८७ थान अर्थात ७१.१६ प्रतिशत, आर्थिक वर्ष २०७३/७४ मा ११,५५५ थान अर्थात ६०.४८ प्रतिशत र यस आर्थिक वर्षमा १२,२४९ थान अर्थात ५९.२० प्रतिशत फछ्यौंट भएको देखिन्छ भने जिल्ला प्रशासन कार्यालयतर्फ आर्थिक वर्ष २०७२/०७३ मा ७,७१५ थान अर्थात ५५.२७ प्रतिशत, २०७३/०७४ मा १०,४१६ थान अर्थात ६२.९४ प्रतिशत र यस आर्थिक वर्षमा १२,०२१ थान अर्थात ५७.०९ प्रतिशत फछ्यौंट भएको देखिन्छ । यसैगरी अन्य निकायतर्फ २०७२/०७३, २०७३/०७४ मा कुनै मुद्दा फछ्यौंट नभएको र यस आर्थिक वर्षमा सबै मुद्दा १८ थान फछ्यौंट भएको देखिन्छ । उक्त तालिकाको तथ्याङ्कलाई समग्र रूपमा विश्लेषण गर्दा फछ्यौंट भएका मुद्दाहरू मध्ये अदालततर्फ आर्थिक वर्ष २०७२/०७३ मा ७४.५७ प्रतिशत, २०७३/०७४ मा ६९.९७ प्रतिशत र यस आर्थिक वर्षमा ७१.५९ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ भने जिल्ला प्रशासन कार्यालयमा आर्थिक वर्ष २०७२/०७३ मा ९४.०९ प्रतिशत, २०७३/०७४ मा ८८.३७ प्रतिशत र यस आर्थिक वर्षमा ९७.६३ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ । यसैगरी अन्य निकायतर्फ विगत दुई आर्थिक वर्षमा कुनै पनि मुद्दा फछ्यौंट नभएको र यस आर्थिक वर्षमा सतप्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ ।

यस आर्थिक वर्षमा अनुसूची भित्रका फौजदारी मुद्दाहरूमा जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय तथा अन्य निकाय सबैको समष्टिगत अध्ययन गर्दा यस आर्थिक वर्षमा दायरी २७,८४४ र गत वर्षको जिम्मेवारी १३,९६८ समेत जम्मा लगत ४१,८१२ रहेकोमा २४,३१७ थान मुद्दा फछ्यौंट भई १७,४९५ मुद्दा बाँकी रहेको देखिन्छ । फछ्यौंट भएका मुद्दा मध्ये २०,५४७ अर्थात ८४.५० प्रतिशत मुद्दामा कसूर कायम भएको देखिन्छ । गत आर्थिक वर्ष २०७३/०७४ मा दायरी २३,२८४ र गत वर्षको जिम्मेवारी १२,३७२ समेत जम्मा लगत ३५,६५६ रहेकोमा २१,९७१ थान मुद्दा फछ्यौंट भई १३,६८५ मुद्दा बाँकी रहेको देखिन्छ । फछ्यौंट भएका मुद्दा मध्ये १७,२९० अर्थात ७८.६९ प्रतिशत मुद्दामा कसूर कायम भएको थियो । प्रस्तुत तथ्याङ्क अनुसार गत आर्थिक वर्षको तुलनामा यस अर्थिक वर्षमा अनुसूची भित्रका मुद्दाहरूको दायरी संख्या र फछ्यौंट संख्यामा वृद्धि भएको देखिन्छ ।

**(ख) देवानी मुद्दा :-** सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची २ मा उल्लेखित देवानी मुद्दा र प्रचलित कानूनमा सरकार वादी भनिएको देवानी मुद्दाहरू तोकिएको अधिकारीले जाँचबुझ गरी राय सहित मुद्दा चल्ने नचल्ने निर्णयको लागि सरकारी वकील समक्ष पठाउने र सरकारी वकीलले मुद्दा चलाउनु पर्ने देखेमा निर्णय गरी सम्बन्धित अदालत तथा अन्य निकायमा मुद्दा दायर गर्ने व्यवस्था छ । नेपाल सरकार वादी भई चलाइएका अनुसूची २ मा

|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मुद्दा नचलाउने | मुद्दा चलाउने | आंशिक मुद्दा | तामेली राख्ने निर्णय संख्या | | | | | | | पुनरावेदन गर्ने | पुनरावेदन नगर्ने | पुनरावेदन गर्ने | पुनरावेदन नगर्ने | पुनरावेदन दायर संख्या |
| ४७८८४ | १११६ | ७७ | २९२१२ | १८ | ८५४६ | २७८३७ | ४६८९७ | ७७ | ५६०४० | १०७० | ९४४९ | ५४३७ | १५२६ | १७४ | १५ | १७४ |

### ३.८ जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको विवरण

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको विवरण**अनुसूची ३०** मा दिइएको छ । उक्त विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको संख्या २६८ रहेकोमा अनुसूची भित्रका मुद्दाहरूमा १७० र अनुसूची बाहिरका मुद्दाहरूमा ९८ रहेको देखिन्छ ।

तालिका नं. ७१

**जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको विवरण**

| मुद्दाको विवरण | | अनुसूची भित्रका | | अनुसूची बाहिरका जम्मा | |
|---|---|---|---|---|---|
| | फौजदारी | देवानी | जम्मा | फौजदारी/देवान | कुलजम्मा |
| अदालत तर्फ | ११४ | ० | ११४ | ३ | ११७ |
| जिल्ला प्रशासन कार्यालयतर्फ | ५६ | ० | ५६ | ० | ५६ |
| अन्य निकाय तर्फ | ० | ० | ० | ९५ | ९५ |
| कुल जम्मा | १७० | ० | १७० | ९८ | २६८ |

### ३.९ महिला तथा बालबालिकाहरू पीडित एवं प्रतिवादी भएका अनुसूची भित्रका मुद्दाको विवरण

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट कार्यसम्पादन भएका अनुसूची-१ अन्तर्गतका मुद्दामा महिला तथा बालबालिकाहरू पीडित एवं प्रतिवादी भएका महिला तथा बालबालिकाहरूको विषयतगत रूपमा संख्यात्मक विवरण **अनुसूची ३७** मा दिइएको छ । उक्त विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त विवरण अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूबाट दायर भएका गम्भीर प्रकृतिका मुद्दाहरूमा जम्मा पीडित महिलाहरूको संख्या ३,००१, प्रतिवादी महिलाहरूको संख्या २,४०० तथा पीडित बालबालिकाहरूको संख्या १,१७७ र प्रतिवादी बालबालिकाहरूको संख्या ६४७ भएको देखिन्छ । ती मध्ये कर्तव्य ज्यान, सवारी ज्यान तथा ज्यान मार्ने

उद्योग मुद्दामा पीडित महिला संख्या ३३२, प्रतिवादी महिला संख्या ३२६, पीडित बालबालिका संख्या १६६ र प्रतिवादी बालबालिका संख्या ८४ रहेको देखिन्छ । जबर्जस्ती करणी तथा जबर्जस्ती करणी उद्योग मुद्दामा पीडित महिला संख्या १,१८५, प्रतिवादी महिला संख्या ७२, पीडित बालबालिका संख्या ७२३ र प्रतिवादी बालबालिका संख्या १४७ रहेको देखिन्छ । मानव बेचविखन मुद्दामा पीडित महिला संख्या २८७, प्रतिवादी महिला संख्या १२६, पीडित बालबालिका संख्या ६८ र प्रतिवादी बालबालिका संख्या ४ रहेको देखिन्छ ।

चोरी मुद्दामा पीडित महिला संख्या २१६, प्रतिवादी महिला संख्या १०८, पीडित बालबालिका संख्या ८ र प्रतिवादी बालबालिका संख्या ११३ रहेको देखिन्छ । अपहरण मुद्दामा पीडित महिला संख्या ३८, प्रतिवादी महिला संख्या २० र पीडित बालबालिका संख्या ३८ र प्रतिवादी बालबालिका संख्या ० रहेको देखिन्छ । लागू औषध मुद्दामा पीडित महिला संख्या १२, प्रतिवादी महिला संख्या ३७४ रहेको देखिन्छ भने पीडित बालबालिका संख्या १२ र प्रतिवादी बालबालिका संख्या १५० रहेको देखिन्छ । अन्य मुद्दामा पीडित महिला संख्या ९३२, प्रतिवादी महिला संख्या १,३७४, पीडित बालबालिका संख्या १६२ र प्रतिवादी बालबालिका संख्या १४९ रहेको देखिन्छ ।

**तालिका नं. ७२**

**जिल्ला सरकारी वकील कार्यालयहरूमा महिला तथा बालबालिकाहरू पीडित एवं प्रतिवादी भएका अनुसूची भित्रका मुद्दाको विवरण**

| मुद्दा | कर्तव्य/ सवारी ज्यान/ज्या.मा. | | जबरजस्ती करणी/ उद्योग | | मानव बेचविखन | | चोरी | | अपहरण | | लागू औषध | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला/ बालबालिका | पीडित | प्रतिवादी | पीडित | प्रतिवादी | पीडित | प्रतिवादी | पीडित | प्रतिवादी | पीडित | प्रतिवादी | पीडित | प्रतिवादी | पीडित | प्रतिवादी | पीडित | प्रतिवादी |
| महिला | ३३२ | ३२६ | ११८५ | ७२ | २८७ | १२६ | २१६ | १०८ | ३७ | २० | १२ | ३७४ | ९३२ | १३७४ | ३००१ | २४०० |
| बालबालिका | १६६ | ८४ | ७२३ | १४७ | ६८ | ४ | ८ | ११३ | ३८ | ० | १२ | १५० | १६२ | १४९ | ११७७ | ६४७ |

## ४. जिल्ला सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार

जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको संख्यामा मुद्दा तथा अन्य सम्पादित कार्य समेतको लगतलाई विभाजन गर्दा प्रति-सरकारी वकीलको कार्यबोझ देहायको तालिकामा प्रस्तुत गरिएको छ । प्रस्तुत तथ्याङ्कलाई हेर्दा देश भरीका जिल्ला सरकारी वकील कार्यालयहरूको यस आ.व. को कामको कुल लगत संख्या २,१४,५४५ मध्ये जम्मा मुद्दा तथा रिट संख्या ४५,७७५, जम्मा कानूनी राय संख्या ७७ र तामेली निर्णय संख्या ८,५४९, बयान गराएको संख्या ६४७,८८४, बकपत्र गराएको संख्या ४६,८९७, मुद्दा चलाउने निर्णय संख्या २९,२३०, मुद्दा नचलाउने निर्णय संख्या ७७, अभियोजन/फिराद गरेको संख्या २७,८३७, पुनरावेदन प्रस्ताव संख्या ६,९६३ र अ.व. १७ नं. को निवेदन संख्या १,०७०, जिल्ला अदालतमा पुनरावेदन गर्ने र नगर्ने निर्णय संख्या १८९ रहेको देखिन्छ । जिल्ला सरकारी वकील कार्यालयहरूमा सरकारी वकीलको दरबन्दी संख्या २०७ लाई ती कार्यालयहरूबाट सम्पादन भएको कार्य संख्या २,१४,५४५ ले प्रति सरकारी वकील कार्यबोझ १,०३६.४५ रहेको देखिन्छ ।

**तालिका नं. ७३**

**जिल्ला सरकारी वकील कार्यालयहरूमा प्रति-सरकारी वकील कार्यबोझ**

| मुद्दा तथा रिट | कानूनी राय | तामेली निर्णय | बयान गराएको संख्या | बकपत्र गराएको संख्या | मुद्दा चलाउने निर्णय | मुद्दा नचलाउने निर्णय | अभियोजन/फिराद गरको संख्या | पुनरावेदन प्रस्ताव | अ.व. १७ नं. को निवेदन | जि.अ.मा पुनरावेदन गर्ने नगर्ने निर्णय | जम्मा | सरकारी वकील संख्या | प्रति सरकारी वकील कार्य-बोझ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४५७७५ | ७७ | ८५४६ | ४७८८४ | ४६८९७ | २९२३० | ७७ | २७८३७ | ६९६३ | १०७० | १८९ | २१४५४५ | २०७ | १०३६.४५ |

यस अर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा सम्बन्धमा भएको कामको कुल लगतमा कर्मचारीहरूको तलब तथा भत्तामा खर्च भएको एकमुष्ठ रकमलाई विभाजन गर्दा प्रति मुद्दामा तलब तथा भत्तामा खर्च भएको रकमको विवरण देहायको तालिकामा प्रस्तुत तथ्याङ्कलाई हेर्दा देश भरीका जिल्ला सरकारी वकील कार्यालयहरूको यस आ.व.को कुल मुद्दाको लगत संख्या ४५,७७५ र ती कार्यालयहरूको लागि तलब तथा भत्तामा खर्च भएको रकम रु. २५,४४,५३,९१८.०० एवं ती कार्यालयहरूको प्रति मुद्दा खर्च रकम रु. ५,५५८.८० रहेको देखिन्छ ।

## तालिका नं. ७४
## जिल्ला सरकारी वकील कार्यालयहरूमा मुद्दाको लगतको अनुपातमा प्रति मुद्दामा तलब भत्तामा खर्च भएको रकमको विवरण

| कार्यालय | कुल मुद्दाको लगत | तलब तथा भत्तामा खर्च भएको रकम रु. | प्रति मुद्दा खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|
| जिल्ला सरकारी वकील कार्यालयहरु | ४५७७५ | २५४,४५३,९१८.०० | ५५५८.८० | |

यस आर्थिक वर्षमा मुद्दा तथा अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता लगायत कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई विभाजन गर्दा प्रति सम्पादित कार्यमा खर्च भएको रकमको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । उल्लेखित तथ्याङ्कलाई हेर्दा देश भरीका जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा भएको जम्मा सम्पादित काम २,१४,५४५ र ती कार्यालयहरूका लागि तलब भत्ता लगायत कार्यालय सञ्चालनका लागि खर्च भएको रकम रु. ५४,७१,५०,२६५.५२ एवं ती कार्यालयहरूको प्रति सम्पादित काममा भएको खर्च रकम रु. २,५५०.२८ रहेको देखिन्छ ।

## तालिका नं. ७५
## जिल्ला सरकारी वकील कार्यालयहरूमा प्रति-सम्पादित कार्यमा भएको खर्च विवरण

| कार्यालय | जम्मा सम्पादित काम | कुल खर्च रकम रु. | प्रति सम्पादित कार्यमा भएको खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|
| जिल्ला सरकारी वकील कार्यालयहरु | २१४५४५ | ५४७१५०२६५.५२ | २५५०.२८ | |

परिच्छेद - छ

# निष्कर्ष तथा सुझाव

## १. निष्कर्ष

नेपालको संविधानले नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा मातहतका सरकारी वकीलबाट सरकारको प्रतिनिधित्व गर्ने, कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने, सरकार विरुद्ध दायर भएका मुद्दा मामिलामा सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने, हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा आफन्त वा कानून व्यवसायीसँग भेटघाट गर्न नदिएको उजुरी वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने र नेपाल सरकार र सरकारी निकायलाई संवैधानिक एव कानूनी प्रश्नमा कानूनी राय उपलब्ध गराउने समेतको काम, कर्तव्य र अधिकार महान्यायाधिवक्तालाई तोकेको छ । महान्यायाधिवक्ताको संवैधानिक जिम्मेवारी बहन गर्न र कार्यसम्पादनमा सहयोग गर्न देशभर विभिन्न तहमा सरकारी वकील कार्यालयको स्थापना गरी सरकारी वकील र अन्य कर्मचारीको व्यवस्थापन गरी फौजदारी न्याय प्रशासन लगायतका कार्यसम्पादन हुँदै आएको छ ।

सरकारी वकीलहरूको कार्य व्यावसायिक कार्य हो । सरकारी वकीलले संविधानले दिएको जिम्मेवारी पूरा गर्न आफ्नो पदीय जिम्मेवारी कुशलतापूर्वक सम्पादन गर्न सक्ने क्षमता, कार्यसँग सम्बन्धित व्यावसायिक आचरण र नैतिक मापदण्डहरूको पालना, स्वतन्त्रतापूर्वक कार्यसम्पादन गर्नसक्ने वातावरण र कार्यात्मक स्वतन्त्रता जस्ता कुराहरूबाट व्यावसायिकताको मापन गरिन्छ । सरकारी वकीलले गर्नुपर्ने व्यावसायिक कार्यका लागि न्याय प्रणाली र न्याय प्रशासन सम्बन्धी आधारभूत सिद्धान्तहरूको अतिरिक्त कामसँग सम्बन्धित कानूनी व्यवस्थाको सैद्धान्तिक र व्यावहारिक ज्ञान, विधिविज्ञान सम्बन्धी ज्ञान, फौजदारी कार्यविधिमा निपूर्णता, विकसित नवीनतम् कानूनी सिद्धान्त र मान्यताको जानकारी र प्रतिरक्षाका सिद्धान्तको ज्ञान आवश्यक पर्दछ । यसका साथै विज्ञान र प्रविधिको विकाससँगै घट्न सक्ने नवीन प्रकृतिका फौजदारी मुद्दाहरूको अनुसन्धान अभियोजन गर्न सक्ने क्षमता सरकारी वकीलहरूमा विकास गरिनु आवश्यक छ ।

महान्यायाधिवक्ता तथा सरकारी वकील कार्यालयहरूले संवैधानिक तथा कानूनी जिम्मेवारी प्रभावकारी रूपमा सम्पादन गर्नका लागि सरकारी वकीलको व्यावसायिकता विकास र संस्थागत सुदृढीकरणमा केन्द्रित भई महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना लागू भई कार्यान्वयनको क्रममा रहेको छ । योजनाले निर्धारण गरेका क्रियाकलापहरू सम्पादन गर्नका लागि हाल उपलब्ध हुँदै आएको बजेटको तुलनामा प्रशस्त स्रोत, साधनको आवश्यकता देखिएको छ भने योजनाले निर्धारण गरेका कार्यक्रमहरू सम्पन्न गर्न दृढ इच्छाशक्तिको समेत आवश्यकता रहेको छ ।

## २. समस्या र चुनौतीहरू

महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयहरूको कार्यसम्पादनको क्रममा देखिएका समस्या र चुनौतीहरू यसप्रकार रहेका छन्:

- नेपालको कानून प्रणालीलाई रूपान्तरण गर्दै जारी भएका मुलुकी अपराध संहिता समेतका नयाँ कानूनहरूको कार्यान्वयनको क्रममा सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउन आवश्यक छ । समयमा वैज्ञानिक परीक्षण प्रतिवेदन प्राप्त नहुने समस्या अझै छ । विधिविज्ञान प्रयोगशालाको पहुँच सहज छैन । प्रमाण संकलनमा दक्ष जनशक्तिको अभाव विगतदेखि कै समस्याको निरन्तरता हो । वैज्ञानिक परीक्षणको आधुनिक विधि र प्रक्रियालाई कानूनमा व्यवस्था गर्न बाँकी नै देखिएको छ ।

- मौखिक प्रमाणमा आधारित र सावितीमुखी अनुसन्धानको निरन्तरताले सरकार वादी फौजदारी मुद्दाको अवस्था कमजोर हुँदै गइरहेको छ । अनुसन्धान अधिकृतले प्रमाण संकलनको क्रममा निर्धारित कार्यविधि र प्रक्रिया पूरा नगर्दा वा प्रमाणको वैज्ञानिक परीक्षण हुन नसक्दा अभियोजन पक्षको दावी स्थापित हुन नसकेको अवस्था छ ।

- संविधानमा प्रत्याभूत गरिएको मौलिक हकको कार्यान्वयनका लागि अपराध पीडित संरक्षण ऐन, २०७५ जारी भएको छ । यद्यपि अपराध पीडित तथा साक्षीलाई पर्याप्त सहायता र संरक्षण गर्न सकिएको छैन । साक्षी संरक्षण सम्बन्धी छुट्टै कानूनको निर्माण समेत हुन सकेको छैन ।

- सरकारी पक्षको प्रभावकारी प्रतिरक्षा गर्नु पर्ने जिम्मेवारी सरकारी वकीलहरूमा रहेको छ । तर कानूनी प्रक्रिया पूरा नगरी वा पालना गर्नुपर्ने बाध्यात्मक कार्यविधिको अवलम्बन नगरी गरिने सरकारी निर्णयको प्रतिरक्षा गर्न सहज छैन । कतिपय अवस्थामा कानूनको उल्लङ्घन गरी गरिएका सरकारी निर्णयको प्रतिरक्षा गर्दा सरकारी वकीलले प्रभावकारिता देखाउन नसकेको अवस्था छ ।

- सर्वोच्च अदालतले जारी गरेका आदेश तथा प्रतिपादन गरेका सिद्धान्तको कार्यान्वयन गर्नु सरकारको दायित्व हो । सार्वजनिक प्रशासन सञ्चालनका कतिपय विषयमा सर्वोच्च अदालतले दिएका मार्गनिर्देशन र प्रतिपादन गरेका सिद्धान्तको अवलम्बन नहुँदा सरकारी निकायबाट गरिने निर्णयको प्रतिरक्षा गर्न झनै कठिन भएको अवस्था छ ।

- सरकारी निकायले मुद्दासँग सम्बन्धित विवरण, सूचना, कागजात उपलब्ध नगराउँदा ती निकायको प्रतिरक्षामा जटिलता अनुभव गरिएको छ । सरकारी निकायहरू बीच समन्वयको अभावको कारण परस्पर विरोधी र आफू पन्छिने गरी दिइने लिखित जवाफका कारण पनि सरकारी पक्षको प्रतिनिधित्व कमजोर हुन पुगेको छ । यस्तो अवस्थामा असफलताको अपजस सरकारी वकीललाई दिने गरिएको छ ।

- सरकारी वकील कार्यालयको कामको बोझको आधारमा दरबन्दी पुनरावलोकन हुन सकेको छैन । भएका दरबन्दी पनि समयमा परिपूर्ति हुन सकेको छैन । कार्यालय समय बाहेक अतिरिक्त समयमा पनि सरकारी वकील र अन्य कर्मचारीले काम गर्नुपर्ने अनिवार्यता छ । तर अतिरिक्त समय काम गर्दा प्राप्त हुने प्रोत्साहन भत्ता पनि नियमित हुन सकेको छैन ।

- सरकारी वकील कार्यालयहरूमा स्रोत साधनको अपर्याप्तता रहेको छ । सरकारी वकीलहरूलाई सरकारले निर्धारण गरेको मापदण्ड बमोजिमको सेवा सुविधा पनि उपलब्ध गराउन सकेको अवस्था छैन । अन्य सेवाका समकक्षीहरूको तुलनामा अवसरको न्यूनता छ । सरकारी तवरबाट दिइने अवसरको न्यायोचित वितरण हुन नसकेको अनुभूति गरिएको छ ।

- विज्ञान र प्रविधिको प्रयोगबाट नयाँ नयाँ अपराध तथा अपराध गर्ने शैलीमा परिवर्तन आएको देखिन्छ । समयक्रमसँगै समाजमा गम्भीर र विशिष्ट प्रकृतिका मुद्दाको संख्या निरन्तर वृद्धि भइरहेको छ । त्यस्ता मुद्दाहरूमा अनुसन्धान, अभियोजन, बहस पैरवी र प्रतिरक्षा समेतका कार्य गर्न सोही अनुसारको सीप, क्षमता, दक्षताको आवश्यकता पर्ने हुन्छ । निजी क्षेत्रमा कानून व्यवसायीहरू विषयगत रूपमा विशिष्टीकृत हुँदै गएको परिवेशमा सरकारी वकीलको उपस्थिति सोही अनुसार हुन आवश्यक छ । सो अनुसार सरकारी वकीलहरूलाई विषयगत रूपमा विशिष्टीकरण गर्न नसक्दा सरकारी वकीलबाट सम्पादन हुने कार्य प्रभावकारी रूपमा हुन सकेको छैन ।

- महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले विभिन्न कार्यक्रमहरू प्रक्षेपण गरेको छ । योजनाले प्रक्षेपण गरेका कार्यक्रमको कार्यान्वयनका लागि योजनाले स्रोत समेत प्रक्षेपण गरेको छ । चौधौं राष्ट्रिय योजनाले समेत सो योजना कार्यान्वयनको विषयलाई सम्बोधन गरेको छ । न्यूनतम रूपमा आवश्यक पर्ने स्रोत उपलब्ध हुन नसक्दा योजना कार्यान्वयनमा समस्या परेको छ ।

- सरकारी वकीलको कार्यसम्पादनलाई सूचना प्रविधिसँग आबद्ध गर्ने प्रयास गरिएको भए पनि परम्परागत पद्धतिबाट कार्य सञ्चालन गर्ने अभ्यस्त जनशक्तिलाई प्रविधि मैत्री बनाउन कठिन भएको छ । जनशक्तिको दक्षता विकास गरी सूचना प्रविधि मैत्री बनाउन नसकेसम्म नतिजामा सुधार देखिन सक्ने अवस्था छैन ।

सरकारी वकील कार्यालयले सामना गर्नु परेका चुनौती र समस्याहरू मध्ये कतिपय समस्याहरू बाह्य वातावरणले सिर्जना गरेका छन् भने कतिपय संस्थागत संरचनाबाट सिर्जित छन् । त्यस्तै कतिपय समस्याहरू नीतिगत तथा कानून पद्धतिसँग सम्बन्धित छन् । ती समस्या र चुनौतीहरूलाई समयमै सम्बोधन हुन आवश्यक छ ।

## ३. सुझावहरू

महान्यायाधिवक्ताको कार्यालय तथा सरकारी वकील कार्यालयको कार्यसम्पादन सुधार गर्न र संस्थागत विकास गर्नका लागि देहायका सुझावहरू प्रस्तुत गरिएको छ :

### मुलुकी संहिताको कार्यान्वयन

फौजदारी न्यायको क्षेत्रमा विकास भएका नवीनतम् अवधारणा र सिद्धान्तहरू समेटी तयार भएका मुलुकी अपराध (संहिता) ऐन, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७५ भाद्र १ गते देखि लागू भएका छन् । ती संहिताले हामीले विगत लामो समयसम्म अभ्यास गरेका कानून र प्रक्रियामा सारभूत परिवर्तन गरेको छ । सरकारी वकीलको भूमिकामा विस्तार गरेको छ । संहिताले समेटेका

नवीन अवधारणाहरूलाई व्यवहारमा कार्यान्वयन गर्न अनुसन्धानमा संलग्न अनुसन्धान अधिकारी, अभियोजनमा संलग्न रहने सरकारी वकील तथा कर्मचारीहरूलाई अभिमुखीकरण गर्न महान्यायाधिवक्ताको कार्यालयमा रहेको अभियोजन प्रशिक्षण केन्द्रलाई पर्याप्त स्रोत, साधन र जनशक्तिको व्यवस्था गरी सरकारी वकीलहरूलाई प्रशिक्षण प्रदान गर्नु पर्ने आवश्यकता रहेको छ । यसका साथै ती संहिता कार्यान्वयनका लागि आवश्यक कार्यविधि तथा निर्देशिका समेत जारी गरी सो विषयमा समेत सम्बद्ध जनशक्तिलाई प्रशिक्षित गर्नुपर्ने आवश्यकता रहेको छ ।

## दण्ड सजायका सुधारात्मक व्यवस्थाको कार्यान्वयन

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनले गरेका व्यवस्था बमोजिम प्रोवेसन, प्यारोल, सामुदायिक सेवा, जस्ता दण्ड सजाय कार्यान्वयनका सुधारात्मक उपायहरूको कार्यान्वयनका लागि आवश्यक पर्ने पूर्वाधार निर्माण र नियम, निर्देशिकाको तर्जुमा गरी ती व्यवस्थाहरू कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ । सो ऐनको दफा ३८ ले गरेको व्यवस्था बमोजिम महान्यायाधिवक्ताको अध्यक्षतामा रहेको सजाय सुझाव समितिलाई दण्ड नीति समेतका विषयमा सुझाव दिने जिम्मेवारी रहेकोमा सो समितिमा विज्ञ समेतको छुट्टै सचिवालयको व्यवस्था र आवश्यक बजेटको व्यवस्था हुनु पर्ने देखिन्छ ।

## अपराध पीडित तथा साक्षीको सुरक्षा र संरक्षण

फौजदारी न्याय प्रशासनलाई प्रभावकारी बनाउन अनुसन्धान र अभियोजनको कार्यदेखि न्यायसम्पादन तथा फैसला कार्यान्वयनको चरणसम्म अपराध पीडित तथा साक्षीको सहयोग र सहभागिता अपरिहार्य छ । अपराध पीडितलाई न्यायको अनुभूति गराउन उनीहरूको सुरक्षा, पुनःस्थापना तथा क्षतिपूर्तिको उचित व्यवस्था र सम्बन्धित मुद्दाको अनुसन्धान अभियोजन र सुनुवाइको प्रक्रियामा सहभागी हुन पाउने र सो सम्बन्धी कारबाहीको जानकारी पाउने अधिकार हुन्छ । यो अधिकारको सम्मान र संरक्षण हुन सकेमा मात्र फौजदारी न्याय पद्धतिप्रति पीडितको विश्वास रहने र उनीहरूको सहयोग प्राप्त हुने हुन्छ । यसो हुन सकेमा पीडितलाई न्यायको अनुभूति दिलाउने तथा राज्यको शान्ति सुव्यवस्था कायम गर्ने कार्यमा प्रभावकारिता आउछ । यसका लागि पीडित तथा साक्षी संरक्षण सम्बन्धी कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्नु अपरिहार्य भइसकेको छ । साक्षी संरक्षण सम्बन्धी कानून तर्जुमा गर्ने र अपराध पीडित संरक्षण ऐनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु पर्ने आवश्यकता रहेको छ । अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४४ मा कसूर पीडितको हक हितको संरक्षण गर्ने सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिनको लागि महान्यायाधिवक्ताको अध्यक्षतामा गठन हुने पीडित संरक्षण सुझाव समितिको लागि छुट्टै सचिवालयको व्यवस्था र आवश्यक बजेटको व्यवस्था हुनु पर्ने देखिन्छ ।

## विधिविज्ञान प्रयोगशालालाई स्रोतसाधन सम्पन्न बनाउने

सरकार वादी फौजदारी मुद्दाको प्रभावकारी अनुसन्धान र अभियोजनको लागि भौतिक सबुद प्रमाणको संकलन र तिनको वैज्ञानिक परीक्षण महत्वपूर्ण हुने कुरामा विवाद छैन । वर्तमान समयमा सरकार वादी फौजदारी मुद्दामा संकलन गरिने भौतिक सबुद प्रमाणको परीक्षण प्रतिवेदन समयमा उपलब्ध नहुने, परीक्षण गर्न साधन र स्रोतको अभावमा परीक्षण प्रतिवेदन विना नै अभियोजन गर्नुपर्ने अवस्था रहेको छ । परीक्षण प्रतिवेदन विना नै अभियोजन गरिँदा पछि प्राप्त हुने प्रतिवेदनले अभियोगपत्रमा दाबी गरिएको अपराधको प्रकृतिलाई समर्थन नगरेमा अभियोजन कार्य प्रयोजनहीन हुन जाने अवस्था रहेको छ । तसर्थ अपराधको अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन संकलित भौतिक प्रमाणको परीक्षण गर्न विधिविज्ञान प्रयोगशालालाई स्रोतसाधन सम्पन्न बनाउन र प्रदेशस्तरमा यसको विकेन्द्रीकरण गरिनु आवश्यक छ । साथै अपराध अनुसन्धानमा भौतिक सबुद प्रमाणको संकलन र वैज्ञानिक परीक्षण गर्ने कार्यमा जोड दिनु आवश्यक छ ।

## अपराध अनुसन्धान गर्ने छुट्टै निकायको व्यवस्था गर्ने

फौजदारी मुद्दाको अनुसन्धान गर्ने तथा शान्ति सुरक्षा कायम गर्ने कार्यमा परिचालित हुने प्रहरी जनशक्ति एउटै हुनाले कतिपय अवस्थामा अपराध अनुसन्धान भन्दा शान्ति सुरक्षा कायम राख्ने कार्यलाई प्राथमिकता दिनुपर्ने अवस्था रहन्छ । यसले गर्दा समयमै जिम्मेवारीपूर्ण तरिकाले अपराधको अनुसन्धान कार्य हुन नसक्नाले सबुद प्रमाण लोप हुने, अनुसन्धान कमजोर हुने र अपराधमा संलग्न व्यक्ति फरार हुने वा प्रमाण नष्ट गर्ने अवस्था सिर्जना हुन्छ । फलस्वरूप मुद्दाको अनुसन्धान कमजोर वा फितलो हुन जान्छ । तसर्थ नेपाल प्रहरीमा विशिष्ट तालिम प्राप्त जनशक्तिलाई मात्र अनुसन्धानको जिम्मेवारी दिने र अनुसन्धानमा संलग्न जनशक्तिलाई अन्य काममा नलगाउने परिपाटी विकास हुन सकेमा अनुसन्धान कार्यमा अपेक्षित सुधार आउने आशा अनुरूप यस्तो सुझाव विगत देखि नै प्रस्तुत हुँदै आएको छ । तसर्थ अपराध अनुसन्धान गर्ने छुट्टै विशिष्टीकृत निकाय वा एकाई गठन गर्ने कुरालाई गंभीरतापूर्वक लिई यसतर्फ कानूनी र संस्थागत व्यवस्था गरिनु आवश्यक छ । यसैगरी मुलुकी अपराध (संहिता) ऐन, २०७४ र मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ ले प्रहरीबाट अनुसन्धान हुने कसूरको सूचीमा गरेको वृद्धि र अनुसन्धानलाई वस्तुगत र भौतिक प्रमाणमुखी बनाउन गरेको व्यवस्था अनुसार अनुसन्धान गर्ने प्रहरीको संख्या बढाउने र अनुसन्धानकर्ताको व्यावसायिक क्षमता बढाउने तथा स्रोत साधन सम्पन्न बनाउने दिशामा समेत नेपाल सरकारले ध्यान दिनुपर्ने देखिन्छ ।

## सरकारका विभिन्न निकायहरूको प्रतिनिधित्व र प्रतिरक्षा

नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग, संवैधानिक अंगहरू एवं सरकारी निकायहरूबाट सम्पादन भएका कामहरूको वैधतामा प्रश्न उठाई अदालतमा रिट निवेदनहरू मार्फत चुनौती दिने क्रम निरन्तर वृद्धि भएको पाइन्छ । न्यायिक परीक्षणमा रहेका सरकारी निकायका कार्य वा निर्णयहरूको सन्दर्भमा लिखित जवाफ पेश गर्दा रिट निवेदनमा उठाइएका प्रश्नहरूको उचित जवाफ एवं भएका काम कारबाहीको वैधता, औचित्य र सान्दर्भिकता पुष्टि गर्न आवश्यक विषयहरूमा सम्बन्धित निकायलाई जानकारी गराई दोहोरो सूचनाको आदानप्रदान गर्ने गराउने समन्वयात्मक संयन्त्रको निर्माण हुन सकेको छैन । आवश्यकता अनुसार ती निकायहरूमा समन्वय हुन नसकेको कारणले गर्दा अदालतमा उठेका प्रश्नहरूमा सम्बन्धित निकायहरूको प्रतिरक्षा गर्ने कार्यमा समस्या पर्ने गरेको छ । सरकारी वकीलले प्रतिनिधित्व गर्नुपर्ने त्यस्ता सबै सरकारी निकायले महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय गर्नका लागि एक जना सम्पर्क अधिकृत (Focal person) तोक्ने व्यवस्था गरी सम्बन्धित निकायसँगको सहयोग लिनुपर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । त्यसैगरी पछिल्लो समयमा सरकारी निर्णयहरूलाई अदालतमा चुनौती दिने प्रवृत्ति समेत बढ्दै गएको अवस्था हुँदा सरकारी निकायहरूले निर्णय गर्दा प्रचलित कानूनले दिएको अख्तियारी, अधिकारक्षेत्र, कानूनले निर्धारण गरेको प्रक्रिया एवं त्यस्तै विषयमा सर्वोच्च अदालतबाट भएका निर्देशन समेतलाई दृष्टिगत गरी निर्णय गर्नुपर्ने आवश्यकता रहेको छ ।

## कानूनी राय तथा कानून व्यवसायीको सेवा लिने सम्बन्धमा

नेपालको संविधानको धारा १५८ उपधारा (१) ले महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हुने तथा संवैधानिक एवं कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु महान्यायाधिवक्ताको कर्तव्य हुने व्यवस्था गरेको छ । यसैगरी उपधारा (७) मा महान्यायाधिवक्ताले यो धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था गरेको छ । यसबाट सरकार र सरकारी निकायलाई संवैधानिक तथा कानूनी विषयमा राय सल्लाह प्रदान गर्ने अधिकार महान्यायाधिवक्ता र महान्यायाधिवक्तले प्रत्यायोजन गरेका सरकारी वकीललाई मात्र रहने हुन्छ । साथै सरकारी निकायहरूले महान्यायाधिवक्तासँग परामर्श नगरी छुट्टै कानूनी सल्लाहकार राख्ने वा सरकारी वकील बाहेकका व्यक्तिबाट कानूनी राय लिने अभ्यासलाई तत्काल बन्द गर्न नेपालका सरकारी वकीलहरूको राष्ट्रिय सम्मेलनले पारित गरेको घोषणापत्रमा औंल्याइएका विषयलाई गम्भीरतापूर्वक लिनुपर्ने आवश्यकता रहेको छ । यसैगरी मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १८० को उदफा (५) ले "... नेपाल सरकार वादी हुने कुनै खास मुद्दामा सरकारी वकीलका अतिरिक्त अन्य कुनै कानून व्यवसायीबाट समेत बहस पैरवी गराउनु पर्ने भएमा त्यसको कारण खुलाई सम्बन्धित निकायले महान्यायाधिवक्ता वा निजले अख्तियारी दिएको सरकारी वकीलको अनुमति लिनु पर्ने" कानूनी व्यवस्था गरेको हुँदा निजी कानून व्यवसायी नियुक्त गर्नु पर्ने खास मुद्दामा महान्यायाधिवक्ता वा निजले अख्तियारी दिएको सरकारी वकीलको अनुमति अनिर्वाय रूपमा लिनुपर्ने देखिन्छ ।

## अपराधशास्त्रीय अनुसन्धान केन्द्रको सुदृढीकरण

नेपालको संविधानको धारा १५९ मा महान्यायाधिवक्ताले राष्ट्रपति समक्ष कानून बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने र सो प्रतिवेदनमा अन्य कुराको अतिरिक्त नेपाल सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनुपर्ने सुधार तथा अपराधका प्रवृत्ति सम्बन्धी विवरण उल्लेख गर्नुपर्ने व्यवस्था गरिएको छ । सो बमोजिम अपराधको प्रवृत्ति, फौजदारी कानूनको कार्यान्वयनको अवस्था, विद्यमान दण्डनीतिको प्रभावकारिता लगायत अपराधका विभिन्न पक्षहरूको व्यवस्थित अध्ययन तथा अनुसन्धान गरी फौजदारी न्याय प्रणालीमा गरिनुपर्ने सुधार सम्बन्धी सुझाव दिन महान्यायाधिवक्ताको कार्यालयमा अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापना भैसकेको छ । सो अध्ययन केन्द्रको संरचनाको प्रस्तावका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी समेत प्रस्ताव गरिसकिएको छ । हाल कायम रहेकै दरबन्दीबाट सो केन्द्र संचालन गरिएको भए पनि कार्य प्रकृतिका आधारमा छुट्टै जनशक्ति पूर्णकालीन रूपमा काम गर्ने गरी व्यवस्था गर्नुपर्ने आवश्यकता छ । त्यसैले उक्त केन्द्रका लागि विज्ञसहितको आवश्यक दरबन्दी र बजेट विनियोजन हुनु आवश्यक छ । सो केन्द्रलाई भइरहेका फौजदारी कानूनको प्रभावकारिताको मूल्यांकन एवम् नयाँ कानूनको पुनरावलोकनका लागि समेत अनुसन्धानमूलक अध्ययन गर्ने जिम्मेवारी दिई फौजदारी कानूनको सन्दर्भमा सरकारको अनुसन्धान केन्द्र (Research center) को रूपमा विकास गर्नुपर्ने आवश्यकता देखिएको छ ।

## सपुर्दगी र पारस्परिक कानूनी सहायता

समाजमा विभिन्न प्रकृतिका अपराध देखा परेका छन् । अपराधको प्रभाव र अपराध गर्ने तरिका, पद्धति, संलग्नता आदिमा परिवर्तन आएको छ । भौतिक उपस्थिति विना अपराध गरिने र एक देशमा अपराध गरी अर्को देशमा जान सक्ने अवस्था रहेको हुन्छ । अपराध र अपराधीलाई राजनीतिक सीमामा सीमित नगरी यस प्रकृतिका आपराधिक

कार्यमा संलग्न अपराधीलाई कानूनी दायरामा ल्याउन एक्लो देशको प्रयासले मात्र संभव छैन । अतः अपराध नियन्त्रण गर्न सम्बन्धित मुलुकहरूसँग पारस्परिक कानूनी सहायता र सपुर्दगी सम्बन्धी सन्धि गर्न जरुरी देखिन्छ ।

## प्रशासकीय विवादका लागि छुट्टै व्यवस्था

निजामती सेवा ऐन, २०४९ बमोजिम स्थापित प्रशासकीय अदालतलाई निजामती कर्मचारी उपर भएको विभागीय कारबाही उपर पुनरावेदन सुन्ने क्षेत्राधिकार मात्र प्रदान गरिएको छ । प्रशासकीय अदालतको क्षेत्राधिकारमा गरिएको यस व्यवस्थाले निजामती कर्मचारी बाहेकका विषयमा सो अदालतको क्षेत्राधिकार रहँदैन । यसैगरी निजामती कर्मचारीको सरुवा, बढुवा, वृत्तिविकास, अध्ययन विदा लगायतका प्रशासकीय निर्णय उपर चित्त नबुझेको कर्मचारीले वैकल्पिक उपचारको अभाव देखाई सर्वोच्च अदालतमा रिट निवेदन दिने गरेको अवस्था छ । यसले गर्दा सर्वोच्च अदालतमा यस प्रकृतिका रिट निवेदनको संख्यामा निरन्तर वृद्धि भई सर्वोच्च अदालतमा मुद्दाको लगत वृद्धि भएको, नियमित रूपमा गर्नुपर्ने न्यायसम्पादनको कार्य प्रभावकारी र समयमै गर्न कठिनाई भएको अवस्था छ । सर्वोच्च अदालतमा यस विषयमा पर्ने रिट सम्बन्धी निवेदनको चाप कम गर्न, प्रशासकीय अदालतलाई थप क्षेत्राधिकार प्रदान गरी प्रशासनिक प्रकृतिका विवादहरूको पुनरावलोकन गर्ने कानूनबाट नै बैकल्पिक प्रबन्ध गरिनु उपयुक्त हुन्छ ।

## सार्वजनिक सम्पत्ति संरक्षण गर्ने

छुट जग्गा दर्ताको लागि कानूनमा स्पष्ट हदम्यादको व्यवस्था नहुँदा सरकारी/सार्वजनिक जग्गा भनी नापी भई दर्ता समेत भैसकेको लामो समय पछि छुट जग्गा दर्ताको लागि निवेदन पर्ने गरेको अवस्था हुँदा एक पटक सरकारी/सार्वजनिक रूपमा जग्गा दर्ता भईसकेपछि निश्चित हदम्याद भित्र मात्र छुट जग्गा दर्ताको लगि निवेदन दिन पाउने कानूनी व्यवस्था गर्नु आवश्यक छ । सरकारी/सार्वजनिक जग्गाको संरक्षणको लागि मुद्दाको दायरी फैसला पश्चात् दायर गरिने पुनरावेदन, मुद्दा दोहोऱ्याई हेरी पाउँ भन्ने निवेदन र पुनरावलोकन निवेदन हदम्याद भित्र दर्ता नगरिएको कारण सरकारी सार्वजनिक जग्गा व्यक्तिका नाउँमा जाने गरेको अवस्था हुँदा भूमी प्रशासनमा संलग्न अधिकारीले कानूनको हदम्याद भित्रै कानूनी उपचार खोज्नु पर्दछ । प्रचालित कानून बमोजिम जग्गा अधिकरण गरी जग्गा प्राप्त गरिसके पश्चात प्राप्त गरेको जग्गाको लगत कट्टा नगरेको कारणबाट मुद्दाको सिर्जना गरी विधिसम्मत जग्गा प्राप्तिको कार्यलाई चुनौती दिने गरेको अवस्था समेत हुँदा सम्बन्धित निकायले जग्गा प्राप्त गरिसके पश्चात स्रेस्तामा लगत कट्टा अनिवार्य रूपमा गर्नुपर्ने देखिन्छ । यसैगरी जग्गा नापजाँच ऐन, २०१९ को दफा २(ङ) र (च) मालपोत ऐन, २०३४ को दफा २ (ख२) र (ख३) मा परिभाषा गरिएका सरकारी र सार्वजनिक जग्गाको संरक्षण गर्न र कृष्णराम विजयानन्द विरुद्ध मालपोत कार्यालय डिल्लीबजार समेत भएको उत्प्रेषण समेतको मुद्दामा सर्वोच्च अदातलबाट मिति २०७३।०६।०९ मा सरकारी वा सार्वजनिक जग्गा कुनै व्यक्तिका नाउँमा दर्ता भई नजाने, सार्वजनिक जग्गा सार्वजनिक नै कायम रहने अवस्था सुनिश्चित हुने गरी मालपोत ऐन, २०३४ को दफा २४ समेतलाई मध्यनजर गरी विवादित जग्गाको दर्ता सम्बन्धी निर्णय गर्नुपर्ने भनी भएको व्याख्यासमेतका आधारमा जग्गा प्रशासनमा संलग्न सम्पूर्ण अधिकारीहरूलाई अभिमूखीकरण गर्नुपर्ने देखिन्छ ।

## क्षतिपूर्ति वा मुआब्जा दाबी गर्न नपाउने व्यवस्था

सम्मानित सर्वोच्च अदालतले दिगम्बर चौधरी समेत वि. वैद्यनाथ झा समेत भएको (नेकाप २०६७ अंक ७ नि.नं. ८४१७ पृ. ११८१) मुद्दामा "हक भन्ने कुरा परित्याग वा समर्पण गर्न सकिन्छ । एक पटक समुदाय वा समाजलाई समर्पण गरिसकिएको सम्पत्ति छूट दर्ताका नाउमाँ प्रतिसंहरण गर्न नसकिने, समपर्ण लिखित माध्यमबाटै हुन आवश्यक छैन, दशकौंदेखि सम्पत्तिको प्रयोग बगर, वन, जगंल पर्ति, गौचरण, खेलकूद, मैदान, पाटी, पौवा, धमर्शाला, औषधालय, विद्यालय, पोखरी र बाटो समेत जस्ता सार्वजनिक रूपमा भइरहको र यो कुरा दावीकर्ताको जानकारीमा छ तथा यथासमयमा सो साबर्जनिक भोगचलनलाई कानूनबमोजिम चुनौती दिइन्न बरु उल्टो आचरणबाट सो सार्बजनिक भोगचलनलाई समथर्न गरी आइएको देखिन्छ भने वादीको सो कार्य समपर्णको परिधिमा पर्ने" भनी सिद्धान्त समेत प्रतिपादन भएको छ । विद्यमान जग्गा प्राप्ति ऐन, २०३४ लाई सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित यस सिद्धान्त बमोजिम कसैले व्यक्त वा अव्यक्त रूपमा आफ्नो सम्पत्ति सार्वजनिक वा सामाजिक कामको लागि समर्पण गरिसकेको रहेछ भने निज वा निजका हकवालाले त्यस्तो सम्पत्ति माथि पुनः दाबी गर्न वा क्षतिपूर्ति वा मुआव्जा दाबी गर्न नपाउने कानूनी व्यवस्था गर्नु पर्ने देखिन्छ ।

## जग्गा प्रशासन सम्बन्धमा अभिमुखीकरण गर्ने

पुष्पलता पाण्डे विरुद्ध मालपोत कार्यलय, बारा समेत भएको उत्प्रेषणयुक्त परमादेश मुद्दामा छुट जग्गा भए प्रथमतः सोको प्राथमिक प्रमाण हुनुको साथै नापीको समयमा आफै उपस्थित भएर आफ्नो नाँउमा दर्ता गराउन सक्नुपर्ने, जग्गा नाप जाँच ऐन, २०१९ को दफा ६ को उपदफा (५) बमोजिम निर्देशित अवधि भित्र आफ्नो नाउँमा दर्ता गराउनुपर्ने भनी सर्वोच्च अदालतबाट मिति २०७४।१२।२८ मा भएको व्याख्या र मुलुकी देवानी संहिता ऐन, २०७४ मा सरकारी, सार्वजनिक र सामुदायिक सम्पत्ति संरक्षणमा गरेको व्यवस्थाको कार्यान्वयनको लागि जग्गा प्रशासनमा संलग्न सम्पूर्ण अधिकारीहरूलाई अभिमुखीकरण गर्नुपर्ने देखिन्छ ।

## सर्वोच्च अदालतबाट जारी आदेशको कार्यान्वयन

सर्वोच्च अदालतले विभिन्न रिट निवेदनहरूमा सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरी आवश्यक कानून निर्माण गर्न आदेश दिए पनि सो अनुसार समयमै कानून निर्माण भएको देखिदैन । साथै रिट निवेदनमा जारी भएका सबै आदेशहरू पूर्ण रूपमा कार्यान्वयन भएको देखिदैन । अतः सर्वोच्च अदालतबाट जारी भएका निर्देशनात्मक आदेश अनुसार कानून निर्माण र कार्यान्वयनका लागि सम्बन्धित निकाय गम्भीर हुन जरुरी देखिन्छ । त्यसैगरी अदालतबाट जारी भएका आदेश तथा फैसलाहरूको कार्यान्वयनको अवस्थाको बारेमा समेत बार्षिक रूपमा समीक्षा गर्ने परिपाटी विकास गर्नुपर्ने देखिन्छ । सोका लागि आवश्यक संयन्त्र निर्माण गरी बजेट विनियोजन समेत हुनु पर्दछ । साथै रावल आयोगको प्रतिवेदन, २०५२ ले काठमाडौँको नगर क्षेत्रको सम्बन्धमा मात्र अध्ययन गरी प्रतिवेदन प्रस्तुत गरेकोमा विशेषज्ञ समितिले काठमाडौँको अलावा देशको अन्य स्थानहरूमा भएको सरकारी तथा सार्वजनिक जग्गाहरूको अतिक्रमणको विषयमा समेत छानबिन गर्न सुझाव प्रस्तुत गरेको छ । उक्त प्रतिवेदन अनुसार रावल आयोगको प्रतिवेदन कार्यान्वयन हुन र देशका अन्य स्थानहरूमा भएको सरकारी तथा सार्वजनिक जग्गाहरूको अतिक्रमणको विषयमा छानबिन गर्न सर्वोच्च अदालतबाट निर्देशनात्मक आदेश जारी भईसकेको अवस्था हुँदा ( ने.का.प. २०६७, अंक ७, नि.नं. ८४१६) सोही बमोजिम रावल आयोगको प्रतिवेदनमा औल्याइएका विषयहरू शीघ्र कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

## हिरासत तथा कारागारको सुधार

हिरासत तथा कारागारमा रहेका व्यक्तिको मानव अधिकारको संरक्षण गर्ने दायित्व राज्यको हो । हिरासत तथा कारागारमा रहेका व्यक्तिहरूको मानव अधिकारको अवस्था र हिरासत तथा कारागारको कक्ष अनुगमन गरी पेश भएका प्रतिवेदनहरूलाई अध्ययन गरी ती प्रतिवेदनहरूले सुझाएका सुझावहरूको कार्यान्वयनतर्फ राज्य संवेदनशील हुनु पर्दछ । यसैगरी कारागारमा रहेका व्यक्तिलाई सुधार गरी योग्य र सक्षम नागरिक बनाउने अपेक्षा राज्यले गर्दछ । त्यसका लागि सोही अनुसारको व्यवहार पनि आवश्यक पर्दछ । कारागारमा रहेका व्यक्तिलाई शिक्षा, सीपको व्यवस्था गरी उत्पादनमा लगाउने, आचरण, संस्कार, नैतिकता आदि विषयमा प्रशिक्षित गरी सामाजिक पुनःस्थापनाको कार्यलाई प्रभावकारी बनाउन जरुरी छ । थुनुवा र कैदीलाई राज्यबाट प्रदान गरिँदै आएको सिदा खर्चलाई समयानुकूल वृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ । न्यूनतम् रूपमा मानवोचित व्यवहार हुन सक्ने गरी हिरासत कक्ष र कारागारको क्षमता विकास गरिनु अति आवश्यक छ ।

## सरोकारवालाहरूसँगको समन्वय र सहकार्य

फौजदारी न्याय प्रशासनका सरोकारवाला तथा प्रतिरक्षा गर्नुपर्ने निकायहरूसँग समन्वयका लागि वर्षको कम्तीमा पनि दुई पटक नेपाल सरकारका सचिव र विभागीय प्रमुखसँग सरकारी वकीलको अन्तर्क्रिया कार्यक्रम गरी प्रतिरक्षामा देखिएका समस्याका बारेमा छलफल गर्ने परिपाटी कायम गर्नु उपयुक्त हुने देखिन्छ । अपराध अनुसन्धानमा संलग्न निकाय र सरकारी वकीलहरू बीच नियमित संवाद गर्न समन्वय समितिलाई थप क्रियाशील बनाउनु पर्दछ । साथै अपराध अनुसन्धानमा संलग्न नेपाल प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको राष्ट्रिय सम्मेलन आवधिक रूपमा आयोजना हुनु पर्ने देखिन्छ ।

## सूचना प्रविधिको प्रयोग र विस्तार

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयका काम कारबाहीमा सूचना प्रविधिको उच्चतम प्रयोग भएमा यी कार्यालयहरूबाट सम्पादन हुने काम कारबाही छिटो सम्पादन गर्न सकिने, अभिलेखहरू सुव्यवस्थित हुने, काम कारबाहीहरूमा प्रभावकारिता आउने र संस्थागत गतिविधिहरूलाई संजालमा आबद्ध गर्न सकिने अवस्था रहन्छ । यसै उद्देश्यका आधारमा e-attorney को अवधारणालाई स्वीकार गरी महान्यायाधिवक्ताको कार्यालयले सूचना प्रविधिको प्रयोग सम्बन्धी गुरुयोजना तयार गरी चरणबद्ध रूपमा लागू गर्नका लागि विगत केही वर्ष देखि बजेट विनियोजन हुँदै आएको छ । सूचना प्रविधि सम्बन्धी सीमित जनशक्ति समेतको व्यवस्था गरी महान्यायाधिवक्ताको कार्यालयबाट कार्य प्रारम्भ समेत भएको छ । सरकारी वकील कार्यालयबाट सम्पादन हुने कार्यमा सुधार ल्याउने उद्देश्यले केही सफ्टवेयरहरूको निर्माण भएको र आधारभूत विद्युतीय उपकरणको प्रबन्ध गरिएको छ । ती सफ्टवेयरलाई कार्यसम्पादनसँग आबद्ध गर्नका लागि सरकारी वकील कार्यालयहरूमा सूचना प्रविधिको प्रयोग गर्न सक्ने गरी जनशक्ति विकास गर्ने र सरकारी वकील कार्यालयहरूबाट सम्पादित कार्यलाई विद्युतीय सञ्जालमा आबद्ध गराउनु पर्ने आवश्यकता देखिएको छ ।

## भवन निर्माण

कार्यबोझ धेरै भएको राजधानीको उच्च सरकारी वकील कार्यालय, पाटनको आफ्नै कार्यालय भवन नहुँदा हाल भाडामा संचालन भएको छ । अधिक कार्यबोझ भएको जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं पनि आफ्नो कार्यालय भवन नभएका कारण कार्य सञ्चालन गर्न असहज अवस्थामा रहेको छ । विशेष सरकारी वकील कार्यालय, काठमाडौं पनि भाडाको भवनमा रहेको छ । उल्लिखित कार्यालयहरूका लागि प्राथमिकतापूर्वक जग्गा व्यवस्थापन र

भवन निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । कार्यालय भवन बन्न बाँकी सरकारी वकील कार्यालयहरू मध्ये कार्यबोझलाई प्राथमिक आधार मानी भवन निर्माण गर्नका लागि स्रोत उपलब्ध हुनु पर्ने आवश्यकता छ ।

## सरकारी वकील कार्यालयहरूको कार्यबोझ र दरवन्दी सिर्जना

कानून र न्यायको क्षेत्रमा भएको अवधारणागत विकास, अपराधको प्रकृति र तौरतरिकामा आएको परिवर्तनले विद्यमान जनशक्तिमा थप योग्यता, दक्षता एवं लगनशीलताको माग गर्दछ । नयाँ नयाँ र जटिल प्रकृतिका अपराधहरू जस्तै संगठित अपराध, सम्पत्ति शुद्धीकरण, बैंकिङ कसूर, विद्युतीय अपराध जस्ता अपराधहरूमा अभियोजन, प्रतिरक्षा तथा बहस पैरवी गर्न विशेष ज्ञान, सीप र दक्षता एवं पर्याप्त स्रोत, साधनको आवश्यकता पर्दछ । परम्परागत अपराधहरूमा पनि आधुनिक प्रविधि र नयाँ नयाँ तरिकाको प्रयोग गर्ने प्रचलन बढ्दै गएकोले त्यस्ता अपराधको अनुसन्धान, अभियोजन र बहस पैरवी गर्ने कार्य जटिल र चुनौतीपूर्ण हुँदै गएको छ । प्रतिस्पर्धात्मक रूपमा प्रभावकारी कार्यसम्पादनका लागि सरकारी वकीलहरूको जनशक्ति कार्यबोझ अनुसार पर्याप्त नहुनुको साथै परिवर्तित सन्दर्भमा देखिएका चुनौतीहरूको सामना गर्न आवश्यक पर्ने विशिष्टीकरण अनुरूप हुन सकेको छैन । सरकारी वकील कार्यालयहरूबाट सम्पादन हुने कार्यहरूमा निरन्तर रूपमा बढोत्तरी भएको छ । बढ्दो कार्यबोझ र परिवर्तित सन्दर्भमा देखिएका चुनौतहीहरूलाई सामना गर्न हालको जनशक्ति पर्याप्त छैन । यसैगरी, मुलुकी अपराध (संहिता) ऐन र कार्यविधि (संहिता) ऐन एवं मौलिक हक कार्यान्वयनका लागि जारी गरिएका कानूनले समेत सरकारी वकीलको कार्यक्षेत्र विस्तार गर्नुका साथै बहन गर्नुपर्ने जिम्मेवारी समेत वृद्धि गरेको छ । प्रत्येक सरकारी वकील कार्यालयमा आवश्यक पर्ने न्यूनतम दरबन्दीका अतिरिक्त प्रति १५० मुद्दाका लागि एक जना सरकारी वकीलको अनुपातमा सरकारी वकीलको दरबन्दी कायम गरिनु उपयुक्त हुन्छ । हाल कायम रहेका सरकारी वकीलहरूको दरबन्दी र यस आर्थिक वर्षमा सबै तहका कार्यालयहरूबाट सम्पादित भएका कुल कार्यहरू २,८४,२२४ का आधारमा प्रति सरकारी वकील (कुल दरबन्दीका आधारमा) ८१२.०७ कार्यहरू र कुल मुद्दा तथा रिट निवेदन ८०,०७७ का आधारमा प्रति सरकारी वकील (कुल दरबन्दीका आधारमा) २२८.२९ मुद्दाहरू परेको अवस्था छ । सो अनुसार सरकारी वकील कार्यालयको जनशक्ति र संरचनामा पुनरावलोकन गर्न बृहत् संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनु पर्ने देखिन्छ । साथै उपलब्ध जनशक्तिलाई दक्षता र योग्यता अनुरूप विशिष्टीकरण गर्न आवश्यक देखिन्छ ।

## सरकारी वकीलको व्यावसायिक दक्षता अभिवृद्धि

सरकारी वकीलहरूलाई न्याय र कानूनको क्षेत्रमा विकसित नवीन मान्यताहरूसँग परिचित गराउन निश्चित मापदण्डको आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सञ्चालन हुने तालिम, गोष्ठी, सेमिनार, अध्ययन तथा अवलोकन भ्रमणमा सहभागी हुने अवसर उपलब्ध गराउनु पर्दछ । साथै त्यस्ता विषयमा उच्च अध्ययनको लागि नेपाल सरकारलाई प्राप्त छात्रवृत्तिमा अध्ययन गर्न पठाउने व्यवस्था समेत हुनु आवश्यक छ । यसको लागि सरकारी वकीलहरूको व्यावसायिक क्षमता अभिवृद्धिको विषय राष्ट्रिय योजनामा समावेश गरिनु आवश्यक छ । संगठित अपराध, विद्युतीय अपराध, सम्पत्ति शुद्धीकरण जस्ता आर्थिक एवं सीमाविहीन अपराधका सम्बन्धमा सरकारी वकीलको क्षमता विकास गर्नुपर्ने आवश्यकता रहेको छ । यस्ता अपराधसँग जुध्न प्रभावकारी व्यवस्था अवलम्बन गरेका मुलुकहरूमा अपनाइएको अनुसन्धान र अभियोजनका पद्धतिको सम्बन्धमा जानकारी हासिल गराउन सकेमा यस्ता अपराधको अनुसन्धान र अभियोजनको चुनौतिलाई सम्बोधन गर्न सहज हुन्छ । सशस्त्र द्वन्द्वको समयका घटना र मानव अधिकार उल्लंघनका गम्भीर घटनाको छानबिन, सत्य अन्वेषण, अभियोजन लगायतका कार्यमा पनि सरकारी वकीलको महत्वपूर्ण भूमिका रहने हुनाले यस विषयमा सरकारी वकीलको दक्षता वृद्धि आवश्यक पर्ने हुन्छ । तसर्थ संक्रमणकालीन न्यायका सम्बन्धमा पनि सरकारी वकीलको दक्षता अभिवृद्धिमा जोड दिनु जरुरी छ । विशेष क्षमता विकासका लागि वार्षिक रूपमा निश्चित संख्या एकीन गरी सरकारी वकीलहरूलाई कानूनको उच्च शिक्षाको अध्ययनका लागि विदेशी विश्वविद्यालयमा समेत जान सक्ने गरी अवसरको खोजी गर्नु पर्ने देखिन्छ ।

## प्रोत्साहन तथा व्यावसायिक भत्ताको निरन्तरता

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयमा बहस पैरवीमा संलग्न सरकारी वकीलहरूको दरबन्दी रहेको र दरबन्दीको अनुपातका कुल सम्पादित कार्यको प्रति सरकारी वकील ८१२.०७ कार्यहरू र कुल मुद्दा तथा रिट निवेदनका आधारमा प्रति सरकारी वकील २२८.२९ मुद्दाहरू पर्ने देखिन्छ । मुद्दा मामिला बाहेक प्रशासनिक, व्यवस्थापकीय अध्ययन अनुसन्धान लगायतका कार्य समेत सरकारी वकीलबाटै सम्पादन गर्नुपर्ने अवस्था छ । दरबन्दी अनुपातमा पदपूर्ति नहुने र न्यून पदपूर्ति भएका सरकारी वकीलहरूलाई सरकारी वकीलको दरबन्दी नभएका विभिन्न आयोग, निकायमा समेत संलग्न रही कार्य गर्नुपर्ने अवस्था रहेको छ । सरकारको हक, हित वा सरोकार निहित मुद्दामा बहस र पैरवी गर्नुपर्ने सरकारी वकीलहरूको व्यावसायिकताको कदर गर्न तथा मनोबल उच्च राख्नका लागि सरकारी वकीलहरूलाई प्रोत्साहन तथा व्यावसायिक भत्ता उपलब्ध गराउनु आवश्यक छ । सरकारी वकीलहरूले सुनुवाइको लागि पेश हुने मुद्दाहरूमा अदालतमा तोकिएको समयमा उपस्थित भई बहस पैरवी एवं प्रतिरक्षा गर्नुपर्ने र अनुसन्धान तहकिकात गर्ने निकायले अनुसन्धान तहकिकात पश्चात मुद्दा चल्ने नचल्ने निर्णयका

लागि सरकारी वकील समक्ष पेश गर्ने मुद्दाहरू हदम्याद भित्र निर्णय गरी अभियोगपत्र तयार गरी सम्बन्धित अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने भएकोले नियमित कार्यालय समय बाहेक अतिरिक्त समयमा समेत मुद्दामा बहस पैरवीको तयारी र मुद्दा सम्बन्धी कार्य गर्नुपर्ने हुन्छ। नयाँ संहिता/ऐनहरूले थप गरिदिएको भूमिकाले कार्यबोझ अझै विस्तार भएको छ । अदालतको कार्यालय समयमा भएको वृद्धि, कार्यालय समयको अतिरिक्त समयमा समेत कार्य गर्नुपर्ने अवस्था, मुद्दाको बहस पैरवीका लागि अतिरिक्त समयमा तयारी गर्नुपर्ने लगायतका कारणबाट सरकारी वकील र सरकारी वकीलको कार्यसम्पादनमा सहयोग पुऱ्याउने अन्य सहयोगी कर्मचारीलाई उपलब्ध गराउन सुरु गरिएको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ताले सरकारी वकील तथा सहयोगी कर्मचारीहरूको मनोवल उच्च बनाउनुका साथै कार्यसम्पादनमा समेत सकारात्मक प्रभाव पारेको छ। यस्तो व्यावसायिक भत्ता निश्चित मापदण्डका आधारमा नियमित रूपमा उपलब्ध गराउनु आवश्यक छ । वर्षेनी मापदण्ड बनाउनु पर्ने र आर्थिक वर्षको अन्त्यमा मात्र बजेट निकासा हुने अभ्यासलाई परिवर्तन गरी सरकारी वकील सम्बन्धी नियमावलीमा नै सरकारी वकीलहरूका लागि व्यावसायिक भत्ता र कार्यसम्पादन सूचकका आधारमा सरकारी वकील र कर्मचारीहरूका लागि प्रोत्साहन भत्ताको व्यवस्था गरी सो भत्तालाई मासिक पारिश्रमिकसँग भुक्तानी गर्ने संस्थागत व्यवस्था गरिनु पर्ने आवश्यकता रहेको छ ।

## सरकारी वकील र कर्मचारीको सेवा शर्त र सुविधा सम्बन्धी कानूनको निर्माण

व्यावसायिक प्रकृतिको कार्यसम्पादन गर्ने सरकारी वकीलको कार्यलाई सही अर्थमा व्यावसायीकरण गर्न निजामती सेवा सरह व्यवहार नगरी छुट्टै सेवा शर्त सम्बन्धी कानूनबाट ब्यवस्थित गरिनुपर्ने महसुस गरी तत्सम्बन्धी ऐनको मसौदाको प्रयास पटक पटक भएको र ऐनको प्रारम्भिक मसौदा समेत तयार भएकोमा त्यसले मूर्तरूप पाउन सकेको थिएन । नेपालको संविधानको धारा १६१ मा सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी व्यवस्था संघीय ऐन बमोजिम हुने व्यवस्था गरिएको छ । यसले सरकारी वकीलको व्यावसायिकताको विकासका लागि मार्गप्रशस्त गरेको छ । संविधानले गरेको यो व्यवस्थालाई मूर्तरूप दिन र सरकारी वकीलको सेवालाई व्यवहारत: व्यावसायिक बनाउन, सरकारी वकीलहरू र महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयमा कार्यरत अन्य कर्मचारीहरूको मनोबल उच्च राखी कार्यमा प्रभावकारिता ल्याउन सरकारी वकीलहरूको नियुक्ति, सेवा शर्त सम्बन्धी कानून निर्माण गरी सो कानूनमा सरकारी वकीलको व्यावसायिक स्वतन्त्रता र उन्मुक्ति समेतका विषय समावेश गरी विशेष कानूनबाट जनशक्तिलाई व्यवस्थित गर्न आवश्यक छ ।

## फौजदारी कानूनमा सुधार

सरकार वादी फौजदारी मुद्दासँग सम्बन्धित देहायका फौजदारी कानूनमा सुधारको आवश्यकता रहेको छ :

- नक्कली लागू औषधको कारोवारलाई कसूरको रूपमा परिभाषित गरे जस्तै वन्यजन्तुको नक्कली अङ्ग वा आखेटोपहार संचय, ओसारपसार वा कारोबार गर्ने विषयलाई समेत कसूर कायम गर्ने गरी वन्यजन्तु सम्बन्धी कानूनमा पुनरावलोकन गरिनु पर्ने देखिन्छ । यस्ता मुद्दाको अनुसन्धानका क्रममा तय हुने मुचुल्काहरूमा साक्षी राख्ने व्यवस्थामा समेत अपवादात्मक अवस्थामा संरक्षण कायम गरिनु पर्दछ भनी सरोकारवाला निकायबाट उठाएका आवाजलाई समेत सम्वोधन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

- आवश्यक शैक्षिक योग्यता बेगरै विशेष ज्ञान, अनुभव आवश्यक पर्ने चिकित्सक, पाइलट क्रियाकलापहरूलाई प्रचलित फौजदारी कानूनले स्पष्ट रूपमा अपराधीकरण गरेको छैन । यस प्रकृतिका कार्यहरू गर्ने उपर मुद्दा चलाउन स्पष्ट कानूनको अभाव रहेको र अन्य कानून बमोजिम मुद्दा चलाउँदा कसूर ठहर नभई कसूरदारले उन्मुक्ति पाउने र पीडितले न्याय नपाउने अवस्था समेत रहेको छ । तसर्थ यस्ता क्रियाकलापहरूलाई नियन्त्रण गर्नका लागि सोही अनुकूलको उचित कानूनी प्रबन्धको व्यवस्था गरिनु पर्दछ ।

- मुलुकी फौजदारी कार्यविधि (सहिता) ऐनको दफा ५२ (५) ले अनुसूची-१ र अनुसूची-२ का मुद्दा सरकार वादी हुने र ती सबै मुद्दा सरकारी वकीलबाट अभियोगपत्र पेश गर्नुपर्ने व्यवस्था गरेको छ । सो व्यवस्थासँग मेल खाने गरी उक्त ऐनको अनुसूची-२ मा समावेश भएका नेपाल सरकार वादी हुने मुद्दाको प्रारम्भिक प्रतिवेदन सरकारी वकील समक्ष पठाउने, सरकारी वकील समक्ष अभियुक्तको बयान गराउने लगायतका विषयहरू र उक्त मुद्दाहरूको अभियोगपत्र सरकारी वकीलबाट दायर हुने गरी सम्बन्धित ऐनहरूमा तत्काल संशोधन हुनुपर्ने देखिन्छ ।

- वैदेशिक रोजगारको आवरणमा मानव तस्करी भैरहेको र विद्यमान मानव बेचविखन तथा ओसारपसार नियन्त्रण कानूनले त्यो कसूरलाई समेट्न नसकेको र अपराधको छुट्टै प्रवृत्ति देखिँदा मानव तस्करी नियन्त्रण सम्बन्धी ऐन तर्जुमा गर्नुपर्ने आवश्यकता छ ।

- मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १६६ मा जातिपातिका आधारमा छुवाछूत वा अन्य भेदभावजन्य व्यवहार गर्नु नहुने व्यवस्था गरेको छ । सो सम्बन्धमा छुट्टै ऐनको रूपमा रहेको जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ समेत रहेकोले सो ऐनलाई समेत सोही अनुरूप पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

- मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १६८ मा अपमानजनक वा अमानवीय व्यवहार सम्बन्धी कसूरको व्यवस्था भित्र बोक्सा, बोक्सी सम्बन्धी विषय समेत समावेश गरिएको सन्दर्भमा सो ऐनको व्यवस्था र बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ को व्यवस्थामा मेल खाने गरी पुनरावलोकन गरिनु पर्दछ ।

- केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ ले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (१) र (२) मा संशोधन गरी "कसैले सवारी चलाई कुनै मानिसलाई किची, ठक्कर दिई वा कुनै किसिमले सवारी दुर्घटना गराई सवारीमा रहेको वा सवारी बाहिर रहेको जुनुसुकै ठाउँमा रहे बसेको कुनै मानिस त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै वा सोही चोटको परिणाम स्वरूप एक्काईस दिनभित्र मानिस मरेमा सजाय हुने" व्यवस्था गरेको छ । सोही दुर्घटनाका कारण एक्काइस दिन पछि घाइतेको मृत्यु भएमा दफा १६१ को उपदफा (१) र (२) बमोजिम सजाय हुन सक्ने अवस्था नभएकोले यसमा सवारी दुर्घटनाका कारण घाइते भएको व्यक्ति थलापरी जहिलेसुकै मृत्यु भएमा पनि सजाय गर्ने व्यवस्था राख्नुपर्ने ।

- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२ को उपदफा (१) मा सवारी दुर्घटना भई कसैको अंगभंग भएमा बदनियतसाथ गरेको भए मात्र अभियोजन गर्न सकिने कानूनी व्यवस्था हुँदा लापरवाही, हेलचेक्याइँपूर्वक सवारी चलाई वा अचानक दुर्घटना भई कसैको अंगभंग भएको अवस्थामा सजाय गर्न सकिने अवस्था नभएकोले जुनसुकै तवरले सवारी दुर्घटना भई अंगभंग भएकोमा सवारी चालकको आपराधिक मनसायको अवस्था अनुसार सजाय गर्न सकिने गरी कानूनमा संशोधन गर्नु पर्ने ।

- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को कसूरमा मुलुकी अपराध संहिताको भाग २ को परिच्छेद १० मा उल्लिखित म्याद भित्र उजुर गर्नु पर्ने व्यवस्था गरिएको छ तर सो परिच्छेद १० असान्दर्भिक (भेदभाव तथा अन्य अपमान जन्य व्यवहार संबन्धी कसूर) देखिएकोले परिच्छेद १२ (ज्यान सम्बन्धी कसूर) को म्याद भित्र भनी संशोधन गर्न उपयुक्त हुने ।

- मुलुकी अपराध (संहिता) ऐन २०७४ को परिच्छेद २० अन्तर्गतको कसूरबाट कूनै सम्पत्ति प्राप्त गरेको हो भन्ने जानीजानी वा विश्वास हुने मनासिव कारण भई कसैले कुनै सम्पत्ति लिन, राख्न वा खरिद बिक्री गरेमा सजाय हुने गरी सोही परिच्छेदमा कानूनी व्यवस्था गर्नु पर्ने । हाल परिच्छेद २६ अन्तर्गत दफा २८७ छुट्टै परिच्छेद भित्र समावेश भएको हुँदा परिच्छेद २० अन्तर्गतका कसूरमा प्रयोग गर्न कठिनाई भएको ।

- चोरी तथा डाँका मुद्दामा बरामद भएका धनमाल मध्ये कुनै धनमालको धनी फेला नपरेको अवस्थामा बरामद भएको धनमाललाई के गर्ने भन्ने सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था नभएको हुँदा सो सम्बन्धमा कानूनी व्यवस्था हुनुपर्ने ।

- मुलुकी अपराध (संहिता) ऐन २०७४ को परिच्छेद २० मा चोरी गर्दा कसूरदारले घर, ढोका, दराज, ताला, बाकस लगायतका चिजवस्तु फुटाएको, नोक्सान पारेको अवस्थामा सोको समेत बिगो कायम गरी मागदाबी लिन सक्ने कानूनी व्यवस्था गर्नुपर्ने ।

- मुलुकी फौजदारी कार्यविधि (संहिता) २०७४ को अनुसूची-१ को प्रकरण २ मा "प्रकरण १ अन्तर्गतको कसूरको उद्योग, दुरुत्साहन, षडयन्त्रको कसूर" मात्र समावेश गरी सो ऐनको अनुसूची -१ को प्रकरण १ (क) मा समावेश भएका कसूरहरूमा संलग्न मतियारलाई समावेश गर्ने गरी सो अनुसूचीमा संशोधन गर्नुपर्ने ।

- मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २८१ को उपदफा (२) ले कीर्ते कसूरको मतियारलाई दफा २७३ को उपदफा (३) मा उल्लिखित सजायको आधा सजाय हुने कानूनी व्यवस्था रहेको छ तर सो दफा २७३ कीर्ते कागजसँग सम्बन्धित नभई नापतौल सम्बन्धी कसूरमा प्रयोग भएका साधन वा औजार जफत गर्ने कानूनी व्यवस्थासँग सम्बन्धित भएकोले कीर्ते कसूरको मतियारलाई पनि सजाय हुने गरी कानूनी व्यवस्था गर्नुपर्ने ।

- उपभोक्ता संरक्षण ऐन, २०७५ ले उपभोक्ता संरक्षण ऐन, २०५४ लाई खारेज गरेपछि उपभोक्ता संरक्षण ऐन, २०५४ बमोजिम गठित क्षतिपूर्ति समितिमा विचाराधीन मुद्दाहरूको अवस्था के हुने प्रष्ट नभएकोले सो बारेमा कानूनी व्यवस्था हुनुपर्ने ।

- स्ट्यान्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ३० को उपदफा (१) लाई संशोधन गर्दा निरीक्षकले सजाय गर्ने अधिकार हटेको देखिन्छ । सोही ऐनको दफा ३३क. मा तहकिकातको व्यवस्था गर्दा दफा ३० को उपदफा ( ३) बमोजिम हुने सजायको तहकिकातको मात्र व्यवस्था भउको हुँदा उक्त ऐनको दफा ३० को उपदफा (१) र (४) बमोजिम सजाय हुने कसूरको सम्बन्धमा समेत तहकिकात गर्ने जिम्मेवारी तोकिनु आवश्यक छ ।

- हातहतियार खरखजाना ऐन, २०१९ र विष्फोटक पदार्थ ऐन, २०१८ ले ती विषयका कसूर सम्बन्धी व्यवस्था यथावत राखी सजाय सम्बन्धी व्यवस्था मात्र हटाएको देखिन्छ । मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले समेत हातहतियार खरखजाना र विष्फोटक पदार्थ सम्बन्धी कसूर र सजायको व्यवस्था गरिसकेको देखिँदा उल्लिखित हातहतियार खरखजाना ऐन र विष्फोटक पदार्थ ऐनमा रहेको कसूर सम्बन्धी व्यवस्था हटाउन उपयुक्त हुन्छ ।

- मुलुकी अपराध (संहिता) ऐन, २०७४ को कुटपिट वा अंगभंग सम्बन्धी परिच्छेद १४ को दफा १९७ र आपराधिक प्रवेश र उपद्रव सम्बन्धी परिच्छेद २६ को दफा २८७ मा रहेका व्यवस्थाहरु अन्य कसूरका सम्बन्धमा पनि लागू हुने हुँदा ती व्यवस्थालाई परिच्छेद तीनमा राखिनु उपयुक्त हुने देखिन्छ ।

# अनुसूचीहरू

**अनसूची १**

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरुको संगठानत्मक स्वरुप



# अनुसूची २

## महान्यायाधिवक्ताको कार्यालबाट बहस पैरवी र प्रतिरक्षा भएका मुद्दा, रिट तथा निवेदनको विवरण

| मुद्दा तथा रिटको विवरण | अदालतमा रहेका मुद्दा तथा रिटको विवरण | | लगत | | | फछ्यौंट | | | | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको वाँकी | यस वर्षको | जम्मा | कसुर ठहर तथा रिट खारेज | कसुरमा सफाई तथा रिट जारी | मुल्तवी, तामेली, अन्य | जम्मा | | |
| मुद्दा | पुनरावदेन | फौजदारी | ३००४ | ११९९ | ४२०३ | ९३१ | ४१३ | ० | १३४४ | २८५९ | |
| | | देवानी | १२२ | ६० | १८२ | १८ | ११ | ० | २९ | १५३ | |
| | साधक | | ७ | ३१ | ३८ | १५ | ६ | ० | २१ | १७ | |
| | **जम्मा** | | **३१३३** | **१२९०** | **४४२३** | **९६४** | **४३०** | **०** | **१३९४** | **३०२९** | |
| | सुरु मुद्दा | | ११८ | २२ | १४० | १० | ७ | ० | १७ | १२३ | |
| | प्रतिरक्षा गरिएका मुद्दाहरु | | ३८ | ८७ | १२५ | १२ | ८ | ० | २० | १०५ | |
| | **मुद्दाको कुलजम्मा** | | **३२८९** | **१३९९** | **४६८८** | **९८६** | **४४५** | **०** | **१४३१** | **३२५७** | |
| रिट निवेदन | बन्दीप्रत्यक्षीकरण | | ३१ | ६१ | ९२ | ३९ | १२ | १३ | ६४ | २८ | |
| | उत्प्रेषण | | ३२९४ | ८६८ | ४१६२ | ४७९ | २३३ | १७३ | ८८५ | ३२७७ | |
| | परमादेश | | १०२ | ४२० | ५२२ | २१७ | १२८ | ७० | ४१५ | १०७ | |
| | प्रतिषेध | | १२ | ३६ | ४८ | २८ | ११ | ८ | ४७ | १ | |
| | अधिकारपृच्छा | | ४ | ० | ४ | २ | २ | ० | ४ | ० | |
| | निषेधाज्ञा | | ० | ६० | ६० | ९ | २० | १ | ३० | ३० | |
| | निषेधाज्ञा परमादेश | | ० | २८ | २८ | ४ | ६ | ० | १० | १८ | |
| | **जम्मा** | | **३४४३** | **१४७३** | **४९१६** | **७७८** | **४१२** | **२६५** | **१४५५** | **३४६१** | |
| | पुनरावलोकनको निवेदन | | २४ | १६ | ४० | ८ | ६ | ० | १४ | २६ | |
| निवेदनहरु | दोहोऱ्याइ पाउने निवेदन | | ४११ | ९२४ | १३३५ | १६२ | ३०५ | ० | ४६७ | ८६८ | |
| | अ.व.१७ नं.,न्या.प.ऐनको दफा १६ का निवेदन | | ६४६ | १५३ | ७९९ | १७८ | ७६ | ० | २५४ | ५४५ | |
| | अनुमतिका निवेदन | | ४४ | १८८ | २३२ | ३२ | १८ | ० | ५० | १८२ | |
| **जम्मा** | | | **११२५** | **१२८१** | **२४०६** | **३८०** | **४०५** | **०** | **७८५** | **१६२१** | |
| **कुल जम्मा** | | | **७८५७** | **४१५३** | **१२०१०** | **२१४४** | **१२६२** | **२६५** | **३६७१** | **८३३९** | |

# अनुसूची ३

## सरकारी वकीलबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरुको विषयगत वर्गीकरण

| | सि.नं. | मुद्दाको नाम | | लगत मुद्दा | | | फछ्यौंट | | | | | | बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गत वर्षको जिम्मेवारी | यस वर्षको दायरी | जम्मा | कसूर ठहर | सफाई | मुल्तवी | तामेली | अन्य | जम्मा | |
| अनुसूची नियन्त्रका मुद्दामा कारवाहिको विवरण | १ | अपहरण | | ६७ | २४ | ९१ | २२ | १० | ० | ० | ० | ३२ | ५९ |
| | २ | कुटपिट अंगभंग | | २२ | ६ | २८ | ९ | २ | ० | ० | ० | ११ | १७ |
| | ३ | आगलागी | | १० | २ | १२ | ४ | २ | ० | ० | ० | ६ | ६ |
| | ४ | आर्थिक | क) खोटा चलन | ७ | ४ | ११ | २ | १ | ० | ० | ० | ३ | ८ |
| | | | ख) चन्दा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | | ग) चिठ्ठा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | | घ) ठगी | ८७ | २९ | ११६ | २५ | १४ | ० | ० | ० | ३९ | ७७ |
| | | | ङ) बैंकिङ्ग कसूरसम्बन्धी | ७४ | ३४ | १०८ | ० | ० | ० | ० | ० | ० | १०८ |
| | | | च) भ्रष्टाचार | १८६ | ९२ | २७८ | ६३ | ३० | ० | ० | ० | ९३ | १८५ |
| | | | छ) नेपाल राष्ट्र बैंक सम्बन्धी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | | ज) अन्य (राजश्व समेत) | ६४९ | १५३ | ८०२ | १८० | ७७ | ० | ० | ० | २५७ | ५४५ |
| | ५ | करणी | जबर्जस्ती करणी | २९२ | १३२ | ४२४ | १०३ | ५८ | ० | ० | ० | १६१ | २६३ |
| | | | जबर्जस्ती करणी उद्योग | ३९ | ८ | ४७ | १६ | २० | ० | ० | ० | ३६ | ११ |
| | | | अप्राकृतिक मैथुन | ४ | ४ | ८ | १ | ० | ० | ० | ० | १ | ७ |
| | | | अन्य | ० | ८ | ८ | ० | ० | ० | ० | ० | ० | ८ |
| | ६ | कितें (सरकारी छाप,दस्तखत) | | ७७ | १४ | ९१ | २६ | १२ | ० | ० | ० | ३८ | ५३ |
| | ७ | चोरी | क) साधारण चोरी | ४६ | ४ | ५० | २४ | ८ | ० | ० | ० | ३२ | १८ |
| | | | ख) नकबजनी | ३० | ४ | ३४ | १५ | ३ | ० | ० | ० | १८ | १६ |
| | | | ग) जबर्जस्ती चोरी | १५ | १ | १६ | ७ | ६ | ० | ० | ० | १३ | ३ |
| | | | घ) रहजनी | ३ | ६ | ९ | ० | ० | ० | ० | ० | ० | ९ |
| | | | ङ) डाँका | ८१ | १४ | ९५ | ३० | ११ | ० | ० | ० | ४१ | ५४ |
| | | | च) अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ८ | ज्यान | क) आवेश प्रेरित हत्या | २ | ० | २ | १ | ० | ० | ० | ० | १ | १ |
| | | | ख) कर्तव्य ज्यान | ५२७ | १९७ | ७२४ | ११९ | ४४ | ० | ० | ० | १६३ | ५६१ |
| | | | ग) गर्भपतन | २ | २ | ४ | १ | १ | ० | ० | ० | २ | २ |
| | | | घ) ज्यान मार्ने उद्योग | १०८ | ३३ | १४१ | ४० | ३४ | ० | ० | ० | ७४ | ६७ |
| | | | ङ) भविष्यव्य ज्यान | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ९ | देवानी | क)अदलको २,३ नं. | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | | ख) जग्गा सम्बन्धी | ११२ | ६० | १७२ | १८ | ११ | ० | ० | ० | २९ | १४३ |
| | | | ग) अन्य | १० | ० | १० | ० | ० | ० | ० | ० | ० | १० |
| | १० | | नागरिकता | १४ | ७ | २१ | ६ | ३ | ० | ० | ० | ९ | १२ |
| | ११ | | प्रतिलिपि अधिकार | ६ | ० | ६ | ० | ० | ० | ० | ० | ० | ६ |
| | १२ | प्रविधि सम्बन्धी | क) दूर संचारसम्बन्धी | ९ | ० | ९ | ३ | १ | ० | ० | ० | ४ | ५ |
| | | | ख) विद्युतीय कारोवार | २ | १ | ३ | १ | १ | ० | ० | ० | २ | १ |
| ११५ | श्री श्यामप्रसाद दाहाल | मकवानपुर | वि.सं. २०३९।०४।२० | २०७१।८।१७ |
| ११६ | श्री सरिता कट्टेल | झापा | वि.सं. २०४३।०४।२५ | २०७१।८।१७ |
| ११७ | श्री तिलकराम लम्साल | गुल्मी | वि.सं. २०२९।०५।०१ | २०७१।८।१७ |
| ११८ | श्री प्रकाश शर्मा पौडेल | पर्वत | वि.सं. २०३९।१९।२८ | २०७१।८।१७ |
| ११९ | श्री नगेन्द्र लम्साल | बाँके | वि.सं. २०३९।३।२८ | २०७१।८।१७ |
| १२० | श्री भीमसेन काफ्ले | धादिङ्ग | वि.सं. २०३६।४।१७ | २०७१।८।१७ |
| १२१ | श्री रामप्रसाद पन्थी | गुल्मी | वि.सं. २०३५।०२।०३ | २०७१।८।१७ |
| १२२ | श्री निरञ्जन स्थापित | काठमाडौं | वि.सं. २०४४।०४।१२ | २०७१।८।१७ |
| १२३ | श्री धिरेन्द्रप्रसाद पुडासैनी | काठमाडौं | वि.सं. २०२३।०३।०६ | २०७१।८।१७ |
| १२४ | श्री चुरामणी पराजुली | गुल्मी | वि.सं. २०३५।८।१६ | २०७१।८।१७ |
| १२५ | श्री सुरेशकुमार बि. सी. | दैलेख | वि.सं. २०२१।०२।२५ | २०७२।३।३१ |
| १२६ | श्री जीतप्रसाद लुइटेल | खोटाङ्ग | वि.सं. २०२६।११।२१ | २०७२।३।३१ |
| १२७ | श्री धर्मराज जोशी | डोटी | वि.सं. २०३४।०३।०२ | २०७२।३।३१ |
| १२८ | श्री जिवनाथ सुवेदी | पर्वत | वि.सं. २०२८।४।२० | २०७२।३।३१ |
| १२९ | श्री शान्ता के.सी. | ओखलढुंगा | वि.सं. २०२६।११।२२ | २०७२।३।३१ |
| १३० | श्री उमेश अधिकारी | मोरङ्ग | वि.सं. २०३०।०४।१७ | २०७२।३।३१ |
| १३१ | श्री सीताराम राउत | सप्तरी | वि.सं. २०३३।०९।२१ | २०७२।३।३१ |
| १३२ | श्री जयप्रकाश रेग्मी | स्याङ्गजा | वि.सं. २०२१।०३।२७ | २०७२।३।३१ |
| १३३ | श्री श्रीधर अर्याल | गुल्मी | वि.सं. २०४१।०८।०४ | २०७२।८।१७ |
| १३४ | श्री बाबुराम भट्टराई | गुल्मी | वि.सं. २०३५।१०।११ | २०७२।८।१७ |
| १३५ | श्री रविन सापकोटा | भोजपुर | वि.सं. २०४०।१२।२८ | २०७२।८।१७ |
| १३६ | श्री लक्ष्मण खनाल | सिन्धुपाल्चोक | वि.सं. २०३६।१०।०४ | २०७२।८।१७ |
| १३७ | श्री खुमबहादुर कुँवर | बाँके | वि.सं. २०३१।११।२६ | २०७२।८।१७ |
| १३८ | श्री प्रकाश थापा | गोरखा | वि.सं. २०४२।१२।०२ | २०७२।८।१७ |
| १३९ | श्री हरीसप्रसाद भट्ट | कञ्चनपुर | वि.सं. २०४०।१२।२८ | २०७२।८।१७ |
| १४० | श्री नवराज रेग्मी | स्याङ्गजा | वि.सं. २०३७।०३।१३ | २०७२।८।१७ |
| १४१ | श्री भक्ति उपाध्याय | काठमाडौं | वि.सं. २०३९।०१।०७ | २०७२।८।१७ |
| १४२ | श्री निराजन शर्मा | जाजरकोट | वि.सं. २०४३।११।०१ | २०७२।८।१७ |
| १४३ | श्री लक्ष्मी भण्डारी | काठमाडौं | वि.सं. २०४१।०२।२५ | २०७२।८।१७ |
| १४४ | श्री रुकमेणा पोखरेल | रुकुम | वि.सं. २०३४।०४।१५ | २०७२।८।१७ |
| १४५ | श्री झक्कलबहादुर थापा | दैलेख | वि.सं. २०१८।०१।०१ | २०७३।०३।०२ |
| १४६ | श्री मुकुन्दकुमार रेग्मी | मोरङ्ग | वि.सं. २०२७।०९।२३ | २०७३।०३।०२ |
| १४७ | श्री मदन शर्मा | स्याङ्जा | वि.सं. २०३६।०८।२८ | २०७३।०३।०२ |
| १४८ | श्री गोविन्दबहादुर चन्द | बैतडी | वि.सं. २०२७।०२।१४ | २०७३।०३।०२ |
| १४९ | श्री राजेन्द्र रेग्मी | दाङ | वि.सं. २०३३।०१।२२ | २०७३।०३।०२ |
| १५० | श्री रोशी भण्डारी | काठमाडौं | वि.सं. २०४७।११।११ | २०७३।०७।०२ |
| १५१ | श्री पुष्पराज वास्तोला | मोरङ्ग | वि.सं. २०३८।०८।०८ | २०७३।०७।०२ |

| | | | | |
|---|---|---|---|---|
| १५२ | श्री हरिबहादुर पुनमगर | जाजरकोट | वि.सं. २०३५।१२।१२ | २०७३।०७।०२ |
| १५३ | श्री पूर्णबहादुर के.सी. | रुकुम | वि.सं. २०४०।०३।२९ | २०७३।०७।०२ |
| १५४ | श्री शिव वाग्ले | चितवन | वि.सं. २०४२।०३।३० | २०७३।०७।०२ |
| १५५ | श्री ठाकुरप्रसाद वस्ताकोटी | तनहुँ | वि.सं. २०४४।०४।१५ | २०७३।०७।०२ |
| १५६ | श्री रेनुका राई | उदयपुर | वि.सं. २०३८।११।१८ | २०७३।०७।०२ |
| १५७ | श्री विजयराज घिमिरे | धनुषा | वि.सं. २०३५।०४।०७ | २०७३।०७।०२ |
| १५८ | श्री दिपक बस्याल | पाल्पा | वि.सं. २०४४।०९।२७ | २०७३।०७।०२ |
| १५९ | श्री बिमला गौतम | मकवानपुर | वि.सं. २०३७।०६।१८ | २०७३।०७।०२ |
| १६० | श्री नुमराज खनाल शर्मा | प्युठान | वि.सं. २०३९।०७।०३ | २०७३।०७।०२ |
| १६१ | श्री पूर्णप्रसाद शर्मा | म्याग्दी | वि.सं. २०४३।०६।१७ | २०७३।०७।०२ |
| १६२ | श्री लक्ष्मीकिशोर शर्मा | सुर्खेत | वि.सं. २०३८।०९।२० | २०७३।०७।०२ |
| १६३ | श्री राजन खनाल | चितवन | वि.सं. २०४३।०६।२४ | २०७३।०७।०२ |
| १६४ | श्री विष्णुप्रसाद गौली | सुर्खेत | वि.सं. २०३२।१०।११ | २०७४।०२।१० |
| १६५ | श्री नारायणप्रसाद घिमिरे | सर्लाही | वि.सं. २०२७।०१।२८ | २०७४।०२।१० |
| १६६ | श्री कौशलप्रसाद ढुंगाना | बर्दिया | वि.सं. २०४३।०६।२० | २०७४।०२।१० |
| १६७ | श्री निर्मलकुमार पुन | रुकुम | वि.सं. २०४६।१०।१० | २०७४।०२।१० |
| १६८ | श्री सुदर्शन निरौंला | सुनसरी | वि.सं. २०२५।०३।१५ | २०७४।०२।१० |
| १६९ | श्री गणेशप्रसाद सापकोटा | उदयपुर | वि.सं. २०२१।१२।०३ | २०७४।०२।१० |
| १७० | श्री विष्णु भट्टराई | अर्घाखाँची | वि.सं. २०२२।०२।२९ | २०७४।०२।१० |
| १७१ | श्री उमाकुमारी के.सी. | रुपन्देही | वि.सं. २०२४।०४।३२ | २०७४।०२।१० |
| १७२ | श्री सुरेन्द्र यादव | धनुषा | वि.सं. २०२१।०७।२३ | २०७४।०२।१० |
| १७३ | श्री शान्तीप्रसाद बराल | सर्लाही | वि.सं. २०३४।०८।०४ | २०७४।०२।१० |
| १७४ | श्री राजेन्द्रमणि पौडेल | बारा | वि.सं. २०३१।१०।१७ | २०७४।०२।१० |
| १७५ | श्री मोहनप्रसाद दाहाल | सर्लाही | वि.सं. २०३१।०६।२७ | २०७४।०२।१० |
| १७६ | श्री बिमलप्रसाद न्यौपाने | पाल्पा | वि.सं. २०३१।०५।३० | २०७४।०२।१० |
| १७७ | श्री इन्दु घिमिरे | झापा | वि.सं. २०२८।०३।१२ | २०७४।०२।१० |
| १७८ | श्री सरिता पोखेल | स्याङ्जा | वि.सं. २०३८।०९।१० | २०७४।०२।१० |
| १७९ | श्री शान्ता लामा वाइवा | चितवन | वि.सं. २०४१।०३।१५ | २०७४।०२।१० |
| १८० | श्री सुदीप शाक्य | ललितपुर | वि.सं. २०४९।०१।०२ | २०७४।०८।२९ |
| १८१ | श्री हरिहर तिमिल्सिना | स्याङ्जा | वि.सं. २०४५।१०।२३ | २०७४।०८।२९ |
| १८२ | श्री रञ्जीता पोखेल | अर्घाखाँची | वि.सं. २०५१।०८।१४ | २०७४।०८।२९ |
| १८३ | श्री दिपेशप्रताप साह | रौतहट | वि.सं. २०४५।११।०५ | २०७४।०८।२९ |
| १८४ | श्री बसन्त काफ्ले | भोजपुर | वि.सं. २०३७।१०।०१ | २०७४।०८।२९ |
| १८५ | श्री सन्जित गौतम | काभ्रेपलाञ्चोक | वि.सं. २०४४।०१।२८ | २०७४।०८।२९ |
| १८६ | श्री विकास ढुंगाना | बाग्लुङ | वि.सं. २०४७।०२।१५ | २०७४।०८।२९ |
| १८७ | श्री केशव न्यौपाने | रुपन्देही | वि.सं. २०४४।०४।०८ | २०७४।०८।२९ |
| १८८ | श्री सिर्जना ढकाल | अछाम | वि.सं. २०४३।११।२८ | २०७४।०८।२९ |
| १८९ | श्री ठाकुरराम भण्डारी | मकवानपुर | वि.सं. २०३९।११।१६ | २०७४।०८।२९ |
| १९० | श्री कल्याण पराजुली | सुनसरी | वि.सं. २०४१।११।२२ | २०७४।०८।२९ |
| १९१ | श्री अनिल रेग्मी | खोटाङ्ग | वि.सं. २०४३।०३।१० | २०७४।०८।२९ |
| १९२ | श्री संगिता थोकर | मकवानपुर | वि.सं. २०४४।०६।०८ | २०७४।०८।२९ |
| १९३ | श्री श्रृजना घिमिरे | ओखलढुंगा | वि.सं. २०४५।०९।२७ | २०७४।०८।२९ |
| १९४ | श्री चन्द्रप्रसाद संजेल | मकवानपुर | वि.सं. २०४०।०७।२२ | २०७४।०८।२९ |

| १९५ | श्री शिशिर लामिछाने | स्याङ्जा | वि.सं. २०५०।०५।०७ | २०७४।०८।२९ |
|---|---|---|---|---|
| १९६ | श्री गायत्री वाग्ले | स्याङ्जा | वि.सं. २०४३।०५।१५ | २०७४।०८।२९ |
| १९७ | श्री महेन्द्रप्रसाद अधिकारी | स्याङ्जा | वि.सं. २०३६।०१।१० | २०७४।०८।२९ |
| १९८ | श्री मदन न्यौपाने | मोरङ्ग | वि.सं. २०४१।०५।२९ | २०७४।०८।२९ |
| १९९ | श्री बिष्णुहरि मरासिनी | अर्घाखाँची | वि.सं. २०३९।१२।१८ | २०७४।०८।२९ |
| २०० | श्री दीपा खराल | बाँके | वि.सं. २०४६।०६।२८ | २०७४।०८।२९ |
| २०१ | श्री श्रीराम ओझा | डडेल्धुरा | वि.सं. २०४४।०२।०७ | २०७४।०८।२९ |
| २०२ | श्री निसाकुसुम पौडेल | कास्की | वि.सं. २०५०।०४।२८ | २०७४।०८।२९ |
| २०३ | श्री शिलुका लिंथेप | संखुवासभा | वि.सं. २०३६।०८।०२ | २०७४।०८।२९ |
| २०४ | श्री अम्बिका रघुवंशी | ललितपुर | वि.सं. २०४४।०७।०१ | २०७४।०८।२९ |
| २०५ | श्री कन्चन घिमिरे | रौतहट | वि.सं. २०५०।११।१६ | २०७४।०८।२९ |
| २०६ | श्री लोकमणी पाण्डे | गुल्मी | वि.सं. २०४५।०३।१५ | २०७४।०८।२९ |
| २०७ | श्री युवराज शर्मा | बाग्लुङ | वि.सं. २०४२।०३।०७ | २०७४।०८।२९ |
| २०८ | श्री महदत्त पौडेल | स्याङ्जा | वि.सं. २०४५।०६।२१ | २०७४।०८।२९ |
| २०९ | श्री टिकाराम भण्डारी | पाल्पा | वि.सं. २०४२।०६।२५ | २०७४।०८।२९ |
| २१० | श्री इन्दु बस्याल भण्डारी | स्याङ्जा | वि.सं. २०४५।०९।०६ | २०७४।०८।२९ |
| २११ | श्री दिलबहादुर थापा | तनहुँ | वि.सं. २०१८।०४।१२ | २०७५।०६।१० |
| २१२ | श्री टेकनाथ शर्मा | पर्वत | वि.सं. २०२९।०८।२४ | २०७५।०६।१० |
| २१३ | श्री गोविन्दबहादुर शाही | डोल्पा | | २०७५।०६।१० |
| २१४ | श्री शान्तिविक्रम शाह | बाँके | वि.सं. २०४९।१२।१९ | २०७५।०७।०४ |
| २१५ | श्री प्रकाश घिमिरे | गुल्मी | वि.सं. २०४३।०५।२० | २०७५।०७।०४ |
| २१६ | श्री विष्णुप्रसाद पनेरु | स्याङ्जा | वि.सं. २०४७।०९।०३ | २०७५।०७।०४ |
| २१७ | श्री खड्कबहादुर खड्का | बझाङ | वि.सं. २०४२।०१।१९ | २०७५।०७।०४ |
| २१८ | श्री सुदीपकुमार राय | धनुषा | वि.सं. २०४७।०६।०५ | २०७५।०७।०४ |
| २१९ | श्री रेवती सुवेदी | धनकुटा | वि.सं. २०४४।०३।२२ | २०७५।०७।०४ |
| २२० | श्री अरुण सापकोटा | पर्वत | वि.सं. २०३७।०२।२८ | २०७५।०७।०४ |
| २२१ | श्री विपिनराज तिवारी | कास्की | वि.सं. २०४०।०८।२० | २०७५।०७।०४ |
| २२२ | श्री राजलाल यादव | सप्तरी | वि.सं. २०४०।०१।१८ | २०७५।०७।०४ |
| २२३ | श्री सीता अधिकारी | स्याङ्जा | वि.सं. २०४०।०३।२६ | २०७५।०७।०४ |
| २२४ | श्री कविराज शर्मा पाध्या | बझाङ | वि.सं. २०३७।०२।०५ | २०७५।०७।०४ |
| २२५ | श्री निर्मला मरासिनी | ललितपुर | वि.सं. २०४१।०३।२७ | २०७५।०७।०४ |
| २२६ | श्री आरती चपाई | सुर्खेत | वि.सं. २०४७।१२।२४ | २०७५।०७।०४ |
| २२७ | श्री नृपराज खड्का | बझाङ | वि.सं. २०४३।०२।०२ | २०७५।०७।०४ |
| २२८ | श्री रमुना राउत | उदयपुर | वि.सं. २०४८।१०।१४ | २०७५।०७।०४ |
| २२९ | श्री दिव्याकुमारी भट्टराई | उदयपुर | वि.सं. २०४५।०५।१३ | २०७५।०७।०४ |
| २३० | श्री विनिता कपाली | भक्तपुर | वि.सं. २०४७।१०।०८ | २०७५।०७।०४ |
| २३१ | श्री उशा गजमेर | खोटाङ्ग | वि.सं. २०४६।११।०४ | २०७५।०७।०४ |

## ६. २०७५ साल पौषमसान्तसम्म कार्यरत रही सेवाबाट अलग हुनु भएका महान्यायाधिवक्ता तथा सरकारी वकीलहरूको नामावली

### १.महान्यायाधिवक्ता

| सि.नं. | माननीय महान्यायाधिवक्ता (संवैधानिक पद) | नियुक्ति मिति | राजिनामा मिति |
|---|---|---|---|
| १ | श्री वसन्तराम भण्डारी | २०७४।०५।०२ | २०७४।११।०३ |

### २. राजपत्रांकित विशिष्ट श्रेणीका सहन्यायाधिवक्ताको नामावली

| सि.नं. | कर्मचारीको नाम, थर | सेवा, समूहबाट अलग भएको मिति | कैफियत |
|---|---|---|---|
| १ | श्री दुर्गाबन्धु पोखरेल | २०७४।१०।२६ | अनिवार्य अवकाश |
| २ | श्री बद्रीप्रसाद गौतम | २०७५।६।१५ | अनिवार्य अवकाश |
| ३ | श्री गणेशबाबु अर्याल | २०७४।०१।०६ | अनिवार्य अवकाश |

### ३. राजपत्रांकित प्रथम श्रेणीका सहन्यायाधिवक्ताको नामावली

| सि.नं. | कर्मचारीको नाम, थर | सेवा, समूहबाट अलग भएको मिति | कैफियत |
|---|---|---|---|
| १ | श्री कृष्णजीवी घिमिरे | २०७४।१०।१८ | नेपाल सरकारको सचिव पदमा नियुक्त |
| २ | श्री खड्गबहादुर खड्का | २०७५।०२।१८ | अनिवार्य अवकाश |

### ४. राजपत्रांकित द्वितीय श्रेणीका उपन्यायाधिवक्ताहरुको नामावली

| सि.नं. | कर्मचारीको नाम, थर | सेवा, समूहबाट अलग भएको मिति | कैफियत |
|---|---|---|---|
| १ | श्री मुकुन्दप्रसाद अधिकारी | २०७४।१०।०३ | अनिवार्य अवकाश |
| २ | श्री सुदर्शन लामिछाने | २०७५।०३।०७ | जिल्ला न्यायाधीशमा नियुक्त |
| ३ | श्री टिकेन्द्र दाहाल | २०७५।०३।०७ | जिल्ला न्यायाधीशमा नियुक्त |
| ४ | श्री राजेशकुमार कटुवाल | २०७५।०३।०७ | जिल्ला न्यायाधीशमा नियुक्त |
| ५ | श्री मणिराम न्यौपाने | २०७५।०३।०७ | जिल्ला न्यायाधीशमा नियुक्त |
| ६ | श्री गोविन्दप्रसाद उपाध्याय | २०७४।१०।१९ | अनिवार्य अवकाश |
| ७ | श्री भरतमणि रिजाल | | कानून समूहको सहसचिव पदमा नियुक्त |
| ८ | श्री दिनानाथ अधिकारी | २०७५।०१।०८ | अनिवार्य अवकाश |
| ९ | श्री कुलप्रसाद पाण्डे | २०७५।०२।२१ | जिल्ला न्यायाधीशमा नियुक्त |
| १० | श्री रोमनाथ अधिकारी | २०७५।०२।२१ | जिल्ला न्यायाधीशमा नियुक्त |
| ११ | श्री प्रमेश पोखरेल | २०७५।०२।२१ | जिल्ला न्यायाधीशमा नियुक्त |
| १२ | श्री दुर्गा खड्का | २०७५।०३।०७ | जिल्ला न्यायाधीशमा नियुक्त |
| १३ | श्री हरिप्रसाद ज्ञवाली | २०७४।११।१३ | अनिवार्य अवकाश |
| १४ | श्री अविकेश्वर पोखरेल | २०७५।०४।०२ | अनिवार्य अवकाश |
| १५ | श्री हरिकुमार पोखरेल | २०७५।०८।१५ | अनिवार्य अवकाश |
| १६ | श्री शिवशंकरप्रसाद चौधरी | २०७५।०९।१९ | अनिवार्य अवकाश |

### ५. राजपत्रांकित तृतीय श्रेणीका सरकारी वकीलहरुको नामावली

| सि.नं. | कर्मचारीको नाम, थर | सेवाबाट अलग भएको मिति | कैफियत |
|---|---|---|---|
| १ | श्री जयप्रसाद श्रेष्ठ | २०७४।१२।०७ | अनिवार्य अवकाश |
| २ | श्री रामईश्वर राय यादव | २०७५।०३।२४ | अनिवार्य अवकाश |
| ३ | श्री रत्ना श्रेष्ठ | २०७५।०३।१९ | अनिवार्य अवकाश |

# अनुसूची ४०

## विदेशमा संचालित तालिम, प्रशिक्षण, अवलोकन भ्रमण, कार्यशाला सम्बन्धी विवरण

| सि.नं | | विषय | आयोजक/स्थान/देश | मिति | सहभागी संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | इ.स. | महिला | पुरुष | जम्मा |
| १. | महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल, नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, सहन्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डे, गीता प्रसाद तिम्सिना, संजीवराज रेग्मी, उद्धवप्रसाद पुडासैनी, उपन्यायाधिवक्ता श्री नारायण रिमाल र गोपाल लामिछाने | Octopus Conference on Co-operation against Cybercrime | European Union and the Council of Europe/ Strasbourg, **France.** | 11 -19 July, 2018 | ० | ८ | ८ |
| २. | महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल | 16th Meeting of the Prosecutors General of the Shanghai Co-operation Organization Member States | **Tajikistan** | 20 September, 2018 | ० | १ | १ |
| ३. | महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल | Third International Conference on Access to Legal Aid in Criminal Justice System | Parliament of Georgia and Legal Aid Service of Georgia/Tbilisi, Georgia | 13-15 November, 2018 | ० | १ | १ |
| ४. | सहन्यायाधिवक्ता श्री विश्वराज कोइराला, श्री चिरन्जीवी पराजुली र श्री सुरेन्द्रबहादुर थापा, उपन्यायाधिवक्ता श्री दमनसिंह विष्ट, जिल्ला न्यायाधिवक्ता श्री बाबुराम अधिकारी, सहायक जिल्ला न्यायाधिवक्ता श्री सुशिला ज्ञवाली | 5th Comparative Study on Criminal Justice System of Japan and Nepal. | UNAFEI/ Tokyo, **Japan** | 5-16, March 2018 | १ | ५ | ६ |
| ५. | सहन्यायाधिवक्ता श्री गोपाल प्रसाद रिजाल | Gender Mainstreaming in the Criminal Justice Responses to Violent Extremism Leading to Terrorism in South Asia and South East Asia | United Nations Office on Drugs and Crime (UNODC)/ Vienna, **Austria** | 15-17, January, 2019 | ० | १ | १ |
| ६. | सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी | Thirteenth Regional Workshop for Judges, Prosecutors and Police Officers in South Asia on Engaging Communities and Criminal Justice Officials in Developing Joint Strategies to Counter Violent Extremism and Incitement in South Asia. | Counter-Terrorism Executive Directorate (CTED)UN/ Bangkok, **Thailand** | 9-11, January, 2018 | ० | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | सहन्यायाधिवक्ता श्री लोकराज पराजुली | Global Central Authorities | The Embassy of The United States of America/New Delhi, **India**. | 24 -26 July, 2018 | ० | १ | १ |
| ८. | सहन्यायाधिवक्ता श्री ध्रुवकुमार भट्टराई | 2018 Seminar on Anti-Money Laundering Measures and Practices for Nepal | Yunna International Center for Economic and Technical Exchanges/ Kunming, Yunna, **China** | 17 -30 July, 2018 | ० | १ | १ |
| ९. | सहन्यायाधिवक्ता श्री सूर्यराज दाहाल, जिल्ला न्यायाधिवक्ता श्री योगनाथ ढकाल, उपन्यायाधिवक्ता श्री गोविन्द उपाध्याय र जीवनिधि पौडेल, जिल्ला न्यायाधिवक्ता श्री हरिप्रसाद भट्ट र श्री धर्मराज पौडेल, सहायक जिल्ला न्यायाधिवक्ता श्री झक्क्ल बहादुर थापा, शाखा अधिकृत श्री सुधा योगी के.सी र सहायक जिल्ला न्यायाधिवक्ता श्री इन्दु बसेल | China-Nepal Insepction Cooperation and Exchange Forum | People's Procuratorate of Tibet Autonomous Region of PRC/ **China** | 28 October-3 November, 2018 | २ | ७ | ९ |
| १०. | उपन्यायाधिवक्ता श्री मुकुन्द प्रसाद अधिकारी र जिल्ला न्यायाधिवक्ता श्री बाबुराम अधिकारी | The second Course of China-South Asia Legal Training Base | Yunan University, **China** | 7-27, January, 2018 | ० | २ | २ |
| ११. | उपन्यायाधिवक्ता श्री रामप्रसाद अधिकारी र श्री उर्मिला दाहाल | Asia Regional Workshop on Investigations | ICJ/ Bangkok, **Thailand** | 30 May-1 June, 2018 | १ | १ | २ |
| १२. | जिल्ला न्यायाधिवक्ता श्री धर्म अवतार कोइराला र श्री सुदिपकुमार दंगाल | 2018 Seminar on International Law System and International Policies Making for Nepal | Government of China/ **China** | 27 June-17 July, 2018 | ० | २ | २ |
| १३. | उपन्यायाधिवक्ता श्री उमाकान्त पौडेल | Intellectual Property Rights online enforcement workshop. | The Embassy of The United States of America and ASEAN/ Bankok, **Thailand** | 21-23 August, 2018 | ० | १ | १ |
| १४. | जिल्ला न्यायाधिवक्ता श्री कृष्णराज पन्त र उपन्यायाधिवक्ता श्री महेशप्रसाद खत्री | International cooperation on Criminal and Financial Investigation | United Nations Office on Drugs and Crime (UNODC)/Bangkok, **Thailand** | 24-26 September, 2018 | ० | २ | २ |
| १५. | उपन्यायाधिवक्ता श्री नारायण बहादुर थापा | 3rd Training Course of China South Asia Leal Training Base. | China law Society/ Kunming, **China** | 21 October-10 | ० | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६. | उपन्यायाधिवक्ता श्री कृष्णप्रसाद पुडासैनी, श्री हिमालयकुमार त्रिताल र श्री मनोजकुमार आचार्य | Capacity Strengthening for NJA Lectures Program. | Judicial Reasearch and Training Institute/ **Republic of Korea** | 4-17 November, 2018 | ० | ३ | ३ |
| १७. | जिल्ला न्यायाधिवक्ता श्री ईश्वरीप्रसाद ढकाल र शाखा अधिकृत श्री विना खड्का थापा | Anti Money Laundering AML/CFT Training. | U.S Department of Justice, Office of Overseas Prosecutorial Development, Assistance and Training(DOJ OPDAT)/ Dhaka, **Bangladesh.** | 28-30 August, 2018 | १ | १ | २ |
| १८. | उपन्यायाधिवक्ता श्री पद्मराज पाण्डेय | Regional Worksop on International Cooperation in Corruption and Financial Investigations with Links to Money Laundering ( Mock Investigation and Mock Trial) | United Nations Office on Drugs and Crime (UNODC)/New Delhi, **India** | 12-14 November, 2018 | ० | १ | १ |
| १९. | जिल्ला न्यायाधिवक्ता श्री तिलकबहादुर कार्की र उपन्यायाधिवक्ता श्री माधवप्रसार घिमिरे | Seminar on Capability of Goivernance for Ministerial Officials of Nepal in 2018 | Training center Chinese Academy of Governance/ **China** | 16-22 November, 2018 | ० | २ | २ |
| २०. | जिल्ला न्यायाधिवक्ता श्री गोविन्द गिरी, हरिकुमार पोखरेल र सहायक जिल्ला न्यायाधिवक्ता श्री निरञ्जन स्थापित | International Conference on Cyberlaw, Cybercrime and Cybersecurity | The International Conference on Cyberlaw, Cybercrime and Cybersecurity/ New Delhi, **India.** | 14-16 November, 2018 | ० | ३ | ३ |
| २१. | उपन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसाल र शाखा अधिकृत श्री नारायणप्रसाद शर्मा | INTERPOL Project SCORPIUS, Workshop on Legal Implications of Open Source and Social Media Investigations. | INTERPOL/Manila, **Philippines** | 10-11, May 2018 | ० | २ | २ |
| २२. | जिल्ला न्यायाधिवक्ता श्री सन्तोष शर्मा | Prevention of child Recruitment and Explotaion by Terroist and Voilent Extremist Groups | United Nations Office on Drugs and Crime (UNODC)/Bangkok, **Thailand** | 25-27 September, 2018 | ० | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २३. | जिल्ला न्यायाधिवक्ता श्री देवराज भारती | Regional Workhop on the Prosecution of Serious Forms of Wildlife Crime | South Asia Wildlife Enforcement Network (SAWEN), WWF Nepal, United Nation Office on Drugs and Crime (UNODC)/ **Bhutan** | 18-20 December, 2018 | ० | १ | १ |
| २४. | शाखा अधिकृत श्री उर्मिला जि.सी | Development of Mock Court for INTERPOL Project SCORPIUS | INTERPOL/ Colombo, **Sri Lanka** | 28-30 November, | १ | ० | १ |
| २५. | शाखा अधिकृत श्री सविता शर्मा | G7 24/7 Cybercrime Network Training | US Department of Justice, Criminal Division (DOJ)/ Melaka, **Malaysia** | 31 July- 3 August, 2018 | १ | ० | १ |
| २६. | शाखा अधिकृत श्री गंगा न्यौपाने | 2018 Seminar for IPR official from Countries Along BRI. | Government of China/ **China** | 15 May- 1 | १ | ० | १ |
| | जम्मा | | | | ८ | ४९ | ५७ |

# अनुसूची ४१

## स्वदेशमा संचालित तालिम, प्रशिक्षण, कार्यशाला सम्बन्धी विवरण

### १. संहिताको कार्यान्वयनका लागि सरकारी वकील र अनुसन्धान अधिकृत प्रहरीहरुलाई संचालन गरिएको प्रशिक्षण कार्यक्रम

| क्र स | मिति | स्थान | सहभागी | सरकारी वकील | प्रहरी अधिकृत | संयोजक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २०७४।०७।१४-१८ | काठमाडौं | २० | २० | - | सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी | TOT |
| २ | २०७४।०७।२८-०८-२ | काठमाडौं | २५ | २५ | - | सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी | TOT |
| ३ | २०७४।११।२-६ | काठमाडौं | ३१ | ३१ | - | सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल | NJA बाट संचालित |
| ४ | २०७४।११।१४-१९ | काठमाडौं | ३० | ३० | - | सहन्यायाधिवक्ता श्री रमादेवी पराजुली | |
| ५ | २०७४।११।२३-२८ | काठमाडौं | २७ | २७ | - | सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली | |
| ६ | २०७४।१२।२-६ | नेपालगञ्ज | ४७ | ३८ | ९ | नायव न्यायाधिवक्ता श्री खगराज पौडेल | |
| ७ | २०७४।१२।१२-१६ | पोखरा | ४५ | ४३ | २ | नायव न्यायाधिवक्ता श्री गणेशबाबु अर्याल | |
| ८ | २०७४।१२।२०-२४ | विराटनगर | ५५ | ५२ | ३ | नायव न्यायाधिवक्ता श्री किरण पौडेल | |
| ९ | २०७४।१२।२३-२७ | काठमाडौं | ३१ | ३१ | - | सहन्यायाधिवक्ता श्री विश्वराज कोइराला | |
| १० | २०७५।०१।०९-१३ | काठमाडौं | ३५ | २८ | ७ | सहन्यायाधिवक्ता श्री पद् मप्रसाद पाण्डेय | |
| ११ | २०७५।०१।१४-१८ | काठमाडौं | ३७ | २७ | ८ | सहन्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेल | |
| जम्मा | | | ३८३ | ३५२ | २९ | | |

### २. संहिताको कार्यान्वयनका लागि महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयहरुमा कार्यरत राजपत्र अनंकित कर्मचारीहरु र सहायकस्तरका प्रहरी कर्मचारीहरुको लागि संचालन गरिएको प्रशिक्षण

| क्र. सं. | मिति | स्थान | सहभागी संख्या | रा.प. अनं. कर्मचारी | प्रहरी | संयोजक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २०७५।०१।२२-२४ | जनकपुर | २७ | २५ | २ | उपन्यायाधिवक्ता श्री गंगाप्रसाद पौडेल | |
| २ | २०७५।०१।२६-२८ | विराटनगर | ६० | ४८ | १२ | उपन्यायाधिवक्ता श्री नारायण रिमाल | |
| ३ | २०७५।०१।२७-२९ | काठमाडौं | २० | १६ | ४ | उपन्यायाधिवक्ता | |

| क्र. सं. | मिति | स्थान | सहभागी संख्या | रा.प. अनं. कर्मचारी | प्रहरी | संयोजक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | श्री यामबहादुर बानिया | |
| ४ | २०७५।०७।२७-२९ | पोखरा | ३४ | ३१ | ३ | उपन्यायाधिवक्ता श्री चन्द्रकान्त खनाल | |
| ५ | २०७५।०७।२९-३१ | बुटवल | ४९ | ३९ | १० | उपन्यायाधिवक्ता श्री राजेशकुमार कटुवाल | |
| ६ | २०७५।०२।३-५ | काठमाडौं | ३१ | १९ | १२ | उपन्यायाधिवक्ता श्री केशवप्रसाद पन्त | |
| ७ | २०७५।०२।३-५ | सुर्खेत | ३३ | २७ | ६ | उपन्यायाधिवक्ता श्री प्रकाश कोइराला | |
| ८ | २०७५।०२।३-५ | कैलाली | ३२ | २० | १२ | उपन्यायाधिवक्ता श्री यदुनाथ शर्मा | |
| ९ | २०७५।०२।१०-१२ | काठमाडौं | २७ | १३ | १४ | उपन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसाल | |
| जम्मा | | | ३१३ | २३८ | ७५ | | |

### ३. बालबालिकाको न्यायमा पहुँच, बालन्याया र लैङ्गिक न्याय सम्बन्धी प्रशिक्षण कार्यक्रम

| क्र. सं. | स्थान | अवधि | सहभागी संख्या |
|---|---|---|---|
| १ | काठमाडौं | २०७५।०३।२९ देखि २०७५।०३।३१ सम्म | ३७ |
| २ | बुटवल | २०७५।०५।२१ देखि २०७५।०५।२३ सम्म | २९ |
| ३ | महेन्द्रनगर | २०७५।०६।०४ देखि २०७५।०६।०६ सम्म | २३ |
| **जम्मा** | | | **८९** |

### ४. राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा संचालित तालिम/प्रशिक्षण कार्यक्रमहरु

| सि.नं | मिति | विषय | तालिमको प्रकृति | स्थान | सहभागी संख्या |
|---|---|---|---|---|---|
| १. | २०७४/१२/०९-१० | अन्तर्राष्ट्रिय मानवीय कानून | कार्याशाला | काठमाडौं | ७ |
| २. | २०७५/१/१०-१४ | विधि विज्ञान प्रमाण | प्रशिक्षण | काठमाडौं | २४ |
| ३. | २०७५/०२/०४-०५ | अन्तर्राष्ट्रिय कानून | कार्याशाला | पोखरा | ६ |
| ४. | २०७५/०२/१८-१९ | बैकिङ्ग कानून सम्बन्धी | अन्तरक्रिया | डडेलधुरा | ५ |
| ५. | २०७५/०२/१८-१९ | सरकारी वकीलहरुको लागि नेतृत्व विकास | कार्याशाला | काठमाडौं | २० |
| ६. | २०७५/०२/२३-२७ | विधि विज्ञान प्रमाण | प्रशिक्षण | काठमाडौं | २४ |
| ७. | २०७५/०४/२०-०५/०५ | सरकारी वकीलहरुको लागि संवैधानिक कानूनमा विशिष्टीकरण | प्रशिक्षण | काठमाडौं | २० |
| ८. | २०७४/०४/३०-३१ | पूर्व पुर्पक्ष सुनुवाइ | प्रशिक्षण | काठमाडौं | ३ |
| ९. | २०७५/०५/१३/१३-१४ | Empowering Chaimpions to Realize the promise of reproductive Rights | प्रशिक्षण | काठमाडौं | ५ |

| सि.नं | मिति | विषय | तालिमको प्रकृति | स्थान | सहभागी संख्या |
|---|---|---|---|---|---|
| १०. | २०७५/०६/०८-१२ | बाल न्याय सम्बन्धी (रा.प.अन श्रेणीको लागि) | प्रशिक्षण | पाल्पा | १२ |
| ११. | २०७५/०८/०३-१९ | सरकारी वकीलहरुको लागि राजश्वसम्बन्धी कानूनमा विशिष्टीकरण | प्रशिक्षण | काठमाडौं | २५ |
| | जम्मा | | | | १५१ |

**५.न्याय सेवा तालिम केन्द्रद्वारा संचालित तालिम/प्रशिक्षण कार्यक्रमहरु**

| सि.नं | मिति | विषय | स्थान | सहभागी कर्मचारीको श्रेणी | सहभागी संख्या |
|---|---|---|---|---|---|
| १. | २०७५/०२/१-देखि पाँच हप्ते | सेवाकालीन तालिम | काठमाडौं | रा.प. द्वितिय र तृतिय | २० |
| २. | २०७५/०५/१-देखि पाँच हप्ते | सेवाकालीन तालिम | काठमाडौं | रा.प. द्वितिय र तृतिय | २२ |
| ३. | २०७४/०४/४-देखि पाँच हप्ते | सेवाकालीन तालिम | सुर्खेत | रा.प.अ. प्रथम र द्वितिय | ५ |
| ४. | २०७४/०६/२५-देखि पाँच हप्ते | सेवाकालीन तालिम | नेपालगञ्ज | रा.प.अ. प्रथम र द्वितिय | ३ |
| ५. | २०७५/०२/४-देखि पाँच हप्ते | सेवाकालीन तालिम | काठमाडौं | रा.प.अ. प्रथम र द्वितिय | ५ |
| ६. | २०७५/०७/२८-देखि पाँच हप्ते | सेवाकालीन तालिम | काठमाडौं | रा.प.अ. प्रथम र द्वितिय | ७ |
| | जम्मा | | | | ६२ |

**६. विविध तालिम/प्रशिक्षण कार्यक्रमहरु**

| सि.नं | मिति | विषय | तालिमको प्रकृति | स्थान | आयोजक | सहभागी संख्या |
|---|---|---|---|---|---|---|
| १. | २०७४/१०/१४-१५ | Universal Periodic Review and Treat Body Reporting | कार्याशाला | काठमाडौं | काठमाडौ स्कुल अफ ल कलेज | २ |
| २. | २०७४/१०/०४-०४ | Wildlife crime and problem and challenges in the Prosecution | छलफल | हेटौडा | Zoological Society of London, Nepal | ४ |
| ३. | २०७४/११/१६-१८ | Cyber Legislation (Focus on electronic evidence) in Nepal | कार्याशाला | काठमाडौं | Council of Europe र महान्यायाधिवक्ताको कार्यालय | ५ |
| ४. | २०७४/११/२१-२३ | Cyber Crime | प्रशिक्षण | काठमाडौं | अमेरिकी राजदूतावास | १५ |
| ५. | २०७४/११/१६-१६ | मानव बेचबिखन तथा ओसारपसार र वैदेशिक रोजगारका: कानुनी व्यवस्था | अन्तरक्रिया | काठमाडौं | माईती नेपाल | १ |
| ६. | २०७४/११/२०-२२ | महिला अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनी प्रावधान | प्रशिक्षण | काठमाडौं | अमेरिकी राजदूतावास | ५ |
| ७. | २०७४/११/२५-२५ | Access to Justice of Women with Disability | अन्तरक्रिया | काठमाडौं | नेपाल अपाङ्ग महिला संघ, अष्ट्रेलियन एम्बेसी, युएनडिपी | १ |

| सि.नं | मिति | विषय | तालिमको प्रकृति | स्थान | आयोजक | सहभागी संख्या |
|---|---|---|---|---|---|---|
| ८. | २०७४/१२/२७-२९ | Training on the fight against pharmaceutical crime | अन्तरक्रिया | काठमाडौं | INTERPOL र नेपाल प्रहरी समन्वय | २ |
| ९. | २०७५/०१/०५-०७ | Money laundering and Financial Crimes | प्रशिक्षण | काठमाडौं | अमेरिकी राजदूतावास | ७ |
| १०. | २०७५/०१/३१-०२/०२ | Financial Investigations and Links with Money Laundering | कार्याशाला | काठमाडौं | UNODC Workshop on Financial Investigations and Links with Money Laundering | ३ |
| ११. | २०७५/०२/१४-१६ | Implementing Nepal's New plea Bargaining and Sentencing Law | | काठमाडौं | अमेरिकी राजदूतावास | १३ |
| १२. | २०७५/०२/१५-१७ | Workshop on Parole, Probation and Sentencing | कार्याशाला | काठमाडौं | सर्वोच्च अदालत र ICD Japan | १ |
| १३. | २०७५/०३/०६-०७ | कानूनी कार्यविधि अनुशिक्षण तथा कर्मचारी दक्षता अभिवृद्धि | प्रशिक्षण | काठमाडौं | आन्तरिक राजश्व विभाग | २ |
| १४. | २०७५/०३/१२-१२ | The Role of Arbitrators in fostering Efficient Resolution of Disputes | गोष्ठी | काठमाडौं | SAARC's Arbitration Council (SAARCO), Islamabad / Nepal Council of Arbitration (NEPCA) | १ |
| १५. | २०७५/०३/०३-०३ | Software Asset Management | प्रशिक्षण | काठमाडौं | सूचना प्रविधि विभाग | १ |
| १६. | २०७५/०४/०५-११ | Asia Pacific Group on Money Laundering (APG) | गोष्ठी | काठमाडौं | अर्थ मन्त्रालय | २ |
| १७. | २०७५/०३/२७-२७ | Counterfeit Currency | प्रशिक्षण | काठमाडौं | अमेरिकी राजदूतावास | ५ |
| १८. | २०७५/०३/२८-२८ | न्यायिक तथा अर्धन्यायिक निकायमा कार्यरत जनशक्तिलाई सेवाग्राहीसँग गर्नुपर्ने व्यवहार सम्बन्धी प्रशिक्षण | प्रशिक्षण | तुल्सीपुर | सर्वोच्च अदालत | ३ |
| १९. | २०७५/०३/३०-३० | कारागार सुधारका सम्बन्धमा सरोकारवाल निकायहरुबीच अन्तरक्रिया एंव गोष्ठी | गोष्ठी | काभ्रे | कारागार व्यवस्थापन विभाग | १ |
| २०. | २०७५/०४/२५-२६ | मानव बेचबिखन तथा ओसारपसार र असुरक्षित वैदेशिक रोजगार सम्बन्धी समस्यामा सरोकारवाला | कार्याशाला | काठमाडौं | महान्यायाधिवक्ताको कार्यालय र माईती नेपाल | ३ |

| सि.नं | मिति | विषय | तालिमको प्रकृति | स्थान | आयोजक | सहभागी संख्या |
|---|---|---|---|---|---|---|
| | | निकाय बीच कार्यशाला | | | | |
| २१. | २०७५/०५/२५-३० | Crime Scene Investigation Toolkit Manual | प्रशिक्षण | काठमाडौं | UNODC, Regional Officer for South Asia | ७ |
| २२. | २०७५/०६/१३-१४ | National Workshop on Application International Law and Standards on Investigation of Alleged Unlawful Killing and Enforce Disappearance in Nepal | कार्याशाला | काठमाडौं | International Commission of Jurists | १८ |
| | जम्मा | | | | | १०२ |

# अनुसूची ४२

## नेपालका सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र, २०७५

**घोषणापत्र तयारी समिति**

**नायब महान्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डेय**

**सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई**

**सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना**

**सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी**

**जिल्ला न्यायाधिवक्ता श्री मोना सिंह**

**शाखा अधिकृत श्री गजराज घिमिरे**

**शाखा अधिकृत श्री रोशी भण्डारी**

**प्रस्तावना**

विधिको शासन लोकतन्त्रको प्रमुख आधारशीला हो भन्ने मान्यतामा आस्था प्रकट गर्दै मुलुकको सम्वृद्धिका लागि विधिको शासन कायम गर्न विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन गर्न आफ्नो क्षेत्रबाट क्रियाशीलता प्रदर्शन गर्ने प्रतिबद्धता जनाउदै,

नेपाल सरकारको प्रमुख कानूनी सल्लाहकारको रुपमा महान्यायाधिवक्तालाई संविधानले सुम्पिएको जिम्मेवारीलाई थप प्रभावकारी बनाई कानूनको शासनको अवधारणालाई व्यवहारमा रुपान्तरण गर्नु पर्ने आवश्यकता महशुस गर्दै,

फौजदारी न्याय प्रणाली मुलुकको शान्ति सुव्यवस्था र अमनचयनसँग अन्योन्याश्रित रहेको र नागरिकको स्वतन्त्रता र समाजमा सुव्यवस्था कायम राख्न समक्ष र प्रभावकारी फौजदारी न्याय प्रशासन स्थापित हुनु पर्दछ भन्ने मान्यतालाई केन्द्रमा राख्दै,

नेपालको कानून प्रणालीको आधुनिकीकरण गर्दै जारी भएका मुलुकी अपराध संहिता समेतका नयाँ कानूनहरुको प्रभावकारी कार्यान्वयन गरी अपराध अनुसन्धानलाई औचित्यका आधारमा मार्गदर्शन गर्ने र अभियोजनसम्बन्धी निर्णय गर्ने अधिकारको प्रयोग गर्दा स्वतन्त्रतापूर्वक वैज्ञानिक र बस्तुनिष्ठ आधारमा गरिनु गर्ने र स्वच्छ सुनुवाइ र मानव अधिकारका आधारभूत मूल्य मान्यताको प्रभावकारी कार्यान्वयन हुनु पर्दछ भन्ने मान्यतालाई अंगिकार गर्दै,

सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षा एवम् सार्वजनिक हितको संरक्षणमा सरकारी वकीलले नेतृत्वदायी भूमिका निर्वाह गर्न व्यावसायिकता विकास गर्न अग्रसर हुनु पर्दछ भन्ने मान्यतालाई मनन् गर्दै,

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयको कार्य सम्पादनलाई वस्तुगत, उत्तरदायी, पारदर्शी, सहभागितामूलक एवम् कानून तथा न्यायका मान्य सिद्धान्त बमोजिम सञ्चालन गरी सेवा प्रवाहलाई अझै बढी प्रतिस्पर्धी, प्रभावकारी र जनविश्वासयोग्य बनाउनु पर्ने आवश्यकताबोध गर्दै,

सरकारी वकीलको पहिलो राष्ट्रिय सम्मेलनमा जारी भएको घोषणापत्रको कार्यान्वयनबाट सरकारी वकीलको व्यावसायिकता विकास र संस्थागत सुधारमा सकारात्मक योगदान पुगेको महशुस गरी सो घोषणापत्रमा समावेश भएका विषयमा पुनः प्रतिबद्धता व्यक्त गर्दै,

व्यावसायिक, प्रभावकारी र जनविश्वास प्राप्त संस्थाको रुपमा स्थापित भई कानूनको शासन प्रबर्द्धन गर्ने महान्यायाधिवक्ताको कार्यालयको परिदृश्य (Vison) हासिल गर्ने उद्देश्यले वि.सं. २०७५ साल पौष ८ गतेदेखि १० गतेसम्म काठमाडौंमा आयोजना गरिएको नेपालका सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलनमा सहभागी हामी सरकारी वकीलहरु यो घोषणापत्र जारी गर्दछौं ।

## आभार प्रकट

१. **"वैज्ञानिक र बस्तुनिष्ठ अभियोजन, अपराध संहिताको प्रभावकारी कार्यान्वयन"** भन्ने मूल नाराका साथ आयोजना गरिएको नेपालका सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलनको समुद्घाटन गरी सरकारी वकीलको कार्य सम्पादनमा दिशानिर्देश गर्ने गरी गर्नु भएको सम्बोधनका लागि सम्मानीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । उद्घाटन समारोहका विशिष्ट अतिथि सम्माननीय प्रधानमन्त्रीज्यूबाट सरकारी वकीलको व्यावसायिकता विकास र सरकारी वकील कार्यालयको संस्थागत सुदृढीकरणका लागि व्यक्त भएको प्रतिबद्धताप्रति हार्दिक आभार प्रकट गर्दछौं । सम्मेलनमा उपस्थित भई मन्तव्य व्यक्त गरिदिनु हुने सम्मानीय प्रधान न्यायाधीशज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू तथा अन्य विशिष्ट पदाधिकारीहरुको गरिमापूर्ण उपस्थिति एवम् समापन समारोहका प्रमुख अतिथि माननीय गृह मन्त्रीज्यू तथा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यूको उपस्थिति तथा सम्बोधनका लागि हार्दिक आभार प्रकट गर्दछौं ।

२. सरकारी वकीलहरुलाई अन्तर्राष्ट्रिय अनुभवसँग परिचित गराउन र अन्तर्राष्ट्रिय मञ्चमा पहुँच अभिवृद्धि गर्नका लागि International Association of Prosecutors (IAP) को सदस्यता लिने प्रक्रिया अगाडि बढाइएको र नेपाल सरकारबाट सो प्रयोजनका लागि स्वीकृति समेत प्राप्त भएको जानकारीले सबै सरकारी वकीलहरु उत्साहित भएका छौं । यसका लागि सम्मानीय प्रधानमन्त्रीज्यू तथा नेपाल सरकारप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

## नयाँ संहिताको कार्यान्वयन

३. नेपालको कानून प्रणालीलाई आधुनिकीकरण गर्दै जारी भएका मुलुकी अपराध संहिता समेतका नयाँ कानूनहरु लागू भएकोमा हर्ष प्रकट गर्दछौं । फौजदारी न्यायका आधारभूत सिद्धान्त र मूल्य मान्यता एवम् सभ्य समाजले अवलम्बन गरेका मानव अधिकार संरक्षणका सफल अभ्यासलाई समेत एकीकरण गरी संहिताबद्ध गरिएका ती कानूनहरुको प्रभावकारी कार्यान्वयनका लागि सरकारी वकीलहरु अग्रसर रहेका छौं । संहिताहरुले फौजदारी न्याय प्रणालीमा सरकारी वकीलको भूमिकामा विस्तार गरी थप गरिदिएका जिम्मेवारी उत्तरदायित्वपूर्वक पालना गर्ने प्रतिबद्धता प्रकट गर्दछौं । संविधानमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक सबै प्रकारका सरकार वादी मुद्दाको अभियोजन सरकारी वकीलबाट गरिनु पर्ने गरी संविधान र संहितामा गरिएका व्यवस्थासँग मेल खाने गरी सम्बन्धित कानूनहरु संशोधनका लागि नेपाल सरकारबाट यथाशीघ्र कार्य अगाडि बढाउने अपेक्षा राख्दछौं ।

४. मुलुकी अपराध संहिता र मुलुकी फौजदारी कार्यविधि संहितामा भएका व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि प्रारम्भ गरिएको पुनरावलोकनको प्रक्रिया छिट्टै निष्कर्षमा पुग्ने विश्वास प्रकट गर्दछौं । मुलुकी अपराध संहिताले बहिर्क्षेत्रीय क्षेत्राधिकारको व्यवस्था गरी क्षेत्राधिकार विस्तार गरेको सन्दर्भमा सोको प्रभावकारी कार्यान्वयनका लागि सपुर्दगी र पारस्परिक कानूनी सहायता प्राप्त गर्न सकिने गरी आवश्यक प्रबन्ध हुनका लागि नेपाल सरकारबाट प्रक्रिया प्रारम्भ हुनु पर्ने आवश्यकताबोध गर्दछौं ।

५. मुलुकी अपराध संहिताको कार्यान्वयनमा महान्यायाधिवक्ताको कार्यालयबाट भएको अग्रसरताले पारेको सकारात्मक प्रभावको उचित मूल्यांकन गरी फौजदारी न्याय प्रशासनसँग सम्बन्धित नयाँ कानूनहरुमा समावेश भएका नयाँ विषयवस्तुहरुका बारेमा कानून कार्यान्वयन गर्ने जिम्मेवारी रहेका सरकारी

वकीलहरुलाई निरन्तर प्रशिक्षण र अभिमुखीकरण गरी जनशक्ति विकास गर्ने कार्यक्रमहरु सञ्चालन हुने अपेक्षा राख्दछौं । अपराध अनुसन्धानका लागि समेत सोही अनुसार विशिष्टीकृत जनशक्तिको विकास गर्नु पर्ने आवश्यकता दर्शाउँदछौं ।

## अपराधको अनुसन्धान तथा अभियोजन

६. अपराध अनुसन्धान र अभियोजनको स्वच्छता र विश्वसनीयता अभिवृद्धिका लागि अनुसन्धानकर्ता र अभियोजनकर्ताको सदाचार र निष्ठापूर्ण योगदान आवश्यक पर्दछ । असल नियतले गरिएका कानून बमोजिमका कार्यहरुलाई कानूनले संरक्षण गरेको अवस्था छ । अपराध अनुसन्धान र अभियोजनका लागि कानूनले दिएको अख्तियारीको दुरुपयोगको संरक्षणका लागि कुनै पनि कानूनी व्यवस्था रक्षाकवच हुन सक्दैन । अपराध अनुसन्धान र अभियोजनमा हुने लापरवाही र जिम्मेवारीमा बसेका व्यक्तिहरुबाट गरिने बद्नियतपूर्ण कार्यको प्रभाव सिंगो राज्य व्यवस्थाले व्यहोर्नु पर्ने हुन्छ । यसको नकारात्मक प्रभाव सिंगो फौजदारी न्याय प्रशासन उपर नै पर्न सक्ने अवस्था रहन्छ । यसले कानून कार्यान्वयन गर्ने निकायको विश्वसनीयतामा समेत प्रश्न उठाउन सक्ने अवस्था सिर्जना हुने हुँदा त्यस्ता कार्यलाई छानविन गरी कारवाहीको दायरामा ल्याउने र राज्य व्यवस्थाप्रति जनविश्वास अभिवृद्धि गर्नेतर्फ क्रियाशील हुन सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौं ।

७. फौजदारी न्याय प्रशासनको प्रभावकारिताका लागि अपराधको अनुसन्धान र अभियोजन बस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित हुनु पर्ने मान्यतामा अटुट विश्वास प्रकट गर्दै प्रमाणको वैज्ञानिक परीक्षण गर्नका लागि अनुसन्धानकर्ताको पहुँचमा प्रयोगशालाको विस्तार र आधुनिकीकरण गरी विश्वसनीयता अभिवृद्धि गरिनु पर्ने विषयलाई प्राथमिकतापूर्वक कार्यान्वयनमा ल्याउन विशेष ध्यानाकर्षण गर्दछौं । साथै अपराध अनुसन्धानको क्रममा आवश्यक पर्ने राज्यको कुनै पनि निकायसँग रहेका सबै प्रकारका सूचना तथा जानकारी एवम् अभिलेख सहज र सुलभ तरिकाले अनुसन्धानकर्तालाई उपलब्ध हुने व्यवस्था हुन आवश्यक प्रबन्ध हुने विश्वास प्रकट गर्दछौं ।

८. अपराध अनुसन्धान र अभियोजनलाई वैज्ञानिक र बस्तुनिष्ठ बनाउन विधिविज्ञानको महत्व रहन्छ । अपराध अनुसन्धानको क्रममा विधिविज्ञानको प्रयोगलाई अझ प्रभावकारी बनाउनु पर्ने आवश्यकता देखिएको छ । सोका लागि आवश्यक पर्ने संरचना, कानून, जनशक्ति एवम् स्रोत साधनको उचित व्यवस्था हुने र वैज्ञानिक परीक्षणको विश्वसनीयता अभिवृद्धि हुने गरी सरकारबाट प्राथमिकतापूर्वक आवश्यक प्रबन्ध हुने कुरामा जोड दिन्छौं ।

९. अपराधका स्वरुप र प्रवृत्तिमा देखिएका नयाँ नयाँ आयामहरु एवम् अपराधमा प्रविधिको उच्च प्रयोग गर्ने अभ्यासले अनुसन्धान र अभियोजनमा चुनौती सिर्जना भएको छ । यस्ता चुनौतीलाई सम्बोधन गर्न अपराध अनुसन्धान र अभियोजन गर्ने जनशक्तिको विशिष्टीकरण गर्नु पर्ने र अनुसन्धान गर्ने एकाईहरुलाई स्रोत साधन र प्रविधियुक्त बनाई क्षमता अभिवृद्धि गर्नु पर्ने आवश्यकताबोध गर्दछौं ।

१०. फौजदारी न्याय प्रशासनका लागि अनुसन्धान र अभियोजन अन्योन्याश्रित रहेको यथार्थतालाई मनन् गर्दै अनुसन्धान अधिकृतको स्वायत्तता र विशेषज्ञताको सम्मान गर्दै अभियोजनकर्ताबाट अनुसन्धान प्रक्रियाको वैधतामा प्रश्न उठ्न नसक्ने तर्फ विशेष ध्यान दिँदै मुलुकी फौजदारी कार्यविधि संहिताले अपराध अनुसन्धानका समयमा सरकारी वकीललाई सुम्पिएको दायित्व प्रभावकारी रुपमा पालना गरी अनुसन्धानलाई बस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउनका लागि निर्देशन दिने र अनुसन्धानकर्तालाई राय प्रदान गर्ने विषयमा उचित अभ्यास गर्ने प्रतिबद्धता प्रकट गर्दछौं ।

११. फौजदारी कसूरमा सजाय निर्धारणका लागि जारी भएको नयाँ कानूनी व्यवस्थाको अभ्यास र यसले बोकेका मूल्यको बारेमा अनुसन्धानकर्ता र अभियोजनकर्तालाई समेत प्राथमिकतापूर्वक अभिमुखीकरण गर्नु पर्ने र

अन्य मुलुकमा भएका सफल अभ्यासको बारेमा जानकारी दिनु पर्ने आवश्यकता बोध गर्दछौं । कसूरदारलाई सुधार गर्नु पर्ने आधुनिक सर्वस्वीकार्य मान्यतामा आधारित भई आएको यस कानूनको उचित र सफल कार्यान्वयन हुने कुरामा आशावादी छौं । यसका लागि सजाय निर्धारण सुझाव समितिले आवश्यक मार्गदर्शन गर्ने अपेक्षा राख्दछौं । फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनले गरेको व्यवस्था मुताविक प्रोवेसन, प्यारोल, सामुदायिक सेवा, खुला कारागार तथा पीडित राहत कोष जस्ता नवीन मान्यताहरु प्राथमिकतापूर्वक कार्यान्वयनमा आँउने अपेक्षा राख्दछौं ।

१२. कुनै पनि प्रकारको यातनालाई अस्वीकार गर्ने राज्यको प्रतिबद्धता संविधानमा प्रत्याभूत गरिएको यातना विरुद्धको मौलिक हक र मुलुकी अपराध संहितामा यातनालाई कसूर घोषणा गरेकोबाट स्पष्ट भैसकेको छ । संयुक्त राष्ट्र संघले अभियोजनकर्ताका लागि जारी गरेको मार्गदर्शनमा समेत यातना वा यस्तै अन्य गैरकानूनी तरिकाबाट प्राप्त भएका शंकित विरुद्ध संकलित प्रमाण अस्वीकार गर्नु पर्ने भनिएको छ । उक्त संवैधानिक तथा कानूनी व्यवस्था र अन्तर्राष्ट्रिय मापदण्ड विरुद्ध अपराध अनुसन्धानमा हुने यातनालाई अभियोजनकर्ताहरु अस्वीकार गर्दछौं । र, संविधानले न्याय सम्बन्धी हकमा प्रत्याभूत गरेका स्वच्छ सुनुवाइको अधिकारको प्रभावकारी कार्यान्वयन गर्ने तर्फ प्रतिबद्धता व्यक्त गर्दछौं ।

## मौलिक हकको कार्यान्वयन

१३. नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हकको कार्यान्वयनका लागि बनेका कानूनहरुले संविधानवादको आदर्शलाई व्यवहारमा रुपान्तरण गर्न सहयोग पुऱ्याएको अनुभूत गर्दै ती कानूनहरुको प्रभावकारी कार्यान्वयनका लागि आफ्नो क्षेत्रमा क्रियाशील रहने छौं । खासगरी अपराध पीडितको संरक्षण र बालबालिकासम्बन्धी ऐनले गरेका नयाँ व्यवस्था मुताविक अपराध अनुसन्धान र अभियोजनको कार्यलाई अझै प्रभावकारी बनाउने प्रयत्न गर्नेछौं । अपराध पीडितलाई न्याय प्रदान गर्ने जिम्मेवारी र अभिभारा अनुसन्धान र अभियोजनमा संलग्न रहने निकायको प्राथमिकताको विषय हो । अपराध अनुसन्धान र अभियोजनका क्रममा पीडितका अधिकारको संरक्षण गर्नु पर्ने जिम्मेवारीप्रति दृढतापूर्वक क्रियाशील हुने प्रतिबद्धता प्रकट गर्दै अपराध पीडितको उद्धार, उपचार, संरक्षण, क्षतिपूर्ति र पुनस्थापनाका लागि आवश्यक पूर्वाधार प्राथमिकतापूर्वक निर्माण गर्नु पर्ने आवश्यकता महशुस गर्दछौं ।

१४. बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि समेतका अन्तर्राष्ट्रिय मापदण्ड र नेपालले व्यक्त गरेका प्रतिबद्धता अनुरुप मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता र बालबालिका सम्बन्धी ऐनको कार्यान्वयनका लागि बाल सुधार गृहको विस्तार र आवश्यक पूर्वाधार निर्माणको लागि प्राथमिकतापूर्वक कार्य सम्पादन हुने विश्वास व्यक्त गर्दछौं ।

१५. सरकार वादी फौजदारी मुद्दाको सफलताको मापन कसूरदारलाई सजाय र पीडितलाई न्याय प्रदान गरी मात्र गर्न सकिन्छ । सो प्रयोजनका लागि सरकार वादी मुद्दाका साक्षीको संरक्षणका लागि प्राथमिकतापूर्वक छुट्टै कानून निर्माण गर्नु पर्ने आवश्यकता महशुस गर्दछौं । साक्षीको समुचित संरक्षण हुन नसकेका कारण गम्भीर प्रकृतिका मुद्दाका कसूरदारहरुले उन्मुक्ति पाउन सक्ने जोखिमलाई न्यूनीकरण गर्नका लागि लगातार सुनुवाइको प्रक्रियालाई अझ प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन क्रियाशील हुनेछौं ।

## व्यावसायिकता विकास र विशिष्टीकरण

१६. सरकारी वकीलको व्यावसायिकता विकास आजको आवश्यकता हो । व्यावसायिकता विकासका लागि राज्यको लगानी र सरकारी वकीलको अग्रसरता दुवै सँगसँगै क्रियाशील हुनु पर्ने आवश्यकता पर्दछ । निरन्तर अध्ययन अनुसन्धानबाट आफ्नो दक्षता र क्षमतामा गुणात्मक वृद्धि गर्दै सरकारी वकीलको सेवालाई व्यावसायिक बनाउन प्रयत्नशील रहनेछौं । त्यसका लागि आवश्यक स्रोत साधन र पूर्वाधारको प्रबन्ध गरी उचित कार्य वातावरण निर्माण गर्ने कार्यमा सरकारले प्राथमिकता प्रदान गर्ने अपेक्षा राख्दछौं ।

सरकारी वकीलको व्यावसायिक स्वतन्त्रता र उन्मुक्तिका प्रावधानहरु पेशागत र व्यावसायिक कार्यको संरक्षणका लागि गरिएको हो भन्ने विषयलाई आत्मबोध गर्दै ती विषयहरु कुनै गैरकानूनी र गैरव्यावसायिक कार्यको संरक्षणका आधार हुने छैनन् भन्ने मान्यताप्रति अटुट विश्वास प्रकट गर्दछौं ।

१७. सरकारी वकीलको विशिष्टीकरण व्यावसायिकता विकासको आधार हो । महान्यायाधिवक्ताको कार्यालयबाट विषयगत आधारमा सरकारी वकीलको विशिष्टीकरण गर्ने कार्य प्रारम्भ भएको विषयलाई सकारात्मक रुपमा लिँदै सरकारी वकीलको कार्यक्षेत्रका विषयवस्तुको विविधतालाई सम्बोधन गर्ने गरी उत्तराधिकार योजना सहित इच्छुक सबै सरकारी वकीलहरुले विशिष्टीकरणको प्रक्रियामा सहभागिता जनाउन पाउने गरी आवश्यक प्रबन्ध हुने अपेक्षा गर्दछौं । संविधानले मार्गदर्शन गरे बमोजिम सरकारी वकील र महान्यायाधिवक्ता अन्तर्गतका अन्य कर्मचारीहरुको सेवा शर्त सम्बन्धी कानून प्राथमिकतापूर्वक तर्जुमा हुने अपेक्षा राख्दछौं ।

## सरकारको प्रतिनिधित्व र प्रतिरक्षा

१८. पछिल्लो समयमा विवादको विषयसँग सम्बद्ध नभएका सरकारी निकायहरुलाई समेत विपक्षी बनाउने प्रचलन बढ्दै गएको र कुनै निर्णय वा काम कारवाही नगरिकनै मुद्दाको पक्षको रुपमा प्रतिवाद गर्ने प्रक्रियामा सहभागी हुनु पर्ने अवस्थाले न्यायालय एवम् अन्य सरोकारवाला निकायको कार्यबोझमा अनावश्यक विस्तार गरेको छ । यस विषयलाई गम्भीरतापूर्वक विचार गरी सरोकारवाला निकाय र निर्णय वा काम कारवाहीसँग प्रत्यक्ष सम्बन्धित निकायहरुलाई मात्र प्रतिवादी वा प्रत्यर्थी बनाउने अभ्यासको विकास गर्न सम्बद्ध सबैमा हार्दिक अपिल गर्दछौं ।

१९. सार्वजनिक र सरकारी सम्पत्तिको अभिभावकीय भूमिका सरकारको रहेको हुँदा त्यस्ता सम्पत्ति सम्बन्धी विवादमा सरकारी वकील सँधै सार्वजनिक वा सरकारी सम्पत्ति संरक्षणको पक्षमा क्रियाशील रहिआएका छौं । आगामी दिनमा पनि सोही अनुरुप क्रियाशील हुने र उक्त मान्यता विपरीत सार्वजनिक र सरकारी सम्पत्तिको संरक्षणको विरुद्धमा भएका कुनै पनि निर्णय तथा काम कारवाहीको पक्षमा प्रतिनिधित्व गर्न नसकिने व्यहोरा यसै घोषणापत्र मार्फत सार्वजनिक गर्दछौं ।

२०. नेपालको संविधानले महान्यायाधिवक्तालाई सरकारको प्रमुख कानूनी सल्लाहकारको जिम्मेवारी दिएको सन्दर्भमा महान्यायाधिवक्ताको पूर्व सहमति बेगर अन्य निकाय वा व्यक्तिसँग कानूनी राय लिई गरिएका निर्णय र देखादेखी कानूनी त्रुटी गरी भएका सरकारी निर्णयको सरकारी वकीलले प्रतिरक्षा गर्न नसक्ने पहिलो सम्मेलनको घोषणापत्रको व्यवस्था पुनः स्मरण गराउन चाहन्छौं ।

२१. सरकारी पक्षलाई प्रत्यर्थी बनाई दायर हुने रिट निवदेनमा प्रतिरक्षाका लागि सम्बन्धित निकायले सरकारी वकीललाई आवश्यक सूचना, जानकारी, निर्णय र कागजात उपलब्ध गराएको अवस्थामा प्रभावकारी रुपमा प्रतिरक्षा र प्रतिनिधित्व गर्न सहज भएको र सम्बन्धित निकायबाट त्यस्तो सहयोग हुन नसक्दा प्रतिनिधित्व गर्न असहज हुने गरेको यथार्थता दर्शाउदै सबन्धित निकायबाट प्रतिनिधित्व र प्रतिरक्षाका लागि आवश्यक सूचना, जानकारी र निर्णय एवम् कागजात उपलब्ध नभएको अवस्थामा सरकारी वकीलले प्रतिरक्षा गर्न नसक्ने बाध्यात्मक अवस्था आइपर्ने व्यहोरा सम्बद्ध सबैमा अनुरोध गर्दछौं ।

## कानूनको आधुनिकीकरण

२२. समाजको गतिशीलतासँगै कानूनी व्यवस्थामा पुनरावलोकन गर्नु पर्ने आवश्यकता पर्दछ । सोही मान्यताका आधारमा हाल कार्यान्वयनमा रहेका फौजदारी कानूनहरुको आधुनिकीकरण गर्नु पर्ने आवश्यकता अझै देखिएको छ । महान्यायाधिवक्ताबाट पेश गरिएका वार्षिक प्रतिवेदनमा समेत कानूनको आधुनिकीकरण र पुनरावलोकनका लागि सुझावहरु प्रस्तुत हुँदै आएका छन् । सरकारी वकीलको कार्य सम्पादनसँग सम्बन्धित

कानूनको पुनरावलोकनको क्रममा सरोकारवालाको रुपमा सरकारी वकीलको सहभागिता कायम हुने व्यवस्था हुने अपेक्षा राख्दछौं ।

२३. लागू औषध, आखेटोपहार, विदेशी मुद्राको अवैध कारोवार, बैंकिङ कसूर, मानव बेचबिखन जस्ता संगठित अपराधको रुपमा विकसित हुँदै गरेका गम्भीर अपराधको नियन्त्रणका लागि सम्बन्धित कानूनको आधुनिकीकरण गर्नु पर्ने आवश्यकता बोध गर्दछौं । विद्युतीय माध्यमको प्रयाग गरी वा विद्युतीय माध्यमलाई लक्षित गरी गरिने अपराधको मात्रामा भएको वृद्धि र यसको गहनतालाई दृष्टिगत गरी सो सम्बन्धी कानूनको पुनरावलोकन गर्नु पर्ने र सहज पहुँच कायम हुने गरी सूचना प्रविधि न्यायाधिकरणको स्थापना गर्नु पर्ने आवश्यकताबोध गर्दछौं ।

## सरकारी वकीलको संगठन संरचना र दरबन्दी

२४. यसै वर्ष सरकारी वकीलहरुको संगठन संरचना र दरबन्दीमा केही पुनरावलोकन भएको छ । सरकारी वकील र सहायक एवम् सहयोगीस्तरका केही दरबन्दी थप पनि भएका छन् । तर सरकारी वकीलको कार्यबोझको तुलनामा कायम भएको दरबन्दी पर्याप्त रहेको छैन । अधिक कार्यबोझले कार्य सम्पादनको गुणात्मकतालाई नकारात्मक प्रभाव पारिरहेको अवस्था छ । विगत पाँच वर्षमा सरकारी वकीलले प्रतिनिधित्व र प्रतिरक्षा गर्नु पर्ने मुद्दाको संख्या ४० प्रतिशतले वृद्धि भएको छ । मुलुकी अपराध संहिता समेतका नयाँ कानूनहरु तथा नयाँ कार्यविधिले सरकारी वकीलको कार्यक्षेत्रलाई निक्कै विस्तार गरेको अवस्था छ । कतिपय नयाँ विषयहरु अपराध घोषित भएका छन् । गम्भीर प्रकृतिका मुद्दाको संख्या पनि क्रमशः बढ्दो रुपमा रहेको छ । कतिपय मुद्दामा समूहगत रुपमा सरकारी वकीलले प्रतिनिधित्व गर्नु पर्ने आवश्यकता समेत देखिएको छ । सरकारी वकीलको पहिलो राष्ट्रिय सम्मेलनले प्रति दुई सय मुद्दाको अनुपातमा एक जना सरकारी वकीलको दरबन्दी कायम हुने गरी दरबन्दी संरचनाको पुनरावलोकनको आवश्यकता दर्शाएकोमा संहिताका व्यवस्था कार्यान्वयनका लागि शुरु तहको सरकारी वकील कार्यालयमा प्रति एक सय पचास मुद्दाका लागि एक जना सरकारी वकीलको अनुपात कायम हुने गरी आवश्यकता र औचित्यका आधारमा संगठन संरचना र दरबन्दीको प्राथमिकतापूर्वक पुनरावलोकन गर्नु पर्ने आवश्यकता महशुस गर्दछौं । .

## आचरणका नियमहरुको पालना

२५. व्यावसायिक निष्ठा र नैतिक आचरणको पालना बेगर सरकारी वकीलको व्यावसायिक जिम्मेवारीले पूर्णता प्राप्त गर्न सक्दैन । सदाचार, नैतिकता र निष्ठामा कुनै विचलन देखिएमा त्यस्ता घटनालाई संस्थागत रुपमा तिरस्कार गर्दै आफू कार्यरत संस्थाको गरिमा र प्रतिष्ठालाई उचो बनाउन प्रयत्नशील हुनेछौं र सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरुका लागि जारी गरिएको आचार संहिताको स्वागत गर्दै सो आचार संहिताको पूर्ण पालना गर्ने प्रतिबद्धता प्रकट गर्दछौं ।

## समन्वय

२६. सरकारी मुद्दामा बस्तुगत प्रमाणमा आधारित अनुसन्धान, अभियोजन एवम् प्रभावकारी प्रतिरक्षा र प्रतिनिधित्वका लागि अनुसन्धान, अभियोजन र न्याय सम्पादन गर्ने निकायहरु बीच पारस्परिक सहयोग, समन्वय र सहकार्यको आवश्यकता पर्दछ । मुलुकी फौजदारी कार्यविधि संहिताले समेत समन्वयको आवश्यकता दर्शाएको छ । सोही व्यवस्थाको कार्यान्वयनका लागि माननीय महान्यायाधिवक्ताज्यूको संयोजकत्वमा रहेको समन्वय समितिको निर्णयानुसार गठन भएका सबै तहका समन्वय समितिलाई क्रियाशील तुल्याउने बचनबद्धता व्यक्त गर्दछौं ।

## हिरासत तथा कारागार सुधार

२७. कारागार तथा हिरासत अनुगमन गरी थुनुवा र कैदी उपर मानवोचित व्यवहार भए नभएको अनुगमन गर्ने जिम्मेवारी महान्यायाधिवक्तामा रहेको र सो प्रयोजनका लागि महान्यायाधिवक्ता र सरकारी वकीलहरुबाट अनुगमन गरी सुधारका लागि नियमित रुपमा सुझाव सहितको प्रतिवेदन नेपाल सरकार समक्ष प्रस्तुत गरी सार्वजनिक समेत गर्ने गरिएको छ । ती सुझावहरुको प्रभावकारी कार्यान्वयन गरी हिरासत तथा कारागारको विद्यमान अवस्थामा सुधार ल्याउन नेपाल सरकार समक्ष सादर अनुरोध गर्दछौं ।

## रणनीतिक योजना कार्यान्वयन

२८. महान्यायाधिवक्ताको कार्यालयको संस्थागत सुधार र सरकारी वकीलको व्यावसायिकता विकासमा केन्द्रित भई कार्यान्वयनमा आएको महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनको मध्यावधि मूल्यांकन गरी मुलुकी अपराध संहिता समेतका नयाँ कानूनहरु जारी भएको सन्दर्भमा सो सम्बन्धी व्यवस्थाको कार्यान्वयनलाई समेट्नका लागि योजनाका कार्यक्रमहरुमा आवश्यक पुनरावलोकन गर्नु पर्ने आवश्यकता महशुस गर्दछौं ।

२९. मुलुकमा शान्ति र विकासको आधार कानूनको शासन हो । यसका लागि कानूनको आधुनिकीकरण र सोको प्रभावकारी कार्यान्वयन गर्न अनुसन्धान र अभियोजन गर्ने तथा यससँग सम्बन्धी अन्य निकायको प्रभावकारिता अभिवृद्धि गरिनु आवश्यक हुन्छ । सो प्रयोजनका लागि अपराधको अनुसन्धान र अभियोजन तथा सरकारी पक्षको प्रभावकारी प्रतिरक्षा र प्रतिनिधित्वको विषयलाई पन्ध्रौं राष्ट्रिय योजनामा प्राथमिकतापूर्वक सम्बोधन हुने अपेक्षा राखिएको छ ।

## धन्यवाद ज्ञापन

३०. नेपालका सरकारी वकीलहरुको पहिलो राष्ट्रिय सम्मेलन आयोजना गरी सरकारी वकीलको संस्थागत सुधारका लागि महत्वपूर्ण योगदान गर्ने पूर्व महान्यायाधिवक्ता श्री रमनकुमार श्रेष्ठ र दोस्रो सम्मेलनको आयोजना गरी संस्थागत विकासलाई अझ बढी प्रभावकारी बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलप्रति हार्दिक आभार प्रकट गर्दछौं । सम्मेलनको आयोजना र व्यवस्थापनमा सहयोग पुऱ्याउनु हुने सबै पदाधिकारी, संघ सँस्था, निकाय र महानुभावहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

इति सम्बत २०७५ साल पौष १० गते ३ रोज शुभम् ।

# अनुसूची ४३

## सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरूको आचारसंहिता, २०७५

प्रस्तावना

सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरूको पदीय वा एवं पेशागत आचरण र व्यवहार सम्बन्धमा अन्तर्राष्ट्रियस्तरमा विकसित मान्यता तथा सिद्धान्त र विद्यमान राष्ट्रिय कानून, प्रचलन, व्यवहार तथा न्यायिक सँस्कृतिका विभिन्न पक्षलाई समेटी सरकारी वकील र सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीको सेवालाई छिटोछरितो, स्वच्छ, निष्पक्ष, पारदर्शी एवं वस्तुनिष्ठ रूपमा सम्पादन गर्दै सेवालाई अझ बढी व्यावसायिक, मर्यादित, अनुशासित र विश्वासिलो बनाउन बाञ्छनीय भएकाले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २३ को उपदफा (२) को खण्ड (ङ) बमोजिम महान्यायाधिवक्ताबाट यो आचारसंहिता बनाई जारी गरिएको छ ।

## परिच्छेद- एक

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१. यस आचारसंहिताको नाम "सरकारी वकील तथा सरकारी वकील कार्यालयका कर्मचारीहरूको आचारसंहिता, २०७५" रहेको छ ।

१.२. यो आचारसंहिता २०७५ साल पौष ३ गते देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,**

२.१ "आचारसंहिता" भन्नाले सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरूको आचार संहिता, २०७५ लाई जनाउँछ ।

२.२ "सरकारी वकील" भन्नाले महान्यायाधिवक्ता, नायब महान्यायाधिवक्ता, सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता, जिल्ला न्यायाधिवक्ता, सहायक जिल्ला न्यायाधिवक्तालाई सम्झनु पर्दछ र सो शब्दले महान्यायाधिवक्ताले सरकारी वकील भई काम गर्न तोकेको अधिकृतलाई समेत जनाउँछ ।

२.३ "सरकारी वकील कार्यालय" भन्नाले महान्यायाधिवक्ताको कार्यालय, उच्च सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालयलाई जनाउँछ ।

२.४ "कर्मचारी भन्नाले सरकारी वकील कार्यालयमा कार्यरत सबै कर्मचारीलाई सम्झनु पर्दछ र सो शब्दले सरकारी वकील कार्यालयमा कार्यरत सेवा करारका कर्मचारीलाई समेत जनाउँछ ।

२.५ "परिवारको सदस्य भन्नाले सरकारी वकील तथा सरकारी वकीलको कार्यालयमा कार्यरत कर्मचारीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ । सो शब्दले निजको बाजे, बज्यै, सासू, ससुरा तथा एउटै निवासमा सँगै बस्ने पालन पोषण गर्नु पर्ने अन्य नातेदार र घरमा बसेको सहयोगी समेतलाई जनाउँछ ।

२.६ "आचरण भन्नाले सरकारी वकीलबाट पालन गर्नुपर्ने व्यवहार, बानी व्यहोरा, चालचलन वा चरित्रलाई समेत सम्झनु पर्दछ ।

**३. आचारसंहिता पालना गर्नुपर्नेः** ३.१ यस आचारसंहिताको पालना गर्नु प्रत्येक सरकारी वकील तथा कर्मचारीको कर्तव्य हुनेछ ।

३.२ कुनै सरकारी वकील वा कर्मचारी सरकारी वकील कार्यालयमा बहाली हुनासाथ सम्बन्धित कार्यालयले यो आचारसंहिता उपलब्ध गराउनु पर्नेछ ।

# परिच्छेद -दुई

## सरकारी वकील तथा कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता

**४. पदीय र पेशागत आचरणः संविधान तथा प्रचलित कानूनको अधीनमा रही सरकारी वकील तथा कर्मचारीले देहाय बमोजिम पदीय र पेशागत आचरण पालन गर्नुपर्नेछः**

४.१ नेपालको संविधान, प्रचलित नेपाल कानून, नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय महासन्धिमा भएका प्रावधानहरू र त्यसमा अन्तर्निहित मानव अधिकार, अन्तर्राष्ट्रिय मानवीय कानूनका सिद्धान्त तथा मूल्य मान्यताप्रति प्रतिबद्ध रही मानवीय मर्यादाको सम्मान र संरक्षण गर्दै आफ्नो कार्यसम्पादन गर्नुपर्दछ ।

४.२ संवैधानिक सर्वोच्चता, कानूनी राज्यको अवधारणा र न्यायका मान्य सिद्धान्तको पालना गर्दै आफ्नो ज्ञान, सीप र विवेकको प्रयोग गरी कार्यसम्पादन गर्नुपर्दछ ।

४.३ सार्वजनिक हित एवं स्वार्थ र सरकारी वकील कार्यालयको मर्यादालाई सर्वोपरि राखी आफूलाई सुम्पिएको जिम्मेवारी स्वतन्त्र, निष्पक्ष, इमान्दार र उत्तरदायी भई पूरा गर्नुपर्दछ ।

४.४ तोकिएको समयमा कार्यालयमा उपस्थित हुनु पर्दछ । कार्यालय समयमा आफ्नो नितान्त व्यक्तिगत कार्य गर्नु हुदैन ।

तर, कार्यालयको काममा बाधा नपर्ने गरी विभागीय प्रमुखरकार्यालय प्रमुखको स्वीकृति लिई सार्वजनिक क्षेत्रका तालिम, प्रशिक्षण दिने वा आफ्नो पेशा वा कार्यसँग सम्बन्धित विषयमा कुनै शैक्षिक वा प्राज्ञिक संस्थामा प्रशिक्षण दिन वा सहजीकरण गर्न बाधा पर्ने छैन ।

४.५ आफूले सम्पादन गर्नुपर्ने काम तदारूकताका साथ सम्पन्न गर्नु पर्दछ । आफूले गर्नुपर्ने काम अरूलाई पञ्छाउनु हुदैन ।

४.६ आफ्नो व्यक्तिगत स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै प्रभाव पार्न हुँदैन र पदीय मर्यादा विपरीत हुने गरी कुनै संस्था वा व्यक्तिसँग अवाञ्छित सम्पर्क राख्न हुँदैन ।

४.७ आफ्नो पद र पदीय मर्यादा कायम राखी सदैव अनुशासनमा बस्नुपर्नेछ र समाजमा विद्यमान सार्वजनिक नैतिकता र आचरण अनुकूलको व्यवहार गर्नुपर्दछ ।

४.८ आफ्नो पेशाप्रति सदैव मर्यादा एवं सम्मान प्रकट गर्नुपर्दछ ।

४.९ पेशागत नैतिकता एवं मुलुकको कानून बमोजिम सदैव पेशागत आचरण पालना गर्नु पर्दछ ।

४.१० पूर्व स्वीकृति नलिई विदामा बस्न हुदैन ।

४.११ अपराध पीडित तथा साक्षी संरक्षण, अभियुक्त र अन्य नागरिकको व्यक्तिगत स्वतन्त्रताको सुरक्षा र सम्मान गर्नुपर्दछ ।

४.१२ सरकारी वकीलले नेपाल सरकार वादी हुने मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा समुचित आधार र कारण खुलाउनु पर्दछ ।

४.१३ आफूले सम्पादन गर्ने कार्य पीडितमैत्री एवं जनविश्वास प्राप्त बनाउनु पर्दछ । उच्च व्यावसायिक र विशेषज्ञतासहित स्वच्छ, तर्कसंगत, सद्विवेक र न्यायोचित आधारमा कार्यसम्पादन गर्नु पर्दछ ।

४.१४ सरकारी वकीलले इजलास समक्ष अदालतको मर्यादा कायम हुने गरी शिष्टतापूर्वक प्रस्तुत हुनु पर्दछ । अदालतमा उपस्थित हुँदा कानून व्यवसायी, अदालतका कर्मचारी, पीडित, र अभियुक्तसँग उचित र सम्मानजनक व्यवहार गर्नुपर्दछ ।

४.१५ सरकारी वकीलले नेपाल सरकारको हकहित प्रतिकूल हुने गरी मुद्दामा बहस पैरवी लगायत कुनै पनि कार्य गर्नु हुँदैन । सदैव कानून र न्यायको पक्षमा बहस, पैरवी र प्रतिरक्षा गर्नु पर्दछ ।

४.१६ विवादका दुवै पक्ष सरकारी निकाय रहेछन् भने जसमा राज्यको बढी सरोकार र सार्वजनिक हित निहित रहेको छ सोही पक्षको तर्फबाट बहस र प्रतिरक्षा गर्नु पर्दछ ।

४.१७ विपक्षी बनाइएका दुई वा सो भन्दा बढी सरकारी निकायका लिखित जवाफहरूको ब्यहोरा फरक फरक रहेछ भने जुन कुरामा राज्यको हित हुन्छ वा जुन कुरा न्यायोचित छ सोही पक्षमा बहस पैरबी गर्नुपर्दछ ।

४.१८ आफूले सम्पादन गर्नुपर्ने कुनै कार्यका सम्बन्धमा आफ्नो व्यक्तिगत वा निजी स्वार्थ गाँसिएको भएमा वा त्यस्तो विषयमा संलग्न व्यक्ति आफ्नो नातेदार भएमा वा त्यस्तो विषयमा कुनै कारोवारको सिलसिलामा निजसँग प्रत्यक्ष रूपमा सम्बन्धित भएमा सरकारी वकीलले सो कुराको जानकारी आफूभन्दा माथिल्लो तहको सरकारी वकीललाई गराई निर्णय वा प्रतिरक्षामा भाग लिनु हुँदैन । यस्तो जानकारी गराउँदा उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताले मुद्दा व्यवस्थापन विभागको नायब महान्यायाधिवक्तालाई र नायब महान्यायाधिवक्ताले महान्यायाधिवक्तालाई जानकारी गराई सो विषयमा हुने छलफल र निर्णयबाट आफू अलग रहनुपर्दछ ।

४.१९ हरेक काम कारबाहीमा सार्वजनिक उद्देश्यलाई महत्व दिने तथा निजी स्वार्थ र सार्वजनिक स्वार्थका बीच द्वन्द्व उत्पन्न हुने स्थिति भएमा सार्वजनिक स्वार्थका पक्षमा उभिनुपर्दछ ।

४.२० कसैलाई पनि जानीजानी गैरकानूनी कार्यका लागि प्रोत्साहन गर्न गराउन हुँदैन ।

४.२१ कार्यसम्पादनको क्रममा कुनै पनि व्यक्तिलाई कुनै प्रकारको यातना दिन र त्यस्तो यातनाजन्य कार्यलाई प्रोत्साहन दिनुहुँदैन ।

४.२२ विशेष प्रकृतिका मुद्दामा कानून बमोजिम पक्षको परिचयात्मक विवरण गोप्य राख्न लगाउनुका साथै कानूनी अख्तियारी बेगर आफूलाई जानकारी हुन आएको पक्षको वास्तविक परिचयात्मक विवरण प्रकाशमा ल्याउनुहुदैन ।

४.२३ तोकिएको स्थानमा बाहेक कार्यालय परिसरभित्र चुरोट वा सुर्तिजन्य पदार्थको सेवन गर्नु हुदैन ।

**५. स्वतन्त्रता सम्बन्धी आचरणः सरकारी वकील तथा कर्मचारीहरूले देहाय बमोजिम स्वतन्त्रता सम्बन्धी आचरण पालन गर्नु पर्नेछः**

५.१ अभियोजनात्मक कार्य तथा अन्य कार्य गर्दा तथ्यको निरूपण र कानूनको प्रयोग सही र स्वतन्त्र रूपमा गर्नु पर्दछ । कर्तव्यको पालना गर्दा कसैप्रति झुकाव, मोलाहिजा वा बदि्ननयत नराखी, आन्तरिक वा बाह्य, प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव, दवाव, भनसुन, डर,धम्की वा आग्रहबाट प्रेरित वा प्रभावित नभई अविचलित रूपमा उचित समयमा स्वतन्त्रतापूर्वक गर्नुपर्दछ ।

५.२ सामाजिक सम्बन्ध कायम गर्दा आफ्नो कार्यसम्पादनमा प्रभाव नपरोस् भन्ने कुरामा ध्यान दिनु पर्दछ । सामाजिक सम्बन्धको कारणले सरकारी वकीलको कार्यसम्पादनमा पर्न सक्ने प्रभाव र विशेष गरेर आफूले गर्नुपर्ने कार्यसँग सम्बन्धित व्यक्तिहरूबाट पर्न सक्ने प्रभावबाट स्वतन्त्र रहनु पर्दछ ।

५.३ सरकारी वकील कार्यालयको लागि आवश्यक भै पूर्व अख्तियारी वा विभागीय सहमति प्राप्त भएको अवस्थामा बाहेक राष्ट्रिय वा अन्तराष्ट्रिय गैर सरकारी संस्थासंगको कुनै पनि प्रकारको सहयोग आदानप्रदान गर्न, सहकार्य गर्न वा निमन्त्रणा स्वीकार गर्नु हुँदैन ।

५.४ कार्यसम्पादनको सिलसिलामा प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने विषय तथा आवश्यक हदसम्म अभियोजनात्मक र व्यावसायिक गोपनीयता कायम राख्नुपर्दछ ।

५.५ सरकारी वकीलको व्यावसायिक, संस्थागत एवं कार्यगत स्वतन्त्रता कायम राख्न र अभिवृद्धि गर्न हरसम्भव प्रयास गर्नु पर्दछ । प्राप्त भएको व्यावसायिक स्वतन्त्रता र उन्मुक्तिको दुरूपयोग गर्नु हुँदैन ।

५.६ व्यावसायिक स्वतन्त्रताको लागि जनआस्था तथा जनविश्वासको अभिवृद्धि गर्न सरकारी वकीलले उच्चस्तरको न्यायिक आचरण प्रदर्शन र प्रबर्द्धन गर्नुपर्दछ।

५.७ मुद्दाका पक्ष वा विपक्ष वा अन्य कसैलाई डर त्रासमा पार्ने, धाक धम्की दिने वा लोभलालचमा पार्ने कार्य गर्नु हुँदैन ।

५.८ कार्यसम्पादनको सिलसिलामा कुनै कार्य गर्न वा नगर्न अन्य सरकारी वकील वा कर्मचारीलाई हस्तक्षेप गर्न, अनुचित प्रभाव वा दवाव दिन हुदैन ।

तर, कानून बमोजिम अख्तियारवालाले आवश्यक निर्देशन र सुझाव दिन बाधा पर्ने छैन ।

**६. समानता र निष्पक्षता सम्बन्धी आचरणः सरकारी वकील तथा कर्मचारीहरूले देहाय बमोजिम निष्पक्षता सम्बन्धी आचरण पालन गर्नु पर्नेछः**

६.१ पदीय कर्तव्यको पालना गर्दा कसै प्रति धर्म, वर्ण, लिङ्ग र, जात, जाती, उत्पत्ति, भाषा, वैचारिक आस्था वा अन्य यस्तै कुनै पनि कुराका आधारमा भेदभाव गर्नु हुदैन ।

६.२ कर्तव्य पालना गर्दा आफूलाई न्याय र कानूनको पहरेदारका रूपमा स्थापित गरी कुनै पनि लोभ लालच, मोलाहिजा, पक्षपात वा प्रलोभनबाट मुक्त रही निष्पक्षताका साथ कार्यसम्पादन गर्नु पर्दछ ।

६.३ सदैव राजनीतिक रूपमा तटस्थ भई आफ्नो भूमिका निर्वाह गर्नु पर्दछ । कुनै पनि राजनीतिक दलको सदस्यता प्राप्त गर्न वा राजनीतिक दलको पक्ष वा विपक्षमा अभिमत प्रकट गर्नु हुँदैन ।

६.४ व्यक्तिगत वा क्षेत्रगत स्वार्थ वा सार्वजनिक वा प्रेस जगतको दवावबाट प्रभावित हुनु हुँदैन ।

६.५ बदि्नतयतपूर्वक तथ्य वा प्रमाणलाई बङ्ग्याउन, लुकाउन, अदालतमा प्रस्तुत गर्न,कायम नरहेको नजिर पेश गर्न वा मुद्दामा लागू नहुने, खारेज वा संशोधन भएको कानूनको जिकिर लिन हुँदैन ।

६.६ गैरकानूनी रूपमा काम गर्ने उपर उचित कारवाही गराउन सदैव क्रियाशील हुनुपर्दछ ।

६.७ समाज, पीडित एवं अभियुक्तलाई निष्पक्ष रूपमा न्याय प्राप्त होस् भन्ने ध्येय राखी कार्य सम्पादन गर्नु पर्दछ र सदैव सत्यको खोजी गर्ने एवं सत्यता प्राप्त गराउने कार्यमा अदालतलाई मद्दत गर्नु पर्दछ । स्वच्छ सुनुवाइको प्रत्याभूतिका लागि प्रयत्नशील हुनु पर्दछ ।

६.८ आफूले गर्ने कार्यमा असर पर्ने गरी वा स्वच्छतामा नै स्पष्टतः आँच आउने गरी जानाजान कुनै प्रकारको टीकाटिप्पणी गर्न वा स्वच्छ सुनुवाइमा असर पर्ने गरी सार्वजनिक वा अन्य रूपमा कुनै अभिव्यक्ति दिनु हुँदैन ।

६.९ कुनै पनि व्यक्ति उपर जातजाति, वर्ण, लिङ्ग, धर्म, फरक क्षमता, उमेर, वैवाहिक स्थिति, राष्ट्रियता, सामाजिक तथा आर्थिक अवस्था वा अन्य त्यस्तै कुनै आधारमा असमान व्यवहार नगरी निष्पक्षता कायम गर्नु पर्दछ । महिला, बालबालिका, पीडित एवं निजका परिवारसँग सम्बन्धित विषयमा गम्भीर, सजग र संवेदनशील भई कार्य गर्नु पर्दछ ।

६.१० आफ्नो कर्तव्यपालनको सिलसिलामा कुनै कार्य वा व्यवहार गर्दा सम्बद्ध सबै पक्ष वा व्यक्तिप्रति यथोचित विचार पुर्याएउनु पर्दछ ।

६.११ कुनै पनि व्यक्ति वा समूह, मुद्दाका पक्ष, साक्षी, कानून व्यवसायी, अदालतका कर्मचारी तथा न्यायाधीशप्रति कर्तव्यपालनसँग सरोकार नरहेका कुनै अप्रासंगिक कुरा बोलेर, लेखेर, आचरणद्वारा वा अन्य कुनै तरिकाबाट कुनै प्रकारको पक्षपात वा पूर्वाग्रह वा भेदभावपूर्ण व्यवहार गर्नु हुँदैन ।

६.१२ विभिन्न जात, जाति, धर्म, वर्ग, क्षेत्र र सम्प्रदायका मानिसहरू बीच वैमनस्यता उत्पन्न गराउने वा सामाजिक सद्भारव खलबलिने वा उनीहरूको आत्मसम्मानमा चोट पुर्या उने कुनै काम गर्नु हुँदैन ।

६.१३ आफूले सम्पादन गर्ने कार्यमा असर पर्ने गरी वा अनुसन्धान, अभियोजन वा न्यायिक प्रक्रियामा अपनाउनु पर्ने स्वच्छतामा आँच आउने गरी कुनै पनि विषयमा सार्वजनिक आलोचना वा टिप्पणी वा अन्य कुनै अभिव्यक्ति दिनु हुँदैन ।

६.१४ आफू वा आफू निकट व्यक्तिसँग सम्बन्धित कुनै काम गराउन वा नगराउन अन्य कुनै निकायका पदाधिकारी वा कर्मचारीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा दवाव दिन वा अनुचित प्रभाव पार्न वा प्रभाव पार्न लगाउनु हुदैन ।

६.१५ सेवाबाट अवकास भएको एक वर्षसम्म आफू सेवामा रहँदा सम्बन्धरसरोकार रहेका व्यक्ति कम्पनी, संस्था वा कुनै फर्मका मुद्दामा कानून व्यावसाय सम्बन्धी कार्य गर्नु हुँदैन ।

**७. सहयोगात्मक आचरणः सरकारी वकील तथा कर्मचारीहरूले देहाय बमोजिम सहयोगात्मक आचरण पालन गर्नु पर्नेछः**

७.१ आफ्नो पदीय कर्तव्य निर्वाहको क्रममा निष्पक्षता र प्रभावकारिताका लागि प्रहरी, अदालत, कानून व्यवसायी तथा सरकारी एवं सार्वजनिक संस्थालाई सहयोग गर्नुपर्दछ ।

७.२ आफ्नो व्यवहार सदैव लैङ्गिकमैत्री एवम् पीडितमैत्री हुनु पर्दछ र कमजोर वर्गप्रति विशेष संवदेनशील रहनु पर्दछ । अपराध पीडितलाई आवश्यक सहयोग गर्न क्रियाशील हुनु पर्दछ ।

७.३ कार्य सम्पादनका क्रममा सरोकारवालाहरूसँग उचित समन्वय गर्नु पर्दछ ।

**८. अनुशासन र सदाचार सम्बन्धी आचरण: सरकारी वकील तथा कर्मचारीले देहाय बमोजिम सदाचार सम्बन्धी आचरण पालन गर्नु पर्नेछ:**

८.१ सरकारी वकील तथा कर्मचारीका हरेक क्रियाकलाप ईमान्दारिता, सदाचारिता र सद्चरित्रपूर्ण हुनु पर्दछ । सदाचार विपरीतका कार्य गर्नबाट अलग रहनु पर्दछ ।

८.२ आफ्नो कार्यसम्पादनका क्रममा बहस पैरबी गर्ने कानून व्यवसायीहरू र अन्य सरोकारवाला व्यक्तिसँगको व्यक्तिगत सम्बन्ध र सम्पर्कको कारणबाट पक्षपात वा मोलाहिजा गरिएको आशंका हुने स्थितिबाट अलग रहनु पर्दछ ।

८.३ आफ्नो परिवारका कुनै सदस्यले कानून व्यवसायीको रूपमा प्रतिनिधित्व गरेको वा अन्य कुनै किसिमले संलग्न रहेको मुद्दा सम्बन्धी कुनै काममा सहभागी हुनु हुँदैन ।

८.४ आफूले प्रयोग गरि आएको आवासमा कसैलाई कानून व्यवसाय सञ्चालन गर्न वा विवादका पक्षहरूसँग भेटघाट गर्न दिनु हुँदैन ।

८.५ सरकारी वकील तथा कर्मचारीले पदीय मर्यादा अनुकूल हुने गरी विचार तथा अभिव्यक्तिको स्वतन्त्रता प्रयोग गर्न सक्नेछ । प्रचलित कानूनको अधीनमा रही व्यावसायिकता प्रदान गर्ने कुनै संस्थाको सदस्यता प्राप्त गर्न सक्नेछन् ।

८.६ आफ्नो परिवार, नातेदार वा अन्य सामाजिक सम्बन्धका व्यक्तिहरूबाट आफूले सम्पादन गर्ने कार्य वा निर्णयमा अनुचित प्रभाव पर्न दिनु हुँदैन ।

८.७ आफ्नो वा आफ्नो परिवारका सदस्यको वा अरु कसैको निजी स्वार्थ पूर्तिका लागि आफ्नो पदीय हैसियतको उपयोग गर्न वा गर्न दिनु हुँदैन ।

८.८ होटल, रेष्टुराँ तथा अन्य सार्वजनिक स्थलहरूमा अमर्यादित व्यवहार गर्नु हुदैन ।

८.९ विवाह,ब्रतबन्ध,पूजाआजा जस्ता सामाजिक कार्यहरू गर्दा भड्किलो तरिकाले खर्च गर्नु हुदैन ।

८.१० कानून बमोजिम सार्वजनिक निकाय वा संस्थालाई आफू वा आफ्नो परिवारले फछ्यौंट गर्नुपर्ने वा बुझाउनुपर्ने रकम वा महसूल समय मै बुझाउनु पर्दछ ।

८.११ सदैव पेशागत निष्ठाका साथ कार्यसम्पादन गर्नु पर्दछ ।

८.१२ मुद्दाका पक्षहरूले आयोजना गरेको निजी भोज भतेरमा जानु हुँदैन ।

८.१३ इजलासमा उपस्थित हुँदा तथा कार्यालयमा रहँदा निर्धारित पोशाक,प्रतिक चिन्ह (लोगो) र कार्यालयवाट उपलब्ध गराइएको परिचयपत्र अनिवार्य रूपमा लगाउनु पर्दछ ।

८.१४ कार्यालयका सवारी साधन वा अन्य यन्त्र,उपकरणहरू विवेकपूर्ण र मितव्ययी रूपमा उपयोग गर्नु पर्दछ ।

९. क्षमता विकास सम्बन्धी आचरण: सरकारी वकील तथा कर्मचारीहरूले देहाय बमोजिम क्षमता विकास सम्बन्धी आचरण पालन गर्नु पर्नेछ:

९.१ सदैव अध्ययनशील रही आफ्नो व्यावसायिक व्यक्तित्व विकास गर्न प्रयत्नशील रहनु पर्दछ ।

९.२ संविधान, कानून र न्यायका मान्य सिद्धान्त अनुरूप न्याय र कानूनका क्षेत्रमा विकसित नवीनतम् अवधारणासँग परिचित र अद्यावधिक रही त्यसको परिपालना गर्न प्रयत्नशील रहनु पर्दछ ।

१०. सूचनाको गोपनीयता र सूचना प्रविधि सम्बन्धी आचरण: सरकारी वकील तथा कर्मचारीहरूले देहाय बमोजिम सूचनाको गोपनीयता र सूचना प्रविधिको प्रयोग सम्बन्धी आचरणको पालना गर्नु पर्दछ:

१०.१ कानून बमोजिम गोप्य राख्नुपर्ने विषय प्रत्यक्ष वा अप्रत्यक्ष रूपवाट प्रकाश वा प्रकट गर्न वा आफू वा अरू कसैको फाइदाको लागि प्रयोग गर्नुरगराउनु हुदैन ।

तर, कार्यालयको काममा बाधा नपुग्ने गरी सूचनाको हक सम्बन्धी प्रचलित कानून बमोजिम माग भएको सूचना सरोकारवालालाई उपलब्ध गराउन बाधा पर्ने छैन ।

१०.२अख्तियार प्राप्त अधिकारी बाहेक अन्य कसैले कार्यालयको काम कारबाही वा सो सँग सम्बन्धित कुनै पनि सूचना सञ्चार माध्यमबाट सम्प्रेषण गर्नु हुदैन ।

१०.३अख्तियार प्राप्त अधिकारी (प्रवक्ता वा सूचना अधिकारी) ले पनि प्रकरण १०.२ बमोजिम सूचना संप्रेषण गर्दा संस्थागत आधारमा गर्नुपर्दछ ।

१०.४ आफ्नो कर्तव्य पालनाको सिलसिलामा जानकारीमा आएको कुनै सूचनाको प्रयोग जुन प्रयोजनको लागि सृजना वा प्राप्त भएको हो, सो बाहेक अन्य प्रयोजनको लागि प्रयोग गर्नु हुदैन ।

१०.५ कार्यालयले गरेको निर्णय वा काम कारवाहीका सम्बन्धमा कार्यालयको मर्यादा वा प्रतिष्ठामा आँच आउने वा अरू कसैको व्यक्तिगत चरित्र वा प्रतिष्ठामा आघात पुग्ने गरी कुनै कुरारचित्र सञ्चार माध्यम वा सामाजिक सञ्जालमा राख्न, दिन, छपाउन, टिप्पणी वा व्यक्त गर्नु हुदैन ।

तर, कार्यालय वा व्यवसायको मर्यादा बढाउने गरी कार्यालयवाट सार्वजनिक भैसकेको कुनै सूचना वा सन्देश सञ्चार माध्यम वा सामाजिक सञ्चालनबाट सम्प्रेषण गर्न बाधा पर्ने छैन ।

१०.६ कार्यालयवाट निर्माण गरी प्रचलनमा ल्याइएका सूचना प्रविधिसँग सम्बन्धित सफ्टवेयरको प्रभावकारी प्रयोगरउपयोगको लागि अग्रसर भई सोका लागि अरूलाई समेत उत्प्रेरित गर्नु पर्दछ ।

## परिच्छेद-तीन

## विविध

### ११. आचारसंहिताको व्याख्याः

११.१ यस आचारसंहिताको कार्यान्वयन गर्दा कुनै द्विविधा वा विवाद उत्पन्न भएमा महान्यायाधिवक्ताले गरेको व्याख्या अन्तिम हुनेछ ।

११.२ यस आचारसंहिता महान्यायाधिवक्ताबाट आवश्यकता अनुसार संशोधन र परिमार्जन हुन सक्नेछ ।

११.३ यस आचार संहितामा उल्लेख भएका कुरामा यसै बमोजिम र अन्य कुराका हकमा प्रचलित कानून बमोजिम हुनेछ, तर यस आचार संहिताको व्यवस्था प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानूनकै व्यवस्था लागू हुनेछ ।

१२. अनुगमन र कारवाही सम्बन्धी व्यवस्थाः

१२.१ यस आचारसंहिताको पालना भए नभएको सम्बन्धमा प्रचलित कानून बमोजिमको सुपरिवेक्षकबाट नियमित अनुगमन हुनेछ ।

१२.२ सुपरिवेक्षकबाट भएको अनुगमन सम्बन्धी प्रतिवेदन महान्यायाधिवक्ता समक्ष पेश गर्नु पर्नेछ ।

१२.३ आचारसंहिताको उल्लघंन गरेकोले कारबाही गरी पाउँ भनी सरकारी वकील तथा कर्मचारी उपर महान्यायाधिवक्ता समक्ष उजुरी गर्न सकिने छ । त्यस्तो उजुरी परेमा सात दिन भित्र छानविन प्रारम्भ गरी यथाशिघ्र टुङ्गो लगाइनेछ ।

१२.४ प्रकरण १२.२ बमोजिम प्रतिवेदन प्राप्त भएमा वा १२.३ बमोजिम छानबिनबाट आचार संहिता पालना नभएको देखिएमा पालना नगर्ने सरकारी वकील वा कर्मचारीलाई उल्लंघनको मात्रा अनुसार प्रचलित कानून बमोजिम कारबाही गरी सोको अभिलेख राखिनेछ ।

१३. खारेजी र बचाउः सरकारी वकीलहरूको आचारसंहिता, २०७३ खारेज गरिएको छ । सो आचारसंहिता बमोजिम भए गरेका काम कारवाही यसै आचारसंहिता बमोजिम भए गरेको मानिनेछ ।

◆◆◆

# अनुसूची ४४

## महान्यायाधिवक्ताको कार्यालयबाट संचालन गरिने भावी कार्य योजना

### सरकारी वकीलको विशिष्टीकरण

१. महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले प्रक्षेपण गरेबमोजिम आगामी वर्षबाट सरकारी वकीलको विशिष्टीकरणको प्रक्रिया प्रारम्भ गरिने छ । आगामी एक वर्ष भित्र संगठित अपराध र संवैधानिक कानूनका वीसर/वीस जना सरकारी वकीलहरुलाई विशिष्टीकृत गरिनेछ । आगामी तीन वर्षभित्र राजस्व, भ्रष्टाचार, बैंकिङ कसूर, सेवा कानून, सरकारी तथा सार्वजनिक सम्पत्तिसम्बन्धी विवाद र विद्युतीय अपराध सम्बन्धी विषयमा बीसर/बीस जना सरकारी वकीलहरु विशिष्टीकृत हुने गरी व्यवस्था गरिनेछ ।

### हेलो साक्षी कार्यक्रम

२. सरकार वादी मुद्दाका पीडित एवम् साक्षीहरुलाई न्यायिक प्रक्रियामा संलग्न गराई न्याय सम्पादन कार्यमा सहयोग पुर्‍याउनका लागि हेलो साक्षी कार्यक्रम सञ्चालन गरिने छ । सोका लागि देहायका कार्यक्रमहरु सञ्चालन हुनेछन् :

- अनुसन्धानको प्रक्रियादेखि नै साक्षी र पीडितको सम्पर्क नम्वर अध्यावधिक गर्ने कार्य गर्न अनुसन्धान गर्ने निकायहरुसँग समन्वय गरिने ।
- सरकारी वकील कार्यालयमा अपराध पीडित र साक्षीको विवरण अध्यावधिक राख्ने ।
- पीडित र साक्षीलाई वकपत्रको पूर्व सूचना उपलव्ध गराउने ।
- प्रतिवेदक र बरामदी मुचुल्काका तयारी कार्यमा संलग्न सरकारी कर्मचारीहरुलाई साक्षीको रुपमा वकपत्र गर्नु पर्ने अनिवार्य दायित्व पूरा गर्नका लागि सम्वन्धित निकायमा समन्वय गरिने ।
- फौजदारी मुद्दामा साक्षीको महत्व र भूमिका एवम् त्यसले पार्न सक्ने प्रभावका बारेमा जनस्तरमा जानकारी प्रवाह गर्नका लागि श्रव्यदृश्य सामाग्री तयार गरी प्रकाशन प्रशारण गरिने ।

### समुदायमा सरकारी वकील

३. सरकार वादी मुद्दाको कारवाही प्रक्रिया एवम् विद्यमान कानूनी व्यवस्थाको प्रचार प्रशार गर्नुका साथै कानून कार्यान्वयन र अपराधको रोकथाममा समुदायको भूमिकाका बारेमा जानकारी दिनका लागि समुदायमा सरकारी वकील कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । यसका लागि कम्तीमा माध्यमिक तहका विद्यार्थीलाई लक्षित गरी सरकारी वकील विद्यार्थी सम्वाद कार्यक्रम सञ्चालन गर्न सबै तहका सरकारी वकीलहरुलाई परिचालन गरिनेछ । खास गरी मुलुकी अपराध (संहिता) ऐन लगायतका नयाँ कानूनी व्यवस्थाको प्रचार प्रशारमा जोड दिइनेछ । स्थानीय परिवेश र विशिष्टता एवम् सो स्थानको आवश्यकता समेतलाई दृष्टिगत गरी फौजदारी अपराध सम्बन्धी कानूनी व्यवस्थाको बारेमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

### अनुसन्धान गर्ने विशिष्टीकृत जनशक्ति विकास

४. विगतदेखि नै अपराध अनुसन्धान गर्ने छुट्टै जनशक्तिको व्यवस्था गर्नु पर्ने आवश्यकता दर्शाइएको सन्दर्भमा नयाँ संहिताको कार्यान्वयनका लागि यसको सादर्भिकता अझै बढेको छ । अपराधको अनुसन्धानका लागि नेपाल प्रहरीमा स्थायी प्रकृतिको अनुसन्धान समूह खडा गर्न विशिष्टीकृत जनशक्ति विकास गर्न सहजीकरण गरिनेछ । अन्य निकायका अनुसन्धान अधिकृतहरुका लागि समेत आधारभूत प्रशिक्षण र क्षमता विकास कार्यक्रम मार्फत दक्षता अभिबृद्धि गर्नका लागि कार्यक्रमहरु सञ्चालन गर्न समन्वय गरिने छ । अपराधको अनुसन्धानमा कार्य गर्ने जनशक्तिका लागि विशेष सुविधाको प्रबन्ध गर्न पहल गरिनेछ ।

### प्रयोगशालाको विस्तार

५. समयमा प्रयोगशालाको प्रतिवेदन प्राप्त हुन नसक्दा अपराध अनुसन्धानमा नकारात्मक प्रभाव परेको र परीक्षण प्रतिवेदन बेगर नै अभियोजन गर्दा त्यस्तो अभियोजन बस्तुगत हुन नसकेको देखिएको छ । प्रमाणको वैज्ञानिक परीक्षणको कार्यलाई छिटो र प्रभावकारी समेत बनाउन प्रत्येक प्रदेशमा एउटा विधि विज्ञान प्रयोगशालाको

स्थापना गर्ने दीर्घकालीन लक्ष्य राखी योजनामा समावेश गर्ने प्रयास गरिनेछ । भइरहेका प्रयोगशालाको स्तरउन्नति र जनशक्ति विकासका लागि विशेष प्रयास गरिनेछ ।

**बाल सुधार गृहको स्थापना र विस्तार**

६. नयाँ जारी भएका संहिताले १८ वर्षसम्मका व्यक्तिलाई बालबालिकाको रुपमा परिभाषित गरेको सन्दर्भमा अपराधमा संलग्न रहने बालबालिकाका लागि बाल सुधार गृहको विस्तार अनिवार्य आवश्यकता बनेको छ । हाल विराटनगर, भक्तपुर र पोखरामा बाल सुधार गृह रहेका छन् । यी केन्द्रको क्षमता विस्तार गर्नुका साथै प्रत्येक प्रदेशमा एउटा बाल सुधार गृह बनाउने उद्धेश्यका साथ प्रदेश नं. २, ५,६,७ मा बाल सुधार गृहको स्थापना र विस्तारका लागि सम्बद्ध निकायहरुसँग समन्वय गरी उच्च प्राथमिकताका साथ काम गरिनेछ ।

**खुला कारागारको स्थापना**

७. आगामी वर्ष कम्तीमा दुई स्थानमा खुला कारागारको अवधारणालाई कार्यान्वयनमा ल्याउनका लागि सहजीकरण गरिनेछ । बाँकेको गनापुरमा खुला कारागार स्थापनाका लागि तयार पारिएको गुरु योजनालाई कार्यान्वयनमा ल्याउन सहजीकरण गरिनेछ । अर्को एक स्थानमा खुला कारागारको स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्न समन्वय गरिनेछ । आगामी ३ वर्षभित्र प्रत्येक प्रदेशमा एउटा खुला कारागारको स्थापना गर्न सहजीकरण गरिनेछ ।

**हिरासत अनुगमन**

८. महान्याायधिवक्तालाई संविधानले दिएको जिम्मेवारी बमोजिम कारागार तथा हिरासतमा रहेका कैदी र थुनुवाहरु उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा नियमित अनुगमनको व्यवस्था गरिनेछ । यस वर्षको अनुगमन गरिएका ३५ जिल्लाको अनुगमन प्रतिवेदनले औल्याएका विषयहरु कार्यान्वयनका लागि केन्द्रीय तहका पदाधिकारीहरुसँग परामर्श गरी सुधारका कार्य प्रारम्भ गरिनेछ । आगामी आर्थिक वर्षमा ५० जिल्लाका कारागार र हिरासत कक्षको अनुगमन गरिनेछ । अनुगमनलाई औपचारिताको रुपमा सीमित नराखी सुधारको आधारको रुपमा लगिनेछ ।

**दण्ड र पुरस्कार**

९. बस्तुगत आधारमा मूल्यांकन गरिने मापदण्ड तयार गरी प्रत्येक वर्ष सर्वोत्कृष्ट कार्य सम्पादन गर्ने एक जना सरकारी वकीललाई ***वर्ष सरकारी वकील*** (एटर्नी अफ द इयर) को रुपमा सम्मान गरिनेछ । कार्य सम्पादन उत्कृष्ट भएका सरकारी वकील र कर्मचारीहरुलाई पुरस्कृत गर्ने परिपाटीलाई निरन्तरता दिइनेछ ।

१०. सरकारी वकीलबाट हुने अभियोजन र आचार संहिताको पालनाको बारेमा नियमित अनुगमन गरिनेछ । **भ्रष्टाचार र अनियमित कार्यका लागि शून्यसहनशीलताको नीति** अंगिकार गरिनेछ । महान्यायाधिवक्ताको कार्यालयबाट गत वर्ष जारी भएको गुनासो व्यवस्थापन निर्देशिकाको कार्यान्वयनलाई प्रभावकारी बनाइने छ । उच्च सरकारी वकील कार्यालय, पाटन, विशेष सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालय, काठमाडौ, ललितपुर तथा भक्तपुरमा सिसी टिभि जडान गरी महान्यायाधिवक्ताको कार्यालयबाट अनुगमन गरिनेछ ।

**नमुना सरकारी वकील कार्यालयको व्यवस्था**

११. प्रत्येक प्रदेशमा एउटा सरकारी वकील कार्यालयलाई नमुना सरकारी वकील कार्यालयको रुपमा विकास गर्ने कार्यक्रम अन्तर्गत यस वर्ष प्रदेश नं. १ को सुनसरी, प्रदेश नं. २ को धनुषा, प्रदेश नं. ३ को ललितपुर, प्रदेश नं. ४ को कास्की, प्रदेश नं. ५ को रुपन्देही, प्रदेश नं. ६ को सुर्खेत र प्रदेश नं. ७ को कन्चनपुर जिल्ला सरकारी वकील कार्यालयलाई नमुना सरकारी वकील कार्यालयको रुपमा विकास गरिनेछ । अर्को वर्ष थप सात वटा सरकारी वकील कार्यालयहरुलाई नमुना कार्यालयको रुपमा विकास गरिनेछ । नमुना सरकारी वकील कार्यालयहरुको भौतिक संरचना, जनशक्ति व्यवस्थापन, अभिलेख पद्धति, सूचना प्रविधिको प्रयोगमा सुधार गरी ती कार्यालयबाट गरिने कार्य सम्पादनको स्तर उच्च बनाइने छ ।

**नमुना सरकारी वकील कार्यालयबाट सम्पादन हुने कामहरुको विवरण**

१. नमुना सरकारी वकील कार्यालयहरुको कार्य चापको आधारमा उपयुक्त स्रोत साधन र भौतिक व्यवस्था गरिने छ ।

२. नमुना सरकारी वकील कार्यालयहरुमा दरबन्दी रिक्त रहन दिइने छैन । कुनै कारणबाट रिक्त हुन आएमा समयमा नै जनशक्तीहरुको प्राथमिकतापूर्वक पदपूर्ति गरिनेछ ।

३. नमुना सरकारी वकील कार्यालयहरुमा मुद्दा व्यवस्थापन पद्धति (Case Management System) लगायतका सफ्टवेयरहरुलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याइने छ । सरकारी वकील कार्यालयका काम कारवाहीहरुलाई सूचना प्रणालीमा आबद्ध गरिने छ ।

४. नमुना सरकारी वकील कार्यालयहरुमा पीडित मैत्री कक्षलाई व्यवस्थित गरी आधारभूत सुविधा सम्पन्न बनाइने छ र पीडितले उक्त सुविधा प्राप्त गर्ने सुनिश्चितता कायम गर्दै सो को निर्धारित ढाँचामा अभिलेखीकरण गरिनेछ ।

५. सरकारी गवाहहरुको वकपत्र गराउन साक्षी परामर्श कक्षको व्यवस्था गरी वकपत्र पूर्व परामर्शको कार्यलाई विशेष प्राथमिकता दिई कार्यान्वयन गरिने छ ।

६. नमुना सरकारी वकील कार्यालयहरुमा न्यूनतम सुविधा सहितको थुनुवा कक्ष, बयान कक्ष र थुनुवा भेटघाट कक्ष बनाई सो सुविधा थुनुवा र थुनुवाका आफन्तहरुलाई उपलब्ध गराईने छ र सोको अभिलेखिकरण गरिनेछ ।

७. नमुना सरकारी वकील कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुलाई स्वच्छ पिउने पानी र प्रतिक्षा कक्षको व्यवस्था गरिनेछ र सेवा वितरणलाई चुस्त, दुरुस्त र पारदर्शी बनाईनेछ ।

८. अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन र समन्वय विकास गर्न अनुसन्धानकर्ता र सरकारी वकील वीच मासिक सम्वाद कार्यक्रम नियमित रुपमा संचालन गरिनेछ र यसको अभिलेख राखिनेछ ।

९. अपराध अनुसन्धानको क्रममा अनुसन्धानकर्तालाई दिइने निर्देशनलाई थप व्यवस्थित एवं नियमित तुल्याईनेछ । दिइएका निर्देशनहरुको अभिलेख राखिनेछ ।

१०. सरकारबादी फौजदारी मुद्दाका साक्षी गवाहहरुको नाम, ठेगाना, सम्पर्क नम्वर, इमेल लगायतका विवरण अध्यावधिक गरिनेछ । अदालतमा बकपत्र हुने दिनको सूचना टेलिफोन, इमेल वा अन्य विधिबाट गराइनेछ ।

११. पीडित तथा साक्षीको अभिलेख अध्यावधिक गर्ने, निजहरुसँगको सम्पर्कलाई नियमित गर्ने र साक्षीहरुले कानून बमोजिम पाउने सुविधाको वितरणलाई थप व्यवस्थित र पारदर्शी बनाइनेछ ।

१२. अदालत तथा मुद्दा हेर्ने अधिकारी समक्ष हुने मुद्दाको सुनवाई सरकारी वकीलबाट सामान्यतः स्थगित गरिने छैन ।

१३. पुनरावेदन गर्ने वा नगर्ने कार्यलाई कानूनमा तोकिएको समयावधि भित्रै विशेष प्राथमिकताको साथ सम्पन्न गरिने छ । पुनरावेदनको म्याद अदालतबाट बुझाउन ल्याएकै दिन बुझिने छ ।

१४. फैसला कार्यान्वयनमा पीडितलाई सहयोग गर्न सम्बन्धित निकायसँग समन्वय गरिने छ । फैसला अन्तिम भएको जानकारी आएपछि पीडितलाई उपयुक्त माध्यमबाट सोको सूचना दिइने छ । पीडितको तर्फबाट आवश्यकता अनुसार अदालतमा प्रतिनिधित्व समेत गरिनेछ ।

१५. नमुना सरकारी वकील कार्यालयमा महिला तथा बालबालिका सेल स्थापना गरी कार्य सञ्चालन गरिनेछ । सो कार्यालयमा सेवाग्राही सहायता डेस्क रहनेछ । त्यस्ता कार्यालयहरुको कम्तीमा त्रैमासिक अनुगमन गरिनेछ ।

### सरकारी वकील कार्यालयको घर जग्गा व्यवस्थापन

१२. सबै भन्दा धेरै कार्यबोझ भएको उच्च सरकारी वकील कार्यालय, पाटन तथा जिल्ला सरकारी वकील कार्यालय, काठमाडौ र विशेष सरकारी वकील कार्यालयका लागि आवश्यक घर जग्गाको व्यवस्थापन हुन नसक्दा कार्य सम्पादनमा गम्भीर असर परेको छ । आगामी एक वर्षभित्र ती कार्यालयहरुको घर जग्गाको व्यवस्था गर्न प्रयास गरिनेछ । जग्गा नभएका अन्य सरकारी वकील कार्यालयहरु लागि एक वर्षभित्र जग्गा प्राप्त गर्न प्रयास गरिनेछ । भवन निर्माण हुन बाँकी रहेको कार्यालयहरुका लागि प्राथमिकताका आधारमा भवन निर्माण गरिनेछ । आगामी तीन वर्षभित्र सबै सरकारी वकील कार्यालयहरुको आफ्नो उपयुक्त भवन हुने गरी भवन निर्माणका कार्यक्रमहरु राखिनेछ ।

### अध्ययन अवलोकन

१३. सरकारी वकील र कर्मचारीहरुलाई बस्तुगत मापदण्डका आधारमा स्वदेश तथा विदेश अध्ययन अवलोकनको अवसरलाई प्रदान गरिनेछ । त्यस्ता अवसरहरुलाई सकेसम्म समन्यायिक, विषयवस्तु एवम् व्यक्तिको ज्ञान, सीप र दक्षताका आधारमा प्रदान गर्ने प्रणाली बनाइने छ र अवसरको थप विस्तार गर्न प्रयास गरिनेछ । आगामी वर्ष कम्तीमा ५० जना सरकारी वकीलले त्यस्तो अवसर पाउनेछन् ।

### पीडित मैत्री कक्षको व्यवस्थापन

१४. यस वर्ष थप २० वटा जिल्ला सरकारी वकील कार्यालयहरुमा पीडित मैत्री कक्षको व्यवस्थापन गरिने छ । महान्यायाधिवक्ताको कार्यालयबाट जारी गरिएको अपराध पीडित तथा साक्षी सहायता निर्देशिकाको कार्यान्वयन प्रभावकारी बनाइने छ ।

### प्रेस भेटघाट

१५. महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकीलको कार्यालयबाट भएका काम कारवाहीहरुको बारेमा जानकारी दिन समय समयमा प्रेस भेटघाट कार्यक्रमको आयोजना गरी सूचना प्रवाह गरिनेछ ।

### सरकारी वकीलको सम्मेलन

१६. २०७५ साल पुष ८,९ र १० गते नेपालका सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलनको आयोजना गरिनेछ । सो सम्मेलनमा पहिलो सम्मेलनबाट पारित भएका प्रस्तावहरुको कार्यान्वयनको समीक्षा सहितका विभिन्न विषयहरु समावेश हुनेछन् । प्रत्येक वर्ष मुख्य न्यायाधिवक्ताहरु र उच्च तहका सरकारी वकीलहरुको राष्ट्रिय कार्यशाला आयोजना गरी संविधान र कानून कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरिने छ । अनुसन्धानकर्ता प्रहरी र सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन अर्को वर्ष (२०७६।०७७) आयोजना गरिनेछ ।

### शिशु स्याहार कक्षको व्यवस्था

१७. महान्यायाधिवक्ताको कार्यालय र उपत्यका स्थित सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरुका बालबालिकाका लागि आगामी एक महिना भित्र महान्यायाधिवक्ताको कार्यालयमा शिशु स्याहार कक्षको स्थापना गरिनेछ । सो कक्षमा १० जनासम्म बालबालिका राख्न सकिनेछ ।

### सरकारी वकीलहरुको प्रशिक्षण

१८. मुलकी अपराध (संहिता) ऐन, २०७४ समेतका नयाँ बनेका कानूनको कार्यान्वयनका लागि प्रादेशिक तहमा सरकारी वकील र अनुसन्धानकर्ताहरु, विधि विज्ञान विशेषज्ञ तथा फरेन्सिक विज्ञहरु एवम् चिकित्सकहरु समेतको संयुक्त प्रशिक्षण कार्यक्रम आयोजना गरिनेछ । यसका लागि अभियोजन प्रशिक्षण केन्द्र र राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका बीचमा सहकार्य गरिनेछ । प्रत्येक सरकारी वकीललाई वर्षको कम्तीमा एक पटक प्रशिक्षण लिन पाउने व्यवस्था गर्न प्रयास गरिनेछ । यसै वर्ष २० जना सरकारी वकीलहरुलाई विशिष्ट भाषिक सीप विकास कार्यक्रममा सहभागी गराइने छ । महिला सरकारी वकीलहरुलाई लक्षित गरी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

### सूचना प्रवाह

१९. सबै सरकारी वकील कार्यालयका सूचना अधिकारी एवम् प्रवक्ताको नाम र सम्पर्क नम्बर सार्वजनिक गरिनेछ । सार्वजनिक सरोकार र चासो प्रकट गरिएका र जघन्य कसूरका मुद्दाको अभियोजनको निर्णय बेवसाइट मार्फत सार्वजनिक गरिनेछ ।

### इ एटर्नी कार्यक्रमको कार्यान्वयन

२०. सरकारी वकीलबाट सम्पादन हुने काम कारवाहीहरु विद्युतीय माध्यमबाट गरिनेछ । यसका लागि इ एटर्नी कार्यक्रमले प्रक्षेपण गरेका बाँकी कार्यक्रमहरु आगामी वर्ष कार्यान्वयनमा आउनेछन् । आगामी तीन वर्षभित्र सरकारी वकील कार्यालयका काम कारवाहीहरु विद्युतीय प्रणालीमा अभिलेखबद्ध हुनेछन् ।

### समन्वय समितिको क्रियाशीलता

२१. सरकारवादी मुद्दाको अनुसन्धान तथा अभियोजनलाई प्रभावकारी बनाउन सबै तहका समन्वय समितिलाई क्रियाशील बनाइनेछ । नयाँ बनेका फौजदारी कानूनको बारेमा जनसाधारणलाई जानकारी दिने प्रबर्द्धनात्मक कार्यमा समेत सो समितिलाई परिचालन गरिनेछ । नयाँ संहिताको कार्यान्वयनका लागि श्रव्यदृष्यमूलक कार्यक्रमहरु मार्फत प्रचार प्रसार गरिनेछ । समन्य समितिको निर्णय कार्यान्वयन गर्नका लागि स्थापना गरिएको सचिवालयलाई क्रियाशील बनाइनेछ ।

### कानून विपरीत निर्णयको प्रतिरक्षा नगरिने

२२. सरकारी वकीलको प्रथम राष्ट्रिय सम्मेलनबाट पारित प्रस्ताव अनुसार देखादेखी कानून विपरीत भएका निर्णयहरुको सरकारी वकीलबाट प्रतिरक्षा नगर्ने र सरकारी वकीलहरुले सार्वजनिक हितको पक्षमा प्रतिनिधित्व गर्ने गरी व्यावसायिक स्वायत्तता तथा उन्मुक्ति प्रदान गर्ने अभ्यासलाई निरन्तरता दिई थप सुदृढ तुल्याइने छ ।

### विशेष प्रकृतिका मुद्दामा प्रतिनिधित्व

२३. विशेष प्रकृतिका एवम् जघन्य कसूरहरुमा सरकारी वकीलहरुको समूह बनाई अदालतमा प्रतिनिधित्व गर्ने कार्य प्रारम्भ भएको छ । त्यसलाई निरन्तरता दिइनेछ ।

### सरकारी सम्पत्तिको संरक्षण

२४. सरकारी तथा सार्वजनिक सम्पत्ति सम्बन्धी मुलुकभरि विवादहरुको विवरण एकीकृत गरिनेछ । त्यस्ता मुद्दामा सरकारी वकीलबाट अझ प्रभावकारी प्रतिनिधित्व गर्ने व्यवस्था मिलाइने छ । सो विषयसँग सम्बन्धित कानूनमा पुनरावलोकन गर्न र सरकारी तथा सार्वजनिक सम्पत्तिको अभिलेखलाई अध्यावधिक गर्न सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ ।

### महिला तथा बालबालिकाको हित संरक्षण

२३. महिला अभियुक्तको बयान गराउँदा सम्भव भएसम्म महिला सरकारी वकील समक्ष वा महिलाको हक हित र सरोकारसँग सम्बन्धित संस्थाको रोहबरमा गराउने व्यवस्था गरिने छ । विशेष प्रकृतिका मुद्दामा पक्षको गोपनीयता कायम राख्ने कार्यलाई अझै बढी प्रभाकारी बनाउन प्रयास गरिनेछ । महिला तथा बालबालिका सम्बन्धी मुद्दाका अनुसन्धान, अभियोजन र न्याय सम्पादन प्रक्रियामा सहजीकरण गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयमा हालै स्थापना गरिएको महिला तथा बालबालिका एकाईलाई क्रियाशील गराइने छ । उपत्यकाका सरकारी वकील कार्यालयहरुमा यसै महिनाभित्र महिला तथा बालबालिका सेल स्थापना गरी जिम्मेवारी दिइने छ । आगामी आर्थिक वर्षमा यस्तो सेल क्रमशः अन्य सरकारी वकील कार्यालयहरुमा पनि विस्तार गरिनेछ । यसै गरी जेष्ठ नागरिक एवं फरक क्षमता भएका व्यक्तिहरुको अधिकारको सुनिश्चितताको लागि विशेष कार्यक्रम बनाई लागू गर्दै गइनेछ ।

### संगठन संरचनाको पुनरावलोकन

२४. महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुको कार्यबोझका आधारमा संगठन संरचना र दरबन्दीको पुनरावलोकन गरिने छ । प्रति सरकारी वकील २०० मुद्दाको अनुपातमा सरकारी वकीलको व्यवस्था गर्ने सरकारी वकीलहरुको प्रथम राष्ट्रिय सम्मेलनले पारित गरेको प्रस्तावलाई

कार्यान्वयनमा ल्याउने प्रयास गरिने छ । सरकारी वकील र कर्मचारीहरुको कार्य विवरणको पुनरावलोकन गरी आगामी साउन १ गतेदेखि लागू हुने गरी नयाँ कार्य विवरण दिइनेछ । कार्यविवरणका आधारमा कार्य सम्पादनको मूल्यांकन गर्ने परिपाटी विकास गरिनेछ ।

**सजाय निर्धारण तथा कार्यान्वयन सम्बन्धी**

२५.फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले गरेका नयाँ व्यवस्थाहरुको कार्यान्वयनका लागि आवश्यक पूर्वाधार तथा कार्यविधिको व्यवस्था गरी उक्त ऐन कार्यान्वयनमा ल्याउनका लागि पहल गरिनेछ । कसूर ठहर भएपछि सजाय निर्धारणका लागि गरिने बहस सरकारी वकीलका लागि पनि नयाँ अभ्यासको रुपमा रहेको हुँदा सो सम्बन्धमा अन्य मुलुकले अवलम्वन गरको अभ्यास र सजाय निर्धारणको प्रक्रियामा सरकारी वकीलहरुलाई विशेष प्रशिक्षण दिने व्यवस्था गरिने छ ।

**सरकारी वकीलको सेवा शर्त सम्बन्धी कानून**

२६.संविधानको धारा १६१ मा गरिएको व्यवस्था बमोजिम सरकारी वकील तथा महान्यायाधिवक्ताको कार्यालयका कर्मचारीहरुको सेवा, शर्त र सुविधा सम्बन्धी संघीय कानून बनाउन पहल गरिनेछ । सरकारी वकीलको सेवालाई आकर्षक बनाउन र सेवामा रहेका जनशक्तिलाई उत्प्रेरित गर्ने विषयहरु विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**अपराधशास्त्रीय अनुसन्धान केन्द्र**

२७. नेपालको संविधानले तोकिदिएको अपराधको प्रबृत्ति सम्बन्धी अध्ययन गर्नका लागि अपराधशास्त्रीय अनुसन्धान केन्द्रको संगठन संरचना र कार्यविधि तयार गरी आगामी एक वर्ष भित्र यो केन्द्रलाई अपराधको प्रबृत्ति अध्ययन गर्ने स्रोत केन्द्रको रुपमा विकास गरिनेछ । फौजदारी कानूनमा विशेषज्ञता हासिल गरेका विज्ञहरुको समेत संलग्नतामा आगामी आर्थिक वर्षमा कम्तीमा पाँच वटा विषयमा अनुसन्धानमूलक अध्ययन हुनेछ ।

**प्रकाशन**

२८. सरकारी वकीलको कार्य सम्पादनसँग सम्वन्धित विषयमा अनुसन्धानमूलक विषय समावेश गरिएको अभियोजन जर्नलको पहिलो अंक २०७५ असार मसान्तभित्र प्रकाशन गरिनेछ । आगामी आर्थिक वर्षदेखि सो जर्नललाई अर्धवार्षिक रुपमा प्रकाशन गरिनेछ । सरकारी वकीलको कार्य सम्पादनसँग सम्बन्धित नजीरलाई अध्यावधिक गरी प्रकाशन गरिनेछ ।

**कार्य सम्पादन सूचकको पुनरावलोकन**

२९. सरकारी वकील तथा कर्मचारीहरुको कार्य सम्पादन सूचकको पुनरावलोकन गरी यसलाई नतिजामा आधारित बनाइने छ ।

**रणनीतिक योजनाको कार्यान्वयन**

३०. सरकारी वकीलको व्यावसायिकता विकास र संस्थागत सुदृढीकरणमा केन्द्रित रहेको महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनका लागि प्राथमिकतापूर्वक कार्यक्रम सञ्चालन गरिनेछ । आगामी वर्ष योजनाको मध्यावधि मूल्यांकन गरिनेछ ।

# अनुसूची ४५

## सरकारी वकीलहरुको केन्द्रीय वार्षिक कार्यसमीक्षा तथा अनुशिक्षण कार्यक्रम, २०७५ बाट पारित प्रस्तावहरू

मिति २०७५ साल वैशाख ८ गते काठमाडौंमा सम्पन्न सरकारी वकीलहरुको केन्द्रीय वार्षिक कार्य समीक्षा तथा यस आर्थिक वर्षमा संचालित सरकारी वकीलहरूको प्रदेशस्तरीय वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रमबाट पारित प्रस्तावहरू समेतका आधारमा देहायका प्रस्तावहरु पारित गरिएको थियो ।

१. "प्रभावकारी अभियोजन, सुदृढ प्रतिरक्षास व्यावसायिक सरकारी वकील हाम्रो प्रतिवद्धता" भन्ने मूल नाराका साथ २०७३ पौषमा सम्पन्न सरकारी वकीलहरुको प्रथम राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्रमा उल्लेखित मानव अधिकार, पीडितमैत्री व्यवहार, पीडितको सहायता, साक्षी संरक्षण, सार्वजनिक हकहित र सरोकारको उचित प्रतिनिधित्व जस्ता विषयहरुलाई व्यबहारमा कार्यान्वयन गर्न प्रतिबद्ध छौं ।

२. सरकारी वकीलको सेवा र कार्य व्यावसायिक प्रकृतिको भएकाले सरकारी वकीललाई छुट्टै विशिष्टीकृत सेवाको रुपमा विकास गर्न सरकारी वकीलहरूको सेवाका सर्त सम्बन्धी छुट्टै कानुन बन्नु पर्दछ भन्ने अवश्यकता महसुस भई विगतका सम्मेलनहरूबाट समेत प्रस्ताव पारित हुँदै अएको छ । नेपालको संविधानको धारा १६१ मा सरकारी वकील तथा महान्यायाधिवक्ता मातहतका अन्य कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी व्यवस्था संघीय ऐन बमोजिम हुनेछ भन्ने व्यवस्था समेत भएकाले सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरूको सेवालाइ व्यावसायिक र मर्यादित सेवाको रुपमा स्थापित गर्न सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरूको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धमा सवै तहका सरकारी वकील तथा कर्मचारीहरूको भावनालाई समेटि नयाँ कानून बनाउनेतर्फ यथाशीघ्र कारवाही अगाडि बढाई संघीय संसदबाट पारित गराउन अवश्यक पहल गर्ने ।

३. २०७५ साल भदौ १ गतेदेखि लागू हुन गइरहेका मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ समेतका कानूनहरूले सरकारी वकीलहरूको भूमिकामा ल्याउने परिवर्तित व्यवस्था अनुरुप प्रभावकारी रूपमा कार्यसम्पादन गर्न सरकारी वकीलको कार्यसम्पादनमा सहयोग पुऱ्याउने सहायक कर्मचारीहरूलाई समेत त्यस सम्बन्धी तालिम प्रदान गर्न आवश्यक भएकाले महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सबै सरकारी वकील कार्यालयमा कार्यरत सहायकस्तरका कर्मचारीहरूलाई समेत उक्त ऐनहरू कार्यान्वयनमा आउनु अगावै संहिताका सम्वन्धमा प्रशिक्षण प्रदान गर्न महान्यायाधिवक्ताको कार्यालयले व्यवस्था मिलाउने ।

४. उल्लेखित संहिता तथा ऐनहरूलाइ कार्यान्वयन गर्न तयार गर्नुपर्ने नियमावली तथा निर्देशिका समयमै तयार गरी संहिता कार्यान्वयन हुनु अगावै ती नियमावली तथा निर्देशिका सम्बन्धमा सरकारी वकील तथा अनुसन्धान अधिकारी समेतलाइ अभिमुखीकरण गर्न कार्यक्रम सञ्चालन गर्ने । संहिताले समावेश गरेका व्यवस्थाहरुको प्रचारप्रसार गर्न महान्यायाधिवक्ताको कार्यालयले अगुवाई गर्ने ।

५. उल्लिखित संहिता तथा ऐनले गरेका व्यवस्थावाट वृद्धि हुने कार्यबोझ र बढ्दै गएको कार्यचाप समेतलाई दृष्टिगत गरी सरकारी वकील कार्यालयहरूको दरबन्दी र स्रोत साधनमा वृद्धि गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत गर्नेतर्फ महान्यायाधिवक्ताको कार्यालयले तत्काल पहल गर्ने ।

६. उल्लिखित संहिता तथा ऐनहरुमा भएका केही व्यवस्थाहरू अस्पष्ट र द्विविधाजनक रहेको पाइएकोले तत्सम्बन्धमा अवश्यक संशोधन गर्न महान्यायाधिवक्ताको कार्यालयको गत बर्षको वार्षिक प्रतिवेदनमा केही सुझावहरु प्रस्तुत गरिएको सन्दर्भमा यस वार्षिक कार्यसमीक्षा तथा अनुशिक्षण कार्यक्रम र प्रशिक्षण

कार्यक्रमबाट प्राप्त सुझाव समेतलाई विचार गरी संहिता तथा सम्बन्धित कानूनहरूमा संशोधन गर्ने प्रस्ताव तयार गर्न महान्यायाधिवक्ताको कार्यालयबाट आवश्यक पहल गर्ने ।

७. मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐनले पुनरावेदनको म्यादका सम्बन्धमा ल्याएको परिवर्तनबाट संहिता लागू भएपछि पुनरावेदन सम्बन्धी कार्यबोझमा अत्याधिक बृद्धि हुने कुरालाइ दृष्टिगत गरी सबै सरकारी वकील कार्यालयहरूले अदालतबाट फैसला भएका मुद्दाहरूको जानकारी समयमै प्राप्त गरी पुनरावेदन सम्बन्धी कारवाही समयमै अगाडि बढाउने । साथै अदालतबाट भएका अन्तरकालीन आदेश उपर निवेदन गर्नुपर्ने भएमा तुरुन्तै आदेश प्राप्त गरी समयमा नै यस सम्बन्धी कारबाही अगाडि बढाउने । यसका लागि आवश्यक पर्ने स्रोत साधन तथा जनशक्ति महान्यायाधिवक्ताको कार्यालयमा माग गरी पठाउने र महान्यायाधिवक्ताको कार्यालयबाट सो सम्बन्धमा शीघ्र आवश्यक व्यवस्थापन गर्ने ।

८. गत वर्षदेखि कार्यान्वयनमा आएको ई-एटर्नी कार्यक्रमको कार्यान्वयनबाट सरकारी वकीलको काम कारवाही विद्युतीय प्रणालीमा आबद्ध हुन प्रारम्भ भएको छ । यसले कार्यसम्पादनमा सकारात्मक प्रभाव पार्ने हुँदा महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरूबाट सम्पादित कामकारवाहीलाई सूचना प्रविधिको संजालमा आबद्ध गरी अझ प्रभावकारी र नतिजामूलक बनाउन महान्यायधिवक्ताको कार्यालय एवं सबै सरकारी वकील कार्यालयबाट थप प्रयास हुनुपर्ने र हाल कार्यान्वयनमा रहेको मुद्दा व्यवस्थापन प्रणाली (CMS) सम्बन्धी सफ्टवेयरको प्रयोग गर्न आवश्यक तालिम दिलाई सफ्टवेयरमा मुद्दाको प्रविष्टी गर्ने कार्यलाई सबै सरकारी वकील कार्यालयहरूले उच्च प्राथमिकता दिई मुद्दा प्रविष्टीलाई दैनिक रुपमा अद्ययाबधिक गर्ने । यसलाई कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गर्ने ।

९. सबै तहका सरकारी वकील कार्यालयहरूले आफ्नो वार्षिक कार्ययोजना तयार गर्दा महान्यायाधिबक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनासँग आबद्ध गरी कार्यान्वयनमा प्रभावकारिता ल्याउने र उपलब्ध स्रोत साधनको उच्चतम् परिचालन गरी सरकारी वकीलको कार्यसम्पादनलाई प्रभावकारी बनाउने ।

१०. कार्यालय भवनको निर्माण सम्पन्न भएका उच्च तथा जिल्ला सरकारी वकील कार्यालयका भवनको सरसफाई र सम्बर्द्धन गर्नेतर्फ सम्बन्धित कार्यालय प्रमुखले क्रियाशिलता देखाउने, निर्माणाधीन भवनहरूको निर्माण कार्यलाई तिब्रता दिई समयै निर्माण कार्य सम्पन्न गर्ने, कार्यालयको नाममा जग्गा भएका र नयाँ भवन निर्माण गर्न आवश्यक रहेका कार्यालयहरूले भवन निर्माण सम्बन्धी पूर्व तयारी गरी आवश्यक कागजात सहित बजेट व्यवस्थाका लागि महान्यायाधिवक्ताको कार्यालयमा समयमा नै लेखी पठाउने साथै कार्यालयको नाममा जग्गा नभएका कार्यालयहरूले जग्गा कसरी प्राप्त गर्न सकिन्छ भन्ने प्रस्ताव र सुझाव सहित महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाउँने र महान्यायाधिवक्ताको कार्यालयले जग्गा उपलब्ध गराउनेतर्फ आवश्यक पहल गर्ने ।

११. नेपाल सरकारको हक, हित तथा सरोकार निहित रहेको मुद्दाको बहस, पैरवी एव प्रतिरक्षाको कार्यलाई प्रभावकारीरुपमा सम्पादन गर्न सरकारी वकील कार्यालयहरूले सम्बद्ध कार्यालयहरूसँग प्रभावकारी समन्वयको लागि नियमित अन्तरक्रिया गर्ने । यसका लागि आ-आफ्नो तहको समन्वय समितिलाई क्रियाशील बनाई सरोकारवाला निकायहरुसँगको समन्वयलाई प्रभावकारी वनाउने ।

१२. सरकारी वकीलले मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएको अभियोजन नीति र मार्गदर्शन समेतको आधारमा आधार र कारण खुलाई वस्तुपरक ढंगले गर्ने । सवुत प्रमाणको अभावमा मुद्दा नचलाउने निर्णय गरेको अवस्थामा मुद्दाको मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पुगी निर्णय भई मुद्दा दायर गर्न आवश्यक पर्ने समय समेतलाई विचार गरी हदम्याद ननाघ्ने गरी समयमा नै निर्णय गरी मिसिल पठाउनेतर्फ बिशेष सजगता अपनाउने । नेपाल सरकारको तर्फबाट निवेदनरपुनरावेदन

गर्ने म्याद अवधि गुज्रन नदिनका लागि सबै सरकारी वकील कार्यालयहरूले अभिलेख व्यवस्थापन लगायत अवश्यक प्रबन्ध गर्ने ।

१३. कार्यालयको अनुगमन तथा निरीक्षणको कार्यलाई प्रभावकारी वनाउन सम्बन्धित उच्च सरकारी वकील कार्यालयहरूले आफ्नो मातहतका जिल्ला सरकारी वकील कार्यालयहरूको कम्तीमा वर्षको एक पटक निरीक्षणरअनुगमन गरी त्यस्ता कार्यालयको काम कारबाही, भौतिक अवस्था, विद्यमान समस्याको पहिचान र समाधानका सुझाव सहित महान्यायाधिवक्ताको कार्यालयमा नियमित रुपमा प्रतिवेदन पेश गर्ने । महान्यायाधिवक्ताको कार्यालयले पनि कम्तीमा वर्षको एक पटक उच्च सरकारी वकील कार्यालयको निरीक्षण र अनुगमन गर्ने । साथै, निरीक्षण प्रतिवेदनले औँल्याएका विषयहरुलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्ने ।

१४. कार्यालय प्रमुखले आफ्नो कार्यालयको कामसँग सम्बन्धित गुनासा व्यवस्थापन गर्न कार्यालय बाहिर सबैले देख्ने स्थानमा गुनासो पेटिका राख्ने र प्रत्येक महिना सो पेटिका खोली गुनासो सम्वोधन गर्नेतर्फ अवश्यक कार्य गर्ने र यस सम्बन्धी प्रतिवेदन उच्च सरकारी वकील कार्यालय र विशेष सरकारी वकील कार्यालयले महान्यायाधिवक्ताको कार्यालयमा र जिल्ला सरकारी वकील कार्यालयले उच्च सरकारी वकील कार्यालय तथा महान्यायाधिवक्ताको कार्यालयमा पठाउने । प्राप्त उजूरी र गुनासोको प्रभावकारीरुपमा सुनुवाई गरी जनविश्वास आर्जन गर्न क्रियाशील हुने ।

१५. काठमाडौं उपत्यकास्थित अत्याधिक कार्यचाप भएका उच्च सरकारी वकील कार्यालय पाटन, विशेष सरकारी वकील कार्यालय काठमाडौं र जिल्ला सरकारी वकील कार्यालय काठमाडौंको अफ्नो कार्यालय भवन तथा जग्गा समेत नभएकाले उक्त कार्यालयहरूका लागि उपयुक्त स्थानमा जग्गाको व्यवस्था गरी कार्यालयको आफ्नै भवन निर्माण गरी कार्य व्यवस्थित गर्ने कार्यमा सम्बन्धित कार्यालय र महान्यायाधिवक्ताको कार्यालयबाट प्राथमिकतापूर्वक पहल गर्ने ।

१६. सरकारी वकीलहरूका लागि महान्यायाधिवक्ताको कार्यालयवाट जारी आचार संहिताको प्रभावकारी रूपमा परिपालना गर्ने र कार्यसम्पादन मूल्याङ्कन गर्दा त्यसको पालनालाइ समेत अधार लिने पद्दतिको विकास गर्ने ।

१७. गत वर्ष सम्पन्न भएका सरकारी वकीलको प्रथम राष्ट्रिय सम्मेलन तथा अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलको प्रथम राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्रको हालसम्मको कार्यान्वयनबाट सरकारी वकीलको कार्यसम्पादनमा सकारात्मक प्रभावका संकेतहरु देखा परेका छन् । सम्बद्ध सरोकारवालासँग समन्वय गरी घोषणापत्रले समेटेका बिषयहरुलाई प्राथमिकतापूर्वक कार्यान्वयन गर्न सबै तहका सरकारी वकील कार्यालयहरु क्रियाशील हुनु पर्ने आवश्यकता बोध गर्दै आगामी आर्थिक वर्षमा दोस्रो राष्ट्रिय सम्मेलनको आयोजना गर्ने ।

१८. सबै सरकारी वकील कार्यालयहरूलाइ प्राप्त मानवीय, भौतिक तथा वित्तीय स्रोत साधनको परिचालन र प्रयोग प्रभावकारी र मितव्ययी रूपमा गरी रणनीतिक योजनाले प्रक्षेपण गरेका लक्ष्य हासिल गर्न सबै सरकारी वकीलहरू प्रतिबद्ध रहने प्रण गर्दछौं ।

सम्माननीय प्रधानन्यायाधीश श्री ओमप्रकाश मिश्रज्यू नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नु हुँदै

सम्माननीय राष्ट्रिय सभाका अध्यक्ष श्री गणेशप्रसाद तिमिल्सिनाज्यू नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नु हुँदै

माननीय गृह मन्त्री श्री रामबहादुर थापाज्यू नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनको समापन समारोहलाई सम्बोधन गर्नु हुँदै

माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालज्यू
नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनको समापन समारोहलाई सम्बोधन गर्नु हुँदै

वरिष्ठ अधिवक्ता तथा नेपाल बार एशोसिएशनका अध्यक्ष श्री शेरबहादुर के.सी.ज्यू
नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नु हुँदै

नायब महान्यायाधिवक्ता श्री खगराज पौडेलज्यू नेपालका सरकारी वकीलहरूको
दोस्रो राष्ट्रिय सम्मेलनमा स्वागत मन्तव्य गर्नु हुँदै

प्रहरी महानिरीक्षक श्री सर्वेन्द्र खनालज्यू नेपालका सरकारी वकीलहरूको
दोस्रो राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नु हुँदै

नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनका सहभागी तथा पर्यवेक्षकहरू

महान्यायाधिवक्ताको कार्यालयको निर्माणाधीन कार्यालय भवनको शिलान्यास गर्नुहुँदै
माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यू

Council of Europe को आयोजनामा फ्रान्सको Starsbourg मा आयोजित Octopus Conference मा सहभागी माननीय महान्यायाधिवक्ता तथा सरकारी वकीलहरू

सरकारी वकीलहरूका लागि संवैधानिक कानूनमा विशिष्टीकरण सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहभागी, अतिथि र माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यू

माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यू कतारका राजदूत महामहिम Yousuf Bin Mohamed Ahmed Al - Hail सँग

उच्च सरकारी वकील कार्यालय, जुम्लाको कार्यालय भवन

उच्च सरकारी वकील कार्यालय, नेपालगञ्जको कार्यालय भवन

जिल्ला सरकारी वकील कार्यालय, नुवाकोटको कार्यालय भवन

जिल्ला सरकारी वकील कार्यालय, धनकुटाको कार्यालय भवन

जिल्ला सरकारी वकील कार्यालय, रामेछापको कार्यालय भवन

जिल्ला सरकारी वकील कार्यालय, उदयपुरको कार्यालय भवन

सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यू नेपालका सरकारी वकीलहरूको
दोस्रो राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नु हुँदै

माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यू नेपालका सरकारी वकीलहरूको
दोस्रो राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नु हुँदै

महान्यायाधिवक्ताको कार्यालयको निर्माणाधीन कार्यालय भवन